# न्यून तथा उच्च सिकाइ उपलब्धिका कारक पक्षहरु : विद्यालय मामला अध्ययन–२ (२०७३)

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुरका लागि

गौरी विज्ञ परामर्श केन्द्र

कीर्तिपुर, काठमाडौँद्वारा गरिएको अध्ययन प्रतिवेदन

# न्यून तथा उच्च सिकाइ उपलब्धिका कारक पक्षहरु : विद्यालय मामला अध्ययन–२ (२०७३)


**अध्ययनकर्ताहरु**

डा. ऋषिराम रिजाल (संयोजक)

डा. नेत्रप्रसाद पौडेल



**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

**सानोठिमी, भक्तपुरका लागि**

**गौरी विज्ञ परामर्श केन्द्र**

**कीर्तिपुर, काठमाडौँद्वारा गरिएको अध्ययन प्रतिवेदन**

**असार २०७३**

# कृतज्ञता ज्ञापन

**न्यून तथा उच्च सिकाइ उपलब्धिका कारक पक्षहरू : विद्यालय मामला अध्ययन** विषयक अनुसन्धान कार्य आफैँमा जटिल अध्ययनका रूपमा स्विकारिएको विषय हो । सिकाइ उपलब्धि परीक्षणमा मूलतः प्रयोगपरकताले ठाउँ पाउँछ । विज्ञान तथा गणित विषयमा शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमीबाट नेपालको मेची-महाकालीभित्रका तराई, पहाडी र हिमाली जिल्लामा रहेका विद्यालयमा भर्ना भएका छात्रछात्राहरू सबैमा पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि हासिल गराई विद्यालय शिक्षा पुरा गराउने लक्ष्यका साथ सिकाइ स्तर सुधारका कार्यक्रमहरू गरिँदै आएका छन् । विद्यार्थी सिकाइ उपलब्धिमा गुणात्मक सुधार गर्ने लक्ष्यका साथ विद्यालय सुधार कार्यक्रम ०६६-२०७२ हाल कार्यान्वयनको चरणमा रहेको छ । यसै कार्यक्रमअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा यो अध्ययन गराइएको हो ।

प्रस्तुत अध्ययनमा प्रस्ताव स्वीकृतिदेखि यसकिसिमको संरचनामा ल्याउने अवस्थासम्म जस्तोसुकै व्यस्तताका बिचबाट पनि सहृदयी भएर निरन्तर सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने शैक्षिक गुणस्तर परीक्षण केन्द्र सानोठिमी, भक्तपुरका प्रमुख डा. लेखनाथ पौडेल (सह सचिव) र शाखा प्रमुख श्री गोपाल प्रसाद भट्टराई (उपसचिव) प्रति हृदयतः कृतज्ञता प्रकट गर्दछौँ । त्यसरी नै त्यसै संस्थाका शाखा अधिकृत श्री श्याम आचार्य र श्री घनश्याम खनालप्रति पनि हामी आभारी छौँ । हाम्रो स्थलगत कार्यमा सहयोग गर्नु हुने भाइ सन्तोष ठाकुरलाई पनि हामी यस अवसरमा सम्झना गर्दछौँ ।

स्थलगत कार्यमा आत्मीय मित्रताको भावना राखेर विभिन्न ढङ्गले सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयका प्रधान अध्यापक, विव्यसका प्रतिनिधिहरू, सम्पूर्ण शिक्षकहरू, अभिभावकहरू, समाजसेवी प्रबुद्ध वर्ग तथा कर्मचारी मित्रहरूप्रति हामी धन्यवाद दिन्छौँ । त्यसै गरी सम्बन्धित विद्यालयका कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूलाई पनि सम्झना गर्दछौँ । यस कार्यमा हर क्षण पारिवारिक जिम्मेवारी सम्हाली सधैँ कामप्रति लगाव राख्न प्रेरणा दिइरहने परिवारजनप्रति पनि हामी कृतज्ञ रहेका छौँ ।

असार २०७३ प्रस्तोता द्वय

# विषय सूची


| विषय वस्तु | पृष्ठ सङ्ख्या |
|---|---|
| **कार्यकारी सारांश** | **१-१३** |
| **परिच्छेद एक : परिचय** | **१४-२०** |
| विषय प्रवेश | १४ |
| नेपालको समग्र शैक्षिक सन्दर्भ | १५ |
| अध्ययनको पृष्ठभूमि | १८ |
| अध्ययनका उद्‌देश्य | १९ |
| **परिच्छेद दुई : सिकाइ उपलब्धिको सैद्धान्तिक अवधारणा** | **२१-३५** |
| पाठ्यक्रमले निर्धारण गरेका उद्‌देश्यहरुको प्राप्ति | २१ |
| विश्वलाई हेर्ने दृष्टिकोण | २२ |
| सामाजिक संरचनाहरु | ३१ |
| बालकको सिक्ने आनीबानी | ३२ |
| घरको पारिवारिकि समर्थन र सहयोग | ३२ |
| विद्‌यालयको सामाजिक सम्बन्ध | ३३ |
| शैक्षिक उपलब्धि सम्बद्‌ध सूचकहरु | ३३ |
| **परिच्छेद तिन : अध्ययन विधि तथा प्रक्रिया** | **३६-४३** |
| अवधारणागत ढाँचा | ३६ |
| तथ्याङ्कका स्रोत | ३८ |
| सूचनाहरुको अवस्था र सङ्कलन प्रक्रिया | ३९ |
| सूचना सङ्कलन र त्यसको कार्यविधि, प्रक्रिया र प्रकार | ४० |

**परिच्छेद चार : विद्यालयको अवस्था** **४४-७२**

**जमुनाहा विद्यालय** **४४-५०**

भौगोलिक अवस्था ४४

अभिभावकको सामाजिक र शैक्षिक अवस्था ४६

विद्यालयको भौतिक अवस्था ४७

विद्यालयको शैक्षिक अवस्था ४८

विद्यालयको आर्थिक अवस्था ४९

**पृथ्वी विद्यालय** **५१-५७**

भौगोलिक अवस्था ५१

अभिभावकको सामाजिक र शैक्षिक अवस्था ५३

विद्यालयको भौतिक अवस्था ५४

विद्यालयको शैक्षिक अवस्था ५६

विद्यालयको आर्थिक अवस्था ५७

**शिव विद्यालय** **५८-६४**

भौगोलिक अवस्था ५८

अभिभावकको सामाजिक र शैक्षिक अवस्था ६०

विद्यालयको भौतिक अवस्था ६१

विद्यालयको शैक्षिक अवस्था ६३

विद्यालयको आर्थिक अवस्था ६४

**जनता विद्यालय** **६५-७२**

भौगोलिक अवस्था ६५

अभिभावकको सामाजिक र शैक्षिक अवस्था ६७

विद्यालयको भौतिक अवस्था ६८

विद्यालयको शैक्षिक अवस्था ७०

विद्यालयको आर्थिक अवस्था ७१

**परिच्छेद पाँच : सूचनाहरुको अध्ययन-विश्लेषण ७३-१४८**

**जमुनाहा विद्यालय ७३-९०**

सिकाइ उपलब्धि सम्बद्ध कारकहरु ७३

सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु ८१

नतिजाका प्रभावकहरु ८७

**पृथ्वी विद्यालय ९१-११०**

सिकाइ उपलब्धि सम्बद्ध कारकहरु ९१

सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु १०१

नतिजाका प्रभावकहरु १०७

**शिव विद्यालय १११-१३०**

सिकाइ उपलब्धि सम्बद्ध कारकहरु १११

सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु १२०

नतिजाका प्रभावकहरु १२७

**जनता विद्यालय १३१-१४८**

सिकाइ उपलब्धि सम्बद्ध कारकहरु १३१

सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु १३९

नतिजाका प्रभावकहरु १४५

**परिच्छेद छ : निष्कर्ष १४९-१५०**

**परिच्छेद सात : उपादेयता, सुझाव, दृष्टिकोण र पृष्ठपोषण १५१-१५७**

**सन्दर्भ सूची १५८ -१५९**

**परिशिष्ट 'क' : प्रश्नहरु १६० -२२८**

**परिशिष्ट 'ख' : विद्यालय अध्ययन अवलोकन फाराम २२९ -२३४**

# तालिका सूची


| तालिका | पृष्ठ सङ्ख्या |
|---|---|
| तालिका १ | ३७ |
| तालिका २ | ४७ |
| तालिका ३ | ४९ |
| तालिका ४ | ५५ |
| तालिका ५ | ५६ |
| तालिका ६ | ६२ |
| तालिका ७ | ६३ |
| तालिका ८ | ६९ |
| तालिका ९ | ७१ |
| तालिका १० | ७६ |
| तालिका ११ | ८६ |
| तालिका १२ | ९४ |
| तालिका १३ | १०६ |
| तालिका १४ | ११४ |
| तालिका १५ | १२६ |
| तालिका १६ | १३४ |
| तालिका १७ | १४४ |
| तालिका १८ | १५६ |

# सङ्क्षिप्त शब्दसूची

| | |
|---|---|
| **इउमनपा** | -इटहरी उपमहा नगर पालिका |
| **उमावि** | -उच्च माध्यमिक विद्यालय |
| **क्रसं** | -क्रम सङ्ख्या |
| **किमि** | -किलो मिटर |
| **गाविस** | -गाउँ विकास समिति |
| **निमा** | .-निम्न माध्यमिक |
| **निमावि** | -निम्न माध्यमिक विद्यालय |
| **पनिका** | -परीक्षा नियन्त्रण कार्यालय |
| **पशि** | -परिशिष्ट |
| **प्रअ** | -प्रधान अध्यापक |
| **फ्ल्यारी** | -फ्ल्याक्स रिपोर्ट |
| **विक्षेसुका** | -विद्यालय क्षेत्र सुधार कार्यक्रम |
| **विव्यस** | -विद्यालय व्यवस्थापन समिति |
| **शिअस** | -शिक्षक अभिभावक सङ्घ |
| **शिवि** | -शिक्षा विभाग |
| **शैगुपके** | -शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| **सप्रअ** | - सहायक प्रधान अध्यापक |

# कार्यकारी सारांश

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुसन्धान परियोजना अन्तर्गत विद्यालयमा भर्ना भई अध्ययनरत छात्र छात्राहरु सबैमा पाठ्यक्रमद्द्वारा अपेक्षित सिकाइमा उच्च तथा न्यून उपलब्धि सिर्जना गर्ने कारक पक्षहरुको अध्ययन गर्ने मनसायले तराईका सर्लाही, धनुषा र सुनसरी गरी तिन जिल्लाका क्रमशः **श्री जमुनाहा विद्यालय, श्री पृथ्वी विद्यालय, श्री जनता विद्यालय** र **श्री शिव विद्यालय**मध्ये विज्ञान विषयको सिकाइ उपलब्धिमा **श्री जमुनाहा विद्यालय** सबल र **पृथ्वी विद्यालय** कमजोर तथा गणित विषयको सिकाइ उपलब्धिमा **शिव विद्यालय** सबल र **जनता विद्यालय** कमजोरमा गणना गरी चार विद्यालयहरु र तिनमा अध्ययनरत ८ कक्षाका विद्यार्थीहरुको मामला अध्ययन गरिएको थियो । उच्च र न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुको छनोट शैक्षिक गुणस्तर परीक्षण केन्द्रले केन्द्रद्वारा सन् २०१३ मा सञ्चालित कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको नतिजाका अधारमा गरेको थियो ।

विद्यालय मामला अध्ययन नामक प्रस्तुत अध्ययनका लागि लगानी समान हुँदा हुँदै पनि सिकाइ उपलब्धिमा देखिने असमानताका विद्यालयगत प्रक्रियामा रहेका अन्तर पत्ता लगाउनु, उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र प्रक्रिया न्यून उपलब्धि हासिल गर्ने विद्यालयहरुमा स्थानान्तरण गर्न सकिने उपायहरु पहिचान गर्नु तथा न्यून उपलब्धि हासिल हुने विद्यालयहरुको सिकाइ उपलब्धि सुधारका लागि उपयुक्त सहायता कार्यक्रम र कार्यनीति विकास गर्न कार्यक्रम नीति निर्माता र कार्यक्रम कार्यान्वयनकर्तालाई पृष्ठपोषण प्रदान गर्नु गरी तिन ओटा उद्देश्य तय गरिएका थिए

### उच्च तथा न्यून सिकाइ उपलब्धिका कारक पक्षहरु

प्रस्तुत अध्ययनका लागि क्रमशः विद्यालय, शिक्षक, घर तथा समुदाय, विद्यालय व्यवस्थापन समिति र अभिभावक, प्रधान अध्यापक, नकारात्मक र सकारात्मक पक्षहरु समेटिएको अवधारणात्मक ढाँचा तयार पारी प्राथमिक (क्षेत्र कार्य) द्वितीयक (पूर्व प्रकाशित सामग्रीहरु) स्रोतबाट सूचनाहरु लिएर सूचनाको अवस्था र सङ्कलन प्रक्रियाको किटान अनि सूचना सङ्कलन, त्यसको कार्य विधि, प्रक्रिया र प्रकार तय गरी कामलाई अगाडि बढाइएको थियो । शिक्षक, विद्यार्थी, अभिभावक, प्रधान अध्यापक र विद्यालय व्यवस्थापन समितिका लागि फरक फरक खुला

तथा बन्द प्रकृतिका प्रश्नहरु र विद्यालय अवलोकन फाराम तयार पारी सूचना सङ्कलनको मुख्य काम सम्पन्न गरिएको थियो । यसपछि उपलब्धि सम्बद्ध कारक र सिकाइ उपलब्धि सम्बद्ध पक्षमा सूचना वर्गीकरणको काम सम्पन्न गरिसकेपछि सूचना विश्लेषण तथा व्याख्याको तयारी गरियो र अन्त्यमा निष्कर्ष, उपादेयता, सुझाव, दृष्टिकोण र पृष्ठपोषण प्रस्तुत गरेपछि नतिजाका प्रभावकहरु नाम दिएर तिनलाई बुँदागत रूपमा उल्लेख गरी विद्यार्थी सिकाइ उपलब्धि उच्च राख्न सहयोगी पक्षहरु, बाधक पक्षहरु तथा विद्यालयले सुधार गर्नुपर्ने पक्षहरुलाई सारांशका रूपमा तालिकामा प्रस्तुत गरेर अध्ययनको काम टुङ्ग्याइएको थियो ।

सात परिच्छेदमा समेटिएको चार विद्यालयको यस मामला अध्ययनबाट प्रधान अध्यापकले राम्रो नेतृत्व लिने, विव्यस र सम्बद्ध पक्षले नियमित अनुगमन र अवलोकन गर्ने, शिक्षकहरुले यथोचित गृहकार्य दिने, दिएका गृहकार्यहरु समयमै परीक्षण गरेर पृष्ठपोषण दिने, ४० मिनेटको समय पूर्ण रूपमा कक्षामा बस्ने, परम्परागत शैलीकै शिक्षण पद्दति अपनाइए पनि पूर्व स्वीकृतिमा मात्र अनुपस्थित रहने तथा विभिन्न त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाका लागि प्रश्न आफैं निर्माण नगरी सम्बद्ध संस्थाबाट ल्याइए पनि हरेक परीक्षाको नतिजापछि त्यसको मौखिक विश्लेषण गर्ने गर्दा मात्र विद्यार्थीहरुको विज्ञान र गणित विषयको सिकाइ उपलब्धि अझ उच्च हुन सक्छ भन्ने देखिएको छ । यसर्थ विज्ञान र गणित विषयको सिकाइ उपलब्धिलाई उच्च तुल्याउनका लागि कक्षाभित्र व्यावहारिक शिक्षण, उपलब्ध सामग्रीहरुको यथोचित प्रयोग तथा पुस्तकालयको व्यवस्थापन गर्ने कुरामा प्रअमा इच्छाशक्ति र तत्परता हुनुपर्दछ ।

छनोटमा परेका चार विद्यालयमा देखिएका कतिपय समस्याहरुको वस्तुगत निराकरणका लागि ती विद्यालय एवम् सम्बद्ध निकायहरुले थप केही काम गर्नुपर्ने हुन्छ । यहाँ तिनै कामहरुसँग सम्बन्धित कुराहरुलाई नै कार्यकारी सारांशका रूपमा कार्यान्वयन, कार्यक्रमिक र नीतिगत तिन तहमा वर्गीकरण गरी बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## कार्यान्वयन तह

यहाँ कार्यान्वयन तहमा शिक्षक, विद्यालय र विद्यालय व्यवस्थापन समितिका तर्फबाट पुरा गर्न सक्ने काम सम्बद्ध विषयहरु प्रस्तुत गरिएका छन् ।

**शिक्षक**

१. विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च राख्न विद्यालयमा विशेष चार कुराहरु, जस्तै-सिकाइमा खपत हुने समय, गृहकार्यको नियमितता, सूक्ष्म परीक्षण, परिणाम र पृष्ठपोषण तथा प्रभावकारी शिक्षण सिकाइ सबै शिक्षकहरुको मूल मन्त्र बन्न सक्नुपर्दछ ।

२. प्रभावकारी शिक्षण भनेको एउटा उद्देश्यमा स्पष्ट, सङ्गठित, तयारी युक्त, गतिशील प्रक्रिया भएको र यसले प्रत्येक विद्यार्थी, शिक्षक तथा अभिभावकको अपेक्षालाई सम्बोधन गरेको हुन्छ । यसर्थ एउटा विषय शिक्षकले प्रभावकारी शिक्षणको उक्त अपेक्षालाई पुरा गर्न सधैं प्रयत्न गर्नुपर्दछ ।

३. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि उनीहरुलाई दण्ड दिएर वा तर्साएर होइन शिक्षकले नमुना बनेर वा सकारात्मक सोचको विकास गरेर गर्न सक्नुपर्दछ ।

४. विद्यालय तहका शिक्षकले विद्यार्थीलाई पुरा समयसम्म कक्षामा रही कक्षाकार्य गराउने, कक्षामा सिकेका कुराहरुलाई अझ बलियो बनाउन यथेष्ट गृहकार्य दिने, गृहकार्यलाई मसिनो ढङ्गले परीक्षण गरी विद्यार्थीलाई समय  समयमा यथोचित पृष्ठपोषण दिने गर्नु आवश्यक छ ।

५. बालकको सिक्ने आनीबानीले पनि उनीहरुको सिकाइ उपलब्धिमा प्रभाव पारेको हुन्छ । बालकले यस्तो बानीको विकास आफ्ना गुरुहरु अथबा अग्रजहरुबाट प्रभावित र प्रेरित भई नियमित रूपमा गरिरहेको हुन्छ । उनीहरु सिकेका आनीबानीका कारण पढाइमा निडर छन् छैनन् भन्ने कुरा थाहा पाइन्छ । त्यसबाट आफ्नो पढाइप्रति ढुक्क हुन सकिरहेका छन् कि छैनन् भन्ने बारेमा पनि जानकारी हुन्छ । यसर्थ आनीबानीका आधारमा विद्यार्थीहरुको वर्गीकरण गरी शिक्षकले सिकाउन सक्नुपर्दछ ।

६. यी विद्यालयहरुमा शिक्षण सिकाइ वातावरण सोचे जति आकर्षक, सङ्गठित तथा विद्यार्थी, शिक्षक र कर्मचारीमा स्वनियन्त्रित भएको देखिन्न त्यसैले यस कुराप्रति हेक्का राखी सकारात्मक वातावरणलाई पूर्ण इमानदारीका सात विकास गर्नु जरुरी हुन्छ । विद्यालयहरुमा शिक्षण सिकाइपछि कक्षाकार्य तथा गृहकार्यका लागि समयको उचित विन्यास हुनुपर्दछ । यसका लागि गृहकार्यको गहन परीक्षण, पृष्ठपोषण तथा अभिलेखीकरण आवश्यक हुन्छ । त्यस किसिमका कामहरु शिक्षकले गर्न सक्नुपर्दछ ।

७. शिक्षण सिकाइ एउटा जटिल कार्य हो । त्यसैले शिक्षकहरु आफ्नो विषयमा सधैँ ताजा ज्ञानसँग परिचित मात्र होइन त्यसलाई कसरी प्रभावकारी ढङ्गले सम्प्रेषण गर्न सकिन्छ भन्ने कुरासँग पनि परिचित हुनुपर्छ र आफूमा आधुनिक प्रविधिको उपयोग गर्ने क्षमता पनि वृद्धि गर्न सक्नुपर्छ ।

८. परम्परागत रूपमा विद्यार्थीहरु माझ बलपूर्वक शिक्षण गर्ने परिपाटीलाई कम गर्न नपाएको गुनासो पनि सम्बद्ध पक्षको तर्फबाट सुन्नमा आएको छ तर राम्रा शिक्षकहरु सधैँ उद्देश्यमा स्पष्ट, सङ्गठित, प्रभावकारी, तयारी युक्त एवम् गतिशील ढङ्गले सबै विषयमा सुसूचित भइरहने भएकाले उनीहरुले आफ्नो भूमिकालाई स्वतन्त्रतापूर्वक विद्यार्थी मैत्री शिक्षणतर्फ कुशलतापूर्वक लगाउनु आवश्यक हुन्छ ।

**विद्यालय**

१. एउटा विद्यालयको अन्तिम लक्ष्य विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च राख्ने हो भने त्यस विद्यालयका विषय शिक्षक र प्रधान अध्यापकको छनोटमा विशेष ध्यान दिनु आवश्यक हुन्छ । विषय शिक्षक र प्रधान अध्यापक स्पष्ट दृष्टिकोण, योग्य, अनुभवी र बाल बालिकाको भविष्यलाई पहिलो प्राथमिकता दिने व्यक्ति हुनुपर्छ ।

२. विद्यालयका प्रधान अध्ययपकले विद्यालयमा सहकार्यात्मक संस्कृतिको विकास गर्न निस्पक्ष, निडर र पारदर्शी व्यवहार देखाउन सक्नुपर्छ ।

३. विद्यालयका प्रधान अध्ययपकले पेसागत रूपमा दक्ष शिक्षकले मात्र विद्यालयको समग्र हितमा काम गरी सिकाइ उपलब्धिमा उच्च वृद्धिदर कायम गर्न सक्छन् भन्ने कुरामा विश्वास लिई शिक्षकरूको पेसागत विकासमा जोड दिन सक्नुपर्छ ।

४. प्रधान अध्ययपक विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव मात्र नभएर बौद्धिक नेतृत्व समेत मानिने कारण उनले विद्यालयको स्रोत साधन तथा दैनिक पठन पाठन सञ्चालन गर्ने, गराउने क्रममा विव्यस र अन्य सरोकारवालाहरुका बिच समन्वय गर्न सक्नुपर्छ ।

५. विद्यालयको समग्र वातावरण शिक्षकहरुका बिच विचार, अनुभव र सिप आदान प्रदान

गरिरहने खालको हुनु आवश्यक छ । यसका लागि विद्यालय प्रशासन मात्र होइन शिक्षकहरु स्वयम् पनि सक्रिय हुनु आवश्यक हुन्छ ।

६. विद्यालयहरुले विद्यार्थीहरुको नियमित रूपमा मूल्याङ्कन गर्ने, त्यसको प्रभावकारी ढङ्गले अभिलेख राख्ने, त्यसको समय समयमा विश्लेषण गर्ने तथा देखिएका कमी कमजोरी हटाउनका लागि विशेष व्यवस्थासहितका थप कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक हुन्छ ।

७. प्रभावकारी पठन पाठन भनेको कक्षामा विद्यार्थीहरुलाई व्यस्त राख्ने काम मात्र होइन उनीहरुमा अन्तरनिहित क्षमतालाई प्रस्फुटन गर्नु गराउनु पनि त्यत्तिकै जरुरी हुन्छ । यसका लागि अतिरिक्त तथा सह क्रियाकलाप वार्षिक योजनाभित्रै पारेर विद्यालयले नियमित रूपमा गराउनुपर्दछ ।

८. यस खालका सामुदायिक विद्यालयहरुमा अहिलेसम्म पनि परम्परागत शैद्धान्तिक शिक्षण विधि नै प्रयोग गरेको पाइन्छ । त्यसलाई कम गर्न वा फेर्नका लागि प्रयोगात्मक शिक्षण विधिलाई प्रयोगमा ल्याउनुपर्दछ । यसका लागि स्थानीय तहमै उपलब्ध हुन सक्ने शिक्षण सामग्रीको छनोट एवम् प्रयोग तथा परीक्षा फलको विश्लेषण र प्राप्तिका आधारमा विद्यालय सुधारको योजना विद्यालयहरुले बनाउन सक्नुपर्दछ ।

९. प्रधान अध्यापकहरुले आफूमा विद्यालयलाई आर्थिक, भौतिक, शैक्षिक कार्यक्रमहरुको तर्जुमा, सञ्चालन तथा अनुगमन गरी विद्यालयमा प्रभावकारिता बढाउन सक्ने सञ्चालक समितिमा सदस्य सचिवको हैसियतले समन्वयात्मक भूमिका खेल्न सक्ने गुणको विकास गराउनुपर्छ ।

१०. प्रधान अध्यापकले विद्यालयका विशिष्ट अद्देश्यहरु, प्रक्रिया तथा मूल्याङ्कनका विधि तथा साधनहरुको कडाइका साथ उपयोग र पालना गराउन सक्नुपर्दछ ।

११. विद्यालयद्वारा निर्मित आचार संहितालाई पहिला प्रधान अध्यापकले आफूबाट लागु गर्ने प्रक्रिया आरम्भ गरी अरु शिक्षक तथा कर्मचारीमा पनि कडाइका साथ लागु गराउनुपर्छ ।

१२. प्रत्येक कक्षामा अध्ययनरत बालबलिकाका अभिभावकहरुको नियमित रूपमा बैठक बसाई

उनीहरुका सबल र दुर्बल पक्षहरुको जानकारी गराउने मात्र होइन उनीहरुको पढाइ सुधार्ने योजना बनाई तिनको कार्यान्वयनको तहमा उनीहरुको सहयोग र समर्थनमा समेत जोड दिनुपर्छ ।

१३. उनीहरुको एकाइ, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको नतिजा अभिभावकको उपस्थितिमा सार्वजनिक गरी थप प्रगतिका लागि योजना बनाई विद्यार्थीलाई प्रमाण पत्र उपलब्ध गराउने अनि प्राप्त नतिजाका आधारमा विद्यार्थीको वर्गीकरण गरी अतिरिक्त कक्षा र मौका परीक्षाको व्यवस्था गर्न सक्नुपर्दछ । यसो गर्दा उपस्थित नहुने, कक्षा छाड्ने, दोहोऱ्याउने जस्ता समस्याहरु समाधान हुन सक्छन् ।

१४ विद्यालयको पूर्वाधार कमजोर भएकै कारण पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा जस्ता सिकाइ सम्बद्ध कुराहरु व्यवस्थित रूपमा सञ्चालनमा आउन सकेका देखिँदैनन् । तिनको अपर्याप्ततालाई समयमा नै व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

१५. विद्यालयमा शैक्षिक सामग्रीको अवस्थालाई हेर्दा पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीहरु, विज्ञानका सामानहरु, कम्प्युटर आदि विद्यार्थी सङ्ख्याका आधारमा अपुग मात्र होइन कुनैमा कत्ति पनि नभएको जस्तो हुनाले तिनको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१६. विद्यालयहरुले आवश्यक पर्ने खर्चका विभिन्न स्रोतहरु पहिचान (जस्तै- गाविस, उप महा नगर पालिका गैर सहकारी संस्थाहरु तथा सांसदहरुको सहयोग आदिबाट) गरी रकम सङ्कलन र त्यसको विधिसम्मत परिचालनबाट आवश्यक पर्ने शैक्षिक सामग्रीहरु, जस्तै- कम्प्युटर, विज्ञानका उपकरणहरु, अतिरिक्त पाठ्य सामग्रीहरु, पाठ्यक्रम, शिक्षक निर्देशिका आदि समयमै जुटाउन पहल गर्न सक्छन् ।

१७. विद्यालय विद्यार्थीलाई सिकाउने थलो मात्र नभएर शिक्षकले काम गर्ने तथा एक आपसमा अन्तरक्रिया गर्ने, कम अनुभव भएकालाई पथ प्रदर्शन गर्ने, अनुभवीले कक्षा शिक्षणको अवलोकन गरी पृष्ठपोषण लिने, दिने संकृतिको विकास गर्ने थलो समेत भएकाले त्यसमा ध्यान दिनुपर्दछ, जुन कुराबाट विद्यार्थीहरुले कक्षामा प्रत्यक्ष शिक्षणका माध्यमले मात्र नभई आफ्ना अग्रज गुरुहरुका व्यवहारबाट पनि परोक्ष रूपमा जीवनोपयोगी सिपहरु सिक्न सकून् ।

१८. हरेक विद्यालयका आफ्ना नीति, अद्देश्य तथा प्रक्रियाहरु फरक फरक हुन सक्छन् । यसर्थ विद्यालयले ती कुराहरुमा स्पष्टता, तिनको कार्यान्वयनमा दृढता र उपलब्धिहरुमा अपनत्वको भावना सृजना गर्न सक्नुपर्दछ ।

१९. विद्यार्थी नै शिक्षण सिकाइका मुख्य लक्ष्य भएकाले उनीहरुको पढाइसँग सम्बन्धित नीति नियमहरु तर्जुमा गर्दा उनीहरुको सहमति हुनु जरुरी हुन्छ किनकि कलिला केटाकेटीले के नै जान्दछन् र भनेर उनीहरुलाई अलग गर्नु गल्ती हुन्छ ।

२०. विद्यालयमा शिक्षा नियमावलीले तोके बमोजिमको शिक्षक अभिभावक सङ्घको तत्काल गठन हुनुपर्दछ ।

२१. विद्यालयमा कुनै पनि नीति निर्धारण गर्दा सबै खाले सरोकारवालाहरु, जस्तै-शिक्षक, अभिभावक र विद्यार्थीलाई सहभागी गराउनु अनिवार्य हुन्छ । यसो भयो भने मात्र सबैले उक्त निर्णयमा अपनत्व महसुस गर्दछन् र कार्यान्वयनमा सहजता हुन्छ ।

२२. विद्यालय पनि एउटा समुदायको महत्त्वपूर्ण नमुना हो । यहाँ पनि विविध खालका समस्याहरु देखा पर्न सक्छन् । त्यस्तो अवस्थामा विद्यालय प्रशासन, विद्यार्थी, अभिभावक तथा विव्यसका प्रतिनिधिहरुमा एकमना ढङ्गले समस्या समाधान गर्ने संस्कृतिको विकास हुनुपर्दछ । यस्तो अवस्थामा मात्र विद्यालयको सिकाइ उपलब्धि उच्च राख्न सघाउ पुग्दछ ।

२३. यी विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न आपसी सहमति, सहकार्य र एकता कायम गर्नु आवश्यक छ । त्यसै गरी शिक्षकहरुका बिच एक आपसमा विचार तथा अनुभवहरु आदान प्रदान गर्ने भाइचारा संस्कृतिको विकास गर्नु पनि त्यतिकै अनिवार्य हुन्छ ।

२४. एउटा शिक्षालयले आफ्नो उच्च सिकाइ उपलब्धि हासिल गर्ने सफलताका लागि विभिन्न पक्षहरुमा जोड दिएको हुनुपर्दछ, जसमध्ये कुशल र प्रभावकारी विद्यालय नेतृत्व सबैभन्दा अग्र भागमा पर्दछ किनभने विद्यालय व्यवस्थापनको पूर्ण जिम्मेवारी उसैको हातमा रहन्छ ।

२५. शिक्षकहरु शिक्षण सिकाइ क्रियाकलापका मुख्य विन्दु भएकाले उनीहरुमा नैतिकता, जिम्मेवारी,

प्रतिबद्धता तथा आफ्ना कार्यप्रतिको उत्तरदायित्व वहन गर्न सक्ने गुणको विकास गराउन सचेतना अभिमुखीकरणमा सहभागी गराउनुपर्छ र राम्रा कामका लागि पुरस्कार र नराम्रा कामका लागि दण्डको व्यवस्था गरिनुपर्दछ ।

२६. विद्यालयमा जतिसुकै साधन स्रोतहरुको प्रचुरता भए पनि शिक्षकहरुमा उत्तरदायित्वको भावना, नैतिकता तथा क्षमता नभएको खण्डमा विद्यार्थीको सिकाइ उपलब्धि उच्च राख्न सकिन्न । त्यसैले शिक्षकको पेशागत विकासमा सधैं नै एउटा प्रभावकारी विद्यालयले ध्यान दिन र त्यसमा लगानी बढाउन सक्नुपदर्छ ।

२७. विद्यालयको सिकाइ उपलब्धिलाई उच्च राख्न बालबालिकाहरुका अभिभावकहरु पनि उत्तिकै जागरुक हुनु जरुरी छ । त्यसका लागि विद्यालय प्रधान अध्यापकको भूमिका गहन हुन्छ । उनले नै समय समयमा तहगत एवम् कक्षागत बाल बालिकाका अभिभावकहरुको बैठक बोलाउने, उनीहरुका सबल र दुर्बल पक्षका बारेमा विचार विमर्श गर्ने, अभिभावकहरुको राय लिएर कमजोर बाल बालिकाका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्ने र उनीहरुको प्रगतिको अभिलेख राख्न लगाउने जस्ता महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।

**विव्यस**

१. व्यवस्थापन समितिको काम स्रोत साधन जुटाउने र स्थानीय नीति निर्धारण गर्ने मात्र नभई प्रभावकारी अनुगमन, समर्थन र सहयोग गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यसर्थ विव्यसका प्रतिनिधिहरुले उक्त कामहरु प्रभावकारी ढङ्गले गर्नुपर्छ ।

२. एउटा प्रभावकारी विद्यालयमा प्रधान अध्यापकको सबैभन्दा महत्वपूर्ण भूमिका रहने भएकाले नियुक्ति वा वढुवाको आधार समावेसिता, भागबण्डा तथा आफन्तवाद आदिका आधारमा नभई उनीहरुको योग्यता, क्षमता तथा लगनशीलता आधारमा हुनुपर्छ ।

३. उच्च शैक्षिक उपलब्धि हासिल गर्नका लागि एउटा विव्यसले ज्ञानसँग सम्बन्धित पक्ष, जस्तै- पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरुको प्राप्तिमा गहन चासो, विद्यालयका लक्ष्यहरु निर्धारण, शिक्षण सिकाइका साधनहरुसँग सम्बन्धित निर्णयहरु, शक्ति वा अधिकार बाँडफाँड सम्बद्ध निर्णयहरु, स्रोत र सामग्रीहरु, जस्तै- भौतिक सुविधा, सामग्रीको प्रयोग र

व्यवस्थापनसम्बन्धी निर्णय, शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिको व्यवस्थापनसम्बन्धी निर्णयका अतिरिक्त आवश्यक वित्तीय स्रोतको प्राप्ति र उपयोगसम्बन्धी निर्णयहरु गर्न सक्ने सक्षम व्यक्तिहरु आउने गरी यसको निर्वाचन प्रक्रियालाई व्यवस्थित गर्नुपर्दछ ।

४. विव्यस विद्यालय व्यवस्थानको जिम्मेवार निकाय भएकाले यसले शैक्षिक दृष्टिकोणले मानवीय, भौतिक, आर्थिक र प्राविधिक स्रोत र साधन प्रयोग र परिचालन गरी पाठ्यक्रमद्वारा निर्दिष्ट शैक्षिक उद्देश्यअनुरूप समाजका लागि आवश्यक ज्ञान, सिप र उच्चतम सिकाइ उपलब्धि हासिल गरेका विद्यार्थीहरु उत्पादन गर्ने गराउने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ ।

## कार्यक्रमिक तह

१. कुनै पनि शिक्षकलाई तालिमको व्यवस्था गर्दा तालिम केन्द्र वा स्रोत केन्द्रमा बोलाएर मात्र नभई उनीहरुको मागमा आधारित भएर सम्बन्धित विद्यालयमा प्रयोगात्मक रूपमा व्यवस्था गनुपर्दछ ।

२. विद्यालय प्रधान अध्यापकको क्षमता अभिवृद्धि गराउने उद्देश्यले सञ्चालित तालिम तथा अभिमुखीकरणमा सहमतिको वातावरण सृजना गरी निष्पक्षता, उत्तरदायित्व, निर्णय प्रक्रियामा आम सरोकारवालाको सहभागिता, अन्तरक्रियात्मक तथा सह क्रियाकलापको सृजना जस्ता संस्कृतिको विकास गर्ने विषयवस्तुलाई जोड दिनुपर्दछ ।

३. विषय शिक्षकमा रहेका कमी कमजोरीहरु हटाउनका लागि उनीहरुका कक्षाहरु प्रधान अध्यापक स्वयम्बाट र अन्य वरिष्ट शिक्षक तथा सम्बद्ध निकायद्वारा नियमित अवलोकन गरी पृष्ठपोषण गर्ने, प्रेरित गर्ने, उनीहरुलाई पनि वरिष्ट शिक्षकको कक्षा अवलोकन गर्न लगाउने र स्वयम् सचेत हुन अभिप्रेरित गर्नुपर्दछ ।

४. विद्यालयका प्रअ, सप्रअ, शिक्षकहरु र विव्यसका प्रतिनिधिहरुलाई विद्यालयको निरन्तर प्रगतिका लागि उनीहरुको रुचि तथा क्षमतालाई हेरेर कामको जिम्मेवारी दिने गर्नुपर्दछ ।

५. विद्यालयमा प्रधान अध्यापकको पहलमा छलफल र अन्तरक्रियात्मक संस्कृतिको विकास गरी एक आपसमा मित्रता, सहकार्य तथा पेसागत क्षमता अभिवृद्धिमा टेवा पुग्ने खालका कार्याक्रमहरु सञ्चालन गरिनुपर्छ ।

६. विद्यालयलाई विद्यार्थी पढाउने थलो मात्र नबनाई शिक्षकहरुको पेसाको विकास गर्ने ठाउँ पनि हो भनेर लिनुपर्छ र निष्पक्ष भएर सबै विषयका शिक्षकहरुलाई पालैपालो तालिम, गोष्ठी, सेमिनार तथा सभा सम्मेलनमा पठाउने व्यवस्था मिलाउन सक्नुपर्छ

७. विद्यालयमा विभिन्न आकस्मिक समस्याहरु देखा पर्दा प्रधान अध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा व्यवस्थापकका तर्फबाट भएको वर्तमान योगदानलाई हेर्ने हो भने अहिले सम्मकै राम्रो विद्यालय नीति बनेको देखिन्छ तापनि अझै पनि व्यवहारमा स्थायी जस्तो बनेर रहेको दण्डको सहारा लिने गर्दा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यमा बाधा भई शिक्षक, अभिभावक तथा समग्र विद्यालयको सिकाइ उपलब्धि सम्बद्ध उच्च अपेक्षालाई सम्बोधन गर्न सकिँदैन भन्ने कुरामा सम्बद्ध पक्षले हेक्का राख्नु आवश्यक छ ।

## नीतिगत तह

१. नीति निर्माणको तहबाट पनि विद्यालयका शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धिका लागि उनीहरुका शैक्षिक मागमा आधारित भएर विद्यालयमै अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने नीति बनाउनुपर्छ ।

२. विद्यालयका शिक्षकहरुको आन्तरिक बढुवा गर्दाको बखत अन्य प्रभावका आधारमा नभई सम्बन्धित शिक्षकहरुलाई आआफ्नो वर्षभरिको कामको प्रगति विवरण (टिचिङ्ग पोर्टफोलियो) तयार पार्न लगाई उक्त फाइल अध्ययनबाट निश्चित अङ्क भार दिएर बढुवाको निस्पक्ष आधार बनाउन सकेको खण्डमा एकातिर उनीहरु पेसागत क्षमतामा वृद्धि गर्न निरन्तर प्रयत्न गरिरहने र अर्कातर्फ आन्तरिक बढुवाको विवरण र मापदण्ड तयार पार्दा सच्चाइ सबैका अगाडि आउने कारण इमानदारीमा वृद्धि हुने हुनाले आपसी विश्वासको वातावरण निर्माण हुन्छ ।

३. विद्यार्थीहरुको सिकाइमा विद्यालय, समुदाय तथा घरको संस्कृतिले ठुलो प्रभाव पार्दछ भन्ने कुरा नीति निर्माणको समयमा विशेष ख्याल गरिनुपर्दछ ।

४. घरको पृष्ठभूमि, साथीहरुसँगको सम्बन्ध, विभिन्न विद्यालयहरुको आफ्नो सिकाइ वातावरण तथा सञ्चार माध्यमको विकासको अवसर विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रत्यक्ष देख्न सकिन्छ । यिनै कुराहरुको अनुपलब्धता र उपलब्धताको अवस्थाले उनीहरुको विश्व दृष्टिकोणलाई

फराकिलो वा साँगुरो बनाउने काम पनि गरेका हुन्छन् भन्ने विषयमा ध्यान दिई सोही अनुसारको नीति तय गर्नुपर्दछ ।

५. सञ्चारका विभिन्न माध्यमहरु, जस्तै-टेलिभिजन, पत्रपत्रिका, रेडियो, मोबाइल आदिले विद्यार्थीहरुको पढाइमा असर गर्दछन् भनेर परम्परागत रूपमा विश्वास गरिन्छ । यसरी हेर्दा त्यस्ता साधनहरुले बाल बालिकाहरुको बौद्धिक विकासमा प्रत्यक्ष वा परोक्ष ढङ्गबाट सहयोग पुऱ्याएको देखिन्छ । शिक्षण सिकाइप्रति ध्यानाकर्षण गराउने आदि विषयमा सकारात्मक प्रभाव पारेकै कारण उनीहरु त्यसबाट संसारसँग नयाँ ढङ्गले परिचित पनि भइरहेका हुन्छन् भन्ने कुरालाई मनन गरी त्यस्ता साधनहरुको कक्षा शिक्षणमा समयोचित तरिकाले उपयोग गर्ने नीति बनाइनुपर्दछ ।

६. सामाजिक संरचनाहरुले पनि बाल बालिकाको सिकाइ उपलब्धिमा प्रभाव पारेका हुन्छन् । भाषालाई माध्यम बनाएर सिकारुले विभिन्न सामाजिक संरचनाको परिधिभित्र रही नयाँ कुराहरुको सृजना गर्ने, प्रशारण गर्ने तथा अन्यसँग अन्तरक्रिया गर्ने गर्दछ । भाषा एउटा संस्कृतिको सम्बाहक भएको हुनाले नयाँ अनुभव ग्रहण गर्नमा सहयोग पुऱ्याउने मात्र होइन यसको सहयोगबाट सिकारु स्वयम् आफ्नो भाषिक समुदायको ज्ञानमा प्रभावित भई ज्ञानात्मक अभिमुखीकरण पाइरहेको हुन्छ भन्ने विषयमा ध्यान दिई सिकारुको समाजिक पृष्ठभूमि र मातृभाषालाई अधिकतम उपयोग गर्ने नीति बन्नुपर्दछ ।

७. शिक्षकहरुले कसरी पढाइरहेका छन् र उनीहरुको योग्यता र क्षमताका बारेमा थाहा पाउन उनीहरुले आफ्नो मूल्याङ्कन आफैं गर्न सक्ने बनाउन तथा शिक्षक बढुवाका लागि आधार तयार पार्न प्रत्येक शिक्षकलाई आफ्नो प्रगति विवरण खुल्ने फाइल तयार गर्न लगाउने नीति सरकारको तर्फबाट अनिवार्य बनाएर लागु गर्नुपर्छ, जसमा आफुले पढाउने विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तकको विश्लेषण, आफ्ना सबल र दुर्बल पक्षको विवरण, आफ्ना लेख रचना, पृष्टपोषण लिएका र दिएका अभिलेख जस्ता कुराहरु सम्लग्न गरिएको हुनुपर्दछ ।

८. विद्यालय निरीक्षकहरुलाई प्रशासनिक कार्य मात्र नभएर शिक्षण सिकाइ क्रियाकलापको समेत अनुगमन गर्ने, शिक्षकहरुको कक्षा अवलोकन गर्ने, पृष्ठपोषण दिने तथा अनौपचारिक रूपका गुनासाहरु सुन्ने र उनीहरुका समस्या तथा मागहरु सङ्कलन गर्ने कामको पनि

जिम्मेवारी दिने नीति बनाइनुपर्छ किनकि विद्यालय शिक्षकहरुका लागि तालिमका विषयवस्तु निर्धारण गर्न ती कुराहरुले समेत सहयोग पुऱ्याउन सक्छन् ।

९. अब देशले तय गर्ने शिक्षाको नारा "मिश्रित बस्ती बसाऔँ, सामाजिक एकता निर्माण गरौँ र भौतिक पूर्वाधारसहितको जीवनोपयोगी शिक्षा हासिल गरौँ" भन्ने हुनुपर्दछ ।

१०. प्रमाणहरुले देखाए अनुसार जहाँ मिश्रित बस्ती छ त्यहाँ बिजुली तथा सहरी विकास पर्याप्त मात्रामा भएको देखिन्छ । त्यस्ता ठाउँमा विज्ञान तथा प्रविधिको विकास पनि बढी नै भएको छ । यसर्थ शैक्षिक नीति बनाउँदा यस कुरामा ध्यान पुग्नु आवश्यक छ ।

११. उक्त कारणले त्यस ठाउँका बासिन्दाहरुको सोचाइ, काम गराइ तथा बुझाइ पनि अन्य ठाउँका तुलनामा फरक र विकसित जस्तो अनुभव हुन्छ । त्यस्ता बस्तीहरुमा उनीहरुको आफ्ना बाल बालिकाको शिक्षाप्रतिको धारणा सकारात्मक हुनुको साथै विद्यालयको शिक्षण सिकाइ, शिक्षकहरुप्रतिको सोच, भौतिक पूर्वाधारको व्यवस्था, गुनासा सुन्ने सुनाउने प्रक्रिया, भेटघाटका बारेमा सचेतता, संस्था मेरो हो भन्ने भावना र सहयोगको तत्परता जस्ता कुरामा सकारात्मक प्रवृत्तिहरु देखिने गरेका छन् । त्यसैले शिक्षा नीति तर्जुमा गर्दा उक्त कुराहरुमा प्राथमिकता दिनु आवश्यक हुन्छ ।

१२. अब राज्यले शिक्षानीति बनाउँदा विद्यालय बाल बालिकाहरुलाई औपचारिक शिक्षाको माध्यमबाट कसरी उनीहरुमा अन्तरनिहित वैयक्तिक क्षमता एवम् आर्थिक उत्पादकत्व विकास गर्न सकिन्छ भन्ने कुरामा ख्याल गर्नुपर्दछ । यसो भयो भने मात्र विद्यालयीय शिक्षाले उनीहरुको ज्ञानात्मक क्षमतामा वृद्धि भई सामाजिक मूल्य, मान्यता एवम् सिपका सहायताले आफ्नो वयस्क जीवन व्यतितमा सफलता हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्दछ ।

१३. खास गरेर राज्यले देशलाई चाहिने उच्च जनशक्ति नीति बनाइरहँदा जगका रूपमा रहेको विद्यालयीय औपचारिक शिक्षाका माध्यमबाट बाल बालिकाहरुले आफ्नो संज्ञानात्मक सिपको विकास मार्फत् भाषिक सिप, गणित, विज्ञान र सामाजिक मूल्य, मान्यताका साथै प्राविधिक ज्ञानको विकाससमेत गर्न सक्छन् भन्ने विषयमा हेक्का राख्नु आवश्यक हुन्छ । प्रमाणहरुलाई हेर्दा यस्ता सिपहरुले भविष्यमा आइपर्ने जटिल सिपहरु, जस्तै-समस्या समाधान, विवेचना,

सूचना सम्प्रेषण, उच्च चिन्तन एवम् उत्पादन कार्यसँग सम्बद्ध उच्च प्राविधिक ज्ञान हासिल गर्न सहयोग गरेको देखिन्छ ।

१४. अबको शिक्षा नीतिले विद्यालयीय बाल बालिकाहरुको सामाजिक विकासको बाटो खोलिदिन सक्नुपर्दछ । सामाजिक विकासबाट मात्र नागरिकहरुमा सद्भाव, भाइचारा, सर सहयोग तथा आपसी सम्मानको विकास हुन्छ । उक्त कुरा उच्च सिकाइ उपलब्धि भएका बाल बालिकाहरुमा सजिलै विकास गर्न सकिने मात्र होइन यसबाट सामाजिक विकृति विसङ्गतिलाई न्यूनीकरण गर्न पनि मदत पुग्दछ भन्ने कुरा प्रमाणसाध्य देखिएकाले यसतर्फ सम्बद्ध पक्षले सधैं ध्यान दिनुपर्दछ ।

# परिच्छेद एक

# परिचय

## विषय प्रवेश

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुसन्धान परियोजना अन्तर्गत विद्यालयमा भर्ना भई अध्ययनरत छात्र छात्राहरु सबैमा पाठ्यक्रमद्द्वारा अपेक्षित सिकाइमा उच्च तथा न्यून उपलब्धि सिर्जना गर्ने कारक पक्षहरुको अध्ययन गर्ने मनसायले तराईका सर्लाही, धनुषा र सुनसरी गरी तिन जिल्लाका क्रमशः **श्री जमुनाहा विद्यालय,** खुटौना सर्लाही**, श्री पृथ्वी विद्यालय,** सोनिगामा टिलही धनुषा**, श्री जनता विद्यालय**, बक्लौरी इचौल सुसरी र **श्री शिव विद्यालय**, पकली सुनसरीमध्ये विज्ञान विषयमा एउटा राम्रो र एउटा नराम्रो तथा गणित विषयमा एउटा राम्रो र एउटा नराम्रो गरी चार विद्यालयहरुको अध्ययन गरी उक्त विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको गणित र विज्ञान विषयमा उच्च तथा न्यून सिकाइ उपलब्धिका कारक पक्षहरुको खोज गरेर प्रतिवेदन तयार पारिएको छ । उच्च र न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुको छनोट शैक्षिक गुणस्तर परीक्षण केन्द्रले केन्द्रद्वारा सन् २०१३ मा सञ्चालित कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको नतिजाका अधारमा गरेको थियो ।

यस किसिमका अध्ययनहरुबाट विद्यालयहरुको शिक्षण सिकाइ उपलब्धिमा सुधार गर्न, विद्यालय सुधारका नीति तथा कार्यक्रम तर्जुमा गर्न र समग्र शैक्षिक प्रणालीमा सुधार गर्न प्रामाणिक सूचनासहितको पृष्ठपोषण प्राप्त हुने देखिन्छ । यसका अतिरिक्त यस किसिमका प्रामाणिक सूचनाहरुबाट न्यून सिकाइ उपलब्धि हासिल गरेका कारण चुनौती व्यहोरिरहेका विद्यालयहरुका लागि उच्च सिकाइ उपलब्धि हासिल गरेका विद्यालयका सबल पक्षबाट आफ्ना त्रुटिहरु सच्याई उच्च सिकाइ उपलब्धि हासिल गर्ने बाटोतर्फ लाग्न वस्तुगत आधार प्राप्त हुने अनि उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र नीतिगत सबल पक्षहरुलाई स्थानन्तरण गर्ने गरी कार्यक्रम र कार्यनीति तर्जुमा गरेर न्यून सिकाइ उपलब्धि भएका विद्यालयका लागि ठोस सहायता प्रणाली विकास गर्न उपयोगी साबित हुने देखिन्छ ।

## नेपालको समग्र शैक्षिक सन्दर्भ

शिक्षाको विकास भनेकै एउटा गतिशील प्रक्रिया मानिन्छ । देश विकासको महत्त्वपूर्ण पक्षका रूपमा शिक्षा विकासको प्रभाव अनुभव गर्न सकिन्छ । यसर्थ विद्यालय शिक्षामा सुधारको आवश्यकता महसुस गरी विसं २०५७ सालमा जारी गरिएको शिक्षा ऐनको सातौँ संसोधन कार्यान्वययवबाट सबै विद्यालयहरुले शिक्षण सिकाइ सुधार प्रयोजनका लागि विद्यालय सुधार परियोजना निर्माण गर्ने र त्यसका आधारमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सञ्चालन गर्ने कामको थालनी भएको देखिन्छ । उक्त योजनाका आधारमा विद्यार्थीको पहुँच वृद्धि गर्ने, विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्ने, कक्षा व्यवस्थापनलाई बालमैत्री तथा शिक्षण सिकाइअनुकूल बनाउने आदि कार्यहरु गर्ने गरी पहल गरिएको पाइन्छ ।

नेपालको शिक्षा विकासमा आन्तरिक तथा वाह्य सहयोग प्राप्त भए अनुरूप नै क्रमशः जग तयार भए पनि यसबाट नेपालले थुप्रै समस्या तथा चुनौतीहरुको सामना गर्नुपरेको देखिन्छ । फल स्वरूप तत्कालीन सरकारले शिक्षा क्षेत्रमा सुधार ल्याउने उद्देश्यबाट विद्यालय क्षेत्र सुधार योजना (इसं २००९-२०१५) लागु गर्दै शिक्षा क्षेत्रमा समयानुसार सुधार गर्ने हेतुले विद्यालय संरचनामा समेत परिवर्तन गरी पहिलाको कक्षा १-५ सम्मको प्राथमिक विद्यालयको संरचनालाई १-८ सम्म आधारभूत तह भनी निर्धारण गरेको देखिन्छ । त्यस्तै कक्षा ९-१२ लाई माध्यमिक भनी परिभाषित गरेको पाइन्छ । नीतिगत रूपमा हेर्दा विद्यालय क्षेत्र सुधार कार्यक्रमसँगै नेपाल सरकारले कुनै पनि लिङ्ग, जात, जाति, भाषा, धर्म, क्षेत्र तथा फरक आर्थिक अवस्थाका बाल बालिकाहरुका लागि समान शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएको पाइन्छ । समग्रमा यस कार्यक्रमले सबैका लागि शिक्षाका अवसरहरु विस्तार गर्ने प्रतिबद्धता जाहेर गरेको देखिन्छ, जुन नेपाल सरकारका आर्थिक स्रोतहरु, मानव संसाधन, व्यवस्थापन तथा नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम अन्तर्गत पर्दछन् ।

विसं २०२८ सालपछि शिक्षाको क्षेत्रमा आमूल सुधार गर्ने धेयले चालिएका कदमहरु मध्ये विक्षेसुयो (२०६६-२०७२) एउटा सबैभन्दा प्रभावकारी कार्यक्रम मान्न सकिन्छ । विविध चुनौतीहरुका बाबजुद पनि यस कार्यक्रमले माध्यमिक शिक्षाको एकीकृत स्वरूप विकास गर्नमा ठुलो योगदान पुऱ्याएको मान्न सकिन्छ । यसै कार्यक्रमको कार्यान्वयनको सिलसिलामा विविध कार्यहरु, जस्तै-शिक्षकको पेसागत क्षमता अभिवृद्धि, प्रधान अध्यापक नेतृत्व क्षमता विकास तालिम, शिक्षा विकासका सवालहरुमा सरोकारवालाहरुको भूमिकाको परिभाषा, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना र गुणस्तर परीक्षण कार्यको योजना तथा कार्यान्वयन आदि महत्त्वपूर्ण कामहरु हुँदै आएका छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (इसं २०१०) लाई नेपाल सरकारले विद्यालय सुधार कार्यक्रम अन्तर्गत शिक्षाको गुणस्तरमा सुधार ल्याउने एउटा एकीकृत भागका रूपमा लिएको देखिन्छ । यो केन्द्र स्थापनाको मुख्य उद्देश्य भनेको सरकार, शिक्षक, अभिभावक, विद्यालय, विद्यार्थी तथा नागरिक समाजका अगुवाहरुको उपस्थितिमा शिक्षा विकासका सरोकारवालाहरुलाई नियमित रूपमा शिक्षाको प्रभावकारिता, कार्य कौशल, न्याय तथा शैक्षिक गुणस्तरका बारेमा सुसूचित गराउनु पनि हो (शैगुपके, २०१३) भन्ने देखिन्छ । शैक्षिक गुणस्तर अभिवृद्धि गराउने गरी शैक्षणिक पद्धति, नीति निर्माण तथा कार्यक्रम कार्यान्वयनका लागि यस केन्द्रले विद्यार्थीको सिकाइ उपलब्धिको नियमित मापन गर्ने नयाँ काम सुरु गरेको छ । यसले नियमित रूपमा शैक्षिक संस्था र विद्यालयहरुको कार्य संपादन परीक्षण गरेर तयार परिएको प्रतिवेदनमाथि छानविन र त्यसको प्रकाशन गरी सार्वजनिक गर्ने गरेको देखिन्छ ।

यस सन्दर्भमा आफ्नो स्थापनाको एकाध वर्षभित्रै यस संस्थाले विद्यार्थीहरुको सिकाइ उपलब्धि मापन गर्ने काम थालिसकेको देखिन्छ । कक्षा ३ र ५ का विद्यार्थीहरुमा सन् २०१३ मा गरिएको परीक्षणबाट समान लगानी र व्यवस्थापन भएका विभिन्न जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धिमा निकै अन्तर देखिएको कुरालाई आधार मानी यसले यससम्बन्धी गतिविधि अगाडि बढाएको छ । यसर्थ शैक्षिक गुणस्तर परीक्षणबाट प्राप्त विद्यालय स्तरको फराकिलो अन्तरलाई कम गर्न यस संस्थाबाट भइरहेका प्रयासहरुमध्ये प्रस्तुत अध्ययनलाई एउटा ठोस प्रयत्नका रूपमा लिन सकिन्छ ।

नेपालको समग्र शैक्षिक सुधार गर्ने उद्देश्यले २००९ देखि २०१५ सम्म लागु गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय शिक्षालाई दुई तहमा पुनर्निर्माण गरेको छ । यसमा कक्षा १-८ सम्मलाई आधारभूत तह र ९-१२ सम्मलाई माध्यमिक तह अर्थात् कम्प्रिहेन्सिभ माध्यमिक तह ( फ्ल्याक्स रिपोर्ट, २०१४) भनेर मानेको छ । उक्त रिपोर्टमा उल्लेख भएअनुसार कुल ३४,८०६ विद्यालयमध्ये ३४,५०६ आधारभूत तहका विद्यालय छन् भने यी आधारभूत तहका विद्यालयहरुमा हिमाली क्षेत्रमा जम्मा ४,२१५, पहाडी क्षेत्रमा १७,५१४, तराई क्षेत्रमा १०,६९० तथा उपत्यका क्षेत्रमा २,०८४ विद्यालयहरु छरिएर रहेका छन् । त्यसरी नै माध्यमिक विद्यालय (उच्च माध्यमित तहसमेत) को जम्मा सङ्ख्या ९,१२० मध्ये हिमाली क्षेत्रमा ८०१, पहाडी क्षेत्रमा ३,८९७, तराई क्षेत्रमा २,९४३ र उपत्यका क्षेत्रमा १,४७९ विद्यालयहरु अवस्थित छन् । नेपालमा उल्लिखित विद्यालयका अतिरिक्त अन्य धार्मिक विद्यालयमा समेत पठन पाठन हुने गरेको देखिन्छ । यस्ता

विद्यालयहरु मदरसा, गुम्बा/विहार, आश्रम, गुरुकुल आदि नाममा सञ्चालित छन् । ती हिमाली क्षेत्रमा १२२, पहाडी क्षेत्रमा १३३, तराई क्षेत्रमा २७४ र उपत्यका क्षेत्रमा १९४ रहेका छन् । तीमध्ये माध्यमिक तहमा सञ्चालित भएका विद्यालयहरुमा मदरसा १३, गुम्बा/विहार १ र आश्रम तथा गुरुकुल ७ गरी २१ ओटा रहेका देखिन्छन् (फ्ल्यारि, २०१४) ।

विद्यार्थी भर्ना सङ्ख्याका हिसाबले विद्यालयलाई हेर्दा आधारभूत तहमा छात्रको कुल सङ्ख्या ३०,३८,४०६ र छात्राको कुल सङ्ख्या ३१,३२,२६२ गरी जम्मा ६१,७०,६६८ रहेको छ भने यसमा छात्रहरुको भर्ना दर ४९.२ र छात्राको भर्ना दर ५०.८ देखिएको छ । आधारभूत तहको कक्षा भर्ना दर (कक्षा १-८ सम्म) क्रमशः १८.४, १४.०, १३.३, १२.५, १२.०, १०.४, ९.६ र ९.७ प्रतिशत रहेको देखिन्छ । त्यसरी नै माध्यमिक तहका भर्ना हुने विद्यार्थीहरुको अवस्थालाई हेर्दा जम्मा १३,१७,५८० मध्ये ६,४७,१८९ छात्र र ६,७०,३९१ छात्राको सङ्ख्या रहेको पाइन्छ । यसमा पनि केटाहरु ४९.११ र केटीहरुको भर्ना दर ५०.८८ रहेको देखिन्छ ।

नेपालमा प्राथमिक शिक्षा (हाल प्राथमिक नभनेर १-८ लाई आधारभूत तह भनिएको) लाई निशुल्क बनाउने नीति अभ्यासको एउटा लामो परम्पराको फल स्वरूप हाल आएर यस तहको खुद भर्ना दर ९६.२ प्रतिशत (शिक्षा विभाग, २०१४, फ्ल्यारि, २०१४-०१५) पुगेको छ । यही भर्ना दर केही वर्ष अगाडिसम्म ९५.१ प्रतिशत मात्र रहेको थियो (शिवि, २०११) । त्यस्तै प्राथमिक तहमा विद्यार्थी टिकाउ दर ८६.८ प्रतिशत र विद्यालय छाड्ने दर ४.२ प्रतिशत (शिवि, २०१४) रहेको छ । यस तहअन्तर्गत कक्षा ३ ले नेपाली विषयमा हासिल गरेको सिकाइ उपलब्धि ५१.५ र गणित विषयमा हासिल गरेको सिकाइ उपलब्धि ४४.६ पाइएको छ (शैगुपके, २०१५) । कक्षा ५ का विद्यार्थीहरुले नेपाली, अङ्ग्रेजी र गणित विषयमा प्राप्त गरेको सिकाइ उपलब्धि क्रमशः ४६.३, ४६.८ र ४८.३ देखिएको छ (शैगुपके, २०१५) । यसरी नै पूर्व प्राथमिक तहको औसत भर्ना दर ९४.३ तथा पूर्व प्राथमिक तहको अनुभव लिन भनी कक्षा १ मा भर्ना लिने विद्यार्थीहरुको औसत दर ५९.६ प्रतिशत हुनु (शिवि, २०१४) ले यस तहका विद्यार्थीको एउटा ढुलो सङ्ख्या कक्षा १ को वा पूर्व प्राथमिक तहको आधार कक्षा १ को अनुभव लिन नपाई नै माथिल्लो कक्षामा भर्ना हुनुपरेको अवस्था एकातिर छ भने अर्कातिर कक्षा १ मै कक्षा दोहोर्‍याउने विद्यार्थीहरुको सङ्ख्या पनि उल्लेखनीय (१५.२ प्रतिशत) देखिएको छ (शिवि, २०१४) ।

प्राथमिक तहको मात्र होइन निम्न माध्यमिक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धिको दरलाई हेर्दा त्यो अझ खस्कँदो अवस्थामा देखिएको छ । कक्षा ८ पढ्ने विद्यार्थीहरुको नेपाली, विज्ञान तथा

गणित विषयमा क्रमशः ४८,४१ र ३५ प्रतिशत मात्र पाइएको छ । यसरी प्राथमिक तहको सिकाइ उपलब्धिसँग यस तहको सिकाइ उपलब्धिको तुलना गर्ने हो भने यस परिणामले उमेरको वृद्धिसँगै सिकाइ उपलब्धिको बढ्दो प्रवृत्ति नदेखाएर घट्तो प्रवृत्ति देखाएको छ । निम्न माध्यमिक तह पुरा गरी विद्यालय छाड्ने विद्यार्थीहरुको दर ५.३ र विद्यालय नछाड्ने विद्यार्थीहरुको दर ६६.७ रहेको (शिवि, २०१४) कारणबाट मूल्याङ्कन गर्दा विद्यालय उमेरमै धेरै प्रतिशत विद्यार्थीहरु माध्यमिक तहसम्म नै आइनपुग्ने अवस्था पाइएको छ । त्यसरी नै एसएलसी परीक्षाको उत्तीर्ण प्रतिशतलाई हेर्दा ४७.४३ प्रतिशत (पनिका, २०७२) देखिएकाले विद्यालय शिक्षामा लगानीअनुसारको आशातीत प्रतिफल नदेखिएको तथ्य राष्ट्रिय जन गणना २०६८ को प्रतिवेदनमा उल्लेख गरिएको १५ वर्षभन्दा माथिल्लो उमेर समुहको साक्षरता दर ५९.६ प्रतिशत मात्र देखिएबाट पनि पुष्टि भएको छ ।

उल्लिखित तथ्यहरुबाट के निष्कर्ष निकाल्न सकिन्छ भने अनिवार्य र निशुल्क भनिएको प्राथमिक तहमा प्रत्यक्ष रूपमा देखिने भर्ना दरमा उल्लेख्य मात्रामा प्रगति भए पनि विद्यालय तहका विद्यार्थीहरुको सिकाइ उपलब्धि भने अन्तर्राष्ट्रिय स्तरमा धेरै नै पछाडि रहेको पाइन्छ ।

## अध्ययनको पृष्ठभूमि

विद्यालयमा बाल बालिकाहरुको हेरचाह, पठन पाठन तथा शिक्षा दीक्षाको कामका अरिरिक्त विभिन्न व्यक्ति तथा समूहहरु त्यस संस्थामा एकाइका रूपमा कार्यरत हुन्छन् । ती व्यक्ति तथा समूहहरु मूलतः पाठ्यक्रमद्वारा निर्दिष्ट लक्ष तथा उद्देश्य हासिल गर्न क्रियाशीलसमेत रहेका हुन्छन् । एउटा विद्यालयको सफलता त्यतिबेला मात्र पुष्टि हुन्छ जतिबेला त्यस विद्यालयका बाल बालिकाहरुले उच्च सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् ।

विद्यालयमा भर्ना भएका बाल बालिका सबैमा पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि हासिल गराई विद्यालय शिक्षा पुरा गराउने लक्ष्यका साथ सिकाइ स्तर सुधारका कार्यक्रम विद्यालय स्तरमा केही वर्षदेखि कार्यन्वयन हुँदै आएका छन् । विद्यार्थी सिकाइ उपलब्धिमा गुणात्मक सुधार गर्ने लक्ष्यका साथ विक्षेसुका (२०६६-२०७२) कार्यान्वयनमा रहेको छ । प्रस्तुत योजना कार्यान्वयनको अन्त्यसम्ममा कक्षा ५ को मुख्य विषयमा औसत सिकाइ उपलब्धि न्यूनतम ६७ र कक्षा ८ मा ५४ अङ्कसम्म हासिल हुने लक्ष्य निर्धारण गरिएको छ (शैगुपके, २०१३) ।

निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न उक्त योजना अवधिमा कक्षा ३, ५ र ८ (आधारभूत तहका) मा दुई पटक सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने लक्ष्यअनुरूप

शैगुपकेबाट विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण सम्पन्न भइसकेको छ । यस परीक्षणले कक्षा ३ को नेपालीमा ६३ र गणितमा ६०, कक्षा ५ को नेपालीमा ४८, गणितमा ३५ र विज्ञानमा ४१ औसत सिकाइ उपलब्धि हासिल हुन सकेको देखाएको छ । यसबाट राष्ट्रिय औसतभन्दा कम औसत सिकाइ उपलब्धि हुने जिल्ला र विद्यालयको सङ्ख्या अत्यधिक रहेको छ भने राष्ट्रिय औसतभन्दा बढी औसत अङ्क ल्याउने जिल्ला र विद्यालयको सङ्ख्या तुलनात्मक रूपमा न्यून देखिएको छ । सन् २०१३ मा कक्षा ८ को नेपालीमा जिल्लाको औसत उपलब्धि अङ्क न्यूनतम ३४ देखि अधिकतम ६८, गणितमा न्यूनतम १२ देखि अधिकतम ५९, विज्ञानमा न्यूनतम २९ देखि अधिकतम ५९ सम्म रहेको छ, जुन सन् २०११ म क्रमशः ३८ देखि ७० नेपालीमा र गणितमा २९ देखि ६६ सम्म रहेको (शैगुपके, २०१३) कुरा प्रमाणहरुले देखाएका छन् ।

नेपालको शिक्षण सिकाइ प्रक्रियाभित्र थुप्रै चुनौतीहरु विद्यमान रहेका छन् । यस्ता चुनौतीहरु एकातिर जिल्ला तहमा देखिने औसत सिकाइ उपलब्धिको अन्तरमा रहेका छन् भने अर्कातिर विद्यालय तहको औसत सिकाइ उपलब्धिको फराकिलो अन्तरमा झन् प्रकट भइरहेका छन् । न्यूनतम ०-१५ प्रतिशतसम्म औसत उपलब्धि अनि अधिकतम ९० प्रतिशतसम्म औसत उपलब्धि हासिल गर्ने विद्यालय एउटै जिल्लामा देखिनु (शैगुपके, २०१३) ले समस्या निकै टड्कारो बनेको देखिन्छ । यस प्रकार शैक्षिक कार्यक्रम र लगानी समान स्तरका हुँदाहुँदै पनि एक जिल्ला र अर्को जिल्ला तथा एक विद्यालय र अर्को विद्यालयबिचको सिकाइ उपलब्धि स्तरमा देखिने यस किसिमको अन्तर अत्यन्त फराकिलो तहमा रहनु भनेकै नेपालको शैक्षिक प्रणालीमा रहेका समस्याहरु हुन् । यसर्थ यस किसिमका सिकाइ उपलब्धिमा देखिने असमाताका कारक पक्षहरु पत्ता लगाउने धेयले न्यून र उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयलाई एउटा समूहभित्र आबद्ध गरी त्यस्ता विद्यालयहरुको तुलनात्मक अध्ययन गर्ने नीति यस केन्द्रले लिएको देखिन्छ ।

## अध्ययनका उद्देश्य

उल्लिखित समस्याहरुमा केन्द्रित रही **उच्च तथा न्यून सिकाइ उपलब्धिका कारक पक्षहरु : विद्यालय मामला अध्ययन** नामक प्रस्तुत अध्ययनका लागि जम्मा तिन ओटा उद्देश्य चयन गरिएका छन् ।

क) लगानी समान हुँदा हुँदै पनि सिकाइ उपलब्धिमा देखिने असमानताका विद्यालयगत प्रक्रियामा रहेका अन्तर पत्ता लगाउनु,

ख) उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र प्रक्रिया न्यून उपलब्धि हासिल गर्ने विद्यालयहरुमा स्थानान्तरण गर्न सकिने उपायहरु पहिचान गर्नु,

ग) न्यून उपलब्धि हासिल हुने विद्यालयहरुको सिकाइ उपलब्धि सुधारका लागि उपयुक्त सहायता कार्यक्रम र कार्यनीति विकास गर्न कार्यक्रम नीति निर्माता र कार्यक्रम कार्यान्वयनकर्तालाई पृष्ठपोषण प्रदान गर्नु ।

# परिच्छेद दुई

# सिकाइ उपलब्धिको सैद्धान्तिक अवधारणा

## विद्यार्थी सिकाइ उपलब्धि सम्बद्ध धारणा

हुन त सिकाइ उपलब्धिको सर्वमान्य परिभाषा पाउन कठिन हुन्छ तापनि सिकाइ उपलब्धि भन्नाले पढाइएका विषयवस्तुको सिकाइ, पाठ्यक्रमले निर्धारण गरेको ज्ञान तथा बौद्धिक सिपको प्राप्ति अथबा पाठ्यक्रले निर्देश गरेको विषयवस्तुमा दक्षता हासिल गर्नु भन्ने बुझिन्छ । त्यस्तै यसलाई पढाइ र लेखाइका माध्यमबाट विषयवस्तुको ज्ञान, बौद्धिक सिप र शैक्षणिक अनुभवहरुको एउटा खास समूहमा संलग्न भएको परिणाम स्वरूप विद्यार्थीले प्राप्त गरेको क्षमता भनेर परिभाषित गर्न सकिन्छ । युवा सामुदायिक कलेज जिल्ला बौद्धिक सभा (२००५) र भट्टराई (२०१६) मा उल्लेख भए अनुसार तथा विश्व बैङ्क (२०११) तथा ओमी र टिथी (२०१३) मा उल्लेख भएअनुसार विद्यार्थीको सिकाइ उपलब्धि भन्नाले एउटा खास क्षेत्रको ज्ञान, बौद्धिक सिप, अध्ययनको एउटा निश्चित अवधिपछि एउटा विद्यार्थीले देखाउने व्यवहार जहाँ एउटा राष्ट्रको अपेक्षा प्रतिविम्बित हुन सकोस् भन्ने बुझिन्छ । यस आधारमा हेर्दा सिकाइ उपलब्धिले विद्यार्थीको बौद्धिक ज्ञान, सिप तथा अभिवृत्ति गरी तिन ओटै पक्षलाई समेटेको देखिन्छ ।

बौद्धिक ज्ञान नै सिकाइ उपलब्धिको सबैभन्दा महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । यसले व्यक्तिको चिन्तन क्षमतामा वृद्धि, तार्किकता, विश्लेषण तथा सूचनाहरुको प्रशोधीकरण गर्ने जस्ता क्षमतालाई समाहित गर्दछ । यो पढाइ र लेखाइका माध्यमबाट तथा भाषिक सिपको विकासबाट हासिल भएको हुन्छ, जुन विद्यार्थीको सिकाइ उपलब्धिमा झल्किन्छ ।

सिकाइ उपलब्धिले विषयवस्तुको ज्ञान र गणितको साक्षरतालाई मात्र समावेश नगरेर यसले त विद्यार्थीहरुमा आफ्नो बाल्यकालदेखि नै कुनै पनि विषय वस्तुलाई खोजमूलक ढङ्गले बुझ्ने, विश्लेषण गर्ने तथा ग्रहण गर्ने बानीको विकास भएको हुन्छ, यस्तो वैज्ञानिक ज्ञानलाई समेत समेटेको हुन्छ । त्यस्तै समाजलाई आवश्यक पर्ने र समाजमा समायोजन हुन सक्ने गुणको विश्लेषण गरेर सुयोग्य नागरिक उत्पादन गर्न सक्ने गरी पाठ्यक्रमको निर्माण गरिएको फल स्वरूप बालकले सामाजिक सिपको विकास गरेको हुन्छ । यसरी विद्यार्थीको सिकाइ उपलब्धिले केबल बौद्धिक

ज्ञान, गणितीय साक्षरता एवम् वैज्ञानिक ज्ञानको उपलब्धिलाई मात्र नसमेटी जीवन वृत्तिका लागि सिकिने सिपलाई समेत मापन गरेको हुन्छ । यसर्थ सारमा विद्यार्थीले राजनीतिक, आर्थिक तथा सामाजिक जीवनमा जे बुझ्दछ अनि त्यसका आधारमा जे गर्न सक्दछ त्यसलाई समग्रमा विद्यार्थीको सिकाइ उपलब्धि भन्नुपर्दछ ।

विद्यार्थी सिकाइ उपलब्धि सम्बद्ध धारणा अन्तर्गत विभिन्न विषय क्षेत्रहरु रहेका हुन्छन् । तीमध्ये पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुको प्राप्ति, विश्वलाई हेर्ने दृष्टिकोण, सामाजिक संरचनाहरु, बालकको सिक्ने आनीबानी, धरको पारिवारिक समर्थ र सहयोग, विद्यालयको सामाजिक सम्बन्ध र शैक्षिक उपलब्धि सम्बद्ध सूचकहरु मुख्य रूपमा रहेका छन् ।

## पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुको प्राप्ति

औपचारिक शिक्षाको व्यवस्था पाठ्यक्रम निर्माणबाट सुरु हुन्छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्यहरु, तहगत उद्देश्यहरु, विषयगत उद्देश्यहरुका साथै सिपगत उद्देश्यहरु, सम्बन्धित विषयवस्तुको ज्ञान, हासिल गर्ने शिक्षण विधिका साथै मूल्याङ्कन प्रक्रियासमेत उल्लेख भएको हुन्छ । त्यसै गरी पाठ्यपुस्तक लेखनको आधार पनि पाठ्यक्रम नै मानिन्छ । यसर्थ सिकाइ उपलब्धिले समेट्ने एउटा सबैभन्दा महत्त्वपूर्ण क्षेत्र भनेको पाठ्यक्रमले निर्धारण गरेका यस्ता तहगत, कक्षागत, सिपगत आदि उद्देश्यहरु नै हुन् । ती उद्देश्यहरु पुरा भए कि भएनन् भन्ने यसको सरोकार हो । पाठ्यक्रममा फरक फरक विषयका लागि विषयगत तथा सिपगत उद्देश्यहरु, विषयवस्तु, शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रिया उल्लेख हुने भएकाले विद्यार्थीहरुले ती विषयमा कुन हदसम्मको के कति ज्ञान, सिप तथा अभिवृत्तिहरु हासिल गर्न सके भनेर बुझ्न सक्नुपर्दछ ।

विद्यालयीय शिक्षाको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु प्राप्त गर्नु हो, जुन कुरा विद्यार्थीको ज्ञानात्मक पक्षसँग घनिभूत रूपमा जोडिएका हुन्छन् । एउटा पाठ्यक्रले व्यक्ति, समाज र राष्ट्रको विकासका लागि विषयवस्तुको चयन, ज्ञानको प्राप्ति तथा संज्ञानात्मक सिप विकासको लक्ष्य राखेको हुन्छ । संज्ञानात्मक सिपको विकास सिकाइ उपलब्धिको सबैभन्दा महत्त्वपूर्ण पक्ष मानिन्छ । यसबाट बाल बालिकाहरुको तार्किक क्षमता, संयोजन गर्ने दक्षता तथा विश्लेषण र सूचनाहरुको सम्यक ढङ्गले प्रयोग गर्ने क्षमताको समेत विकास हुन्छ । औपचारिक शिक्षाको अर्को महत्त्वपूर्ण उपलब्धि भनेको पेसा-व्यवसाय चयनका लागि सुअवसर उपलब्ध हुनु पनि हो । यसले व्यक्तिको आफ्नो जीवन वृत्तिको सहज बाटो तय गर्दछ । यदि बाल

बालिकाहरुले उच्च सिकाइ उपलब्धि हासिल गर्न सकेको खण्डमा उनीहरुलाई भविष्यमा आफ्नो पेसागत विकासमा कुनै समस्या आइपर्दैन र उनीहरु आफ्नो व्यक्तिगत, पारिवारिक, सामाजिक तथा राष्ट्रिय विषयहरुमा यथेष्ट योगदान गर्न सक्छन् भनिन्छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुको प्राप्तिका लगि खास विधाका विषयवस्तुको बोध तथा ज्ञानको प्राप्ति, विज्ञान तथा प्रविधिको ज्ञान, जीवनोपयोगी सिप, शिक्षा र अवसर, शिक्षा र सामाजिक पक्ष, विद्यालय प्रभावकारिता, प्रधान अध्यापकको भूमिका, वातावरण र समन्वय, प्रभावकारी शिक्षण, समस्या पहिचान र समाधान, शिक्षकको लगनशीलता र क्षमता तथा सहकार्यको संस्कृति आवश्यक हुन्छन् ।

### खास विधाका विषयवस्तुको बोध तथा ज्ञानको प्राप्ति

कुनै पनि विषयगत विधाका लागि पाठ्यक्रमले विषयवस्तु तोकेको हुन्छ । यसलाई पाठ्य पुस्तकका माध्यमबाट विस्तृतीकरण गरी विद्यार्थीहरुलाई एउटा भरपर्दो सिकाइ सामग्री उपलब्ध गराइएको हुन्छ । यस्तो पाठ्य पुस्तकले पाठ्यक्रले निर्धारण गरेका लक्ष्यहरु हासिल गर्न सहायकको काम गर्ने उद्देश्यले सम्बन्धित विषयवस्तुको विस्तृत रूपमा व्याख्या, विश्लेषण र निर्देशन गरेको हुन्छ । यसबाट विधागत विशिष्टताका आधारमा छात्रछात्राले विषय वस्तुको बोधात्मक ज्ञान प्राप्त गर्दछन् ।

### उन्नत साक्षरताको विकास

तहगत तथा कक्षागत पाठ्यक्रले विविध विषय वस्तुको व्याख्या गरेको हुन्छ । यस अन्तर्गत प्राथमिक तहका कक्षाहरुमा विशेष गरेर भाषा, गणित तथा सामाजिक विषयहरुलाई प्राथमिकता दिइएको हुन्छ भने निम्न माध्यमिक तहमा भाषा, गणित, विज्ञान तथा सामाजिक विषयका साथै नैतिक विषयलाई महत्त्व दिई तिनमा बलियो धारणा बसाउने लक्ष्य राखिएको हुन्छ । त्यसरी नै माध्यमिक शिक्षाले भने उल्लिखित विषयहरुका अतिरिक्त विशिष्टीकृत विषयहरुको समेत व्यवस्था गरेको हुन्छ ।

विधागत विशिष्टताका दृष्टिले हेर्दा भाषाका माध्यमबाट भाषिक पठन तथा लेखनसम्बन्धी ज्ञान दिनुको साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरुको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । गणितका माध्यमबाट दैनिक जीवनमा आइपर्ने गणितीय ज्ञानको विकासका साथै उच्च तार्किकता जस्ता क्षमताको विकास गर्ने लक्ष्य बनाइएको हुन्छ । त्यसै गरी विज्ञान विषयले बाल बालिकामा सानै उमेरदेखि आफ्नै वातावरण, घर परिबार तथा दैनिक कार्यमा विज्ञानको प्रयोग जस्ता कुराको ज्ञान दिलाउने लक्ष्य राखिएको हुन्छ जुन उनीहरुको जिज्ञासु दिमागले सजिलैसँग ग्रहण गर्दछ र

जीवनमा विज्ञानको महत्त्व बोध गराएर हरेक कुरालाई वैज्ञानिक ढङ्गले हेर्ने बानीको विकास गराउँछ । यस्तो सिकाइ उपलब्धिले केवल भाषिक ज्ञान, गणितीय क्षमता तथा विज्ञानप्रतिको अवधारणा मात्र प्रस्ट नगरेर जीवन र जगत्प्रतिको ज्ञान दिलाई सामाजिक विकासमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा साक्षरता तथा अङ्कको ज्ञानले उनीहरुमा ज्ञानात्मक सिपको विकास हुनुको साथै पढाइ र लेखाइ क्षमताको विकास पनि हुन्छ । यही क्रममा पछि गएर यस्ता सिपहरु झन् विकसित भई जटिल सिपहरु, जस्तै- समस्याहरुको तार्किक समाधान, सूचना प्रक्रिया, उच्च चिन्तन, सञ्चार सिप तथा उत्पादन कार्यसँग सम्बन्धित नवीन प्रविधिको उपयोग तथा समायोजन जस्ता जटिल सिपहरुको विकास हुन्छ र उनीहरु उत्पादन बजारमा गएर आफ्ना लागि उपयुक्त कामको छनोट गर्न सक्तछन् । भट्टराई (२०१६) ले रोलस्टोन र जेम्स (२०१६) लाई उल्लेख गर्दै भनेअनुसार यस्ता विद्यालय शिक्षामार्फत् विकसित भएका सिपहरुले मानिसहरुको कामको बजारमा प्रवेश गर्ने क्षमता निर्धारण हुन्छ । तिनको उत्पादन क्षमतालाई वृद्धि गर्नाले तीव्र गतिमा परिवर्तन भइरहेको अर्थतन्त्रमा सहज ढङ्गले समायोजन हुन सक्ने क्षमताको विकास हुन्छ ।

**विज्ञान तथा प्रविधिको ज्ञान**

विज्ञान, प्रविधि, सूचना तथा सञ्चार माध्यमहरुका विकासले अहिले संसारको कुनै पनि कुनालाई नछोइरहन सकेको छैन तर कुनै ठाउँमा यस्ता कुराको विकास तथा प्रभाव तुलनात्मक हिसाबले बढी देखिन्छ भने कुनै ठाउँमा कम रहेको पनि देख्न सकिन्छ । जुन बस्तीहरु मिश्रित भएर रहेका छन् त्यहाँ बाटोघाटो, बिजुली तथा सहरी विकास पर्याप्त मात्रामा भएको देखिन्छ । त्यस्ता ठाउँमा विज्ञान तथा प्रविधिको विकास पनि बढी नै भएको छ । उक्त कुराको प्रभावका कारणले त्यस ठाउँका बासिन्दाहरुको सोचाइ, काम गराइ तथा बुझाइ पनि अन्य ठाउँका तुलनामा फरक र विकसित जस्तो अनुभव हुन्छ । त्यसले गर्दा उनीहरुको आफ्ना बाल बालिकाको शिक्षाप्रतिको धारणा सकारात्मक हुनुको साथै विद्यालयको शिक्षण सिकाइ, शिक्षकहरुप्रतिको सोच, भौतिक पूर्वाधारको व्यवस्था, गुनासा सुन्ने सुनाउने प्रक्रिया, भेटघाटका बारेमा सचेतता, संस्था मेरो हो भन्ने भावना र सहयोगको तत्परता जस्ता कुरामा सकारात्मक प्रवृत्तिहरु देखिने गर्दछन् ।

विज्ञान र प्रविधिले छोएका ठाउँका मानिसका घरमा बोलिने भाषा नै शिक्षणको माध्यम हुने, आफ्नो घर परिबारमा आइरहने छिमेकी अथबा पाहुनाहरुका कुरा सुन्ने, सामूहिक कार्यमा सहभागी हुने

आदिका कारण बाल बालिकाहरुमा एक किसिमको जागरण आउने कुराबाट पनि विद्यार्थीको सिकाइ उपलब्धिमा एक किसिमको प्रभाव परेको देखिन्छ । यसर्थ उनीहरुमा आधुनिक किसिमका व्यवहारहरु सिक्ने, सामूहिकताको भावना विकास हुने, निडर भएर आफ्ना भावना तथा विचारहरु आदान प्रदान गर्न सक्ने क्षमताको विकास भइरहेको हुन्छ ।

**.जीवनोपयोगी सिप**

विद्यालयमा बाल बालिकाहरुलाई औपचारिक शिक्षा प्रदान गर्नु भनेको उनीहरुमा अन्तरनिहित वैयक्तिक क्षमता एवम् आर्थिक उत्पादकत्व विकास गर्न आवश्यक ज्ञान तथा सिपको विकास गराउनु हो । त्यसै गरी भाषा, गणित, विज्ञान तथा सामाजिक विषयहरुमा विशिष्ट ज्ञानको विस्तार गरी उनीहरुलाई वास्तविक एवम् सामाजिक, सांस्कृतिक तथा आर्थिक संसारसँग परिचित गराउनु हो । यस्ता प्रमुख विषयहरुमा प्राप्त ज्ञान तथा सुझले बाल बालिकाहरु आआफ्नो दैनिक जीवनमा आइपर्ने समस्याहरुसँग जुध्न मानसिक रूपले नै सबल हुन्छन् । यसबाट उनीहरु उत्तरदायित्व वहन गर्न सक्ने नागरिक हुनुका साथै आआफ्नो जीवन वृत्तिका क्रममा अगाडि आएका अवसरहरुलाई उचित ढङ्गले पक्रन सक्ने हुन्छन् । यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको विद्यालयीय शिक्षाले उनीहरुको ज्ञानात्मक क्षमतामा वृद्धि भई सामाजिक मूल्य, मान्यता एवम् सिपका सहायताले आफ्नो वयस्क जीवन व्यतितमा सफलता हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्दछ । खास गरेर विद्यालयीय औपचारिक शिक्षाका माध्यमबाट बाल बालिकाहरुले आफ्नो संज्ञानात्मक सिपको विकास मार्फत् भाषिक सिप, गणित, विज्ञान र सामाजिक मूल्य, मान्यताका साथै प्राविधिक ज्ञानको विकाससमेत गर्न सक्छन् । यस्ता सिपहरुले भविष्यमा आइपर्ने जटिल सिपहरु, जस्तै-समस्या समाधान, विवेचना, सूचना सम्प्रेषण, उच्च चिन्तन एवम् उत्पादन कार्यसँग सम्बद्ध उच्च प्राविधिक ज्ञान हासिल गर्न सहयोग गर्दछन् । यिनै विकसित सिपहरुका माध्यमबाट मात्र उनीहरु कामको क्षेत्रमा प्रवेश गरी तीव्र गतिमा परिवर्तन तथा विकास भइरहेको आर्थिक संसारसँग समायोजन हुन सक्छन् ।

औपचारिक शिक्षाले व्यक्तिको वैयक्तिक विकास एवम् आर्थिक उत्पादकत्वका यावत् विषयहरुलाई अङ्गिकार गरेको हुन्छ । मूल विषयहरु, जस्तै गणित, विज्ञान, सामाजिक शिक्षा एवम् भाषाका माध्यमबाट उक्त क्षेत्रको साक्षरता दिलाउने विषयमा यसको महत्त्व झल्कन्छ । यिनै विषयहरुको ज्ञानले ती विविध क्षेत्रमा देखिएका समस्या र चुनौतीहरुको सामना गर्ने चेतन शक्ति र क्षमताको विकास, असल नागरिक बन्ने तथा उत्पादक क्षमतामा आधारित अवसरहरुलाई आत्मसात गरी तत्

तत् क्षेत्रका दैनिक जीवनमा आइपर्ने समस्याहरुको समाधान गर्न सक्ने क्षमताको विकास गर्दछ । यसरी हेर्दा तिनै विषयका विषयवस्तुसँग सम्बन्धित ज्ञान वृद्धिका साथसाथै बाल बालिकाहरुमा सामाजिक सिप तथा मूल्यहरुको ज्ञानमा वृद्धि हुन्छ, जसले उनीहरुलाई आफ्नो वयस्क जीवन व्यतित गर्न सहयोग पुग्दछ ।

**शिक्षा र अवसर**

उच्च सिकाइ उपलब्धि हासिल गर्ने बाल बालिकाहरुका लागि श्रम बजारको अवसरका अतिरिक्त आर्थिक प्रगतिको अवसर पनि उपलब्ध भइरहेको हुन्छ किनभने उच्च सिकाइ उपलब्धि हासिल गर्ने बाल बालिकामा उच्च ज्ञान, भाषिक सिप तथा प्राविधिक ज्ञानका साथै सामाजिक, आर्थिक तथा शैक्षिक जागरुकताको समेत विकास भएको हुन्छ । यिनै कुराहरुका कारणले उनीहरुमा काम गर्ने उच्च लगाव तथा क्षमता निर्माण हुन्छ र यसले उनीहरुको आर्थिक अवस्था पनि राम्रो हुन्छ । त्यसै गरी सामाजिक समानता तथा न्यायको भावना पनि विकास भएको हुन्छ जुन हरेक देशको पाठ्यक्रमले अपेक्षा गरेको हुन्छ । उनीहरु आफ्नो मानव अधिकारप्रति पनि त्यति नै सचेत रहन्छन् अनि अन्य मानिसहरुलाई  सचेत रहन उत्प्रेरित पनि गर्न सक्छन् ।

**शिक्षा र सामाजिक पक्ष**

सामाजिक विकास स्वतस्फूर्त रूपमा हुने कुरा होइन । यसका लागि नागरिकहरुमा भावनात्मक सम्बन्धको विकास हुनु जरुरी छ । सामाजिक विकास भनेको प्रतिव्यक्ति आय तथा बजार, बाटोघाटो आदिको पर्याप्तता मात्र होइन, यो नागरिकहरुमा सद्भाव, भाइचारा, सर सहयोग तथा आपसी सम्मान पनि हो । उक्त कुरा उच्च सिकाइ उपलब्धि भएका बाल बालिकाहरुमा सजिलै विकास गर्न सकिन्छ । यसबाट सामाजिक विकृति विसङ्गतिलाई न्यूनीकरण गर्न पनि मदत पुग्दछ ।

सङ्क्षेपमा भन्नुपर्दा एउटा उच्च शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय व्यवस्थापनले ज्ञानसँग सम्बन्धित पक्ष, जस्तै- पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरुको प्राप्तिमा गहन चासो, विद्यालयका लक्ष्यहरु निर्धारण, शिक्षण सिकाइका साधनहरुसँग सम्बन्धित निर्णयहरु, शक्ति वा अधिकार बाँडफाँडससम्बन्धी निर्णयहरु, स्रोत र सामग्रीहरु, जस्तै-भौतिक सुविधा, सामग्रीको प्रयोग र व्यवस्थापनसम्बन्धी निर्णय, शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिको व्यवस्थापनसम्बन्धी निर्णयका साथै आवश्यक वित्तीय स्रोतको प्राप्ति र उपयोगसम्बन्धी निर्णयहरु गर्ने काम गर्दछ ।

**विद्यालय प्रभावकारिता**

मोर्टिमोर (१९९१, पृ ९) ले भनेअनुसार एउटा प्रभावकारी विद्यालयमा विद्यार्थीहरुले आफ्नो लगानीको प्रतिफलस्वरूप जति अपेक्षा गरेका हुन्छन् त्यसभन्दा धेरै प्रगति गर्न सक्दछन् । विद्यालय प्रभावकारिता सम्बन्धमा अमेरिका तथा बेलायतमा गरिएका विभिन्न अनुसन्धानहरु (जस्तै- रटर, १९७९, मोर्टिमोर, १९८८, सामोस, हिल्म्यान, मोर्टिमोर, १९९५, आदि) बाट निम्नानुसारका निचोड निकालिएका छन् :

**प्रधान अध्यापकको भूमिका**

एउटा प्रभावकारी विद्यालयमा प्रधान अध्यापकको सबैभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ । यदि उनी आफ्नो दृष्टिकोणमा स्पष्ट र दृढ छन् भने सहज ढङ्गले उद्देश्यमूलक नेतृत्व प्रदान गर्न सक्छन् । उनी योग्य, अनुभवी तथा प्रभावशाली शिक्षक नियुक्ति गर्नका लागि कसै वा कतैबाट आएको दबाबलाई वास्ता नगरी विद्यालय तथा विद्यालय बाल बालिकाको भविश्यलाई ध्यानमा राखेर काम गर्न सक्छन् । त्यसै गरी उनी सहमतिको वातावरण सृजना गर्न सक्छन् र विद्यायलयको समग्र दृष्टिकोणमा एकरूपता कायम गराउन प्रयत्नरत पनि रहन्छन् । उनी निस्पक्ष भई खुला हृदयले विचार तथा अनुभवका आधारमा एकताको आधार तयार गरी शिक्षक तथा कर्मचारीहरुको योग्यता, क्षमता र रुचि अनुसारको उत्तरदायित्व प्रदान गरी विद्यालयको प्रगति तथा सञ्चालनसम्बन्धी सबै निर्णय प्रक्रियामा शिक्षक तथा कर्मचारीहरुलाई सहभागी गराउन पनि सक्छन् ।

यदि विद्यालयका प्रधान अध्यापक निस्पक्ष, दृढ र स्पष्ट दृष्टिकोण अँगाल्ने अनि पेसागत क्षमता र मर्यादामा विश्वास गर्दछन् भने उनी विद्यालय व्यवस्थापन समितिमा एउटा सदस्य सचिवका हैसियतले अहम् भूमिका खेल्न सक्दछन् । विद्यालयलाई आर्थिक रूपमा सम्पन्न बनाउनेदेखि नैतिक, भौतिक तथा शैक्षिक कार्यक्रमको तर्जुमा, सञ्चालन तथा अनुगमन गरी आफ्नो उद्देश्यमूलक नेतृत्व स्थापित गर्न सक्छन् । त्यसरी नै यदि प्रधान अध्यापक आफ्नो नृतृत्व क्षमतामा विश्वास राख्दछन् भने सबै शिक्षकहरुलाई  पेसागत क्षमता विकासका लागि निस्पक्ष भई अवसर उपलब्ध गराउन सक्छन् । प्रधान अध्यापकको यस्तो उद्देश्यमूलक नेतृत्वलाई शिक्षकका अतिरिक्त विद्यार्थी, अभिभावक, विव्यस तथा शिक्षासँग सम्बन्धित अधिकारीहरुले समेत विश्वास गर्न सक्ने हुनाले सबैलाई विश्वास र प्रभावमा लिई विद्यालयको प्रभावकारिता स्थापित गर्दै विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई उच्च राख्न सफल हुन्छन् ।

## वातावरण र समन्वय

एउटा विद्यालयको प्रभावकारिता मापन गर्न विद्यालयका प्रधान अध्यापक मात्र सक्रिय र सक्षम भएर पुग्दैन त्यस विद्यालयको सिङ्गो वातावरण नै शिक्षकहरुका बिच एक आपसमा विचार तथा अनुभवहरु निरन्तर आदान प्रदान गर्ने गरी विकास भएको हुनुपर्दछ । सबै शिक्षक, कर्मचारी तथा विद्यालय प्रशासन र विद्यार्थीका बिच पनि मित्रवत् एवम् पारिवारिक सम्बन्ध स्थापना हुनु आवश्यक हुन्छ । हरेक विद्यालयले आफ्नो नीति तथा व्यवहारका प्रतिरूपहरुलाई  स्पष्ट र पारदर्शी ढङ्गले निर्माण गर्दै आफैँमा लागु गरी अगाडि बढ्न सक्नुपर्दछ ।

शिक्षण सिकाइको वातावरण आकर्षक, सङ्गठित तथा विद्यार्थी, शिक्षक र कर्मचारीहरुमा स्वनियन्त्रित पनि हुन्छ भन्ने कुरामा हेक्का राख्नु र सकारात्मक वातावरणलाई एउटा पूर्व सर्तका रूपमा आत्मसात गर्न सक्नु भनेकै एउटा प्रभावकारी विद्यालयको लक्षण हो । यस्ता विद्यालयले आधारभूत उद्देश्य प्रप्तिका लागि आफ्नो शैक्षणिक प्राथमिकता निर्धारण गरेका हुन्छन् । विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च राख्न मुख्यतः चार ओटा तत्त्वले अहम् भूमिका खेलेका हुन्छन्, ती सिकाइमा खपत हुने समय, गृहकार्यको परिमाण तथा तिनको समयमै परीक्षण र पृष्ठपोषण, प्रभावकारी रूपमा सिक्न पुग्ने समय र विभिन्न विषयका लागि पुग्ने समय मुख्य हुन् । यस्ता तत्त्वहरुले निर्धारित प्राथमिकतालाई व्यवहारमा उतार्न सहयोग पुऱ्याउँदछन् ।

## प्रभावकारी शिक्षण

प्रभावकारी शिक्षण भनेको एउटा उद्देश्यमा स्पष्ट, सङ्गठित, तयारीयुक्त, गतिशील ढङ्गले संरचित तथा व्यवस्थित तुल्याइएको र विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न ध्यान दिइएको एउटा महत्त्वपूर्ण कार्यक्रम हो । यसले प्रत्येक विद्यार्थी, शिक्षक तथा अभिभावकको उच्च अपेक्षालाई सम्बोधन गरेको हुन्छ । विद्यार्थीहरुको सिकाइ क्षमतामा वृद्धि गर्न दण्डको ठाउँमा सकारात्मक पृष्ठपोषण उपलब्ध गराइएको हुन्छ । अनुसन्धानले स्पष्ट पारेको कुरालाई आधार मान्दा आलोचना वा दण्डभन्दा सकारात्मक पथ प्रदर्शनले विद्यार्थीमा सिकाइ अभिरुचि बढाउने कुरामा बढी नै सहयोग गरेको देखिन्छ ।

## समस्या पहिचान र समाधान

एउटा प्रभावकारी विद्यालयको मापन भनेको विद्यालयमा आइपर्ने आकस्मिक समस्यालाई विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका

प्रतिनिधिबिचको सहमति, सहकार्य तथा सहयोगबाट समाधान गर्ने संस्कृतियुक्त वातावरण पनि हो । जहाँ विद्यालय प्रशासन, सञ्चालकहरु तथा अभिभावकहरुले विद्यालयमा पठन पाठन तथा सञ्चालनमा नियमन तथा अनुगमन गर्दछन् । त्यस्तो विद्यालय कहिल्यै पनि आफ्नो उद्देश्य तथा कार्य सम्पादनमा पछि पर्दैन बरु यस्ता कुरामा सधैँ सचेत रहने गर्दछ । यसर्थ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु पनि आआफ्नो भूमिका र परिभाषित कामप्रति सधैँ दत्तचित्त भइरहन्छन् । यसबाट उनीहरुमा विद्यालयका कामप्रति अपनत्वको भावना विकसित हुन्छ ।

**शिक्षकको लगनशीलता र पेसागत क्षमता**

विद्यालय प्रभावकारिताको अर्को महत्त्वपूर्ण कारक तत्त्व भनेको शिक्षकको लगनशीलता, पेसागत क्षमता, विद्यार्थीको सिकाइ, आफूले शिक्षण गर्ने विषय तथा पेसागत क्षमताप्रतिको प्रतिबद्धता पनि हो । कुनै विद्यालयको जतिसुकै भौतिक सम्पत्ति भए पनि हरेक ४/५ वर्षमा पाठ्यक्रम परिवर्तन गराए पनि, विद्यालयका प्रधान अध्यापक उद्देश्यमूलक तथा अभिभावकहरु सचेत भए पनि विषय शिक्षकहरु कमजोर भएको तथा सहकार्यात्मक संस्कृतिको विकास नभएको अवस्थामा त्यो विद्यालय प्रभावकारी हुन सक्तैन किनभने ती सबै क्षेत्रमा जीवन भर्ने काम भनेकै शिक्षकहरु कै हो । यसर्थ विद्यार्थीको सिकाइ उपलब्धि उच्च बनाई राख्न योग्य, तालिम प्राप्त, प्रतिबद्ध तथा उच्च अपेक्षा राख्ने शिक्षकको नियुक्ति नै एउटा प्रभावकारी विद्यालयको महत्त्वपूर्ण कारक मान्न सकिन्छ ।

हुन त विद्यार्थीहरु कलिलो उमेरका हुन्छन्, परिपक्वताका हिसाबले सानै पनि हुन्छन् तथापि उनीहरुको आत्म सम्मान र उत्तरदायित्वको भावना विकास गर्न उनीहरुलाई विद्यालय जीवनमा सक्रिय भूमिका प्रदान गर्नुपर्ने मनोवैज्ञानिक अध्ययनले पुष्टि गरेको देखिन्छ । हरेक विद्यार्थीलाई आफ्नो अध्ययन अरू कसैको जस्तो शिक्षक तथा अभिभावकको दबाबमा नभई आफ्नै चाहना तथा इच्छा अनुसारको चयन र पहलमा होस् भन्ने भावनाको विकास भएको खण्डमा उनीहरुको सिकाइ उपलब्धि उच्च राख्ने चाहनामा बल पुग्ने देखिन्छ ।

**सहकार्यको संस्कृति**

एउटा प्रभाकारी विद्यालयमा शिक्षक, अभिभावक, विद्यालय प्रशासन तथा विद्यार्थी एवम् विव्यसका प्रतिनिधिबिच सहकार्य भएको हुन्छ जसले गर्दा विद्यार्थीको सिकाइ उपलब्धिमा अभिभावकको सहभागिता एवम् सहकार्यले सकारात्मक असर पारेको हुन्छ । यसर्थ एउटा सफल विद्यालयले उक्त कुरामा सधैँ ध्यान दिएको हुन्छ । विद्यालय एउटा विद्यार्थीहरुले सिक्ने थलो मात्र

नभएर विद्यार्थीका अतिरिक्त शिक्षक तथा वरिष्ट सदस्यहरुले पनि यसमा निरन्तर सिकिरहेका हुन्छन् । यसो गर्दा शिक्षकहरु तथा वरिष्ट सदस्यहरु जीवन पर्यन्त सिकारु हुन्छन् अनि उनीहरु नै विद्यार्थीहरुका लागि नमुना पनि हुन्छन् । त्यस्तै शिक्षकहरु पनि ताजा प्रकाशित भएका पाठ्य सामग्रीहरुका साथ आधुनिक विधि तथा रणनीतिहरुमा परिचित भई आआफ्नो कक्षालाई व्यवहारमा उतार्न सिक्दछन् । यसरी एउटा प्रभावकारी विदि्यालय भनेको कुनै अर्कै ध्रुवबाट आएको प्राणीले सञ्चालन गर्ने शिक्षण संस्था नभएर विद्यालय प्रधान अध्यापक, शिक्षक, अभिभावक तथा व्यविस प्रतिनिधिहरुको सहकार्यात्मक प्रयासमा सञ्चालित हुने र सिकाइ उपलब्धि उच्च राख्ने माध्यम हो ।

कलिङ्गफोर्ड (१९९५) ले आफ्नो **प्रभावकारी शिक्षक** (पृ १८२-१८३) नामको अनुसन्धानात्मक पुस्तकमा प्राथमिक विद्यालयको प्रभावकारितासँग सम्बन्धित आफ्ना निचोडरू प्रस्तुत गरेका छन् । उनका अनुसार सिकाइमा प्रभावकारिता ल्याउनका लागि विद्यालयको सङ्गठित र सुरक्षित वातावरण आवश्यक हुन्छ । यसका लागि विद्यार्थी, शिक्षक तथा अभिभावकबिचको विश्वास पनि प्रगाढ हुनुपर्दछ । आफ्नो जीवनमा असर गर्ने घटनाका विषय वस्तुप्रति सचेत हुँदा, सिकाइमा व्यक्तिगत संलग्नता रहँदा, क्रियाकलापका उद्देश्यहरुबिचको समन्वय हुन सक्ता, चुनौती र अवसरहरुको उपलब्धताको प्रचुर सम्भावना रहँदा र सम्पूर्ण बाल बालिकाद्वारा आफ्ना प्रस्तावहरुको आदान-प्रदान गर्न सक्ता मात्र सिकाइ प्रभावकारी हुन सक्छ ।

उनले प्रभाकारी सिकाइका लागि आफ्ना निष्कर्षहरु प्रस्तुत गर्ने क्रममा प्रधान अध्यापकको उद्देश्यमूलक नेतृत्व भयो भने, सहायक प्रधान अध्यापक तथा वरिष्ट शिक्षकहरुको विद्यालय सञ्चालन तथा प्रगतिका लागि सक्रिय संलग्नता रह्यो भने, शिक्षकहरुको नीति निर्माण, पाठ्यक्रम सुधार तथा निर्णय प्रक्रियामा सक्रिय संलग्नता रहन सक्यो भने, नीति तथा कार्यक्रम कार्यान्वयनमा शिक्षकको अपनत्व र नियमित लगाव प्रकट भयो भने, विद्यार्थीका लागि तर्जुमा गरिएका शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित र शैक्षणिक हुन सके भने, वैयक्तिक भिन्नतालाई समेत ख्याल गरी बनाएका संरचनाहरु उपयुक्त हुन सके भने, शिक्षकद्वारा विद्यार्थीको सिकाइ प्रक्रियामा बौद्धिक चुनौतीपूर्ण व्यवहार उपयुक्त ठहरिन सक्यो भने र कर्म केन्द्रित वातावरण, प्राथमिकतायुक्त क्षेत्रमा ध्यान केन्द्रित, शिक्षक, विद्यार्थीबिच प्रभावकारी सञ्चार, विद्यार्थी सिकाइ प्रक्रियाको नियमित एवम् प्रभावकारी अनुगमन तथा अभिलेखीकरण, अभिभावकहरुको घनिष्ट संलग्नता, विद्यार्थी र शिक्षकहरुको सृजनात्मकतामा जोड दिई सकारात्मक पुनर्वलनको प्राधान्य रहन सक्यो भने मात्र विद्यालय तहको प्रभावकारी सिकाइ सम्भव हुन सक्छ भनेका छन् ।

## विश्वलाई हेर्ने दृष्टिकोण

ड्वेक (१९८६, १९९९) को पोलार्ड (२००६, पृ ४०५-४०६) मा उल्लेख भएअनुसार लामो अनुसन्धानले बाल बालिकाले आफ्नो सिक्ने क्षमताका बारेमा के सोच्दछन् भन्ने महत्त्वलाई स्थापित गरेको छ । उनीहरुको सिकाइमा विद्यालय, समुदाय तथा घरको संस्कृतिले ठुलो प्रभाव पार्दछ । उनीहरुको घरको पृष्ठभूमि, साथीहरुसँगको सम्बन्ध, विभिन्न विद्यालयहरुको आफ्नो सिकाइ वातावरण तथा सञ्चार माध्यमको विकासको असर उनीहरुको सिकाइ उपलब्धिमा प्रत्यक्ष देख्न सकिन्छ । यिनै कुराले उनीहरुको विश्व दृष्टिकोणलाई फराकिलो वा साँगुरो बनाउने काम पनि गरेका हुन्छन् ।

सिकाइ एउटा अर्थ ग्रहण गर्ने वा अर्थ लगाउने प्रक्रिया भएकाले बाल बालिकाहरुले जे जसरी अर्थ लगाउँछन् त्यसमा उनीहरुको संस्कृति, पूर्वज्ञान, मूल्य मान्यता तथा सामाजिक समूहको चिन्तन आदिको असर रहन्छ नै । यस्ता संस्कृति तथा पूर्वज्ञानले उनीहरुको समझदारीको आधारभू खाका प्रदान गर्दछन् । यसरी प्रत्येक बालकको पूर्वज्ञानको वृद्धि उनीहरुको अनुभवमा आधारित ज्ञानको विस्तार एवम् फैलावटबाट हुने गर्दछ । यस्तो ज्ञानलाई लेभ र वेङ्गरले (१९९१, पृ १५९ : पोलार्ड २००६ मा उल्लिखित) सान्दर्भिक सिकाइ भनेका छन् ।

हुन त सञ्चारका विभिन्न माध्यमहरु, जस्तै-टेलिभिजन, पत्रपत्रिका, रेडियो, मोबाइल आदिले विद्यार्थीहरुको पढाइमा असर गर्दछन् भनेर परम्परागत रूपमा विश्वास गरिन्छ । यसबाट हेर्दा त्यस्ता साधनहरुले बाल बालिकाहरुको बौद्धिक विकासमा प्रत्यक्ष वा परोक्ष ढङ्गबाट उनीहरुको ध्यानाकर्षण गर्ने आदि विषयमा सकारात्मक प्रभाव पारिरहेकै हुन्छन् र उनीहरु संसारसँग नयाँ ढङ्गले परिचित पनि भइरहेका हुन्छन् । त्यसरी नै उनीहरुले यस्ता संरचनाका माध्यमबाट संसारलाई हेर्ने नयाँ दृष्टिकोणको पनि विकास गरिरहेका हुन्छन् । यस्तो आनीबानीको विकासलाई बोडिउ र प्यासरन (१९७७, पृ १६०) ले **ह्यविटस** भनेर परिभाषित गरेका छन् । उनका अनुसार ह्यविटस भन्नाले आनीबानीहरुको एउटा समूह हो जुन बचपनदेखि नै बच्चाले घर, समुदाय तथा विद्यालयको वातावरणमा घुलमिल भएर समाजका सोचाइ, मूल्य मान्यता तथा संस्कृतिबाट आफ्नो आनीबानीको विकास गरेको हुन्छ जसको प्रभाव सिक्ने प्रक्रियामा पनि प्रत्यक्ष रूपमा देख्न सकिन्छ ।

## सामाजिक संरचनाहरु

भाषा एउटा चिन्तन एवम् सिकाइको माध्यम भएकाले यसकै माध्यमबाट बालकले विभिन्न सामाजिक संरचनाको परिधिभित्र रही सृजना गर्ने, प्रशारण गर्ने, तथा अरू मानिसहरुसँग अन्तरक्रिया गर्ने गर्दछ । यिनै सामाजिक संरचनाहरुले बालकले प्रयोग गर्ने भाषाहरुको श्रेणीमा प्रभाव पारेका हुन्छन् । भाषा एउटा संस्कृतिको सम्बाहक पनि भएको हुनाले नयाँ अनुभव ग्रहण गर्नमा सहयोग पुऱ्याउने मात्र होइन यसको सहयोगबाट सिकारु स्वयम् आफ्नो भाषिक समुदायको ज्ञानमा प्रभावित भएको महसुस गर्दछ । यसलाई रोगोफ (१९९०, पोलार्डमा उल्लिखित) ले ज्ञानात्मक अभिमुखीकरण भनेका छन् ।

## बालकको सिक्ने आनीबानी

बालकको सिक्ने आनीबानीले पनि उनीहरुको सिकाइ उपलब्धिमा ठुलै प्रभाव पारेको हुन्छ । बालकले यस्तो बानीको विकास आफ्ना गरुहरु अथबा अग्रज दाजु दिदीहरुबाट प्रभावित र प्रेरित भई नियमित रूपमा गरिरहेको हुन्छ । बाल बालिकाहरुले त्यसबारे खुला अनुभव गर्न पाएका छन् या सीमित मात्रामा मात्र अनुभव गरेका छन्, उनीहरुको पढाइमा त्यस्ता कुराको सहयोग वा समर्थन कस्तो खालको छ, के तिनीहरु त्यसका कारण पढाइमा निडर छन् वा त्यसबाट आफ्नो पढाइप्रति ढुक्क हुन सकिरहेका छैनन्, के तिनीहरु पढाइप्रति जस्तोसुकै जोखिम उठाउन तयार छन् वा आफ्ना कमी कमजोरीहरुलाई क्रमशः हटाउँदै लान सकिन्छ अनि सिकाई जीवनभर गर्न सकिन्छ भन्ने कुरामा कत्तिको विश्वस्त छन् भन्ने कुरा आफ्नो घरमा सिक्ने वातावरण तथा विद्यालयमा सिक्ने सिकाइने संस्कृतिमा भर पर्दछ ।

## घरको पारिवारिक समर्थ र सहयोग

शैक्षिक उपलब्धिमा पारिवारिक पृष्ठभूमिले ठुलो महत्त्व राख्दछ भन्ने कुरा विभिन्न अनुसन्धानले पुष्टि गरिसकेका छन् । यो न भौतिक सम्पन्नता, जस्तै- परिबारमा रहेको धन सम्पत्ति तथा आय आर्जन जस्तो हुन्छ न परिबारको सांस्कृतिक सम्पत्ति (बोडिउ, १९७७, पोलार्डमा उल्लिखित) अथबा सामाजिक सम्पत्ति (कोलम्यान, १९८८, पृ ५९५-६२०: पोलार्डमा उल्लिखित) मा मात्र सीमित रहेको हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त विद्यालयको वातावरण, परिबारको आर्थिक, भौतिक तथा सांस्कृतिक वातावरण तथा समुदायले निर्माण गरेको उनीहरुको सिकाइसम्बन्धी समझको आधारभूत खाका, अझ अन्य कुराको विकासका लागि प्रयोग हुने भाषा र बालकहरुको सिक्ने

आनीबानीअनुसारको उपयुक्त वातावरण नै विद्यार्थीको सिकाइ उपलब्धिमा असर ल्याउने तत्त्वहरु हुन् । त्यसरी नै परिबारमा बाबुआमाबिचको सम्बन्ध, आफ्ना बाल बालिकाको पढाइप्रतिको चासो, शैक्षिक सामग्रीहरुको उपलब्धता तथा उनीहरुको दैनिक जीवनप्रतिको चासोले पनि सिकाइमा महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् ।

## विद्यालयको सामाजिक सम्बन्ध

विद्यालयमा आउने बाल बालिकाहरुको एक आपसको सामाजिक सम्बन्धले पनि विद्यालयको वातावरणमा रमाउने, एक आपसमा सहयोग गर्ने, प्रतिस्पर्धा गर्ने जस्ता कुरामा मदत मिल्दछ र यस्ता कार्यले उनीहरुको सिकाइ उपलब्धिमा असर गरिरहेको हुन्छ । एउटा बालक समय क्रममा परिपक्व हुँदै जाँदा केटा र केटीहरुको स्वभावमा निकै ठुलो परिवर्तन आउँछ । यस्ता परिवर्तनमा आएका फरकले उनीहरुको पढाइप्रतिको अभिप्रेरणा, सिक्ने आनीबानी आदिमा पनि असर गर्दछ र केही बाल बालिकाको सिकाइ उपलब्धि उच्च हुँदै जाने र केहीको क्रमशः खस्किएर जाने सम्भावना पनि हुन्छ ।

## शैक्षिक उपलब्धि सम्बद्ध सूचकहरु

सिकाइ उपलब्धि वृद्धि गर्नका लागि कम्तीमा पनि शैक्षिक गुणस्तरका सूचकहरुलाई हेर्नुपर्ने हुन्छ । यस अन्तर्गत गुणात्मक लगानी, गुणात्मक प्रक्रिया र गुणात्मक उत्पादन गरी मुख्य तिन कुरा पर्दछन् ।

### गुणात्मक लगानी

विद्यालय तहमा उच्च शैक्षिक गुणस्तर कायम गर्न विषयगत शिक्षणलाई त्यसको आवश्यकता र विशिष्टताका आधारमा व्यवस्थित गर्नुपर्ने हुन्छ । यसका लागि न्यूनतम योग्यता हासिल गरेका शिक्षकहरुको व्यवस्थापन गर्ने कुरालाई प्राथमिकतामा राख्नु आवश्यक हुन्छ । यसका लगि सम्बन्धित विषयको माथिल्लो योग्यता हासिल गरेका शिक्षकहरुको व्यवस्था गर्न सकियो भने अझ राम्रो मानिन्छ । ती शिक्षकहरु सम्बन्धित विषयमा तालिम प्राप्त हुनु वाञ्छनीय हुन्छ । त्यसमा अझ महिला शिक्षकको व्यवस्था गर्न सकियो भने सिकारुले मातृत्वपूर्ण वातावरण पाउँछन् भन्ने विश्वास गरिन्छ । स्थानीय भाषाका ज्ञाता शिक्षकको व्यवस्था हुन सक्ता विद्यार्थीहरुलाई विषयवस्तु बुझाउन सजिलो हुन्छ भन्ने मान्यता पनि राखिन्छ । गुणस्तरीय सिकाइका लागि योग्य शिक्षकहरुको व्यवस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धताको कुराले महत्त्व पाउँछ ।

सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण सिकाइ सामग्रीको पर्याप्ततामा ध्यान दिनुपर्दछ । विद्यालयमा हुने सम्भावित चोटपटक र बिमारीलाई ख्याल गरेर प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्नु पनि त्यति नै आवश्यक हुन्छ । सिकाइलाई व्यवस्थित गर्न कक्षाकोठा/विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपातसमेत मिल्नुपर्दछ । राम्रो सिकाइका लागि फर्निचर तथा स्थानको पर्याप्तता र यपयुक्तता, सफा र सुरक्षित शौचालयको व्यवस्था, भयरहित बालमैत्री वातावरण, सरसफाइ, बगैँचासहितको हरियाली, स्वच्छ खानेपानीको व्यवस्था जस्ता कुराहरुमा विचार पुऱ्याउनु आवश्यक हुन्छ ।

**गुणात्मक प्रक्रिया**

विद्यालय तहमा उच्च शैक्षिक गुणस्तर कायम गर्न गुणात्मक लगानीपछि विषयअनुरूप उपयुक्त विद्यार्थी केन्द्रित शिक्षणमा ध्यान दिनुपर्ने हुन्छ । यसका लागि शिक्षक पूर्व एवम् पूर्ण तयारीका साथ कक्षामा प्रवेश गर्ने वातावरण मिलाइदिने काम प्रशासनको तर्फबाट सोच्नुपर्दछ । यसमा स्थानीय स्रोत र साधनको यथोचित प्रयोगको पक्ष पनि त्यतिकै महत्त्वपूर्ण मानिन्छ । शैक्षिक तालिमबाट प्राप्त सिपको समुचित उपयोग गर्ने वातावरण मिलाइ दिन सकियो भने त्यसले अरूको सिकाइमा पनि थप उर्जा प्राप्त हुन सक्छ । यस प्रक्रियामा शिक्षकले कक्षाकोठामा बिताउने समय, शिक्षकले कक्षामा बोल्ने समय र विद्यार्थीले उपयोग गर्ने समयका बिचमा सन्तुलन मिलेको हुनुपर्दछ । भयरहित वातावरणमा शिक्षणपछि तोकिएको ढाँचामा विद्यार्थीको निरन्तर मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनु उपयुक्त हुन्छ । विद्यालय तहको शिक्षण सिकाइमा कक्षाकार्य, गृहकार्य तथा सहकार्यहरुको प्रभावकारी प्रयोग गर्ने कुरामा विशेष ध्यान पुऱ्याउन सक्नुपर्दछ ।

विद्यार्थीको सह एवम् अतिरिक्त क्रियाकलापमा नियमित सहभागितामा वृद्धि गरी सिकाइलाई व्यवस्थित गर्नुपर्दछ । यस प्रक्रियामा शिक्षक अभिभावक भेटघाटलाई नियमित गरी आपसी छलफललाई विषयको गम्भीरता र प्राप्त हुने सम्भावित निष्कर्षको परिधिभित्र रही नियमित र व्यवस्थित गर्नुपर्छ । यस क्रममा विद्यार्थीको औसत उपस्थितिलाई अत्यधिक पार्ने तर्फ सोच्दै विद्यालयमा सामूहिक परीक्षणको विषयलाई अझ व्यवस्थित गर्दै लानुपर्दछ । यसका अतिरिक्त आर्थिक पारदर्शितामा राम्रो व्यवस्थापन र शिक्षकहरुका बिच सद्भाव तथा सहकार्यको वातावरण निर्माण गर्न सकियो भने मात्र विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहज हुन्छ भन्ने कुरामा सम्बद्ध पक्ष सधैँ सजग र गम्भीर हुनुपर्ने हुन्छ ।

**गुणात्मक उत्पादन**

गुणात्मक लगानी र प्रक्रियाको सही अवलम्बनबाट मात्र शैक्षिक क्षेत्रमा गुणात्मक उत्पादन सम्भव हुन सक्छ भन्ने कुरामा हेक्का राखेर काम गर्न सकियो भने मात्र कक्षागत एवम् विषयगत रूपमा निर्दिष्ट उपलब्धि हासिल हुन सक्छ । यसबाट हरेक विषयमा कक्षाकार्य, गृहकार्य तथा समूहकार्य गर्ने विद्यार्थीको क्षमता पहिचान गरी सोहीअनुसार आगामी शैक्षिक रणनीति बनाउन पनि सहयोग प्राप्त गर्न सकिन्छ । विद्यालयमा प्रथम त्रैमासिक, अर्ध वार्षिक र वार्षिक परीक्षामा विद्यार्थीले प्राप्त गरेको विषयगत औसत अङ्कको विश्लेषण गरी कक्षागत र विषयगत उत्तीर्ण छात्रछात्राहरुको औसत अङ्कका आधारमा पृष्ठपोषणको पाटोलाई नियमित र बलियो तुल्याउन सकिन्छ । यस प्रक्रियाबाट कक्षामा विशिष्ट, प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीको प्रतिशत गणना गरी तह पुरा गर्ने छात्रछात्रा र तिनको औसत अङ्कको खाका प्राप्त गर्न सकिन्छ ।

खास गरेर बिचैमा कक्षा छाड्ने छात्रछात्राको कक्षागत प्रतिशत, पुनः कक्षा दोहोर्‍याउने छात्रछात्राको कक्षागत प्रतिशत, औसत रूपमा सफा सुग्घर भएर विद्यालय आउने विद्यार्थीको प्रतिशत, सह एवम् अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता र सफलता जस्ता कुराहरुको विवरण र परिणामलाई हेरेर योजनाबद्ध शिक्षण सिकाइको तात्कालीन र दीर्घकालीन नीति बनाउन सकिन्छ । यसै पद्धतिको उपयोग गर्दै सह तथा अतिरिक्त क्रियाकलापमा स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा प्राप्त गरेको नतिजाको खोजी, विद्यार्थी शिक्षक र विव्यसबाट आचारसंहिता पालनाको अवस्था तथा विद्यार्थीको बानी व्यवहारमा सकारात्मक परिवर्तनको राष्ट्रिय खाका प्राप्त गरी स्थानीय तहमै गुणस्तरीय शिक्षाको व्यवस्थापन गर्न तथा क्षेत्रीय र राष्ट्रिय तहमा त्यससम्बन्धी योजना बनाई त्यसलाई विद्यालय तहमा देशव्यापी रूपमा लागु गर्न सकिन्छ ।

# परिच्छेद तिन

# अध्ययन विधि र प्रक्रिया

न्यून तथा उच्च सिकाइ उपलब्धि हासिल हुनका कारणहरु पहिचान गर्न विद्यालय मामला अध्ययनका लागि खास विधि तथा प्रक्रियाहरु अवलम्बन गरिएका छन् । यस परिच्छेदमा देहायब मोजिमका शीर्षक तथा उपशीर्षकहरुमा अध्यन विधि, प्रविधि र प्रक्रिया सम्बद्ध विषयहरु प्रस्तुत गरिएका छन् ।

## अवधारणागत ढाँचा

प्रस्तुत अध्ययनमा विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक पक्षहरुमा विद्यालय, प्रधान अध्यापक, शिक्षक, विद्यार्थीको घरको सिकाइ वातावरण, अभिभावक तथा विद्यालय व्यवस्थापनका विविध पक्षहरुले सकारात्मक तथा नकारात्मक प्रभावकका रूपमा भूमिका खेलिरहेका हुन्छन् । तलको तालिका १ मा दिइएको ढाँचामा उक्त कारक पक्षहरु भित्र विविध उप पक्षहरुको सिकाइ उपलब्धिसँगको सम्बद्धता देखाइएको छ । यसमा क्रमशः विद्यालय, शिक्षक, घर तथा समुदाय, विद्यालय व्यवस्थापन समिति र अभिभावक, प्रधान अध्यापक, नकारात्मक र सकारात्मक पक्षहरु समेटिएका छन् ।

**तालिका १**

१ सिकाइ सामग्री व्यवस्था
२. रिपोर्ड कार्डको व्यवस्था
३. सुरक्षाको भावना
४. शिक्षकसँगको व्यवहार
५. विषयगत सामग्रीको उपलब्धता
६. शैक्षिक गुणस्तर
७. पठन पाठनको माध्यम
८. अतिरिक्त कक्षाको व्यवस्था
९. कक्षाको आकार
१०. पठन पाठन हुने दिन
११. विद्यालयको किसिम
१२. शिक्षक विद्यार्थी अनुपात
१३. बन्द तथा हड्ताल
१४. कक्षा मूल्याङ्कन
१५. पुस्तकालयको समुचित व्यवस्था ।

१. मुख्य विषय
२. योग्यता तथा अनुभव
३. क्रियाकलाप र सक्रियता अभिलेखीकरण
४. पेसागत क्षमता विकास
५. सहकार्य
६. विद्यार्थी र विषयप्रतिको धारणा
७. काम र अनुभवबाट सिकाइ
८. जीवन पर्यन्त सिकाइ
९. मूल्याङ्कन
१०.शैक्षिक सामग्रीको उपयोग
११. कक्षाको तयारी
१२. प्रश्न निर्माण
१३. शैक्षिक उपलब्धि

१. शिक्षक मूल्याङ्कनमा सुझाव
२. नियमित अवलोकन र अनुगमन
३. विद्यार्थीको पढाइप्रति चासो र चिन्ता
४. समस्या पहिचान र समाधानमा तत्परता
५. दक्ष शिक्षकको छनोट र जिम्मेवारी
६. स्रोत साधनको उपलब्धता, यपयुक्तता र उपयोग ।

१. गृहकार्यका लागि समय
२. पढाइमा सहयोगी सामग्री
३. गणित र विज्ञान विषयप्रतिको सोच
४. सामाजिक र आर्थिक अवस्था
५. शैक्षिक तथा पेसागत अवस्था
६. काममा व्यस्तता
७. विद्यालय पुग्ने समय
८. ज्ञानको स्तर
९. व्यक्तिगत प्रभाव ।

**विद्यार्थी सिकाइ उपलब्धि**

१. शिक्षकको कामको प्रशंसा
२. अवलोकन तथा पृष्ठपोषण
३. उच्च सिकाइ उपलब्धिको अपेक्षा
४. व्यवस्थापन समितिको जिम्मेवारी
५. वैयक्तिक भिन्नताको सम्मान
६. सम्बन्ध स्थापना
७. सबल र दुर्बल पक्षको जानकारी
८. नमुना शिक्षण
९. निष्कर्षको पालना र कार्यान्वयन

१. विद्यालयपछि पनि कामको व्यस्तता
२. असुरक्षा महसुस
३. शिक्षकसँगको असमझदारी
४. साधन स्रोतको अभाव
५. सामाजिक र आर्थिक अवस्था कमजोर
६. विषय शिक्षक र सामग्रीको अभाव
७. कमजोर भौतिक वातावरण
८. नकारात्मक धारणाको विकास ।

१. उद्देश्यमूलक नेतृत्व
२. सिकाइप्रतिको सकारात्मक सोच
३. घरमा सिकाइ मैत्री वातावरण
४. कक्षाकार्य र गृहकार्यको अभिरुचिपूर्ण परीक्षण
५. सरोकारवाला सबैसँग सहकार्य
६. शिक्षकको क्षमता विकासमा जोड
७. नियमित मूल्याङ्कन र अभिलेखीकरण ।

## तथ्याङ्कका स्रोत

प्रस्तुत अध्ययन विद्यालय मामला अध्ययन अन्तर्गत न्यून तथा उच्च सिकाइ उपलब्धिका कारकहरुको परीक्षणसँग सम्बन्धित भएको हुनाले यो गुणात्मक रहेको छ । यसर्थ यस प्रकृतिको अध्ययनमा आवश्यक पर्ने सामग्री सङ्कलनको काम देहायबमोजिम दुई किसिमका स्रोतहरुबाट सम्पन्न गरिएको छ ।

### प्राथमिक स्रोत

विद्यालयहरुमा गई क्षेत्रकार्यअन्तर्गत सङ्कलन गरिएका सूचनाहरु प्राथमिक स्रोतका तथ्याङ्क हुन् । यस प्रयोजनका लागि शिक्षक, विद्यार्थी, प्रधान अध्यापक, अभिभावक र विद्यालय व्यवस्थापन समिति गरी पाँच छुट्टा छुट्टै सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरिएको थियो । यसका लागि निर्देशनात्मक धेरै र केही खुला प्रकृतिका प्रश्नहरु (परिशिष्ट 'क') तयार पारिएको थियो । यसभन्दा पहिला आठ कक्षाका विद्यार्थीहरुको कक्षा अवलोकन गरी तीमध्ये प्रतिनिधिमूलक तरिकाले उनीहरुसँग छलफल गरिएको थियो । यसका अतिरिक्त विद्यालयका भौतिक, शैक्षिक, आर्थिक र सामाजिक पक्षलाई समेट्ने गरी अवलोकन फाराम (पशि 'ख') निर्माण गरी त्यसबाट कतिपय कुराहरु जुन आफैं अवलोकन गरेर पत्ता लगाउन सकिन्छ ती, कतिपय कुराहरु, जुन शिक्षक तथा प्रधान अध्यापकसँग सोधेर पत्ता लगाउन सकिन्छ ती र कतिपय कुराहरु, जुन विद्यालयका दस्तावेजहरु हेरेर थाहा पाइन्छ ती सबैबाट प्राथमिक स्रोत सम्बद्ध सामग्री सङ्कलन गरिएको थियो ।

### द्वितीयक स्रोत

द्वितीयक स्रोतबाट सङ्कलन गरिएका सामग्रीहरु प्राथमिक स्रोतकाजस्ता सत्यतथ्यात्मक नभए पनि परिच्छेद एक, दुई, तिन र चारका लागि चाहिने कतिपय सूचनाहरु द्वितीयक स्रोतबाट लिइयो । यसका लागि प्रकाशित पाठ्यपुस्तक, लेख रचना, सरकारी सूचना आदि द्वितीयक स्रोतको उपयोग गरियो । यस प्रयोजनका लागि मूलतः शिक्षा मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्र, नेपाल सरकार तथ्याङ्क विभा, पाठ्यक्रम विकास केन्द्र आदि संस्थाहरु तथा व्यक्तिगत तबरबाट प्रकाशित सामग्रीहरु, विभिन्न जर्नल तथा पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरुलाई उपयोगमा ल्याइयो ।

## सूचनाहरुको अवस्था र सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनका लागि लिइएका सूचनाहरु सामान्य र विशेष गरी दुई प्रकारका रहेका छन् । यस कार्यका लागि सङ्कलित सूचनाहरु मूलतः न्यून तथा उच्च सिकाइ उपलब्धि सम्बद्ध कारक, पक्ष तथा सूचकहरुसँग सम्बन्धित रहेका छन् ।

### सामान्य सूचना

अध्ययनको प्रकृति, उद्देश्य र आवश्यकताको सीमाभित्र निर्धारित समयमा निर्देशित र औपचारिक ढङ्गबाट लिइएका सूचनाहरु यस अन्तर्गत राखिएका छन् । यस्ता सूचनालाई सजिलाका लागि अभिलेखपरक, सन्दर्भपरक र तथ्याङ्कपरक गरी तिन भागमा बाँडी प्रस्तुत गरिएको छ ।

### अभिलेखपरक सूचना

प्रस्तुत अध्यनका लागि सङ्कलन गरिएका सूचनाहरु विद्यालयहरुको तर्फबाट प्रकाशित पत्रपत्रिकाहरु, कम्प्युटर वा फायल खडा गरेर व्यवस्थापन गरिएका प्रामाणिक कागजातबाट लिइएका छन् । विद्यालयका सूचना पाटीमा टाँस गरिएका र लेखिएका विवरण, भित्ते पत्रिका, भित्तामा टाँसिएका शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ आदिको शैक्षिक तथा प्रशासनिक विवरणहरुबाट पनि यस किसिमका सूचनाहरु प्राप्त भएका छन् । त्यस्तै शिक्षण सिकाइ समय तालिका, आचार संहिता, शिलालेख, साइन बोर्ड, भवन उद्घाटन मन्तव्य, चन्दा दाताको विवरण पनि सूचना प्राप्त गर्ने आधारका रूपमा रहेका छन् । अवलोकनीय भौतिक पक्ष (भवन, घेराबारा, खेल मैदान, कक्षा व्यवस्थापन, हरियाली, पोसाक, प्रयोगशाला, पुस्तकालय, चमेनागृह, अतिरिक्त क्रियाकलाप विवरण, प्रशासनिक संरचना, परीक्षा शाखा, लेखा प्रणाली आदिबाट पनि यस खालका सूचनाहरु प्राप्त गरिएका छन् ।

### सन्दर्भपरक सूचना

यस अध्ययनका लागि अभिलेखपरक सूचनाका अतिरिक्त सन्दर्भपरक सूचनाहरु पनि सङ्कलन गरिएका छन् । हामीलाई नेपालको शैक्षिक सन्दर्भ, अध्ययनको पृष्ठभूमि, विद्यार्थी सिकाइ उपलब्धिको सैद्धान्तिक अवधारणा, सिकाइ उपलब्धिसँग सम्बन्धित पक्षहरु, सिकाइ उपलब्धि सम्बद्ध कारकहरु , शैक्षिक गुणस्तरका सूचकहरु, अध्ययनका उद्देश्य, अध्ययनको अवधारणात्मक ढाँचा, अध्ययन विधि र प्रक्रिया, प्रतिवेदनको रूपरेखा, सूचनाहरुको वर्गीकरण, विश्लेषण आदिका

लागि सैद्धान्तिक आधार निर्माण गर्न र विधि, प्रविधि र प्रक्रिया तय गर्न आवश्यक सन्दर्भपरक सूचना सङ्कलन गरिएको छ ।

### तथ्याङ्कपरक सूचना

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भए पनि त्यसलाई पुष्टि गर्ने आधारहरुको आवश्यकता पर्थ्यो । यसर्थ तथ्याङ्कपरक सूचनाहरु सङ्कलन गरी अभिलेखपरक एवम् सन्दर्भपरक सूचनाहरुलाई पुष्टि गर्नु आवश्यक थियो । यस आवश्यकतालाई पुरा गर्न विद्यालयको भौतिक तथा शैक्षिक पक्षलाई उजागर गर्ने गरी तयार पारिएका प्रश्नहरुका निम्ति विद्यार्थी, अभिभावक, शिक्षक, प्रधान अध्यापक र विद्यालय व्यवस्थापन समिति मुख्य पक्ष हुन् भन्ने सोचेर अवलोकन फाराम तथा प्रश्नावली तयार पारी तिनका माध्यमबाट विद्यालय र कक्षाको अवलोकन, सरोकारवालाहरुसँग अन्तरक्रिया, छलफल तथा अनौपचारिक कुराकानीका माध्यमबाट यस किसिमका सूचनाहरु लिइएको थियो ।

### विशेष सूचना

यस अध्ययनका लागि उल्लिखित सामान्य सूचनाका अतिरिक्त विशेष खालका सूचनाहरुको आवश्यकता महसुस गरी सोहीअनुसार कामको विन्यास गरियो । अनिर्धारित, अनिर्देशित र अनौपचारिक तवरले लिइने सूचनाहरुलाई सजिलाका लागि यसअन्तर्गत राखिएको छ । यस कामका लागि विशेष गरेर त्यस विद्यालय आसपासको राजनीतिक, सामाजिक, सांस्कृतिक, जातीय र भाषिक क्षेत्रलाई समेत उपयोग गरियो । यसका अतिरिक्त शिक्षक, विद्यार्थी र अभिभावकसँग व्यक्तिगत हिसाबले अनौपचारिक कुराकानी पनि गरियो । यी भिन्न भिन्न व्यक्ति तथा क्षेत्रहरुलाई कतै आंशिक त कतै पूर्ण ढङ्गले उपयोग गर्दै कतिपय माथि अनुत्तरित रहेका सन्दर्भहरुलाई समेट्ने गरी उक्त क्षेत्रबाट अनौपचारिक रूपमा विशेष खालका सूचनाहरु सङ्कलन गर्ने काम सम्पन्न गरियो ।

## सूचना सङ्कलन, त्यसको कार्य विधि, प्रक्रिया र प्रकार

प्रस्तुत सिकाइ उपलब्धि परीक्षणको समयमा भिन्न भिन्न साधनहरु प्रयोग गरी पाँच प्रकारका सूचनाहरु सङ्कलन गरिए । ती सूचनाहरु विद्यालयको भौगोलिक, सामाजिक, शैक्षिक, भौतिक र आर्थिक विषयससँग सम्बन्धित थिए । भौगोलिक सूचनाभित्र विद्यालय रहेको जिल्ला उपमहानगर पालिका तथा गाविसको परिचय, सामाजिक सूचनाभित्र अभिभावकको समाजिक स्तर, शैक्षिक सूचनामा अभिभावक, विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति, प्रधान अध्यापकलगायत सरोकारवाला

सबैको योग्यता, क्षमता, शिक्षण सिकाइ, शैक्षिक व्यवस्थापन आदि, भौतिक सूचनाभित्र विद्यालयको हाता, घेराबारा, सुरक्षा, भवन, कक्षाकोठा, जग्गा जमिन, खेल मैदान आदि र आर्थिक सूचनामा विद्यालय, विद्यार्थी र अभिभावकको आर्थिक अवस्था, नियमित तथा अतिरिक्त आर्थिक स्रोत जस्ता विषय सम्बद्ध सामग्रीहरु सङ्कलन गरिएका थिए । यसका निम्ति देहाय बमोजिमका कार्यविधि, कार्य प्रक्रिया र प्रकार अवलम्बन गरिए ।

### सूचना सङ्कलनको कार्यविधि

यसअन्तर्गत विद्यालयको स्थलगत अवलोकनमा सर्वप्रथम मुख्य कर्ता (प्रधान अध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी) सँग अन्तरवार्ता, अन्तरक्रिया र छलफलको काम सम्पन्न गर्नु आवश्यक ठानियो । यसका अतिरिक्त विद्यालय सुधार योजना, शैक्षणिक योजना, विद्यालयका कार्यक्रम र कार्यनीतिहरुको बारेमा अध्ययन गर्ने नीति बनाइयो । यसै गरी त्यस समयमा विद्यार्थी सिकाइ उपलब्धि र स्थितिको प्रवृत्तिगत अध्ययन, विद्यार्थी भर्ना, निरन्तरता, नियमितता, उत्तीर्ण र दोहोऱ्याउने दरको प्रवृत्तिगत अध्ययन, विद्यालय व्यवस्थापन, सञ्चालन, कक्षा शिक्षण, सिकाइप्रक्रिया र शिक्षकको नियमितता तथा विद्यालयको भौतिक, सामाजिक र आर्थिक परिवेशको अध्ययन, विद्यालय विकाससँग सम्बन्धित मुख्य परिघटना र घटनाहरुको अध्ययनसमेत गर्ने निधो गरियो ।

### सूचना सङ्कलनको कार्य प्रक्रिया

सूचना सङ्कलनको कार्यविधि अनुसार सूचना सङ्कलनको कार्य प्रक्रिया निर्धारण गरियो । यसका निम्ति विद्यालयको स्थलगत भ्रमण गरी कार्यविधिमा तोकिए बमोजिमका पक्षहरुको अवलोकन गर्ने, सरोकारवाला र मुख्य कर्तासँग अन्तरक्रिया र छलफल गरी चाहिएका अधिकतम सूचनाहरु प्राप्त गर्ने र आवश्यकता अनुसार लिखित दस्तावेजहरुको अध्ययनसमेत गर्ने गरी योजना बनाइयो । यस अन्तर्गत सूचना सङ्कलन, विश्लेषण र मामला अध्ययन प्रतिवेदन तयारीसम्मका प्रक्रियाहरुमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रतिनिधिको समेत सहभागिता कायम गर्ने गरी मरामर्शदाताको मुख्य अगुवाइमा प्रतिवेदन लेखनको काम सम्पन्न हुने गरी कामको व्यवस्थापन गरियो ।

### सूचना सङ्कलनका मुख्य कार्यहरु

कार्यविधि र प्रक्रियाबाट निर्देशित भएर मुख्य कार्यहरुको निर्धारणपछि विद्यालयको स्थलगत भ्रमण र अवलोकन गरियो । यसमा प्रधान अध्यापक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति, अभिभावक सङ्घ र नागरिक समाजका प्रतिनिधिसँग अन्तरवार्ता, अन्तरक्रिया र छलफलका लागि भेला गराइयो । विद्यालय अभिलेख, दस्तावेज, सूचना अध्ययन, विश्लेषण र अभिलेखन गरिसकेपछि कक्षा शिक्षण सिकाइ प्रक्रियाको अवलोकन गरियो । त्यसपछि घटना तथा परिवेशको अध्ययन-विश्लेषणका निम्ति एउटा आधार निर्माण गरी प्रतिवेदन मस्यौदाको तयारीमा लागियो र प्रारम्भिक लेखन र प्रस्तुति, त्यसको प्रबोधीकरण तथा सुझाव र पृष्ठपोषणका आधारमा प्रतिवेदनको अन्तिमीकरण र प्रस्तुतिको योजनाअनुसार कामको विन्यास गरियो ।

### सूचनाहरुको वर्गीकरण

संस्थागत रूपमा सरोकार राख्ने शिक्षक, विद्यार्थी, अभिभावक, प्रधान अध्यापक र व्यवस्थापन समिति गरी पाँच पक्षसँगबाट प्राप्त गरिएका मिल्दा सूचनाहरुलाई  सर्बप्रथम एकीकृत गरियो । प्रश्नहरु निर्माण गर्दा नै प्रधान अध्यापक, शिक्षक र विव्यसका प्रतिनिधिबाट एकै खालका सूचनाहरु प्राप्त हुन सकून्, एक पक्षबाट खुल्न नसकेका सूचनाहरु अर्को पक्षबाट खुल्न सकून् र उद्देश्यले समेटेका क्षेत्रका निम्ति सामग्रीहरु पर्याप्त मात्रामा प्राप्त हुन सकून् भन्ने कुरामा ध्यान पुऱ्याइएको थियो । उक्त तिन पक्षलाई सोधिएका प्रश्नहरुभित्र पनि पक्षगत भिन्न विशेषतालाई ख्याल गरेर केही पृथक खालका प्रश्नहरु पारिएका थिए । त्यस्तै विद्यार्थी र अभिभावकलाई सोधिने प्रश्नहरु निर्माण गर्दा पनि अघिल्ला तिन पक्षसँग मिल्ने थोरै र नमिल्ने धेरै पर्ने गरी क्षेत्रगत विशिष्टताको ख्याल गरिएको थियो । यसर्थ पाँच ओटै पक्षबाट प्राप्त भएका आधिकारिक सूचनाहरुलाई मिल्ने एकातिर र नमिल्ने अर्कातिर राखी एकीकृत र पृथकीकृत गर्ने काम गरियो । अवलोकन फारामबाट प्राप्त भएका सूचनाहरुलाई  भने परिच्छेद चारको विद्यालयको अवस्थाभित्र समेट्नु उपयुक्त भएको हुनाले तिनलाई परिच्छेद पाँचको सूचनाहरुको अध्ययन-विश्लेषणमा संलग्न गरिएन । अन्य सूचनाहरुलाई भने सिकाइ उपलब्धि सम्बद्ध कारक र सिकाइ उपलब्धि सम्बद्ध पक्ष गरी दुई भागमा बाँड्ने काम गरियो ।

### सूचना विश्लेषण तथा व्याख्याको तयारी

विद्यालयहरुमा पुगेर क्षेत्रकार्यअन्तर्गत सङ्कलन गरिएका सूचनाहरुलाई समानता र भिन्नताका आधारमा छुट्याइसकेपछि विश्लेषणको तयारी सुरु गरियो । यसै कुरालाई ध्यानमा राखेर सिकाइ

उपलब्धि सम्बद्ध कारक र सिकाइ उपलब्धि सम्बद्ध पक्षमा बाँडेका सूचनाहरुलाई भिभिन्न उपशीर्षकहरुमा बाँडी सोहीअनुसार व्याख्या-विश्लेषण गर्ने निधो गरियो । दुई वर्गमा बाँडिएका सूचानाहरुको व्याख्या-विश्लेषणपछि यसका निम्ति पाँचओटै क्षेत्र तथा अन्य प्रक्रियाबाट प्राप्त भएका सत्य तथ्यात्मक प्रमाणहरुको सार खिची **नतिजाका प्रभावकहरु** नाम दिएर बुँदागत रूपमा प्रस्तुत गर्ने योजना बनाइए पनि दुई मूल शीर्षकलाई भने अनुच्छेदगत ढाँचा र वर्णनात्मक विधिभित्र प्रस्तुत गर्ने गरी सूचना विश्लेषण तथा व्याख्याको तयारी गरियो ।

# परिच्छेद चार

# विद्यालयको अवस्था

यस परिच्छेदमा चार विद्याालयका भौगोलिक, अभिभावकको सामाजिक र शैक्षिक, विद्यालयको भौतिक, शैक्षिक र आर्थिक अवस्थालाई सङ्क्षिप्त रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

## जमुनाहा विद्यालय, सर्लाही

### भौगोलिक अवस्था

सर्लाही जनकपुर अञ्चलमा पर्ने मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत अत्यधिक जनसङ्ख्या भएको तराईको जिल्ला हो । यस जिल्लाको पूर्वमा बाँके तथा हर्दी नदी र पश्चिममा बागमती नदी सीमा नदीका रूपमा बगेका छन् । यसको नामकरण **सर्लाही देवी** मन्दिरको नामबाट भएको मानिन्छ । यो २६.४५" उत्तरदेखि २७.१०" उत्तर अक्षांश र ८५.२०" पूर्वदेखि ८५.५०" पूर्व देशान्तरमा अवस्थित छ । यसका सीमानाका रूपमा पूर्व महोत्तरी, पश्चिम रौतहट, उत्तर सिन्धुली र दक्षिण भारतको बिहार राज्यको सीतामढी जिल्ला रहेका छन् । १२५९ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस जिल्लाको उत्तर-दक्षिण औसत लम्बाइ ३२ किलोमिटर र पूर्व-पश्चिम औसत चौडाइ ४० किलोमिटर रहेको छ । यसअन्तर्गत सबभन्दा होचो स्थान समुद्र सतहबाट ६० मिटर र सबभन्दा अग्लो स्थान ६५९ मिटरको रहेको छ । यहाँको करिब ६७.१ प्रतिशत जमिन खेतीमा प्रयोग भएको देखिन्छ । यसको दक्षिण भेगमा प्रायः मधेसी समुदाय र उत्तरी भेगमा पहाडिया समुदायका मानिसहरुको बसोबास रहेको देख्न सकिन्छ ।

भौगोलिक हिसाबले यस जिल्लालाई उत्तरतर्फ रहेको चुरे पर्वत, बिचमा रहेको भावर प्रदेश र दक्षिणमा रहेको तराईको समथर मैदान गरी तिन भागमा बाँड्न सकिन्छ । यस जिल्लाको हालको सदरमुकाम भने मलङ्गवा रहेको छ । २०६८ सालको जनगणनाअनुसार ७,६९,७२९ जनसङ्ख्या रहेको यस जिल्लामा ९९ गाविस र ६ नगरपालिका रहेका छन् । तिनै मलङ्गवा, बरहथवा, लालबन्दी, नवलपुर, गोडैता र ईश्वरपुर नगरपालिकाहरु यस जिल्लाका महत्त्वपूर्ण व्यापारिक केन्द्र पनि हुन् । जिल्लाको एक मात्र प्राकृतिक तालका रूपमा नाढीमन ताल रहेको छ भने माछा पालन

र स्नान कार्यका लागि भनेर थुप्रै पोखरीहरु निर्माण गरिएका देखिन्छन् । यस जिल्लामा हाल ६ निर्वाचन क्षेत्र रहेका  छन् ।

उक्त ९९ गाविसमध्ये जमुनाहा विद्यालय भारतको विहार राज्यस्थित सितामढी जिल्लाको खुटौना क्षेत्रसित जोडिएको सीमा ओडा हो । यस गाविसमा ७६६ घरधुरी रहेका छन् । यसमा पुरुषको भन्दा महिलाको सङ्ख्या कम देखिएको छ । २०६८ सालको जनगणना अनुसार ४,८९३ कुल जनसङ्ख्यामध्ये २,४६६ पुरुष र २,४२७ महिला रहेका छन् । प्रतिघर ६.३९ औसत जनसङ्ख्या रहेको यस गाविसमा सबभन्दा बढी जनसङ्ख्या मुसलमानहरुको (१,६४४) रहेको छ । त्यसपछि क्रमशः यादव (१,४३३), तेली (५३७), पासवान  (४४१), खट्वे (२३७), बराई (१३१) हरिजन (१०५), कानु (७२), कोइरी (७२), सोनार (६९), लोहार    (४७), माली (२९) धोवी (२५), ठाकुर (१७), कलवार (१५) र अन्य (९) को जनसङ्ख्याभित्र १५ भन्दा बढी जातजातिका मानिसहरु स्थायी बसोबास गर्दछन् ।

यस गाविसमा बज्जिका मातृभाषी समुदाय (३,०९३) को बाहुल्य रहेको देखिन्छ । त्यसपछि क्रमशः उर्दू (१,५३८) र मैथिली (३२) मातृभाषीहरु रहेका छन् । यहाँ भाषा किटान नभएका मानिसहरु (२१५) को सङ्ख्या पनि ठुलै देखिएको छ । अन्य विविध भाषा बोल्ने मानिसहरुको   सङ्ख्या भने १५ मात्र रहेको छ । यस गाविसमा ५ वर्षमाथिको जनसङ्ख्या ४,२३१ रहेकोमध्ये पुरुष २,११४ र महिला २,११७ रहेका छन् । यीमध्ये पढ्न र लेख्न दुबै जान्ने मानिसको सङ्ख्या १,५८९ रहेको छ भने पढ्न मात्र जान्नेको सङ्ख्या ८८ मात्र रहेको छ । पढ्न लेख्न दुबै नजान्ने निरक्षरहरुको सङ्ख्या भने २,५३३ अत्यधिक रहेको छ । पढाइ र लेखाइ किटान नभएको सङ्ख्या भने १ मात्र रहेको देखिन्छ । त्यस्तै जम्मा ३७.५६ साक्षरता प्रतिशत रहेको यहाँ ५०.०५ पतिशत पुरुष र २५.०८ प्रतिशत महिलाहरु साक्षर देखिएका छन् ।

यस गाविसमा प्राथमिक (१-५) तहको शिक्षा हासिल गर्ने छात्रछात्राहरु (१,१४६) को सङ्ख्या अत्यधिक देखिएको छ । त्यसपछि क्रमशः निम्नमाध्यमिक (३९१), माध्यमिक (१८०), एसएलसी (१०५), प्रमाणपत्र (६१), स्नातक (१८), स्नातकोत्तर (४) र अन्य (३) को सङ्ख्या रहेको छ । यहाँ अनौपचारिक शिक्षातर्फको अवस्था शून्य देखिएको छ । कुनै पनि तह किटान नभएकाहरु भने १० जना मात्र रहेका छन् । ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्यालाई विद्यालय उपस्थितिका वर्षका आधारमा वर्गीकरण गरेर हेर्दा जम्मा २,२९९ सङ्ख्यामध्ये १,१६७ जना पुरुष र १,१३२ महिला रहेका छन् । तीमध्ये विद्यालय जानेको सङ्ख्या पुरुषतर्फ ५२२ र महिलातर्फ ३७७ गरी ८९९ मात्र रहेको

छ भने नजानेको सङ्ख्या पुरुषतर्फ ५६७ र महिलातर्फ ६६१ गरी १,१३८ अझ बढी पाइएको छ । जाने र नजाने किटान नभएकाहरुको (पुरुष ७८ र महिला ८४) को सङ्ख्या (१६२) पनि पर्याप्त नै देखिएको छ ।

## अभिभावकको सामाजिक र शैक्षिक अवस्था

यस विद्यालयमा पढ्ने विद्यार्थीका अधिकांश अभिभावकहरु निरक्षर देखिए । केही अनिभभावकहरु साक्षर र थोरै अभिभावकहरु मात्र शिक्षित पाइए । त्यस्तै नगन्य सङ्ख्यामा रहेका बाहेक सबैजसो अभिभावकहरु निम्न तथा निम्न मध्यम वर्गीय आर्थिक अवस्थाका देखिए । यसर्थ पनि पढाइमा पारिवारिक सहयोग अत्यन्तै कम रहेको पाइयो । कृषिबाट थोरै मात्र आय आर्जन भएका अभिभावकहरुको बाहुल्य रहेकै कारण अधिकांश विद्यार्थीहरु घरको अशान्त र अर्ध शान्त वातावरणबाट पीडित रहेको पाइयो । अभिभावकको सामाजिक स्तर पनि कमजोर देखियो । पारिवारिक संरचनाका दृष्टिले अधिकांश बाल बालिकाहरु एकल परिवारमा हुर्केका कारण घरमा कामको चाप निकै व्यहोर्नुपरेकाले पढाइमा चाहे जति प्रगति गर्न नसकेको मात्र होइन नियमित उपस्थित हुने कुरामा पनि समस्या झेल्दै आएको देखियो । काममा सहयोग पुग्छ भन्ने आशाले दुईभन्दा बढी सन्तान जन्माउने भएकै कारण छोराछोरीको पढाइप्रति खासै चासो र चिन्ता रहने गरेको देखिएन ।

छलफलको क्रममा उनीहरुले बताए अनुसार यस विद्यालयलाई आजसम्म चन्दाको नाममा एक पैसा नदिएको मात्र होइन आवश्यक पर्ने जमिन समेत उपलब्ध गराएको पाइएन । गरिबीको रेखामुनि रहेका र अझ धेरैजसो त दलित तथा पछिडिएको समुदायका बाल बालिकाहरु पढ्ने हुनाले विद्यालय क्रियाकलापमा अभिभावकको सहयोग आंशिक मात्र रहेको देखियो । विद्यालय निर्णय र कार्यान्वयनमा अभिभावकको सहयोग नियमित रहेको भनिए पनि व्यवहारमा त्यस्तो हुनसक्ने सम्भावना देखिएन । यसर्थ अभिभावकको तर्फबाट विद्यालयको अनुगमन र निरीक्षणको पक्ष पनि अत्यन्त न्यून पाइयो । बोलाउँदा समेत नआउने अभिभावकहरुको गुनासो सुनुवाइको पक्ष पनि उनीहरुकै बेवास्ताका कारण कमजोर देखियो । हाल आएर प्रधान अध्यापकको सक्रियताका कारण वर्षको एक पटक नियमित आयोजना हुने शिक्षक विद्यार्थी ऱ्याली र घरदैलो कार्यक्रमका कारण अभिभावकको पूर्व धारणा, सामाजिक चेतना र शैक्षिक गतिविधि सम्बद्ध विचार क्रमशः परिवर्तन उन्मुख हुँदै गएको पाइयो ।

## विद्यालयको भौतिक अवस्था

सर्लाही जिल्लाको मा रहेको जमुनाहा विद्यालयको स्थापना प्राथमिक विदयालयका रूपमा विसं २०२७ सालमा भएको पाइयो । त्यस ठाउँको एक मात्र सामुदायिक विद्यालयका रूपमा रहेको भए पनि समयको लामो अन्तरालसम्म कक्षोन्नति भएकोदेखिएन । स्थापनाको झन्डै ४० वर्षपछि २०६७ सालमा आएर बल्ल यसले निम्न माध्यमिक विद्यालयको स्वीकृति प्राप्त गरेको पाइयो । यस विद्यालयको हालको भौतिक पक्षको अवलोकन गर्दा यो घेराबारासहितको २ कट्ठा १० धुर जमिनको हाताभित्र सीमित देखियो । यसलाई तालिका २ मा सूत्रबद्ध गरिएको छ ।

**तालिका २**

| क्रसं | विवरण | सङ्ख्या | पर्याप्तता | अपर्याप्तता | मर्मत रसुधार | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | ३ | | ✓ | ✓ | थप्नुपर्ने |
| २. | कक्षाकोठा | ८ | | ✓ | ✓ | थप्नुपर्ने |
| ३. | डेक्स बेन्च | १०० जोर | | ✓ | ✓ | थप्नुपर्ने |
| ४. | शौचालय | ३ | | ✓ | ✓ | थप व्यवस्थापन |
| ५. | छात्रा शौचालय | १ | | ✓ | ✓ | थप्नुपर्ने |
| ६ | विद्यालय कम्पाउन्ड र घेराबारा | १ | | ✓ | ✓ | |
| ७. | शुद्ध खानेपानी | १ | | ✓ | ✓ | थप्नुपर्ने |
| ८. | खेल मैदान | ० | | | | नयाँ बनाउनुपर्ने |
| ९. | विज्ञान प्रयोगशाला | ० | | | | नयाँ बनाउनुपर्ने |
| १०. | कम्प्युटर ICT प्रयोगशाला | ० | | | | नयाँ बनाउनुपर्ने |
| ११. | पुस्तकालय | ० | | | | नयाँ बनाउनुपर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

तिनओटा एक तले साना ठुला भवनभित्र कार्यालय कक्षसहित ९ ओटा कोठामध्ये ८ ओटा कोठालाई कक्षा कोठाका रूपमा व्यवहार गरिएको पाइयो । यस शिक्षण संस्थाको घेराबारा र सुरक्षा राम्रो रहेको देखियो । हुनत यो जेठ महिनाको समय भएको र त्यसमाथि पनि त्यही साँघुरो विद्यालयको हाताभित्रै सानोतिनो निर्माणको काम थालिएकाले त्यहाँ केही मात्रामा हिलो र पानी जमेको पाइयो । अन्य ठाउँको सरसफाइ सामान्यतः राम्रो देखिए पनि प्रधान अध्यापक र शिक्षकहरुका लागि छुट्याइएको कोठामा नै निर्माण लगायत सम्पूर्ण पाठ्यपुस्तक तथा कार्यालयीय सामग्रीहरु राखिएकाले उक्त कोठा व्यवस्थापकीय दृष्टिले उपयुक्त देखिएन जुन त्यहाँको वाध्यता थियो । अन्य कक्षाको व्यवस्थापन भने उपयुक्त नै पाइयो ।

यस विद्यालयको भौतिक पूर्वाधार पर्याप्त देखिएन । कक्षाकोठाहरु भने प्रअ र शिक्षकहरु एउटै कोठामा बसेको हकमा लागभग पुग्ने गरी नै व्यवस्थापन गरिएको देखियो । खेल मैदान, बगैँचा/हरियाली तथा सजाओटका दृष्टिले भने त्यस विद्यालयको अवस्था अत्यन्त कमजोर पाइयो । विद्यार्थीहरुका लागि आवश्यक पर्ने फर्निचरहरुको सङ्ख्या मात्र होइन उपयुक्ताका दृष्टिले हेर्दा यस विद्यालयको अवस्था कमजोर अनुभव भयो । यसै गरी कक्षाकोठाको साजसज्जा, स्वनिर्मित र खरिद गरिएका शैक्षिक सामग्रीहरुको व्यवस्थापन, लेख्ने श्यामपाटीको अवस्था आदि शैक्षिक वातावरण निर्माण गर्ने अत्यावश्यक कुराहरुको अवस्था पनि तुलनात्मक रूपमा कमजोर नै देखियो ।

## विद्यालयको शैक्षिक अवस्था

यस विद्यालयको शैक्षिक पक्ष राम्रो पाइयो । विद्यालयका वर्तमान प्रधान अध्यापक हृदय नारायण यादव स्वयम्मा उद्देश्यमूलक नेतृत्व गर्न सक्ने कुशल व्यक्तिका रूपमा परिचित देखिए । विद्यालयको उन्नति र प्रगतिका लागि सधैँ क्रियाशील रहने उनी योग्य, सक्षम र सक्रिय पनि पाइए । उनैबाट विषय शिक्षकहरुको व्यवस्थापनमा समेत उचित ध्यान पुऱ्याइएको देखियो तर नेपाली विषयको पठनपाठनमा भने विषय मिलेको देखिएन । त्यस विषयका लाीग भनेर व्यवस्था गरिएका शिक्षकले भने शिक्षा योजना तथा व्यवस्थापन विषयमा एमएड गरेका थिए । आठ पासदेखि स्नातकोत्तर तह उत्तीर्णसम्मको योग्यता भएका १३ जना शिक्षक र १ जना कर्मचारी गरी १४ जनामध्ये ८ जनाले मात्र तालिम लिएको देखियो । यसरी हेर्दा कर्मचारीसहित १० जना स्थानीय र ४ जना छिमेकी गाउँ तथा ठाउँबाट आएका शिक्षकहरु कार्यरत देखिए । समग्रमा दुई वर्षदेखि ३६ वर्षसम्मको अनुभव सँगालेका शिक्षकहरु रहेको यस विद्यालयको भौतिक एवम् आर्थिक अवस्था

निकै कमजोर देखिए पनि शैक्षिक अवस्था भने तुलनात्मक रूपमा सबल पाइयो । यसलाई तालिका ३ बाट थप प्रस्ट पारिएको छ ।

**तालिका ३**

| क्रसं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | शिक्षा नियमावली अनुसार विव्यसको गठन | ✓ | | |
| २. | शिक्षा नियमावली अनुसार शिअसको गठन | | ✓ | |
| ३. | शिक्षा नियमावली अनुसार प्रअको नियुक्ति | ✓ | | |
| ४. | शिक्षा नियमावली अनुसार सामाजिक परीक्षण | ✓ | | कमजोर |
| ५. | वार्षिकोत्सव र अभिभावक भेला | ✓ | | कहिले काहीँ |
| ६. | सरोकारवालाबिच सुनुवाइको व्यवस्था | ✓ | | कमजोर |
| ७. | शिक्षा नियमावली अनुसारको आचारसंहिता निर्माण | ✓ | | मौखिक |
| ८. | विव्यसको बैठक आयोजना | ✓ | | पातलो |
| ९. | निरीक्षक र स्रोत व्यक्तिबाट समय समयमा विद्यालयको निरीक्षण, अनुगमन प्राविधिक सहयोग | ✓ | | प्रशासनिक काम केद्रित |
| १०. | विव्यस र शिअसबाट विद्यालय अवलोकन र अनुगमन | | ✓ | |
| ११. | विद्यालयमा प्राथमिक उपचारको व्यवस्था | ✓ | | कमजोर |
| १२. | विद्यालयमा प्राथमिक स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण तथा खोपको व्यवस्था | ✓ | | पातलो |
| १३. | विद्यार्थी दिवा खाजाको व्यवस्था | | ✓ | |
| १४. | विद्यार्थी दिवा चमेना गृहको व्यवस्था | | ✓ | |

(स्रोत : क्षेत्रकार्य २०७३)

## विद्यालयको आर्थिक अवस्था

यस विद्यालयको आर्थिक अवस्था त्यति सबल देखिएन । सर्लाही जिल्ला शिक्षा कार्यालयको सहयोगमा ५ कोठे भवन, नेपाल जापान सहयोगमा २ कोठे भवन र गरिबी विवारण कोषको

सहयोगमा २ कोठे भवन निर्माण भएपछि यस विद्यालयले १ देखि ८ कक्षासम्मको पठनपाठन तिनै भवनबाट गर्दै आएको पाइयो । यस विद्यालयसँग हाल ४ बिघा २ कट्टा जमिन रहेको देखियो । सो जमिनमध्ये २ कट्ठा १० धुर जमिनमा विद्यालय रहेको अन्य सबै जमिन माछा पोखरीका रूपमा रहेको बताइयो । तिनै ५ ओटा माछा पोखरीबाट रु १,०२,००० (एक लाख दुई हजार) वार्षिक आमदानी हुँदै आएको जानकारी गराइयो । सोही आमदानीबाट यस विद्यालयले दुई जना निम्न माध्यमिक तह निजी स्रोतमा र तिन जना बाल विकासका शिक्षकहरुलाई कम तलबमा केही थपेर काम गराउँदै आएको देखियो । कतिपय नियमित खर्च भने सरकारले दिएको मसलन्द खर्चलाई बचाएर गरिँदै आएको कुरा प्रधान अध्यापकबाट जानकारी पाइयो । सबै विद्यार्थीहरु निशुल्क पढ्ने हुनाले अन्य आमदानीका स्रोतहरु विद्यालयसँग रहेको देखिएन ।

कक्षोन्नति गर्नुपर्दा जमिनले पुग्छ भनी प्रश्न गर्दा विद्यालय पछाडितिरको जमिन माछा पोखरीसँग साट्ने वा जमिन दाताहरुसँग दानमा दिन आग्रह गर्ने योजना रहेको कुरा सुनाइयो । स्थानीय बासीहरुसँग नगद दान दातव्य सङ्कलन गरेर जमिन खरिद गर्न सकिँदैन भनी प्रश्न गर्दा सम्बद्ध पक्षबाट **एक पैसा शुल्क नलिई छोराछोरी पढाइदिन्छौँ पठाऊ भन्दा त नपठाउने अभिभावकहरुबाट पैसा उठाउने कुरा कसरी सम्भव होला र** भन्ने जवाफ पाइयो ।

# पृथ्वी विद्यालय धनुषा

## भौगोलिक अवस्था

धनुषा जनकपुर अञ्चलमा पर्ने मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत घना बस्ती रहेको तराईको उर्वर क्षेत्रमा पर्ने महत्त्वपूर्ण जिल्ला हो । नेपालको मध्यपूर्वको दक्षिणी भागमा भारतीय सीमासँग च्यापिएर रहेको यो जिल्लाका सबै भाग तराईमा पर्दछन् । नेपालको कुल भूभागको ०.८० प्रतिशत भाग र कुल जनसङ्ख्याको २.९ प्रतिशत ओगटी जनसङ्ख्याका हिसाबले पाँचौं स्थानमा पर्ने यस जिल्लामा विभिन्न ९३ जात जातिका मानिसहरु बसोबास गर्दछन् । भौगोलिक, सामाजिक र सांस्कृतिक विविधताका कारण देश विदेशमा परिचित यस जिल्लामा भारतको सीमावर्ती शहर जयनगरसम्म रेल सेवा सुचारु रहेको छ ।  यसको नामकरण जनक वंशका बाइसौं राजा शीरध्वजकी छोरी सीतालाई अयोध्याका राजा दशरथका छोरा माग्न आएका बेला परशुरामको धनुषमा ताँदो चढाउन लाग्दा धनुष टुक्रिएको र त्यसको एक टुक्रा खसेको स्थानलाई धनुषा भन्न थालियो भन्ने जनश्रुति रहेको छ । धनुषा धाम आज पनि महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित देखिन्छ । त्यही धार्मिक तथा ऐतिहासिक स्थानको नामबाट यसको नामकरण भएको भन्ने मान्यता रहेको पाइन्छ ।

भौगोलिक अवस्थितिलाई हेर्दा यो २५.३५” उत्तरदेखि २७.५” उत्तर अक्षांश र ८५.५” पूर्वदेखि ८६.२” पूर्व देशान्तर रेखामा अवस्थित छ । यसका सीमानाका रूपमा पूर्वमा सिराहा, पश्चिममा महोत्तरी, उत्तरमा सिन्धुली र दक्षिणमा भारतको बिहार राज्यको सीमावर्ती शहर जयनगर रहेका छन् । १,१९० वर्ग किलोमिटर (२,२१,७४६ हेक्टर) क्षेत्रफल ओगटेको यस जिल्लाको उत्तर-दक्षिण औसत लम्बाइ ४५.२७ किमि र पूर्व-पश्चिम औसत चौडाइ २७.४७ किमि रहेको छ । यसको अधिकतम लम्बाइ ५८ र न्यूनतम लम्बाइ ३९ किमि तथा अधिकतम चौडाइ ३४ र न्यूनतम चौडाइ २२ किमि रहेको छ ।

यस जिल्लाको हालको सदरमुकाम जनकपुर रहेको छ । जनकपुर यस जिल्लाको मुख्य सहर, व्यापारिक केन्द्र तथा तीर्थस्थलका रूपमा परिचित पनि छ । २०६८ सालको जनगणना अनुसार ७,५४,७७७ जनसङ्ख्या रहेको यस जिल्लामा १०१ गाविस र २ ओटा नगरपालिका रहेका छन् । यस जिल्लामा हाल ७ ओटा निर्वाचन क्षेत्र रहेका छन् । यहाँको कुल जमिनमध्ये ६८.३ प्रतिशत जमिन खेतीमा प्रयोग भएको देखिन्छ । यहाँका अधिकांश मानिसहरुको मुख्य पेसा पनि कृषि नै रहेको छ ।

यहाँ विद्यालय जाने उमेर समूहका केटाकेटीहरुलाई विद्यालय नगई खेतीपाती, फुटपाथ र सडकहरुमा कठीनतम श्रम गरिरहेको अवस्थामा देख्न सकिन्छ ।

उक्त १०१ गाविसमध्ये पृथ्वी विद्यालय रहेको गाविसको यस जिल्लाको मुख्य सहर तथा सदरमुकाम जनकपुरदेखि लगभग १३ किमिको दूरीमा पर्दछ । यस गविसमा १,२४३ घरधुरी रहेका छन् । यसमा पुरुषको भन्दा महिलाको सङ्ख्या बढी देखिएको छ । २०६८ सालको जनगणना अनुसार ६,९०२ कुल जनसङ्ख्यामध्ये यस गाविसमा ३,३५१ जना पुरुष र ३,५५१ जना महिला बसोबास गर्दछन् । प्रतिघर ५.५५ औसत जनसङ्ख्या रहेको यस गाविसमा सबभन्दा बढी जनसङ्ख्या केवेट (१,८७४) जातिको रहेको छ । त्यसपछि क्रमशः यादव (७२४) मुसलमान (४९२), बिन (४२७), तेली (४११), धानुक (३९०), मुसहर (३७५), बराई (३१५), सुधी (३०८), गुरुङ, (२६७), पासवान (२६२), ठाकुर (१२३), भेधार (११६), कुमाल (६३), तात्व (४८), कायस्थ (४४), क्षेत्री (३०) ढोली (१६), ठकुरी (१४), ठाकुर (१७), तराई ब्राह्मण (१६), अन्य (५२) र तराई अन्य (१५८) को जनसङ्ख्याभित्र विभिन्न जातजातिका मानिसहरु स्थायी बसोबास गर्दछन् ।

यस गाविसमा मैथिली मातृभाषी समुदाय (६,५६९) को बाहुल्य रहेको देखिन्छ । त्यसपछि क्रमशः गुरुङ (२६७), नेपाली (२७) र डोटेल (१४) मातृभाषीहरु रहेका छन् । यहाँ भाषा किटान नभएका मानिसहरु (२५) को सङ्ख्यामा देखिएका छन् । यस गाविसमा ५ वर्षमाथिको जनसङ्ख्या ६,१३१ रहेकोमध्ये पुरुष २,९५१ र महिला ३,१८० रहेका छन् । यीमध्ये पढ्न र लेख्न दुबै जान्ने मानिसको जम्मा सङ्ख्या ३,९५७ रहेको छ भने त्यसमा पुरुषको सङ्ख्या १,८५२ र महिलाको सङ्ख्या १,१०५ रहेको छ । पढ्न मात्र जान्नेको सङ्ख्या जम्मा १३७ रहेकामा पुरुषको सङ्ख्या ६० र महिलाको सङ्ख्या ७७ रहेको छ । पढ्न लेख्न दुबै नजान्ने निरक्षरहरुको सङ्ख्या भने ३,०३६ रहेको छ जुन अत्यधिक मान्न सकिन्छ । यसभित्र पुरुषको सङ्ख्या १,०३९ र महिलाको सङ्ख्या १,९९७ तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । पढाइ र लेखाइ किटान नभएकामा १ महिला रहेको देखिन्छ । त्यस्तै जम्मा ४८.२३ साक्षरता प्रतिशत रहेको यस गविसमा ६२.७६ प्रतिशत पुरुष र ३४.७५ प्रतिशत महिलाहरु साक्षर रहेका छन् ।

यस गाविसमा विद्यालय उपस्थितिलाई आधार बनाउँदा जम्मा जनसङ्ख्या ३,०९९ मध्ये सुरु चरणका ८८ जनालाई छोडेर प्राथमिक (१-५) तहको शिक्षा हासिल गर्ने छात्रछात्राहरु (१,३५८) को सङ्ख्या अत्यधिक देखिएको छ । त्यसपछि क्रमशः निम्न माध्यमिक (६३२), माध्यमिक (३३७), एसएलसी (२८२), प्रमाणपत्र (१२६), स्नातक (४७), स्नातकोत्तर (८) र अन्य (६) को सङ्ख्यामा

रहेको छ । यहाँ अनौपचारिक शिक्षातर्फ ४४ जना देखिएका छन् । कुनै पनि तह किटान नभएकाहरु भने ७५ जना रहेका छन् । ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्यालाई विद्यालय उपस्थितिको वर्षका आधारमा वर्गीकरण गरेर हेर्दा जम्मा ३,०९९ जनसङ्ख्यामध्ये १,५०४ जना पुरुष र १,५९५ जना महिला रहेका छन् । तीमध्ये विद्यालय जानेको सङ्ख्या पुरुषतर्फ ९६८ र महिलातर्फ ७३७ गरी १,७०५ मात्र रहेको छ भने नजानेको सङ्ख्या पुरुषतर्फ ४८६ र महिलातर्फ ८०६ गरी १,२५२ रहेको देखिन्छ । जाने र नजाने किटान नभएकाहरुको (पुरुष ५० र महिला ५२) को सङ्ख्या (१०२) पनि पर्याप्त देखिएको छ ।

## अभिभावकको सामाजिक र शैक्षिक अवस्था

यस विद्यालयमा पढ्ने विद्यार्थीका अधिकांश अभिभावकहरु निरक्षर देखिए । केही अभिभावकहरु साक्षर तर थोरै अभिभावकहरु मात्र शिक्षित पाइए । नगन्य सङ्ख्यामा रहेका बाहेक सबैजसो अभिभावकहरु निम्न तथा निम्न मध्यम आर्थिक अवस्थाका देखिए । पढाइमा पारिवारिक सहयोग अत्यन्तै कम रहेको पाइयो । कृषिबाट थोरै मात्र आय आर्जन भएका अभिभावकहरुको बाहुल्य रहेकै कारण अधिकांश विद्यार्थीहरुको घरको वातावरण शैक्षिक दृष्टिले सिकाइ मैत्री देखिएन । अभिभावकको सामाजिक स्तर पनि कमजोर खालको पाइयो । पारिवारिक संरचनाका दृष्टिले आधा जति बाल बालिकाहरु एकल परिवार र आधा जति बाल बालिकाहरु हजुरबा आमासहितको परिबारमा हुर्केका कारण घरमा कामको चाप बढी नै रहेको पाइयो । त्यस कारण पढाइमा चाहे जति प्रगति गर्न नसकेको मात्र होइन नियमित उपस्थितिमा पनि समस्या देखियो । काममा सहयोग पुग्छ भन्ने आशाले दुईभन्दा बढी सन्तान जन्माउने कारणले गर्दा पनि छोराछोरीको पढाइप्रति खासै चासो र चिन्ता रहने गरेको छलफलबाट बुझिएन ।

छलफलको क्रममा उनीहरुले बताएअनुसार यो विद्यालय सिङ्गो गाविसको ठुलो सामुदायिक विद्यालयका रूपमा रहेको हुनाले यसको भौतिक विकासमा अभिभावकहरुले गाँस काटेर भए पनि सहयोग गर्ने गरेको पाइयो । गरिबीको रेखामुनि रहेका र अझ धेरैजसो दलित परिबारका बाल बालिकाहरु पढ्ने हुनाले विद्यालय क्रियाकलापमा अभिभावकको सहयोग आंशिक मात्र रहने गरेको देखियो । विद्यालय निर्णय र कार्यान्वयनमा अभिभावकको सहयोग नियमित रहेको भनिए पनि व्यवहारमा त्यस्तो हुनसक्ने सम्भावना रहेको पाइएन । यसर्थ अभिभावकको तर्फबाट विद्यालयको अनुगमन र निरीक्षणको पक्ष पनि अत्यन्त न्यून रहेको देखियो । बोलाउँदा समेत नआउने अभिभावकहरुको गुनासो सुनुवाइको पक्ष पनि उनीहरुकै बेवास्ताका कारण कमजोर पाइयो । यति

हुँदाहुँदै पनि त्यो गाविस विद्यालयदेखि उच्च शिक्षाको भरपर्दो विकल्प बन्दै गएको हुनाले र त्यस विद्यालयले थुप्रै कमी कमजोरीका बिचमा पनि त्यस किसिमको आवश्यकता परिपूर्तिको जमर्को गरिरहेको हुनाले अभिभावकको पूर्व धारणा, सामाजिक चेतना र शैक्षिक गतिविधिहरुमा क्रमशः परिवर्तन हुँदै गएको देखियो ।

## विद्यालयको भौतिक अवस्था

धनुषा जिल्लाको श्री पृथ्वी विद्यालय गाविसको एक मात्र सामुदायिक विद्यालय हो । यस विद्यालयको भवनमै कलेज पनि रहेको छ । समयको मागसँगै कक्षोन्नति गर्दै लगेको यस विद्यालयको हालको भौतिक पक्षको अवलोकन गर्दा यो घेराबारासहितको करिब ३ बिघा जमिनको हाताभित्र फैलिएको देखिन्छ । १९ ओटा कोठाको ठुलो भवन र अन्य साना ठुला भवनमा ६ गरी जम्मा २५ कोठा रहेको यसमा प्राथिमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक र स्नातक गरी पाँच ब्लक रहेका छन् ।

यसको घेराबारा र सुरक्षा राम्रो देखिएको छ । बाल विकासदेखि स्नातकसम्मको पठन पाठन हुने यस विद्यालयमा सरसफाइको पक्ष भने नाजुक (मानौ यो विद्यालय पठनपाठनको थलो नभई फोहर, चिट, कागज अदिको सङ्ग्रहालय मात्र हो जस्तो भान हुन्यो) देखिएको छ । भवन र कक्षाको पर्याप्तता र शिक्षक दरबन्दीका हिसाबले भने उपयुक्त देखिएको छ । भूकम्पका कारण क्षति पुगेका पुराना दुई भवनको मर्मत भने गर्नुपर्ने देखिएको छ । यस विद्यालयको समग्र भौतिक अवस्थालाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४

| क्रसं | विवरण | सङ्ख्या | पर्याप्तता | अपर्याप्तता | मर्मत सुधारको अवश्यकता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | ३ | ✓ | | ✓ | पुराना भवन |
| २. | कक्षाकोठा | २५ | ✓ | | ✓ | सरसफाइ कम |
| ३. | फर्निचर | १५० जोर | ✓ | | ✓ | थप्नु नपर्ने |
| ४. | शौचालय | ६ | ✓ | | ✓ | अव्यवस्थित |
| ५. | छात्रा शौचालय | ३ | ✓ | | ✓ | अव्यवस्थित |
| ६. | विद्यालय कम्पाउन्ड र घेराबारा | १ | ✓ ✓ | | ✓ | थप व्यवस्थापन |
| ७. | शुद्ध खानेपानी | ३ | | | ✓ | थप व्यवस्थापन |
| ८. | खेल मैदान | १ | ✓ | | ✓ | थप व्यवस्थापन |
| ९. | विज्ञान प्रयोगशाला | १ | ✓ | | ✓ | थप व्यवस्थापन |
| १०. | कम्प्युटर ICT प्रयोगशाला | १ | | ✓ | ✓ | थप्नुपर्ने |
| ११. | पुस्तकालय | १ | | ✓ | ✓ | थप व्यवस्थापन |

(स्रोत : क्षेत्रकार्य २०७३)

समग्रमा हेर्दा विद्यालयको भौतिक पूर्वाधार पर्याप्त देखियो । कक्षाकोठाहरु पुग्ने गरी नै व्यवस्थापन गरिएको पाइयो । खेल मैदानका लागि पर्याप्त ठाउँ भएर पनि निर्माण र व्यवस्थापनका हिसाबले अपुग दखियो । बगैँचा/हरियाली तथा सजाओटका दृष्टिले त्यस विद्यालयको अवस्था व्यवस्थापकीय हिसाबले ध्यान नपुग्दा ठिकै मात्र देखियो । विद्यार्थीहरुका लागि आवश्यक पर्ने फर्निचरहरुको

सङ्ख्या मात्र होइन उपयुक्ताको कसीमा हेर्दा यस विद्यालयको अवस्था सबल नै अनुभव भयो । यसै गरी कक्षाकोठाको साजसज्जा, स्वनिर्मित र खरिद गरिएका शैक्षिक सामग्रीहरुको व्यवस्थापन, लेख्ने श्यामपाटीको अवस्था आदि शैक्षिक वातावरण निर्माण गर्ने अत्यावश्यक कुराहरुको व्यवस्थापनको पक्षमा भने भौतिक संरचना जुटाउनमा जसरी ध्यान पुगेको देखिएन ।

## विद्यालयको शैक्षिक अवस्था

यस विद्यालयको १८ जना शिक्षकहरु कार्यरत रहेको यस विद्यालयको शैक्षिक पक्ष निकै नै कमजोर पाइयो । विद्यालयका वर्तमान प्रधान अध्यापक रामललन झा स्वयम्मा उद्देश्यमूलक नेतृत्व गर्न सक्ने कुशल व्यक्तिका रूपमा परिचित हुनसक्ने योग्यता भए पनि शैक्षिक प्रशासनका दृष्टिले त्यस्तो नेतृत्व गर्न सकेको देखिएन । विद्यालयको उन्नति र प्रगतिका लागि आफू सधैं क्रियाशील रहेको भनिए पनि र उनी शिक्षामा योग्य तथा शिक्षणमा सक्षम देखिए पनि प्रशासनमा भने अपेक्षाकृत सक्रिय र सक्षम नरहेको भन्ने विव्यसका पूर्व अध्यक्षबाट जानकारी पाइयो । एसएलसीमाथि स्नातकोत्तर तहसम्मको शिक्षा उत्तीर्ण योग्यता भएका यस विद्यालयका ९५ पतिशत शिक्षकहरुले तालिम लिएको पाइयो । यस विद्यालयको भौतिक एवम् आर्थिक अवस्था सबल भएर पनि शैक्षिक अवस्था निकै कमजोर देखिनुको कारणका रूपमा विव्यसका पूर्व अध्यक्षबाट प्रअको प्रशासनिक भूमिकामाथि प्रश्न उठाइयो । अतः यस विद्यालयको मोटामोटी शैक्षिक व्यवस्थालाई तालिका ५ मा देखाएको छ ।

तालिका ५

| क्रसं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | शिक्षा नियमावली अनुसार विव्यसको गठन | | ✓ | गर्न बाँकी |
| २. | शिक्षा नियमावली अनुसार शिअसको गठन | | ✓ | गर्न बाँकी |
| ३. | शिक्षा नियमावली अनुसार प्रअको नियुक्ति | ✓ | | सामान्य |
| ४. | शिक्षा नियमावली अनुसार सामाजिक परीक्षण | ✓ | | कमजोर |
| ५. | वार्षिकोत्सव र अभिभावक भेला | ✓ | | पातलो |
| ६. | सरोकारवालाबिच सुनुवाइको अवस्था | ✓ | | कमजोर |

| | | | | |
|---|---|---|---|---|
| ७. | शिक्षा नियमावली अनुसारको आचारसंहिता निर्माण | ✓ | | मौखिक |
| ८. | विव्यसको बैठक आयोजना | | ✓ | विव्यस नै छैन |
| ९. | निरीक्षक र स्रोत व्यक्तिबाट समय समयमा विद्यालयको निरीक्षण, अनुगमन प्राविधिक सहयोग | ✓ | | प्रशासनिक काम केद्रित |
| १०. | विव्यस र शिअसबाट विद्यालय अवलोकन र अनुगमन | | ✓ | दुबै छैनन् |
| ११. | विद्यालयमा प्राथमिक उपचारको व्यवस्था | ✓ | | थप व्यवस्थापन |
| १२. | विद्यालयमा प्राथमिक स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण तथा खोपको व्यवस्था | ✓ | | थप व्यवस्थापन |
| १३. | विद्यार्थी दिवा खाजाको व्यवस्था | | ✓ | गर्नुपर्ने |
| १४. | विद्यार्थी दिवा चमेना गृहको व्यवस्था | | ✓ | गर्नुपर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

## विद्यालयको आर्थिक अवस्था

यस विद्यालयको आर्थिक अवस्था सबल देखियो । हेर्दा आधुनिक र व्यवस्थित १९ कोठे भवन निर्माण भएपछि यस विद्यालयले १ देखि १२ कक्षासम्म विद्यालय तह र विज्ञान, मानविकी र शिक्षाको स्नातक तहको पठनपाठन यसै भवनबाट गर्दै आएको पाइयो । यस विद्यालयसँग हाल ३ बिघा जमिन र अन्य भौतिक पूर्वाधार पर्याप्त रहेको देखियो । कतिपय नियमित खर्च भने सरकारले दिएको मसलन्द खर्चलाई बचाएर गरिँदै आएको कुरा प्रधान अध्यापकबाट जानकारी पाइयो । यसबाहेक चन्दास्वरूप उठाइएको र मसलन्द खर्चबाट बचाएर पूर्व विव्यसबाट हस्तान्तरण गरिएको रु ४२,००,००० ।- (बयालिस लाख मात्र) रकम छ भनिए पनि हाल कति वचत रहेको छ भन्ने कुरा अध्ययनबाट खुल्न आएन ।

# शिव विद्यालय, सुनसरी

## भौगोलिक अवस्था

सुनसरी कोसी अञ्चलमा पर्ने पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत अत्यधिक जनसङ्ख्या रहेको तराई प्रदेशको महत्त्वपूर्ण जिल्ला हो । यस जिल्लाको पूर्वमा बुढी खोला र पश्चिममा सप्तकोसी नदी सीमाका रूपमा बगेका छन् । यसको नामकरण भरौल गाविस क्षेत्रको चारकोसे झाडीबाट उत्पत्ति भएको **सुनसरी नदी**को नामबाट भएको मानिन्छ । यो नदी भरौल, बक्लौरी, सिँगिया, भोक्राहा, नरिसिंह र जल्पापुर हुँदै भारततिर बगेको छ । यो २६.२३" उत्तरदेखि २६.५५" उत्तर अक्षांश र ८७.५" पूर्वदेखि ८७.१६" पूर्व देशान्तर रेखामा अवस्थित छ । यसका सीमानाका रूपमा पूर्वमा मोरङ्ग, पश्चिममा सप्तकोसी नदी, उत्तरमा धनकुटा जिल्लाको भेडेटार र दक्षिणमा भारतको बिहार राज्य रहेका छन् । १२५७ (१२७०७६ हेक्टर जमिन) वर्ग किलो मिटर क्षेत्रफल ओगटेको यो जिल्ला दक्षिणमा समुद्र सतहदेखि १५२ मिटर र उत्तर ९१४ मि उचाइमा रहेको छ । यस जिल्लामा मुख्यतः राई, लिम्बू, बाहुन, क्षेत्री, थारू, सतार आदि जातजातिका मानिसहरुको बसोबास रहेको छ । यसको औसत लम्बाइ ४४ किमि र औसत चौडाइ ४५ किमि रहेको छ । यसको करिब ६४.५ प्रतिशत जमिन खेतीमा प्रयोग भएको छ ।

भौगोलिक हिसाबले यस जिल्लालाई उत्तरतर्फ रहेको पहाडी प्रदेश, बिचमा रहेको भावर प्रदेश र दक्षिणमा रहेको तराईको समथर मैदान गरी तिन भागमा बाँड्न सकिन्छ । यस जिल्लाको हालको सदरमुकाम भने इनरुवा रहेको छ । २०६८ सालको जनगणना अनुसार ७,६३,४८७ जनसङ्ख्या रहेको यस जिल्लामा ४९ गाविस, २ उप महा नगरपालिका, ३ नगरपालिका रहेका छन् । यो जिल्ला महाभारत पर्वत शृङ्खला, चारकोसे जङ्गल र तराईका उर्वर भागहरु मिलेर बनेको छ । यस जिल्लामा सप्तकोसी, कोकाहा, सुनसरी, बुढी, सेउती, सर्दु, खेती खोला, टेँग्रा, पकली खोला, दचकिचा, पटनाली, गडन खोला आदि नदी नालाहरु रहेका छन् ।

धार्मिक हिसाबले हिन्दू, बौध, इस्लाम, किरात, जैन, क्रिस्चियन, सिख आदि बहु धर्मावलम्वीहरु रहेको यस जिल्लामा वराहा क्षेत्र, दन्तकाली, बुढासुब्बा, शिवजट्टा, रामधुनी, विष्णु पादुका, चतरा धाम आदि प्रमुख धार्मिक क्षेत्र रहेका छन् । धरान, इटहरी, इनरुवा, दुहबी, खनार, झुम्का, महेन्द्र नगर, हरि नगर आदि यस जिल्लाका महत्त्वपूर्ण व्यापारिक केन्द्र हुन् । चिमडी दह, भेडेटार, ठिँगे

ढुङ्गा, कोसी टप्पु वन्यजन्तु आरक्षण, एभरेस्ट विज्ञान केन्द्र आदि यस जिल्लाका पर्यटकीय स्थलहरु हुन् । यस जिल्लामा हाल ६ ओटा निर्वाचन क्षेत्र रहेका छन् ।

विद्यालय रहेको वडामा २,४९६ घरधुरी रहेका छन् । यसमा पुरुषभन्दा महिलाको सङ्ख्या बढी देखिएको छ । २०६८ सालको जनगणना अनुसार ११,३७२ कुल जनसङ्ख्यामध्ये यस गाविसमा ५,२९१ जना पुरुष र ६,०८१ जना महिला बसोबास गर्दछन् । प्रतिघर ४.५६ औसत जनसङ्ख्या रहेको यस ओडामा सबभन्दा बढी जनसङ्ख्या थारू (४३२६) समुदायको रहेको छ । त्यसपछि क्रमशः मुसलमान (१,५१८), क्षेत्री (१,१८२), पहाडी ब्राह्मण (८७३), धिमाल (६१५), राई (५३७), हलुवाई (३७३), नेवार (३१७), मुसहर (२७२), तेली (२३६), कथ बनियन (२०२), कामी (१७९), धुनिया (११०), दमाईं (९६), सुधी (९२), तराई ब्राह्मण (८९), लिम्बु (८८), ठाकुर (८४), हरिजन (८२), तामाङ (६५), मगर (५९), दसनामी (५२), राजपुत (५०), भुजेल (४७), गुरुङ, (४४), बाधी (४३), मलाहा (४०), सरदार (४०), बराई (२४), कुसबाहा (२२), पासवान (१६), कलवार (१६), मारवाडी (१६), सेर्पा (१५), बङ्गाली (१५), पन्जाबी (१५), धिमाल (१४), पथर कट्टा (१३), बोटे (१२), डोम (११), र अन्य (७५) को जनसङ्ख्याभित्र ४० भन्दा बढी जात जातिका मानिसहरु स्थायी बसोबास गर्दछन् ।

यस ओडामा थारू मातृभाषी समुदाय (३,८३३) को बाहुल्य रहेको देखिन्छ । त्यसपछि क्रमशः नेपाली (३,२६२) मैथिली (२,१६१), उर्दु (१,०७२), माझी (२४०), नेवार (२२१) राई (१११), चाम्लिङ (९१), भोजपुरी (७७), लिम्बु (७२) सुनुवार (५६), बान्तवा (५५), सेर्पा (५२), दुमी (४५), साम्पाङ (३५), मगर (३५), तामाङ (३५), गुरुङ (२९), थुलुङ (२४), भुजेल (२१), बाहिङ (१७) र कोयी (१२), डोटेली (१२) र अन्य ७३ रहेका छन् । यहाँ भाषा किटान नभएका मानिसहरु (४२) पनि देखिएका छन् ।

यस ओडामा ५ वर्षमाथिको जनसङ्ख्या १०,३८२ रहेको मध्ये पुरुष ४,७८६ र महिला ५,५९६ रहेका छन् । यीमध्ये पढ्न र लेख्न दुबै जान्ने मानिसको जम्मा सङ्ख्या ७१०८ रहेको छ भने त्यसमा पुरुषको सङ्ख्या ३,७४४ र महिलाको सङ्ख्या ३,३६४ रहेको छ । पढ्न मात्र जान्नेको सङ्ख्या जम्मा २१४ रहेकामा पुरुषको सङ्ख्या ९४ र महिलाको सङ्ख्या १२० रहेको छ । पढ्न लेख्न दुबै नजान्ने निरक्षरहरुको सङ्ख्या भने ३,०५८ रहेको छ जुन धेरै नै मान्न सकिन्छ । यसभित्र पुरुषको सङ्ख्या ९४७ र महिलाको सङ्ख्या २,१११ बढी नै रहेको देखिन्छ । पढाइ लेखाइ किटान नभएको सङ्ख्या २

रहेको छ । त्यस्तै जम्मा ६८.४६ साक्षरता प्रतिशत रहेको यस ओडामा ७८.२३ प्रतिशत पुरुष र ६०.११ प्रतिशत महिलाहरु साक्षर रहेका छन् ।

यस ओडामा ५ वर्षमाथि विद्यालय उमेरको उपस्थितिलाई आधार बनाउँदा जम्मा जनसङ्ख्या ७,१७६ मध्ये सुरु चरणका २१० जनालाई छोडेर प्राथमिक (१-५) तहको शिक्षा हासिल गर्ने छात्रछात्राहरु (२,५९३) को सङ्ख्या अत्यधिक देखिएको छ । त्यसपछि क्रमशः निम्न माध्यमिक (१,५२४), माध्यमिक (१,१५५), एसएलसी (८०४), प्रमाणपत्र (३७१), स्नातक (१४४), स्नातकोत्तर (३६) को सङ्ख्यामा रहेको छ । यहाँ अनौपचारिक शिक्षातर्फ २४९ जना देखिएका छन् । कुनै पनि तह किटान नभएकाहरु भने ७८ जना रहेका छन् । ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्यालाई विद्यालय उपस्थितिको वर्षका आधारमा वर्गीकरण गरेर हेर्दा जम्मा ४,५६६ जनसङ्ख्यामध्ये २,१७० जना पुरुष र २,३९६ जना महिला रहेका छन् । तीमध्ये विद्यालय जानेको सङ्ख्या पुरुष तर्फ १,५३२ र महिला तर्फ १,४९५ गरी ३,०२७ मात्र रहेको छ भने नजानेको सङ्ख्या पुरुष तर्फ ५९७ र महिला तर्फ ८४७ गरी १,४४४ रहेको देखिन्छ । जाने र नजाने किटान नभएकाहरुको (पुरुष ४१ र महिला (५४) सङ्ख्या थोरै (९५) मात्र देखिएको छ ।

## अभिभावकको सामाजिक र शैक्षिक अवस्था

यस विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरु निरक्षर बढी र साक्षर कम देखिए । केही थोरै अभिभावकहरु मात्र शिक्षित पाइए । त्यस्तै नगन्य सङ्ख्यामा रहेका बाहेक सबैजसो अभिभावकहरु निम्न तथा निम्न मध्यम वर्गीय आर्थिक अवस्थाका देखिए । यसर्थ पनि पढाइमा पारिवारिक सहयोग कम मात्र रहेको पाइयो । कृषिबाट थोरै मात्र आय आर्जन भएका अभिभावकहरुको बाहुल्य रहेकै कारण अधिकांश विद्यार्थीहरुको घरको वातावरण शैक्षिक दृष्टिले सिकाइ मैत्री देखिएन । अभिभावकको सामाजिक स्तर पनि सामान्य खालको पाइयो । पारिवारिक संरचनाका दृष्टिले आधा जति बाल बालिकाहरु एकल परिवार र आधा जति बाल बालिकाहरु हजुरबा आमासहितको परिबारमा हुर्केका कारण घरमा कामको चाप बढी हुनु पनि स्वाभाविक थियो । यही कारण पढाइमा चाहे जति प्रगति गर्न नसकेको र नियमित उपस्थितिमा पनि समस्या देखियो । काममा सहयोग पुग्छ भन्ने आशाले दुईभन्दा बढी सन्तान जन्माउने कारणले गर्दा पनि छोराछोरीको पढाइप्रतिको चासो र चिन्ता थोरै र खेती तथा व्यवसायप्रतिको चासो र चिन्ता बढी देखियो ।

छलफलको क्रममा बताइए अनुसार यो विद्यालय ओडाको ठुलो सामुदायिक विद्यालयका रूपमा रहेको हुनाले यसको भौतिक विकासमा अभिभावकहरुले गाँस काटेर भए पनि सहयोग गर्ने गरेको पाइयो । गरिबीको रेखामुनि रहेका र अझ धेरैजसो दलित तथा पिछडिएको परिबारका बाल बालिकाहरु पढ्ने हुनाले विद्यालयको पठन पाठनमा अभिभावकको सहयोग आंशिक मात्र रहने गरेको देखियो । विद्यालय निर्णय र कार्यान्वयनमा अभिभावकको सहयोग नियमित रहेको भनिए पनि व्यवहारमा त्यस्तो हुनसक्ने सम्भावना थिएन । यसर्थ अभिभावक तर्फको विद्यालय अनुगमन र निरीक्षणको पक्ष पनि न्यून नै रहेको पाइयो । बोलाउँदा मात्र आउने अभिभावकहरुको गुनासो सुनुवाइको पक्ष पनि उनीहरुकै बेवास्ताका कारण कमजोर देखियो । यति हुँदाहुँदै पनि त्यो विद्यालय विद्यालय तहदेखि उच्च शिक्षाको भरपर्दो विकल्प बन्दै गएको हुनाले र त्यसले थुप्रै कमी कमजोरीका बिचमा पनि त्यस किसिमको आवश्यकता परिपूर्तिको जमर्को गरिरहेको हुनाले पनि अभिभावकको त्यस संस्थाप्रतिको पूर्व धारणा, सामाजिक चेतना र शैक्षिक गतिविधिहरुमा क्रमशः परिवर्तन हुँदै गएको पाइयो ।

## विद्यालयको भौतिक अवस्था

सुनसरी जिल्लाको यो शिव विद्यालय (कक्षा १-१२) एउटै छानामुनि दिन सक्ने सामुदायिक विद्यालय हो । समयको मागसँगै कक्षोन्नति गर्दै लगेको यस विद्यालयको हालको जग्गा जमिन जम्मा ३ बिघा १६ कट्ठा ४.५ धुर रहेको छ । भौतिक पक्षको अवलोकन गर्दा विद्यालय हाता घेराबारासहितको करिब १ बिघा १ कट्ठा जमिनको क्षेत्रफलमा फैलिएको देखिन्छ । भारतीय राजदूताबासको सहयोगमा निर्मित ठुलो भवन, निर्माणाधीन भवन तथा पुराना गरी ७ भवनमा जम्मा २८ कोठा रहेको यसमा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक गरी चार ब्लक रहेका छन् । यस शिक्षण संस्थाको हाता पर्याप्त छ । घेराबारा र सुरक्षा पनि राम्रो देखिन्छ ।

बाल विकासदेखि कक्षा १२ सम्मको पठन पाठन हुने यस विद्यालयमा सरसफाइको पक्ष भने कमजोर पाइएको छ । यो भवन र कक्षाको पर्याप्तता र शिक्षक दरबन्दीका हिसाबले भने उपयुक्त देखिएको छ । भूकम्पका कारण क्षति पुगेका पुराना भवनको मर्मत भने गर्नुपर्ने देखिएको छ । स्थापनाको झन्डै ४० वर्षपछि २०६७ सालमा आएर बल्ल यसले निम्न माध्यमिक विद्यालयको स्वीकृति प्राप्त गरेको पाइयो । यस विद्यालयको हालको भौतिक पक्षको अवलोकन गर्दा यो घेराबारासहितको १ बिघा १ कट्ठा जमिनको हाताभित्र सीमित देखिएको छ । यस विद्यालयको भौतिक अवस्थालाई तालिका ६ बाट थप प्रस्ट पारिएको छ ।

तालिका ६

(स्रोत : क्षेत्रकार्य २०७३)

यसरी विद्यालयको भौतिक पूर्वाधार राम्रो देखिएको छ । कक्षाकोठाहरु पुग्ने गरी नै

| **क्रसं** | **विवरण** | **सङ्ख्या** | **पर्याप्तता** | **अपर्याप्तता** | **मर्मत सुधारको अवश्यकता** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | ६ (१ निर्माणाधीन) | ✓ | | ✓ | |
| २. | कक्षाकोठा | २४ (४ निर्माणाधीन) | ✓ | | ✓ | |
| ३. | डेक्स बेन्च | २६५ | ✓ | | ✓ | थप व्यवस्थापन |
| ४. | शौचालय | १० | ✓ | | ✓ | थप व्यवस्थापन |
| ५. | छात्रा शौचालय | २ | | ✓ | ✓ | थप्नुपर्ने |
| ६. | विद्यालय घेराबारा | १ पक्की | ✓ ✓ | | ✓ | थप व्यवस्थापन |
| ७. | शुद्ध खानेपानी | ३ | | ✓ | ✓ | थप व्यवस्थापन |
| ८. | खेल मैदान | १ | | ✓ | ✓ | थप व्यवस्था |
| ९. | विज्ञान प्रयोगशाला | १ | | ✓ | ✓ | थप व्यवस्था |
| १०. | कम्प्युटर ICT प्रयोगशाला | १ | | ✓ | ✓ | थप व्यवस्था |
| ११. | पुस्तकालय | १ | | ✓ | ✓ | थप व्यवस्था |

व्यवस्थापन गरिएका छन् । खेल मैदानका लागि पर्याप्त ठाउँ भएर पनि त्यो निर्माण र व्यवस्थापनका हिसाबले अव्यवस्थित देखिएको छ । बगैंचा/हरियाली तथा सजाओटका दृष्टिले त्यस विद्यालयको अवस्था व्यवस्थापकीय हिसाबको कमजोरी बाहेक राम्रो देखिएको छ । विद्यार्थीहरुका लागि आवश्यक पर्ने फर्निचरहरुको सङ्ख्या तथा उपयुक्ताका दृष्टिले पनि यस विद्यालयको अवस्था

सबल नै देखिएको छ । यसै गरी कक्षाकोठाको साजसज्जा, स्वनिर्मित र खरिद गरिएका शैक्षिक सामग्रीहरुको व्यवस्थापन, श्यामपाटीको अवस्था आदि शैक्षिक वातावरण निर्माण गर्ने अत्यावश्यक कुराहरुको व्यवस्थापनको पक्ष सुधारोन्मुख देखिएको छ ।

## विद्यालयको शैक्षिक अवस्था

२० जना शिक्षकहरु कार्यरत रहेको यस विद्यालयको शैक्षिक पक्ष मजबुत पाइयो । विद्यालयका वर्तमान प्रधान अध्यापक हरिकान्त शाह स्वयम्मा उद्देश्यमूलक नेतृत्व गर्न सक्ने कुशल व्यक्तिका रूपमा परिचित देखिए । विद्यालयको उन्नति र प्रगतिका लागि आफू सधैं क्रियाशील रहेको भन्ने उनको भनाइ विश्वास गर्न लायक पाइयो । शिक्षामा योग्य तथा शिक्षणमा सक्षम देखिएका उनी प्रशासनमा पनि अपेक्षाकृत सक्रिय र सक्षम नै पाइए । एसएलसीदेखि स्नातकोत्तर तहसम्मको योग्यता भएका यस विद्यालयका ९५ प्रतिशत शिक्षकहरुले तालिम लिएको पाइयो । यस विद्यालयको भौतिक एवम् आर्थिक अवस्था सबल भए जस्तै शैक्षिक अवस्था पनि सबल देखिनुको कारणका रूपमा प्रअको कुशल प्रशासनिक भूमिका र शिक्षकहरुको लगनशीलताको परिणाम हो भन्ने सबैमा अटुट विश्वास रहेको दखियो । यस विद्यालयको मोटामोटी शैक्षिक व्यवस्थालाई तालिका ७ मा देखाउन सकिन्छ ।

तालिका ७

| क्रसं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | शिक्षा नियमावली अनुसार विव्यसको गठन | | ✓ | बाँकी |
| २. | शिक्षा नियमावली अनुसार शिअसको गठन | | ✓ | बाँकी |
| ३. | शिक्षा नियमावली अनुसार प्रअको नियुक्ति | ✓ | | |
| ४. | शिक्षा नियमावली अनुसार सामाजिक परीक्षण | ✓ | | थप व्यवस्था |
| ५. | वार्षिकोत्सव र अभिभावक भेला | ✓ | | पातलो |
| ६. | सरोकारवालाबिच सुनुवाइको व्यवस्था | ✓ | | पातलो |
| ७. | शिक्षा नियमावली अनुसारको आचारसंहिता निर्माण | ✓ | | लिखित |
| ८. | विव्यसको बैठक आयोजना | | ✓ | विव्यस नै छैन |

| | | | | |
|---|---|---|---|---|
| ९. | निरीक्षक र स्रोत व्यक्तिबाट समय समयमा विद्यालयको निरीक्षण, अनुगमन प्राविधिक सहयोग | ✓ | | प्रशासनिक काम केद्रित |
| १०. | विव्यस र शिअसबाट विद्यालय अवलोकन र अनुगमन | | ✓ | दुबै छैनन् |
| ११. | विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था | ✓ | | थप व्यवस्थापन |
| १२. | विद्यालयमा प्राथमिक स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण तथा खोपको व्यवस्था | ✓ | | थप व्यवस्थापन |
| १३. | विद्यार्थी दिवा खाजाको व्यवस्था | | ✓ | गर्नुपर्ने |
| १४. | विद्यार्थी दिवा चमेना गृहको व्यवस्था | | ✓ | गर्नुपर्ने |
| १५. | वार्षिक शैक्षिक पात्रो | ✓ | | थप व्यवस्थापन |

(स्रोत : क्षेत्रकार्य २०७३)

## विद्यालयको आर्थिक अवस्था

यस विद्यालयको आर्थिक अवस्था सबल देखियो । भारतीय राजदूताबासको सहयोगमा १४ कोठे भवन निर्माण भएपछि यस विद्यालयले अन्य पुरानासमेत गरी २४ कोठामा १ देखि १२ कक्षासम्मको पठन पाठन गर्दै आएको पाइयो । विद्यालय हाताभित्र निर्माणाधीन दुई दुई कोठाको दुई तले भवन बनेपछि भने ७ ओटा भवन र २८ कोठा हुने देखियो । यस विद्यालयसँग हाल ३ विघा १६ कट्ठा ४.५ धुर जमिन रहेको पाइयो । कतिपय नियमित खर्च भने सरकारले दिएको मसलन्द खर्चलाई बचाएर, माथिल्ला कक्षामा पढ्ने विद्यार्थीहरुबाट न्यूनतम शल्क उठाएर अनि करिब २ विगाहा जमिनको आम्दानीबाट गरिँदै आएको कुरा प्रधान अध्यापकबाट जानकारी भयो ।

# जनता विद्याल, सुनसरी

## भौगोलिक अवस्था

सुनसरी कोसी अञ्चलमा पर्ने पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत अत्यधिक जनसङ्ख्या रहेको तराई प्रदेशको महत्त्वपूर्ण जिल्ला हो । यस जिल्लाको पूर्वमा बुढी खोला र पश्चिममा सप्तकोसी नदी सीमाका रूपमा बगेका छन् । यसको नामकरण भरौल गाविस क्षेत्रको चारकोसे झाडीबाट उत्पत्ति भएको **सुनसरी नदी**को नामबाट भएको मानिन्छ । यो नदी भरौल, बक्लौरी, सिँगिया, भोक्राहा, नरिसिंह र जल्पापुर हुँदै भारततिर बगेको छ । यो २६०.२३" उत्तरदेखि २६०.५५" उत्तर अक्षांश र ८७०.५" पूर्वदेखि ८७०.१६" पूर्व देशान्तर रेखामा अवस्थित  छ । यसका सीमानाका रूपमा पूर्वमा मोरङ्ग, पश्चिममा सप्तकोसी नदी, उत्तरमा धनकुटा जिल्लाको भेडेटार र दक्षिणमा भारतको बिहार राज्य रहेका छन् । १२५७ (१२७०७६ हेक्टर जमिन) वर्ग किलो मिटर क्षेत्रफल ओगटेको यो जिल्ला दक्षिणमा समुद्र सतहदेखि १५२ मिटर र उत्तरमा ९१४ मिटर उचाइमा रहेको छ । यस जिल्लामा मुख्यतः राई, लिम्बू, बाहुन, क्षेत्री, थारू, सतार आदि जातजातिका मानिसहरुको बसोबास रहेको छ । यसको औसत लम्बाइ ४४ किमि र औसत चौडाइ ४५ किमि रहेको छ । यसको करिब ६४.५ प्रतिशत जमिन खेतीमा प्रयोग भएको छ ।

भौगोलिक हिसाबले यस जिल्लालाई उत्तरतर्फ रहेको पहाडी प्रदेश, बिचमा रहेको भावर प्रदेश र दक्षिणमा रहेको तराईको समथर मैदान गरी तिन भागमा बाँड्न सकिन्छ । यस जिल्लाको हालको सदरमुकाम भने इनरुवा रहेको छ । २०६८ सालको जनगणना अनुसार ७,६३,४८७ जनसङ्ख्या रहेको यस जिल्लामा ४९ गाविस, २ उप महा नगरपालिका, ३ नगरपालिका रहेका छन् । यो जिल्ला महाभारत पर्वत शृङ्खला, चारकोसे जङ्गल र तराईका उर्वर भागहरु मिलेर बनेको छ । यस जिल्लामा सप्तकोसी, कोकाहा, सुनसरी, बुढी, सेउती, सर्दु, खेती खोला, टेँग्रा, पकली खोला, दचकिचा, पटनाली, गडन खोला आदि नदी नालाहरु रहेका छन् ।

धार्मिक हिसाबले हिन्दू, बौध, इस्लाम, किरात, जैन, क्रिस्चियन, सिख आदि बहु धर्मावलम्वीहरु रहेको यस जिल्लामा वराहा क्षेत्र, दन्तकाली, बुढासुब्बा, शिवजट्टा, रामधुनी, विष्णु पादुका, चतरा धाम आदि प्रमुख धार्मिक क्षेत्र रहेका छन् । धरान, इटहरी, इनरुवा, दुहबी, खनार, झुम्का, महेन्द्र नगर, हरि नगर आदि यस जिल्लाका महत्त्वपूर्ण व्यापारिक केन्द्र हुन् । चिमडी दह, भेडेटार, ठिँगे

ढुङ्गा, कोसी टप्पु वन्यजन्तु आरक्षण, एभरेस्ट विज्ञान केन्द्र आदि यस जिल्लाका पर्यटकीय स्थलहरु हुन् । यस जिल्लामा हाल ६ ओटा निर्वाचन क्षेत्र रहेका  छन् ।

सुनसरी जिल्लामा पर्ने जनता विद्यालय यस जिल्लाको मुख्य केन्द्र इटहरीदेखि दक्षिण-पश्चिम ग्रामीण इलाकामा पर्दछ । यस गाविसमा ३,०९२ घरधुरी रहेका छन् । यसमा पुरुषको भन्दा महिलाको सङ्ख्या बढी देखिएको छ । २,०६८ सालको जनगणना अनुसार १३,९०३ कुल जनसङ्ख्यामध्ये यस गाविसमा ६,४५९ जना पुरुष र ७,४४४ जना महिला बसोबास गर्दछन् । प्रतिघर ४.५० औसत जनसङ्ख्या रहेको यस गाविसमा सबभन्दा बढी जनसङ्ख्या थारू (५,१४३) समुदायको रहेको छ । त्यसपछि क्रमशः क्षेत्री (२,०९२), राई (१,०९५), ब्राह्मण (८६८), मुसहर (६२२), धिमाल (६१५), लिम्बू (५४७), नेवार (४४९), माझी (२५७), मगर (१८५), तेली (१८३), कामी (१७८), मुसलमान (१६७), तामाङ (१६७), भुजेल (१३०), खवास (१३०), दसनामी (९९), दमाइँ (९०), ठाकुर (७५), गुरुङ, (७३), सुनुवार (५८), हलुवाई (५८), सेर्पा (५७), माली (५१), सार्की (४२), कुलुङ (४२), बान्तवा (३२) लोहार (२५), खट्वे (२५), बाधी (२४) बधाई (२३), यादव (२१) चाम्लिङ (१९), बराई (१८), धानुक (१६), तत्था (१३), सरदार (१२), भेधार (१२) र अन्य (१०८) को जनसङ्ख्याभित्र ३८ भन्दा बढी जातजातिका मानिसहरु स्थायी बसोबास गर्दछन् ।

यस गाविसमा थारू मातृभाषी समुदाय (५,४०८) को बाहुल्य रहेको देखिन्छ । त्यसपछि क्रमशः नेपाली (३,६८४) मैथिली (१,९४१), राई ७२६), लिम्बु (५२२) माझी (२४०), नेवार (२३७) मगर ( १६३), तामाङ (१४८), कुलुङ (१०८) उर्दु (१०६) बान्तवा (१००), भोजपुरी (८६), सुनुवार (५६), सेर्पा (५२), चाम्लिङ (४१), थुलुङ (३९), साम्पाङ (२६), गुरुङ (२५), याम्फे (२३), भुजेल (१५), खालिङ (१५) र दुमी (१५) मातृभाषीहरु रहेका छन् । यहाँ भाषा किटान नभएका मानिसहरु (८१) पनि केही सङ्ख्यामा देखिएका छन् । यस गाविसमा ५ वर्षमाथिको जनसङ्ख्या १२,८८६ रहेको मध्ये पुरुष ५,९४३ र महिला ६,९४३ रहेका छन् । यीमध्ये पढ्न र लेख्न दुबै जान्ने मानिसको जम्मा सङ्ख्या ८,४९९ रहेको छ भने त्यसमा पुरुषको सङ्ख्या ४,५४३ र महिलाको सङ्ख्या ३,९५६ रहेको छ । पढ्न मात्र जान्नेको सङ्ख्या जम्मा १७२ रहेकामा पुरुषको सङ्ख्या ८१ र महिलाको सङ्ख्या ९१ रहेको छ । पढ्न लेख्न दुबै नजान्ने निरक्षरहरुको सङ्ख्या भने ४,२१५ रहेको छ जुन अत्यधिक मान्न सकिन्छ । यसभित्र पुरुषको सङ्ख्या १,३१९ र महिलाको सङ्ख्या २,८९६ निकै बढी देखिन्छ ।  पढाइ लेखाइ किटान नभएको सङ्ख्या शून्य रहेको छ । त्यस्तै जम्मा ६५.९६ साक्षरता प्रतिशत रहेको यस गाविसमा ७६.४४ प्रतिशत पुरुष र ५६.९८ प्रतिशत महिलाहरु साक्षर रहेका छन् ।

यस गाविसमा ५ वर्षमाथि विद्यालय उमेरको उपस्थितिलाई आधार बनाउँदा जम्मा जनसङ्ख्या ८,५७४ मध्ये सुरु चरणका ३४७ जनालाई छोडेर प्राथमिक (१-५) तहको शिक्षा हासिल गर्ने छात्रछात्राहरु (३,१५२) को सङ्ख्या अत्यधिक देखिएको छ । त्यसपछि क्रमशः निम्न माध्यमिक ( २,००५), माध्यमिक (१,४५२), एसएलसी (९३४), प्रमाणपत्र (३२२), स्नातक (८९), स्नातकोत्तर (९) को सङ्ख्या रहेको छ । यहाँ अनौपचारिक शिक्षातर्फ २५८ जना देखिएका छन् । कुनै पनि तह किटान नभएकाहरु भने ६ जना मात्र रहेका छन् । ५-२५ वर्ष उमेर समूहको जनसङ्ख्यालाई विद्यालय उपस्थितिको वर्षका आधारमा वर्गीकरण गरेर हेर्दा जम्मा ५,४४९ जनसङ्ख्यामध्ये २,६१३ जना पुरुष र २,८३६ जना महिला रहेका छन् । तीमध्ये विद्यालय जानेको सङ्ख्या पुरुषतर्फ १,९२८ र महिलातर्फ १,९३८ गरी ३,८६६ मात्र रहेको छ भने नजानेको सङ्ख्या पुरुषतर्फ ६७० र महिलातर्फ ८८३ गरी १,५५३ रहेको देखिन्छ । जाने र नजाने किटान नभएकाहरुको (पुरुष १५ र महिला १५) को सङ्ख्या (३०) भने कम देखिएको छ ।

## अभिभावकको सामाजिक र शैक्षिक अवस्था

जनता विद्यालयमा पढ्ने विद्यार्थीका धेरै जसो अभिभावकहरु निरक्षर देखिए । केही अनिभभावकहरु साक्षर र थोरै अभिभावकहरु मात्र शिक्षित पाइए । त्यस्तै नगन्य सङ्ख्यामा रहेका बाहेक धेरैजसो अभिभावकहरु निम्न र थोरै अभिभावक मात्र निम्न मध्यम वर्गीय आर्थिक अवस्था भएका देखिए । यसर्थ पढाइमा पारिवारिक सहयोग कमै रहेको पाइयो । कृषिबाट थोरै मात्र आय आर्जन भएका अभिभावकहरुको बाहुल्य रहेकै कारण अधिकांश विद्यार्थीहरुको घरको वातावरण शैक्षिक दृष्टिले सिकाइ मैत्री पाउन सकिएन । अभिभावकको सामाजिक स्तर पनि कमजोर रहेको पाइयो । पारिवारिक संरचनाका दृष्टिले आधाभन्दा बढी बाल बालिकाहरु एकल परिवार र केही बाल बालिकाहरु हजुरबाआमासहितको परिबारमा हुर्केका कारण घरमा कामको चाप पनि बढी नै पाइयो । यसै कारण पढाइमा चाहे जति प्रगति गर्न नसकेको र नियमित उपस्थितिमा पनि समस्या रहेको भन्ने देखियो । काममा सहयोग पुग्छ भन्ने आशाले दुईभन्दा बढी सन्तान जन्माउने गर्नाले पनि छोराछोरीको पढाइप्रतिको चासो र चिन्ता न्यून हुन पुगेको पाइयो ।

छलफलको क्रममा उनीहरुले बताएअनुसार यो विद्यालय गाविसको भौतिक पूर्वाधारका हिसाबलेस मस्याग्रस्त सामुदायिक विद्यालयका रूपमा रहेको हुनाले यसको विकासमा अभिभावकहरुले गाँस काटेर सहयोग गर्ने गरेको पाइएन । गरिबीको रेखामुनि रहेका र अझ धेरैजसो मेहनतकर थारू समुदायका बाल बालिकाहरु पढ्ने हुनाले विद्यालय क्रियाकलापमा अभिभावकको सहयोग नगन्य

मात्र रहने गरेको देखियो । विद्यालय निर्णय र त्यसको कार्यान्वयनमा अभिभावकको सहयोग नियमित रहने कुरा व्यवहारमा सम्भव पनि देखिएन । यसर्थ अभिभावकको तर्फबाट विद्यालयको अनुगमन र निरीक्षणको पक्ष पनि नगन्य रहेको पाइयो । बोलाउँदा समेत नआउने अभिभावकहरुको गुनासो सुनुवाइको पक्ष पनि उनीहरुकै बेवास्ताका कारण कमजोर देखियो । यति हुँदाहुँदै पनि त्यो विद्यालय सामुदायिक शिक्षाको भरपर्दो विकल्प बन्न सक्ने हुनाले र थुप्रै कमी कमजोरीका बिचमा पनि त्यस किसिमको आवश्यकता परिपूर्तिको जमर्को गरिरहेको हुनाले अभिभावकको पूर्व धारणा, सामाजिक चेतना र शैक्षिक गतिविधिहरुमा परिवर्तन हुँदै गएको खण्डमा भोलि सिकाइ उपलब्धिका क्षेत्रमा यस विद्यालयले नमुना बनेर उच्च शिक्षासम्मको सेवा दिन सक्ने सम्भावना भने बोकेको देखियो ।

## विद्यालयको भौतिक अवस्था

सुनसरी जिल्लाको यो विद्यालय हाललाई कक्षा १ देखि ८ सम्मको विद्यालय शिक्षा दिन सक्ने सामुदायिक विद्यालयमध्येमा एक हो । समयको मागसँगै २०२१ सालमा पहिलो पटक स्थापना भएको यो विद्यालयमा दुई पटक (२०५२ सालमा कक्षा ७ सम्म र २०६४ कक्षा ८) कक्षोन्नति भएको पाइयो । यस विद्यालयको हालको जमिन लगभग दुई ओटा माछा पोखरीसहित ८ बिघा, १४ कट्ठा ११.५ धुर रहेको देखियो तर विद्यालय भएको जमिन भने विद्यालयको नाममा आइनसेको र मुख्य दाताको मृत्यु भइसकेका कारण आपलन्तमा लोभ जाग्न थालेकाले समस्या महसुस भइरहेको जानकारी गराइयो । भौतिक पक्षको अवलोकन गर्दा यो घेराबारासहितको करिब १२ कट्ठा २ धुर जमिनको

हाताभित्र फैलिएको पाइयो । सरकारी सहयोगमा निर्मित पुराना दुई र निर्माणाधीन एक गरी तिन ओटा भवनमा सीमित यस शिक्षण संस्थाको हाता पर्याप्त देखियो । घेराबारा र सुरक्षा भने भूकम्पले केही ठाउँमा भत्केका कारण सामान्य पाइयो । यस विद्यालयमा सरसफाइको पक्ष कमजोर देखियो । यो भवन, कक्षा र फर्निचरको पर्याप्तता, उपयुक्तता र शिक्षक दरबन्दीको सन्तुलनका हिसाबले पनि कमजोर पाइयो । यसलाई तालिका ८ मा सूत्रबद्ध गरिएको छ ।

तालिका ८

| क्रसं | विवरण | सङ्ख्या | पर्याप्तता | अपर्याप्तता | मर्मत र थपको अवश्यकता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | ४ (१ निर्माणाधीन) | | ✓ | ✓ | थप्नुपर्ने |
| २. | कक्षाकोठा | १० | | ✓ | ✓ | थप्नुपर्ने |
| ३. | फर्निचर | ४९ जोर | | ✓ | ✓ | थप्नुपर्ने |
| ४. | शौचालय | ३ | | ✓ | ✓ | थप व्यवस्थापन |
| ५. | छात्रा शौचालय | १ | | ✓ | ✓ | थप व्यवस्थापन |
| ६. | विद्यालय कम्पाउन्ड र घेराबारा | १ | ✓ | ✓ | ✓ | थप व्यवस्थापन |
| ७. | शुद्ध खानेपानी | १ | | ✓ | ✓ | थप व्यवस्था |
| ८. | खेल मैदान | १ | | ✓ | ✓ | थप व्यवस्थापन |
| ९. | विज्ञान प्रयोगशाला | ० | | ✓ | ✓ | थप व्यवस्था |
| १०. | कम्प्युटर ICT प्रयोगशाला | ० | | ✓ | ✓ | कम्प्युटर विषय पढाइ हुने तर ४ ओटै कम्प्युटर चालु नरहेका |
| ११. | पुस्तकालय | ० | | ✓ | ✓ | थप व्यवस्था |

स्रोत : क्षेत्रकार्य २०७३)

यस विद्यालयको भौतिक पूर्वाधार पर्याप्त देखिएन । कक्षाकोठाहरु पुग्ने गरी व्यवस्थापन गरिएको भए पनि अवस्था काम चलाउ मात्र देखियो । खेल मैदानका लागि पर्याप्त ठाउँ भए र पनि त्यो निर्माण र व्यवस्थापनका हिसाबले गौचरन जस्तो अव्यवस्थित पाइयो । बगैँचा/हरियाली तथा

सजाओटका दृष्टिले त्यस विद्यालयको अवस्था सबल देखिएन । विद्यार्थीहरुका लागि आवश्यक पर्ने फर्निचरहरुको सङ्ख्या तथा उपयुक्ताका दृष्टिले पनि यस विद्यालयको अवस्था राम्रो पाइएन, यतिसम्म कि कक्षा १ र २ का लागि फर्निचर नभएर सुकुलमा राखी पढाउने गरिएको देखियो । यसै गरी कक्षाकोठाको साजसज्जा, स्वनिर्मित र खरिद गरिएका शैक्षिक सामग्रीहरुको व्यवस्थापन, श्यामपाटीको अवस्था आदि शैक्षिक वातावरण निर्माण गर्ने अत्यावश्यक कुराहरुको व्यवस्थापनको पक्ष पनि कमजोर नै देखियो । विद्यालय व्यवस्थापन समिति (९ जना), विद्यालय शिक्षक अभिभावक सङ्घ (११ जना), नवयुवा बाल क्लव (३१ जना) जस्ता संस्थाहरुको विकासमा सबल देखिएको यो विद्यालय स्टाफ तथा विद्यार्थी (महिला र पुरुषका लागि छुट्टा छुट्टै) हरुका लागि व्यवस्थित शौचालय र शुद्ध खानेपानीको व्यवस्थाका दृष्टिले भने अपेक्षाकृत सुदृढ पाइयो ।

## विद्यालयको शैक्षिक अवस्था

निमा दरवन्दीमा २, प्राथमिक दरवन्दीमा ९ र कर्मचारी १ गरी १२ जना शिक्षक कर्मचारीहरु कार्यरत रहेको यस विद्यालयको शैक्षिक पक्ष मध्यम खालको पाइयो । विद्यालयका वर्तमान प्रधान अध्यापक स्वयम्मा उद्देश्यमूलक नेतृत्व गर्न सक्ने कुशल व्यक्तिका रूपमा हेर्दा प्रशासनिक दृष्टिबाट थोरै कमजोर देखिए । विद्यालयको उन्नति र प्रगतिका लागि आफू सधैँ क्रियाशील रहेको भन्ने उनको भनाइ व्यवस्थापकीय क्रियाशीताका दृष्टिले भरपर्दो देखिएन । प्राविधिक शिक्षामा योग्य र विषयगत शिक्षणमा सक्षम देखिएका उनी प्रशासनमा भने अपेक्षाकृत सक्रिय र सक्षम पाइएनन् । एसएलसीदेखि स्नातकसम्मको योग्यता भएका यस विद्यालयका धेरैजसो शिक्षकहरुले तालिम लिएको पाइयो । यस विद्यालयको आर्थिक अवस्था सबल भए जस्तै शैक्षिक अवस्था सबल नदेखिनुको कारणका रूपमा प्रअको कुशल प्रशासनिक भूमिका र नेतृत्वकारी क्षमताको कमी हो भन्ने प्रस्ट देखियो । प्रअ १, सहायक प्रअ १ अन्य ८ जना शिक्षकहरु र कर्मचारीमध्ये निजी स्रोतमा रहेका १ जनाबाहेक सबै स्थायी देखिए । ४-३१ वर्षसम्मको अनुभव भएका शिक्षक रहेको यस विद्यालयमा एउटै कोठाबाट कार्यालय, शिक्षक र कर्मचारी कोठाको आवश्यकता पुरा गरेको देखियो । यसलाई तालिका ९ बाट अझ प्रस्ट पार्न सकिन्छ ।

तालिका ९

| क्रसं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | शिक्षा नियमावली अनुसार विव्यसको गठन | ✓ | | |
| २. | शिक्षा नियमावली अनुसार शिअसको गठन | | ✓ | |
| ३. | शिक्षा नियमावली अनुसार प्रअको नियुक्ति | ✓ | | |
| ४. | शिक्षा नियमावली अनुसार सामाजिक परीक्षण | ✓ | | कम मात्र |
| ५. | वार्षिकोत्सव र अभिभावक भेला | ✓ | | कम मात्र |
| ६. | सरोकारवालाबिच सुनुवाइको व्यवस्था | ✓ | | पातलो |
| ७. | शिक्षा नियमावली अनुसारको आचारसंहिता निर्माण | ✓ | | मौखिक |
| ८. | विव्यसको बैठक आयोजना | ✓ | | पातलो |
| ९. | निरीक्षक र स्रोत व्यक्तिबाट समय समयमा विद्यालयको निरीक्षण, अनुगमन प्राविधिक सहयोग | ✓ | | प्रशासनिक काम केद्रित |
| १०. | विव्यस र शिअसबाट विद्यालय अवलोकन र अनुगमन | | ✓ | शिअस छैन |
| ११. | विद्यालयमा प्राथमिक उपचारको व्यवस्था | ✓ | | |
| १२. | विद्यालयमा प्राथमिक स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण तथा खोपको व्यवस्था | ✓ | | |
| १३. | विद्यार्थी दिवा खाजाको व्यवस्था | | ✓ | गर्नुपर्ने |
| १४. | विद्यार्थी दिवा चमेना गृहको व्यवस्था | | ✓ | गर्नुपर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

## विद्यालयको आर्थिक अवस्था

यस विद्यालयको आर्थिक अवस्था सामान्य देखियो । पुराना दुई र निर्माणाधीन एक गरी ३ ओटा भवनमा निर्माण भएका कक्षाकोठाहरुमा पठन पाठन हुने यस विद्यालयले १ देखि ८ कक्षासम्मको पढाइ यिनै भवनबाट गर्दै आएको पाइयो । यस विद्यालयसँग हाल करिब ८ बिघा, १४ कट्ठा,

११.५ धुर जमिन रहेको देखियो । विद्यालय रहेको जमिन भने आफ्नो नाममा नरहेको जानकारी पाइयो । कतिपय नियमित खर्च  र निजी स्रोतका शिक्षकलाई दिइने अत्यन्तै न्यून तलब सरकारले दिएको मसलन्द खर्चलाई बचाएर अनि माछा पोखरी र धान खेतीबाट वार्षिक रूपमा हुने रु १ लाख ४४ हजार आमदानीबाट गरिँदै आएको कुरा प्रधान अध्यापकबाट जानकारी गराइयो

# परिच्छेद पाँच

# सूचनाहरुको अध्ययन-विश्लेषण

यस परिच्छेदमा चार विद्‌यालयबाट प्राप्त सूचनाहरुलाई सिकाइ उपलब्धि सम्बद्‌ध कारकहरु र सिकाइ उपलब्धि सम्बद्‌ध पक्षहरुसँग जोडेर विभिन्न उप शीर्षकसहितका अनुच्छेमा विश्लेषण गरिसकेपछि नतिजाका प्रभावकहरुलाई बुँदामा प्रस्तुत गरिएको छ ।

## जमुनाहा विद्यालय, सर्लाही

### सिकाइ उपलब्धि सम्बद्‌ध कारकहरु

यसअन्तर्गत अभीमुखीकरण र सहकार्य, तालिम गोष्ठी र सहयोगात्मक सम्बन्ध, मूल्याङ्कन र तालिमको व्यवस्थापन, पूर्वधारणामा परिवर्तन र आपसी सम्बन्ध, संयन्त्र निर्माण र नियमित अनुगमन, विद्‌यालयको भौतिक संरचना, सामग्रीको उपलब्धता, आवश्यकता र भौतिक पूर्वाधारको खोजी, योग्यता र कक्षा शिक्षण, कार्यक्रममा सहभागिता र नियमितता, मिटिङ्ग बैठकको आयोजना र निर्णयहरुको कार्यान्वयन, शिक्षण सिकाइमा सहकार्य र सम्बन्धको असर, सहयोग र समर्थन, पुरस्कार र दण्डको व्यवस्था, अतिरिक्त क्रियाकलाप जस्ता विषयहरु समेटिएका छन् ।

#### अभिमुखीकरण र सहकार्य

यस विद्‌यालयमा शिक्षक, विव्यसका अध्यक्ष, प्रधान अध्यापक तथा कतिपय अभिभावकहरु पहिलो पटक आउँदा अहिलेको तुलनामा विद्‌यालयको अवस्था निकै नै कमजोर रहेको बताइयो । छलफलको क्रममा बताइए अनुसार त्यस समयमा यस विद्‌यालयको शैक्षिक, भौतिक, प्रशासनिक र आर्थिक अवस्थासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिम्मेवार सरोकारवालाहरु बिचको सह सम्बन्ध, सहकार्य, क्रियाशीलता, इमानदारी र समर्पणमा एकरूपता नभएको अनुभव गरिएको थियो । त्यस क्रममा जब वर्तमान प्रधान अध्यापक यस विद्‌यालयमा आए त्यसपछि मात्र उक्त विषयहरुमा सुधार आउन थालेको शिक्षक, विद्‌यार्थी र अभिभावकको अनुभव रहेको कुरा सुनाइयो । विगतमा त्यस विद्‌यालयमा कार्यरत पुराना, अनुभवी, दक्ष तथा तालिम प्राप्त शिक्षकहरुबाट अन्य शिक्षकहरुका निम्ति आन्तरिक अभिमुखीकरणको व्यवस्थापन गर्न सक्ने अवस्था भएर पनि त्यतातिर ध्यान

दिइएको थिएन तर हालका प्रधान अध्यापक आइसकेपछि भने यस विषयमा ध्यान दिन थालिएको र धेरै विषयमा परिवर्तन आएको कुरा सम्बद्ध पक्षबाट थाहा पाइयो ।

### तालिम, गोष्ठी र सहयोगात्मक सम्बन्ध

यस विद्यालयमा कार्यरत शिक्षकहरुलाई प्रधान अध्यापककले विषयगत आवश्यकताको हिसाबले माग भई आए बमोजिम तालिम, गोष्ठी, सेमिनार आदिमा पालैपालो पठाइने गरिएको भन्ने विश्वास दिलाइएको भए पनि कतिपयको अझै पालो नआएको भन्ने शिक्षकहरुको तर्फबाट गुनासो रहेको देखियो । त्यसै गरी यस विद्यालयमा कार्यरत शिक्षकहरु बाहेकका विषय विज्ञलाई बोलाएर शिक्षकहरुका मागमा आधारित भएर कुनै गोष्ठी तथा तालिमहरुको आयोजना गरिएको पाइएन । कुनै शिक्षक वा कर्मचारीहरु जिल्ला स्तरीय तालिम वा गोष्ठीमा भाग लिई फर्केर आएपछि त्यहाँ सिकेका र अनुभव गरेका ज्ञान तथा सिपहरु आपसमा आदान प्रदान गर्ने वातावरण मिलाइदिने गरिएको भन्ने विषयमा प्रधान अध्यापक, शिक्षक र विव्यसका प्रतिनिधिको भनाइमा एकरूपता देखिए पनि त्यस्ता छलफका कार्यक्रमहरु अनौपचारिक रूपमा हुने गरेको भनाइ शिक्षकहरुको पाइयो । अनौपचारिक रूपमा हुने त्यस्ता कार्यक्रमहरु नियमित नहुने तथ्य पनि छलफलको क्रममा खुल्न आयो ।

### मूल्याङ्कन र तालिमको व्यवस्थापन

तपाईँहरुले नियमित प्रशासनिक तथा शैक्षणिक कामको सिलसिलामा आफ्नो मूल्याङ्न आफैँ गर्ने गर्नुभएको छ भनी प्रश्न गर्दा शिक्षक, अभिभावक तथा प्रधान अध्यापक सबैको सकारात्मक जवाफ पाइए तापनि यस किसिमको मूल्याङ्कन लिखित अभिलेखका रूपमा नभई अनौपचारिक प्रकृतिको मात्र हुने गरेको देखियो । त्यस्तै प्रत्येक शैक्षिक सत्रको सुरुमा प्रधान अध्यापक आफैँ वा विद्यालयका वरिष्ट शिक्षकहरुद्वारा विद्यालयमा आधारित तालिम तथा अभिमुखीकरण प्रदान गरेर सबै विषयका शिक्षकहरुलाई दक्ष बनाएर विद्यार्थीको सिकाइ क्षमताप्रवर्धन गर्ने गरिएको पाइएन ।

### पूर्व धारणामा परिवर्तन र आपसी सम्बन्ध

यस विद्यालयका प्रधान अध्यापकमा आफू आउनुभन्दा अघिसम्म विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वातावरण, प्रचलन, परिपाटी र सोचका रूपमा रहेको पूर्व धारणामा परिवर्तन नआएसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार नआउने विश्वास रहेकै कारण त्यसै अनुरूपको

क्रियाशिलता उहाँमा रहेको विश्वास सम्बद्ध पक्षले गरेको देखियो । विद्यालयका सम्बद्ध पक्ष, जस्तै-सहायक प्रधान अध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीको कार्यशैली र व्यवहारमा रहेका समानता, भिन्नता र वैयक्तिक विशेषतारूलाई सम्मान गरेको खण्डमा मात्र विद्यालयको शिक्षण सिकाइको वातावरण राम्रो हुन्छ र त्यसबाट सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्छ भन्ने विश्वास रहेको पाइयो । यसर्थ हाल आएर प्रधान अध्यापक, शिक्षक, कर्मचारी र अभिभावकबिचको सम्बन्ध सुमधुर रहेको छ भन्ने सबै सम्बद्ध पक्षको भनाइमा पनि एकरूपता देखियो ।

### संयन्त्र निर्माण र नियमित अनुगमन

यस विद्यालयमा विद्यार्थी, शिक्षक तथा कर्मचारिका सबल र दुर्बल पक्षहरुको जानकारी लिने, दिने त्यस्तो विशेष किसिमको संयन्त्र निर्माण गरिएको देखिएन । वर्षको एक/दुई पटक शिक्षक अभिभावक बैठकको आयोजना गर्ने र त्यसका लागि अभिभावकहरुलाई चिठी पठाएर बोलाउने चलन भने रहेको पाइयो । अधिकांश समयमा विद्यार्थीका सबल र दुर्बल पक्षको जानकारी व्यक्तिगत भेटघाटको समयमा अनि अभिभावकले चासो राखेको समयमा मात्र दिने गरेको पाइयो । यस विद्यालयमा हालका प्रधान अध्यापक आउनु अघिसम्म सय सभा सय विद्यार्थी मात्र रहेकामा हाल आएर उनको नियमित अनुगमन र सक्रियताका कारण एकातिर सङ्ख्यात्मक वृद्धि भई ३५० भन्दा माथि विद्यार्थी सङ्ख्या पुगेको र अर्कातिर चार जना शिक्षकले सबै कक्षा चलाउनुपर्ने, विद्यार्थीहरु नियमित रूपमा नआउने, अभिभावकहरुले सहयोग नगर्ने, समयसम्म विद्यालय सञ्चालन नहुने, परीक्षाहरु नाम मात्रका हुने, अभिभावक र शिक्षक प्रशासकहरु बिचको सम्बन्ध पनि कटुतापूर्ण हुने जस्ता समस्याहरुमा सुधार आई कक्षा आठसम्मका लागि १४ जना शिक्षक कर्मचारी पुऱ्याएर शैक्षिक गतिविधिलाई थप व्यवस्थित गर्दै लगिएको देखियो । यसै कारण नियमित सचेतना कार्यक्रम, प्रभावकारी शिक्षण सिकाइको व्यवस्थापन र केही गरौँ भन्ने भावनाको विकास भई सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रगति देखिएको हो भन्ने विश्वास सबैमा अनुभूत भएको पाइयो ।

### विद्यालयको भौतिक संरचना

विद्यालयको भौतिक पक्षलाई नियाल्दा विद्यालयका भवन र कक्षा कोठा हाललाई सामान्यतः पुगे जस्तो देखिए पनि शिक्षक, कर्मचारी र प्रधान अध्यापक रहने कोठा एउटै रहेको मात्र होइन सामग्रीहरुको भण्डारनको अवस्था पनि सोही कोठामा यत्रतत्र छरिएको अवस्थामा अव्यवस्थित देखियो । विद्यालयको हाता सानो भएका कारणले मात्र होइन त्यही परिसरभित्रै भौतिक संरचनाको

काम भइरहेका कारण र यो बर्सातको समयसमेत भएकाले हो कि त्यस परिसरभित्र कतै पनि हरियाली तथा वगैंचा रहेको देखिएन । पढ्ने पढाउने थलोका रूपमा रहेको विद्यालय परिसर मात्र होइन कक्षाकोठाहरुको वातावरण पनि सरसफाइ, सजावट, व्यवस्थापन र सिर्जनात्मक थलोका दृष्टिले निकै नै कमजोर तथा अव्यवस्थित पाइयो ।

### सामग्रीको उपलब्धता

विद्यालयको तर्फबाट नियमित पठन पाठनमा सहजीकरण गर्ने असल मनसायले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु उपलब्ध गराउने गरिएको भन्ने विषयमा शिक्षक, प्रधान अध्यापक र विव्यसका अध्यक्षको भनाइमा सहमति र समानता देखिए पनि अभिभावकहरुको असहमति रहेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा विद्यालयमा सधैं स्रोत र साधनको अभाव देखाइन्छ भन्ने उनीहरुको गुनासो रहेको थियो । यसबाट निशुल्क रूपमा वितरण गरिने पाठ्य पुस्तकहरु समयमा नपाइने ठाउँमा किन्नुपर्ने पाठ्य सामग्रीहरु पनि निकै पटक धाएर मात्र प्राप्त गर्नुपर्ने, पाठ्यक्रम र सन्दर्भ सामग्रीमा नियमितता नहुने भएकाले निशुल्क प्राप्त गर्ने कुरा सम्भव देखिएन । त्यस्तै यस विद्यालयमा स्थायी शिक्षकहरुका अतिरिक्त सट्टा, राहत, निजीस्रोत, बाल विकास र अस्थायी शिक्षकहरुकार्यरत रहेको देखियो । यहाँ स्थायी शिक्षकका तुलनामा अन्य शिक्षकहरुले थोरै तलबमा पढाउनुपर्ने र अरू सरह आधारभूत सेवा सुविधा उपयोग गर्न नपाउने अवस्था भए पनि छोटा खालका आवधिक तालिममा भने समान ढङ्गले पठाउने गरिएको भन्ने प्रधान अध्यापकको भनाइ थियो । अतः यस विद्यालयमा हालको सामग्री उपलब्धताको अवस्थालाई तालिका १० मा थप प्रस्ट पार्न सकिन्छ ।

तालिका १०

| क्रसं | सामाग्रीको प्रकार | उपलब्ध रहेको | उपलब्ध नरहेको | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | भएको | नभएको | |
| १. | विषयगत पाठ्यक्रम | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| २. | विषयगत पाठ्य पुस्तक | ✓ | | ✓ | | ✓ | | अत्यधिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | विषयगत शिक्षक निर्देशिका | ✓ | | | ✓ | | | कम मात्र |
| ४. | सन्दर्भ सामग्री | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ५. | खेलकुद सामग्रीहरु | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ६. | विज्ञान र श्वास्थ्य तथा शारिरीक विषयका उपकरण | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ७. | कम्प्युटर | | ✓ | | | | | राख्नुपर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

**शैक्षिक सामग्री तथा भौतिक पूर्वाधारको अवस्था**

प्रधान अध्यापकको भनाइलाई आधार मान्दा यस विद्यालयले सीमित भौतिक पूर्वाधार र शैक्षिक सामग्री उपलब्धताका बिच पनि उच्च सिकाइ उपलब्धि दिन सफल भएको देखियो । यस विद्यालयमा विद्यार्थी अनुपातमा विषय शिक्षकहरुको कमी, गुणस्तरीय फर्निचरको अभाव, अन्य शैक्षिक सामग्री तथा भौतिक पूर्वाधार, जस्तै क्यासेट, कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक कोठा, लेखा कोठा, कर्मचारी कोठा, चमेनागृह, खेल मैदान, पुग्ने जमिन, वगैँचा, हरियाली, विद्यार्थी मैत्री शौचालय, कक्षा र तहअनुसार शिक्षक दरबन्दी, अतिरिक्त आमदानी आदिको अभाव देखियो । यसै कारण चाहे जति सिकाइ उपलब्धिमा वृद्धि गर्न सकिएको छैन भन्ने भनाइ रहेको पाइयो । त्यसरी नै शिक्षकहरुबाट शैक्षिक सामग्रीको कमी, भौतिक पूर्वाधारको अभाव, बन्द हड्ताल, शैक्षिक पछौटेपन, न्यून सामाजिक हैसियत, कमजोर आर्थिक अवस्था आदिका कारण प्रयत्न गर्दा गर्दै पनि चाहे जति विद्यार्थीको सिकाइ उपलब्धि बढाउन नसकिएको जानकारी दिइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षको भनाइमा पनि सोचे जति उच्च सिकाइ उपलब्धि हासिल गर्न नसक्नुका कारणहरुमा उपयुक्त एवम् पर्याप्त शैक्षिक सामग्रीको कमी र पर्याप्त भौतिक पूर्वाधारको अभाव भन्ने नै मुख्य देखियो । त्यस्ता सामग्रीहरु जुटाउने पहल स्वरूप सम्बन्धित निकायलाई

घचघच्याउने, यथाशक्य चन्दा सङ्कलन गर्ने, माछा पोखरीसँग साँधमा रहेको जमिन साट्ने, दान दातव्यको खोजी गर्ने जस्ता कामहरु भइरहेको विव्यसको भनाइ थियो ।

### योग्यता र कक्षा शिक्षण

कक्षा आठ पासदेखि स्नातकोत्तर तहको शिक्षा हासिल गरेका शिक्षकहरु रहेको यस विद्यालयमा नियमित कक्षा सञ्चानमा विकल्पहरुको व्यवस्था गरेको देखियो । कहिलेकाहीँ विद्यालयलाई समस्या परेको समयमा पढाउन सक्ने अभिभावक र व्यविसका सदस्यहरुलाई बोलाइने गरिए पनि कमै मात्र कक्षामा गएर पढाउने गरेको कुरा विद्यार्थी तथा शिक्षकहरुसँगको कुराकानीबाट अवगत भयो । यता प्रधान अध्यापक र वरिष्ट शिक्षकहरुले आफ्ना नियमित कक्षा बाहेक खाली भएका कक्षाहरुमा समेत पढाउने गरेको पाइयो । यसर्थ पढाइप्रतिको विद्यार्थीको जागरण र सन्तुष्टि, शिक्षकको भनाइ तथा कक्षा अवलोकनबाट यस विद्यालयका प्रधान अध्यापक र केही वरिष्ट शिक्षकहरु नमुना शिक्षकका रूपमा पाइए । यस विद्यालयका प्रधान अध्यापक आफू स्वयम् निम्नमाध्यमिक द्वितीय श्रेणीको दरवन्दीमा रहे पनि बिएस्सी, बिएड तथा विद्यालय व्यवस्थापन तथा योजना विषयमा स्नातकोत्तर भएकाले आफ्ना सहकर्मी शिक्षक साथीहरुलाई नियमित हौसला प्रदान गर्ने, शिक्षण सिकाइका बारेमा पृष्ठपोषण प्रदान गर्ने र बजारमा निस्किएका पाठ्य सामग्रीहरुका बारेमा जानकारी गराउने कुरामा सचेत र सहयोगी रहेको भन्ने अरूको भनाइ उपयुक्त नै देखियो ।

### कार्यक्रममा सहभागिता र नियमितता

जिल्ला शिक्षा कार्यालय वा अन्य कुनै आधिकारिक संस्थाहरुबाट आयोजना गरिने पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण सिकाइ उपलब्धिसम्बन्धी कार्यक्रमहरुमा सम्बन्धित विषय र तहका शिक्षकहरुलाई सहभागी गराउने गरिएको देखियो । यसरी सहभागी गराउँदा सकेसम्म निस्पक्षता निर्वाह गरेको पाइयो । संस्थागत हिसाबले शिक्षकहरुका बिचमा शैक्षिक उपलब्धि सुधारका विषयहरुमा गरिने नियमित छलफलबाट निस्केका निष्कर्ष र सुझावहरुलाई विद्यालय प्रशासनले स्वीकार गरी तिनलाई विद्यालयको साधन र स्रोतले भ्याएसम्म कार्यान्वयन गर्ने गरिएको पाइयो । यस्ता विषयहरुका बारेमा सरोकारवाला सबैका बिचमा नियमित छलफल तथा अन्तरक्रिया हुनुपर्छ भन्ने कुरामा सबै सचेत देखिए पनि त्यस्ता कार्यक्रमहरु पातलो ढङ्गले हुने गरेका देखिए । यसबाट पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ सम्बद्ध कार्यक्रमहरूमा इमादारीपूर्वक भाग लिई प्राप्त भएका सिप, अनुभव र ज्ञानलाई विद्यालयको आन्तरिक स्रोत साधानले भ्याएसम्म कार्यान्वयनमा ल्याउन सक्ने हो भने उच्च सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्ने देखिन्छ ।

### मिटिङ्ग बैठकको आयोजना र निर्णयहरुको कार्यान्वयन

यस विद्यालयका प्रधान अध्यापक, शिक्षकहरु तथा व्यवस्थापन समितिका अध्यक्षको भनाइमा विद्यालयको सुधार, विद्यार्थीको सिकाइ उपलब्धि र समग्र शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र समस्याहरुको पहिचान, वर्गीकरण र समाधानका उपायहरुको खोजीमा सल्लाह सुझाव लिन र दिन विद्यालयमा नियमित छलफलको आयोजना हुने गरेका देखिए तापनि वर्षको ३/४ पटक हुने त्यस्ता बैठकहरुमा एउटा महत्त्वपूर्ण पक्ष अभिभावकहरुको उपस्थितिलाई भने खासै महत्त्व दिने गरेको पाइएन । विद्यालयमा खास गरेर मिटिङ्ग बैठकहरु बढी गरेर शैक्षिक, आर्थिक र भौतिक व्यवस्थापनसँग सम्बन्धित हुने गरेका पाइए । यस्ता बैठकहरुबाट प्राप्त निष्कर्षहरुको कार्यान्वयन प्रधान अध्यापकको आदेशमा मात्र हुने गरेको देखियो । यस्तै आदेशात्मक काम कार्वाहीका बिच पनि नियमित पठनपाठनलाई थप गति प्रदान गर्न र त्यसलाई उपलब्धिमूलक बनाउन शिक्षण सिकाइ क्रियाकलापको समयमा मौलिक एवम् सिर्जनात्मक विधिहरु प्रयोग गर्दा शिक्षकहरुलाई विद्यालय प्रशासनबाट यथेष्ट सहयोग तथा हौसला मिल्ने गरेको कुरा सबै पक्षको भनाइमा पाइयो ।

### शिक्षण सिकाइमा सहकार्य र सम्बन्धको असर

जम्मा ४,८९३ जनसङ्ख्या मध्ये आधाभन्दा बढी सङ्ख्या (२५३३) निरक्षर भएका कारणले मात्र होइन प्रतिघर जनसङ्ख्या (६.३९) को चाप अत्यधिक हुनुको साथै अत्यधिक सङ्ख्या पिछडिएका समुदाय र दलितहरुको रहेको कारण चेतनाको अभावले अध्ययनरत विद्यार्थीका अभिभावकहरु छोराछोरीको पढाइको सवाललाई लिएर कमै मात्र विद्यालय आउने गरेको देखियो । आएर गुनासा सुनाउने अभिभावकप्रतिको विद्यालयको व्यवहार सुमधुर रहने गरेको भए पनि अधिकांश अभिभावकहरु निरक्षर हुनाले छोराछोरीको पढाइप्रति खासै मतलब राख्ने गरेको पाइएन । यस विद्यालयका शिक्षकहरुले एक आपसमा आफूले सिकेका, अनुभव गरेका र तालिमबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बद्ध सिपहरुलाई आन्तरिक छलफलको आयोजना गरी आदान प्रदान गर्ने गरेको पाइयो । यसर्थ हाल आएर सरोकारवालाहरुका बिचमा सहयोगात्मक सम्बन्धको विकास हुनुको साथै विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरुका बिच समेत निकटता बढेका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सकारात्मक प्रगति देखिन थालेको भन्ने विश्वास सबैको रहेको देखियो ।

### सहयोग र समर्थन

यस विद्यालयका विद्यार्थीहरुको दृष्टिमा पनि सिकाइ उपलब्धि सामान्य ढङ्गको राम्रो हुनुमा उल्लिखित कारणहरु नै प्रमुख रहे पनि उनीहरुको पढाइमा आफन्त जन, जस्तै-आमा, बाबु, दाजु, दिदी जस्ता अग्रजहरु र नियमित पढाउने शिक्षकहरुबाट सीमित मात्रामा मात्र सहयोग र समर्थन रहने गरेको देखियो । कक्षा सुरु हुनुअघि पूर्वपाठको पुनरावृत्ति र विद्यार्थीहरुको पढाइलाई लिएर सम्बद्ध पक्षहरुकाबिच छलफल हुने गरेको भए पनि आफू र अभिभावकसहितलाई जुटाएर छलफल गरिएको थाहा नभएको दाबी विद्यार्थीहरुको पाइयो । शिक्षकहरुले प्रायः सधैँ जस्तै व्याख्यान, प्रश्नोत्तर आदि विधिको प्रयोग गर्ने गरेको ठम्याइ उनीहरुको थियो । त्यसै गरी विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षा ऐन तथा नियमावलीका अतिरिक्त विव्यस र विद्यालय प्रशासनले तोके बमोजिमको काम गरेको देखिए पनि अन्य विशेष कक्षा तथा मूल्याङ्कनका साधनहरुको उपयोग सम्बद्ध समर्थनमा भने अपेक्षाकृत ध्यान दिन सकेको पाइएन ।

### पुरस्कार र दण्डको व्यवस्था

यस विद्यालयका शिक्षकहरुको भनाइबाट कक्षामा आफ्ना साथीहरुसँग झैझगडा गर्ने, शिक्षकलाई नटेर्ने, अनावश्यक नाम राख्ने र केटी साथीहरुलाई जिस्क्याउने विद्यार्थीहरुको सङ्ख्या नगन्य रहेको तिनबाट विद्यालयको नियमित पठनपाठनमा खासै असर पुगेको देखिएन । विद्यार्थीको भनाइ अनुसार विद्यालयमा राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने परिपाटी खासै नभए पनि गल्ति गर्नेलाई सुरुमा सम्झाइबुझाइ गर्ने केही सिप नलागेमा दण्डको सहारा लिने गरिएको पाइयो ।

### अतिरिक्त क्रियाकलाप

विद्यालयमा नियमित शिक्षण सिकाइका अतिरिक्त भौतिक पूर्वाधारको कमीका बिचमा पनि वर्षमा एक दुई पटक अतिरिक्त तथा सहकार्यकलापका रूपमा हाजिरी जवाफ प्रतियोगिता, चक्लेट दौड, वादविवाद जस्ता कार्यक्रममा विद्यार्थीहरुलाई सहभागी गराउने गरेको देखियो । त्यस्ता अतिरिक्त कार्यक्रमहरुबाट विद्यार्थीको पढाइप्रतिको रुचि बढाउने कुरामा मदत पुग्नुको साथै नियमित उपस्थितिमा मिलेको प्रेरणाले गर्दा सिकाइप्रति हौसला र प्रोत्साहन प्राप्त भई उपलब्धिमा समेत वृद्धि हुन्छ भन्ने विश्वास सबैमा रहेको पाइयो ।

## सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु

यसअन्तर्गतका विषयहरुलाई राम्रो कामको प्रसंशा र जिम्मेवारी, कक्षा अवलोकन र पृष्ठपोषण, काममा प्रोत्साहन, स्रोत साधनको उपलब्धता र सिकाइमा सहजीकरण, अनुशासन र आचारसंहिताको पालना, भर्ना अभियान, सिकाइ र उपलब्धि परीक्षण, सिकाइ उपलब्धि सम्बद्ध व्यवस्थापन, उद्देश्यमूलक नेतृत्व, सिकाइको वातावरण, अतिरिक्त शैक्षिक कक्षाहरूको व्यवस्था जस्ता उपशीर्षमा प्रस्तुत गरिएको छ ।

### राम्रो कामको प्रसंशा र जिम्मेवारी

प्राप्त सूचनाका आधारमा हेर्दा यस विद्यालयका प्रधान अध्यापकले विद्यालय हाताभित्र राम्रो काम गर्ने शिक्षकको प्रशंसा गर्ने गरेको देखियो । त्यस खालको प्रशंसा सामान्यतः न्यायसङ्गत रहेको र त्यो बैठक बसेको समय पारेर मौखिक विधिकेन्द्रित हुने गरेको अनुभव शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रहेको पाइयो । त्यस्तै प्रधान अध्यापक, सहायक प्रधान अध्यापक, शिक्षक तथा कर्मचारीहरुलाई जुन कामको जिम्मेवारी दिइएको छ त्यो राम्रै गरी पुरा गर्ने गरेको कुरा अभिभावकहरुबाट बताइयो । उहाँहरुको तर्फबाट आवश्यक पर्दा सम्बद्ध पक्षलाई सल्लाह तथा सुझाव दिने गरिएको र यसको पालना पनि यथोचित रूपमा भइरहेको अनुभव सुनाइए पनि त्यो भनाइ अवलोकन र छलफलको क्रममा पुष्टि हुन सकेन । विद्यालयको मूल व्यक्तिका रूपमा प्रधान अध्यापकले शिक्षकहरुसँग भएको फरक फरक ज्ञान, सिप, योग्यता र क्षमताका आधारमा उनीहरुलाई जिम्मेवारी (माथिल्लो कक्षाको पठन पाठन, निमित्त प्रधान अध्यापक, कक्षा शिक्षक, परीक्षा समिति, खेलकुद आदि) दिने गरिएको र यस कुरामा सबैको सहमति रहेको पाइयो ।

### कक्षा अवलोकन र पृष्ठपोषण

यस विद्यालयका प्रधान अध्यापकले शिक्षकहरुको कक्षा अवलोकन नियमित रूपमा गर्ने र सम्बद्ध शिक्षकहरुका कमी कमजोरी सुधार्न विकल्पसहितको पृष्ठपोषण दिने गरेको छु भन्ने अभिव्यक्ति दिए पनि यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइमा उहाँले कक्षाभित्र पसेर नियमित अवलोकन गर्ने गरेको देखिएन । कक्षा शिक्षण सिकाइको सन्दर्भमा दिने गरिएको निर्देशन, सल्लाह र सुझाव पनि विकल्पसहितको अनुरोधको भाषामा नभई बढी नै आदेशात्मक हुने गरेको पाइयो । त्यस्तै विद्यालय व्यवस्थापनसँग सम्बद्ध जिम्मेवार व्यक्तिहरुबाट नियमित पठन पाठन तथा सञ्चालनसम्न्धी कर्यहरुका बारेमा नियमित कक्षा अवलोकन हुने गरेको कुरा सबैको भनाइबाट थाहा

पाइयो । यो विद्यालय नेपाल भारत सीमा क्षेत्रको नजिकमा रहेका कारण विद्यालय निरीक्षकहरु वर्षमा एक दुई पटक मात्र आउने र त्यस समयमा प्रशासनिक र भौतिक विकासका कामलाई मात्र बढी प्राथमिकता दिने गरेको बुझाइ सबैको देखियो । यसका अतिरिक्त थोरै मात्र भए पनि उहाँहरुले कक्षाकोठामा बसेर कक्षा अवलोकन गर्ने, शिक्षकहरुलाई पृष्ठपोषण दिने तथा पठन पाठनसँग सम्बन्धित विषयहरुमा छलफल गर्ने जस्ता कामहरु पनि गर्ने गरेको कुरा सरोकार राख्ने पक्षबाट जानकारी गराइयो ।

**काममा प्रोत्साहन**

यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइअनुसार शिक्षकहरुले प्रायः गृहकार्य दिने गरेको देखियो तर त्यसलाई मिहिन ढङ्गबाट परीक्षण गरी विद्यार्थीहरुलाई तत्काल पृष्ठपोषण दिने र त्यसअनुसार सुधार गर्न लगाउने गरेको पाइएन । शिक्षक तथा कर्मचारीको पेसागत उन्नयन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्ने धेयले कुनै ठोस भाषिक योजना र कार्यक्रमहरु ल्याइएको देखिएन तापनि आगामी दिनमा भने शिक्षकहरुलाई आलोपालो गरी तालिममा पठाउनेदेखि लिएर अन्य पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने योजना रहेको अठोट प्रधान अध्यापकको देखियो । विद्यालय सञ्चालनका नीति तथा वार्षिक कार्य तालिका बनाउने छलफलमा विद्यार्थी, शिक्षक, अभिभावक, विव्यसका पदाधिकारी तथा सदस्यहरुलाई सामेल गराउने गरिएको भन्ने दाबीको अभिभावक र विद्यार्थीहरुले कमै मात्र प्रोत्साहन पाउने गरेको गुनासो रहेबाट पुष्टि हुन सकेन ।

**स्रोत, साधनको उपलब्धता र सिकाइमा सहजीकरण**

विज्ञान विषयका लागि भनेर केही शैक्षिक सामग्रीको व्यवस्था गरिएको र नगन्य मात्रामा प्रयोगसमेत गर्ने गरिएको भए पनि गणितमा त्रिभुज र सामाजिक शिक्षामा ग्लोब बाहेक शैक्षिक सामग्री प्रयोगको अवस्था शून्य रहेको दाबी विद्यार्थीहरुले गरेबाट त्यसमा कमजोरी रहेको पाइयो । उनीहरुको बुझाइमा आफूलाई नियमित उपस्थित हुन प्रेरित गर्ने, दिइएका कक्षाकार्य र गृहकार्य समयमै गर्न हौसला दिने, घरघरमा गएर आफ्ना बाबुआमालाई पढाइका बारेमा सचेत पार्ने, काम कम लगाउन आग्रह गर्ने, समयमा विद्यालय पठाउन पहल गर्ने जस्ता विद्यार्थी हितका काम गर्ने विषयमा प्रधान अध्यापकको भूमिका सबैभन्दा राम्रो रहेको पाइयो । यसै कारण उनीहरुमा गणित र विज्ञान विषय मन पर्ने र त्यसमा आफूले प्रगति गर्न सकेकैले अन्य विषयमा पनि यसै गरी राम्रो गर्न सकिन्छ भन्ने आत्मबल बढेको रहेछ भन्ने देखियो ।

### अनुशासन र आचारसंहिताको पालना

विद्यार्थीहरुका अमर्यादित व्यवहारलाई कम गर्नका लागि लिइने निर्णयहरु प्रति सबैको अटुट साथ र सहयोग रहने गरेको छ भन्ने देखियो । उनीहरु नै त्यस्ता निर्णयहरु पर्याप्त नभएको कुराप्रति सहमत पनि  देखिए । विद्यालय प्रशासन र सम्पूर्ण शिक्षक विद्यार्थीका व्यवहारलाई नियमन र नियन्त्रण गर्न भनेर कुनै आचारसंहिता लिखित रूपमा बनाएर लागु गरिएको पाइएन । शिक्षक तथा प्रधान अध्यापकले भने त्यस्तो आचार संहिता मौखिक रूपको रहेको र त्यो कार्यान्वयनमा रहेको विश्वास दिलाए । यस सन्दर्भमा अभिभावक, शिक्षक, विद्यालय प्रशासन र व्यवस्थापनका तर्फबाट विद्यार्थीहरुलाई अनुशासित बनाउने विषयसँग सम्बन्धित मुद्धाहरु सहानुभूतिपूर्वक सुन्ने, सुनाउने र सुझाव तथा सल्लाह लिने, दिने कुरामा समझदारी देखियो ।

### भर्ना अभियान र कक्षोन्नति

यस विद्यालयमा विद्यार्थी भर्नासँग सम्बन्धित कार्य वर्षको एक पटक शैक्षिक सत्रको सुरुमा हुने गरेको देखियो । हुन त भर्ना लिँदा तल्लो कक्षाको लब्धाङ्क पत्रलाई आधार मान्ने गरिए पनि साना कक्षा र तहका लागि भने उनीहरुको क्षमता परीक्षण गर्न मौखिक परीक्षा लिने गरिएको जानकारी पाइयो । भर्ना अभियानका लागि अभिभावक घरदैलो कार्यक्रम र र्‍याली गर्ने गरिएको जानकारी गराइयो । यस विद्यालयमा पनि तिन विषयसम्म लाग्ने विद्यार्थीलाई मौका परीक्षाको अवसर नदिई कक्षोन्नति गर्ने गरिएको पाइयो । यस तथ्यबाट विद्यालयले सामान्य स्तरको भर्ना अभियान चलाए पनि त्यसलाई अझै व्यवस्थित गर्न जन सचेतना अभियान, विद्यालय पोसाकमा सम्बद्ध पक्षहरुको प्लेकार्डसहितको संयुक्त र्‍याली र अतिरिक्त क्रियाकलापमा व्यापक जन सहभागिता, अभिभावक दिवसको आयोजना जस्ता गतिविधिहरू माघ, फगुन र चैत महिनाभित्र सञ्चालन गरी तिनलाई भर्ना अभियान महिनाका रूपमा उपयोग गर्न सक्ता विद्यार्थी सङ्ख्या बढ्ने मात्र होइन जेहेन्दार विद्यार्थीको सङ्ख्यामा वृद्धि भई  सिकाइ उपलब्धिसमेत बढ्न सक्ने देखियो ।

### सिकाइ र उपलब्धि परीक्षण

विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षणका लागि भने विशेष गरेर प्रथम त्रैमासिक, अर्ध वार्षिक र वार्षिक गरी तिन ओटा परीक्षाका अतिरिक्त अरू परीक्षाहरु नियमित नभए पनि शिक्षक र विद्यार्थीहरुको भनाइमा एकाइ र पूर्व तयारी परीक्षा पनि हुने गरेको देखियो तर तिनबाट प्राप्त भएका अङ्कको केही प्रतिशत अन्तिम परीक्षामा नजोडिने र तिनको अभिलेख पनि नराखिने जनाइयो । उक्त तिन खालका परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र पनि शिक्षकले नबनाएर

स्रोतकेन्द्रबाट लिने गरेको देखियो । परीक्षापछि नतिजाका बारेमा सामान्य छलफल भए पनि औपचारिक विश्लेषणको काम भने हुने गरेको पाइएन । सम्बद्ध विषयको कक्षा अवलोकन र शिक्षकहरुसँगको अन्तरक्रियाका आधारमा नियमित पठन पाठनको सन्दर्भमा हेर्दा सबैजसो शिक्षकहरुले परम्परादेखि चलिआएका निगमनात्मक, प्रश्नोत्तर, छलफल, परियोजनामूलक आदि विधिहरु नै प्रयोग गर्ने गरेको देखियो । सूचनाको यस सङ्केतले पनि शिक्षण सिकाइलाई थप व्यवस्थित गरी उपलब्धिलाई अझै उच्च पार्न उल्लिखित नियमित परीक्षाहरूका अतिरिक्त शिक्षक निर्मित प्रश्नबाट परीक्षा लिने गरी हरेक परीक्षाको एक महिना अगाडि पारेर एकाइ परीक्षा लिने र त्यसबाट प्राप्त अङ्कको केही प्रतिशत मूल परीक्षाको अङ्कमा जोड्ने अनि सबै परीक्षाहरुको औपचारिक विश्लेषण गरी असफल परीक्षार्थीहरूको तत्काल सुधारसम्बन्धी विशेष परीक्षा पनि लिनुपर्ने देखियो ।

## सिकाइ उपलब्धि सम्बद्ध व्यवस्थापन

सामान्यतः यस विद्यालयमा पनि माथिल्लो कक्षामा कक्षोन्नति हुन सबै विषयमा पास गरिराख्नु नपर्ने भन्ने विद्यार्थीहरुको बुझाइ ठिकै देखियो । कक्षामा केटा र केटीको बस्ने भाग र बेन्च फरक रहने गरी सिकाइलाई व्यवस्थित गर्न खोजेको पाइयो । धेरैले घर फर्केपछि नियमित खेतीपाती, वस्तुभाउ, घर घरायसी, मेलापात, घाँस दाउरा अर्मपर्म जस्ता घरेलु काम गर्नुपर्ने वाध्याता एकातिर छ भने अर्कातिर ३० देखि ४० मिनेटको पैदल दुरीमा रहेको विद्यालय आउन र जानका लागि खराब बाटोको कारण कहिले काहीँ घण्टौँ लाग्ने जस्ता समस्याहरुले गर्दा पनि पढाइमा समस्या, अलमल र थकाइका कारण सोचे जति प्रगति गर्न नसकेको भन्ने विद्यार्थीको भनाइ उपयुक्त नै थियो ।

## उद्देश्यमूलक नेतृत्व

विव्यस, अभिभावक र शिक्षकहरुका नजरमा यस विद्यालयका प्रधान अध्यापकले विद्यालयका काम कार्वाहीमा उद्देश्यमूलक नेतृत्व दिन सकेको देखियो । उनी सबै सरोकारवालाको सहकार्य, सहमति र सहभागितामा वृद्धि गरी नीति नियममा सुद्धीकरण, प्रक्रियामा पारदर्शिता, समाजमा चेतना, आपसमा मेलमिलाप, शिक्षण सिकाइमा गुणस्तरीयता र प्रशासनमा चुस्त दुरुस्तता कायमगरी विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्न प्रयत्नरत रहेको देखियो । उनमा पठन पाठनका चुनौतिहरुलाई सहज रूपमा स्विकार्ने, शिक्षकहरुका लागि चुनौती थपिदिने र त्यसमा तत्काल नेतृत्व लिन सक्ने क्षमता रहेको भन्ने सबैको ठम्याइ रहेको पाइयो ।

विज्ञान र गणित दुबै विषय पढाउन सक्ने प्रधान अध्यापकले नियमित रूपमा कक्षा लिने गरेको देखियो । उनले शिक्षक, विद्यार्थी तथा समुदायमा स्थापित मानिसहरुको मन जित्ने काम गरेर आफूलाई एउटा नमुना शिक्षकका रूपमा स्थापित गरेको पाइयो । यसै कारण उनले अभिभावक र विद्यार्थीहरुले समेत आफूलाई राम्रै मूल्याङ्कन भएको अनुभव गरेको कुरा सुनाए । उनको यस्तो आत्मविश्वास उनीप्रति विद्यार्थी, शिक्षक, अभिभावक र व्यवस्थापन पक्षले गरेको आदर, सम्मान र विश्वासका कारण बढेको देखियो । एउटा प्रधान अध्यापकका हैसियतले आफ्नै विवेक प्रयोग गरी शिक्षक कर्मचारीहरुको इच्छा तथा चाहनाको कदर नियमित रूपमा गर्ने गरेको भनाइको पुष्टि शिक्षक, अभिभावक र व्यवस्थापन समितिका अध्यक्षको सकारात्मक प्रतिक्रियाबाट हुन आयो ।

## सिकाइको वातावरण

यस विद्यालयका धेरै जसो शिक्षकहरुबाट पनि नियमित पढाइमा प्रोत्साहन पाउने गरेको र यस्तो वातावरण हालका प्रधान अध्यापक आएपछि क्रमश: बन्दै गएको अनुभव उनीहरुमा रहेको पाइयो । यसै कारण हाल आएर शिक्षक, विद्यालय प्रशासन र अभिभावकका बिचको सम्बन्ध सुमधुर भएको र विद्यालयको सुरक्षा व्यवस्थामासुधार भए पनि अझै विद्यालयको समग्र वातावरण बालमैत्री हुन सकेको छैन भन्ने उनीहरुको बुझाइ रहेको देखियो । यसर्थ आगामी दिनमा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइको समयमा शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रामा यथोचित प्रयोग, अघिल्लो पाठको नियमित पुनरावृत्ति, प्रश्नोत्तर, छलफल र सिर्जनात्मक विधिको प्रयोग, उच्चारण, पढाइ र लेखाइमा जोड, नियमित कक्षाकार्य, समयमै गृहकार्य र परीक्षणमा इमानदारी, आपसी सहकार्य र सह क्रियाकलापमा जोड, विद्यार्थी सहभागिता र सक्रियतामा जोड, गरिदिने र सँगसँगै गर्न लगाउने दोहोरो कार्यकलापमा प्राथमिकता दिन सक्नुपर्ने देखियो ।

## अतिरिक्त कक्षाहरूको व्यवस्था

शैक्षिक सत्रको अन्त्यतिर आएर विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विशेष कक्षाको व्यवस्था कतिपय विद्यालयहरुले गर्ने गरेका हुन्छन् भन्ने थाहा भए पनियस विद्यालयमा भने त्यस्तो व्यवस्था आजसम्म नभएको बुझाइ विद्यार्थीहरुको पाइयो ।विद्यार्थीहरुको भनाइअनुसार उनीहरुकाअभिभावकलाई विद्यालयको तर्फबाट समय समयमा बोलाइने गरिएको भए पनि पढाइको विषयलाई लिएर सामूहिक छलफल आजसम्म हुने गरेको देखिएन । उनीहरुको पढाइलाई सहयोग पुऱ्याउने शैक्षिक सामग्रीहरु , जस्तै-कम्प्युटर, मोबाइल, क्यासेट प्लेयर, टेलिभिजन, सूक्ष्मदर्शक यन्त्र जस्ता सामग्रीहरुको प्रयोगावस्था पनि सबल देखिएन । उनीहरुलाई पढाउने अधिकांश शिक्षकहरु (

एक दुई बाहेक) २४-३२ वर्षका युवा भएकाले मात्र होइन स्नातक र स्नातकोत्तर तहको शैक्षिक योग्यता भएका हुनाले पनि उनीहरुको शिक्षण सिकाइबाट भने विद्‌यार्थीहरु सन्तुष्ट नै पाइए । त्यस्तै विद्‌यालयमा अध्ययनरत विद्‌यार्थीहरुको स्तर निर्धारण गरी विशेष तथा अतिरिक्त कक्षाहरु र असफल विद्‌यार्थीहरुका लागि मौका परीक्षाको व्यवस्था यस विद्‌यालयमा गरिएको पाइएन जुन अनिवार्य रूपमा गर्नुपर्ने देखियो । अतः उल्लिखित तथ्यहरुका आधामा यस विद्‌यालयका मुख्य समस्या र तिनका कारणहरुलाई तालिका ११ मा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

तालिका ११

| **क्रसं** | **मुख्य समस्या** | **समस्याका कारण** |
|---|---|---|
| १. | १. किन्नुपर्ने शैक्षिक सामग्रीको अभाव<br>२. न्यून उपस्थिति, व्यक्तिगत सरसफाइको कमी<br>३. अङ्ग्रेजी माध्यम तर्फको आकर्षण | १. गरिबी<br>२. चेनताको अभाव<br>३. समयको माग, अन्तरर्राष्ट्रिय प्रभाव |
| २. | कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति | घरायसी काममा संलग्नता |
| ३. | १. गणित, अङ्ग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयको सिकाइ उपलब्धि औसतमा कमी<br>२. कक्षागत रूपको हाजिरी पुस्तिकामा विद्‌यार्थी सङ्ख्या बढी, उपस्थितिमा कमी | १. प्रविधि युक्त तथा व्यावहारिक शिक्षणको अभाव<br>२. घरायसी कामको व्यस्तता |
| ४. | विद्‌यार्थी सङ्ख्याको आधारमा विषय शिक्षक दरबन्दीमा कमी | दरबन्दी वितरण अपर्याप्त |
| ५. | १. शुद्‌ध खानेपानीको कमी<br>२. पुस्तकालय तथा प्रयोगशालाको अभाव | १. ट्युबेल कम, ट्याङ्की र शुद्‌धताको अभाव<br>२. फर्निचर तथा कक्षाकोठा अव्यवस्थित |

| | | |
|---|---|---|
| | ३. विव्यस गठन भएको तर शिअस गठन नभएको | ३. राजनैतिक खिचातानी |
| ६. | दिवा खाजाको व्यवस्था हुन नसकेको | आर्थिक स्रोतको अभाव |
| ७. | विविध शैक्षिक सामग्री, प्रविधि र प्रयोगमा कमी | स्थानीय स्रोत परिचालनमा उदासीनता, किनेर जुटाउन आर्थिक कठिनाइ |
| ८. | आन्तरिक स्रोत परिचालनमा कमी तथा आर्थिक स्रोत जुटाउने कार्यमा पनि कमी | सूचना प्रवाहको अभाव तथा नियमित पहल कदमीको कमी |

(स्रोत : क्षेत्रकार्य २०७३)

## नतिजाका प्रभावकहरु

उल्लिखित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट यस विद्यालयको नियमित पठन पाठन र सिकाइ उपलब्धिसम्बन्धी विशिष्ठ नतिजाहरुको एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट जनता निमाविको सिकाइ उपलब्धि उच्च हुनुमा कस्ता प्रभावकहरु भूमिकामा रहेका छन् भन्ने बारेमा एउटा मार्गचित्र प्राप्त भएको छ । यहाँ नतिजाका तिनै मुख्य मार्गचित्रलाई प्रभावकका रूपमा बुँदामा प्रस्तुत गरिएको छ ।

- विद्यालय हाताको सुरक्षा व्यवस्था तथा विद्यालय हाताको आवश्यक घेराबेरा र सरसफाइ सामान्य देखिएको छ । भवन र त्यसमा रहेका कोठाहरु हालका लागि काम चलाउ देखिए पनि खेल मैदान लगभग नभएको मात्र होइन बगैंचा, सजावट र नियमित मर्मत सम्भारको अवस्था पनि कमजोर देखिएको छ । त्यसरी नै कक्षाकोठाको नियमित सर सफाई सामान्य देखिएको छ भने फर्निचरको उपलब्धता र उपयुक्तता कमजोर पाइएको छ । उपलब्ध सामग्रीहरुको व्यवस्थापन र आवश्यक सजावट नगन्य मात्र हुनुको साथै लेख्ने पाटीको आकार र गुणात्मकतामा पनि कमी देखिएको छ ।

- शिक्षकहरु सामान्यतः योग्य देखिए पनि तहगत एवम् विषयगत शिक्षक सङ्ख्या बढाउनुपर्ने देखिएको छ । शिक्षकहरुमा स्थानीयताको वाहुल्य रहनुको साथै उनीहरुको अनुभव र दक्षता पनि राम्रो पाइएको छ । अधिकांश शिक्षकहरु तालिम प्राप्त देखिए भने शिक्षक विद्यार्थीको

अनुपात पनि मिलेको देखिएको छ । प्रति शिक्षक ४ देखि ५ घन्टी रहेको दैनिक कार्यभारको प्रकृति पनि सेवा सर्तअनुकूल पाइनुको साथै प्रतिघन्टी तालिका र समयको सन्तुलित विन्यास पनि सरकारी नियमअनुसार नै रहेको पाइन्छ ।

- शिक्षक तथा विद्यार्थीहरुको निरन्तरता राम्रो देखिएको छ । शिक्षक विद्यार्थीहरुको उपस्थिति पनि राम्रो पाइएको छ । विद्यालय र कक्षा सञ्चालनमा नियमितता रहनुको साथै दिनको एक-दुई जनाका दरले हुने शिक्षकहरुको अनुपस्थितिमा प्रधान अध्यापक र वरिष्ट शिक्षकहरुबाट कक्षा लिने व्यवस्था गरिएको र विदा लिनुपर्दा पूर्व जानकारी गराउनुपर्ने प्रचलनले गर्दा कक्षा सञ्चालनको व्यवस्थापन राम्रो ढङ्गले नै गरिएको देखिन्छ ।

- शिक्षकहरुको पूर्व तयारी तथा योजना सन्तोषजनक देखिएको छ । समस्याहरुको पहिचान र कार्यान्वयनको पक्ष पनि सबल पाइएको छ । आवश्यकताहरुको पहिचान र कार्यान्वयनको पक्ष पनि राम्रो देखिएको छ । शिक्षकहरु क्रियाकलाप, विधि र प्रक्रियामा सबल र सचेत देखिएका छन् । शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था भने कमजोर पाइएको छ ।

- शिक्षण सिकाइमा सहभागिता र पृष्ठपोषणको पक्ष भने बलियो देखिन्छ । घरबाट पाढाइप्रति हुने सहयोग न्यून देखिए पनि सम्बद्ध पक्षहरुका बिचको सहकार्य, सह क्रियाकलाप र आपसी सहयोगमा हार्दिकता रहेको देखिन्छ । कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा विद्यार्थीहरुको संलग्नता सामान्य खालको देखिए पनि तिनको नियमित परीक्षणको अवस्था भने अपेक्षाकृत कमजोर पाइएको छ ।

- मूल्याङ्कनका विधिहरुमा निगमनात्मक, छलफल र परियोजना मुख्य देखिएका तथा साधनको प्रकार र प्रयोगमा एकरूपता पाइएको छ । मूल्याङ्कनको निरन्तरता र नियमितताको पक्ष राम्रो देखिएको छ । नतिजा विश्लेषणको पाटो अनौपचारिक र सामान्य रहे पनि विद्यार्थी, शिक्षक पृष्ठपोषणको अवस्था भने सुदृढ रहेको देखिन्छ । नतिजा अभिलेखीकरण फाइलमा मात्र सीमित रहेको र सिकाइ उपलब्धि स्तरका आधारमा क्रमसङ्या निर्धारण गरिएको देखिन्छ । विद्यार्थीहरुको उत्तीर्ण सङ्ख्या ७०-८० प्रतिशतका बिचमा रहेको र यसको योजनाबद्ध प्रचार प्रसारको पक्ष भने वर्षको एक पटक हुने भर्ना सचेतना अभियान र ऱ्यालीमा सीमित रहेको पाइन्छ ।

- सिकाइमा समस्याको पहिचान र कार्यान्वयनको पक्ष सबल हुनुको साथै सुधारको योजना र कार्यान्वयनको पक्ष पनि सुदृढ पाइएको छ । नियमित अन्तरक्रिया र पृष्ठपोषणको अवस्था व्यवस्थित भए पनि विशेष शिक्षण सिकाइको व्यवस्था भने लगभग शून्य देखिएको छ । विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापनबिचको सम्बन्ध, सहकार्य र समन्वय राम्रो रहनुको साथै गुनासाहरुको सुनुवाइ सामान्य मात्र रहे पनि सुधारको नियमित प्रयत्न र निरन्तरताको पक्ष भने बलियो पाइएको छ ।

- गृहकार्य, मूल्याङ्कन तथा कक्षा कार्यहरुको प्रयोग सामान्य पाइएको छ भने विद्यार्थीको पठनपाठन तथा आचरण र व्यवहारको विषयमा अन्य सहकर्मी शिक्षकहरुसँग अन्तरक्रियाको पाटो तुलनात्मक रूपमा राम्रो देखिएको छ । विद्यार्थीको शैक्षिक उपलब्धिप्रतिको अपेक्षा, चिन्ता र चासो उच्च देखिनुको साथै शिक्षक, अभिभावक तथा व्यवस्थापन समितिसँगको सम्बन्ध सुमधुर पाइएको  छ । विद्यालयमा विध्वंशका घटनाहरुमा विद्यार्थीहरुको संलग्नता न्यून देखिएको छ ।

- विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरुमा शिक्षण सिकाइ क्रियाकलापहरुका बारेमा नियमित अन्तरक्रिया हुने गरे पनि अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलापको यथोचित प्रयोगको अवस्था भने अनियमित र कमजोर देखिएको छ । घरको वा ज्यालादारी काममा संलग्नताको अवस्था उच्च रहे पनि विद्यार्थी विद्यार्थीबिचको सुसम्बन्ध भने सामान्यतः राम्रो पाइएको छ ।

- यस विद्यालयमा कार्यरत शिक्षकहरु न्यूनतम योग्यता हासिल मात्र होइन सम्बन्धित विषयमा माथिल्लो योग्यता हासिल गरेका कारण पठन पाठन राम्रो भई सिकाइ उपलब्धि उच्च हुन पुको देखिन्छ । सबैजसो शिक्षकहरु सम्बन्धित विषयमा तालिम प्राप्त हुनुको साथै स्थानीय भाषाका ज्ञातासमेत भएकाले कक्षागत र विषयगत पठनपाठनमा सजिलो भई उत्तीर्ण छात्रछात्राहरुको औसत अङ्क पनि राम्रो पाइएको छ ।

- हरेक विषयमा कक्षाकार्य, गृहकार्य तथा समूह कार्य नियमित रूपमा गर्ने विद्यार्थीको सङ्ख्या र क्षमता सामान्य भए पनि विद्यालयमा शैक्षिक तालिमबाट प्राप्त सिपको समुचित उपयोग गर्ने गरी कामको व्यवस्थापन भने भएको देखिन्छ । शिक्षकले कक्षाकोठामा बिताउने

समय र कक्षामा बोल्ने र विद्यार्थीले उपयोग गर्ने समयका बिचमा तालमेल मिलेको छ भने विद्यार्थीले सह एवम् अतिरिक्त क्रियाकलापमा नियमित सहभागिता जनाउने कुरा सामान्य पाइएको छ ।

- यस विद्यालयका शिक्षक पूर्व एवम् पूर्ण तयारीका साथ कक्षामा प्रवेश गर्ने कुरा सबल देखिए पनि विषयअनुरूप उपयुक्त विद्यार्थी केन्द्रित शिक्षणको पक्ष भने निकै नै कमजोर पाइएको छ । भयरहित वातावरणका दृष्टिले शिक्षणको पक्ष सबल देखिए पनि तोकिएको ढाँचामा विद्यार्थीको निरन्तर मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य तथा सहकार्यहरुको प्रभावकारी प्रयोगको अवस्था कक्षा छ देखि माथि केही विषयमा बाहेक न्यून देखिएको छ ।

- विद्यार्थीको औसत उपस्थिति राम्रो रहेको र विद्यालयमा सामूहिक परीक्षण न्यून देखिए पनि शिक्षकहरुका बिचको सद्भाव र सहकार्य भने राम्रो पाइएको छ । यसै कारण विद्यार्थी शिक्षक तथा विव्यसद्वारा मौखिक आचारसंहिता पालनाको पक्षसमेत सुदृढ देखिएको र विद्यार्थीको बानी व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन आउन थालेको देखिन्छ । यसर्थ पुनः कक्षा दोहोऱ्याउने छात्रछात्राको कक्षागत प्रतिशत पनि १५-२० मा मात्र सीमित पाइएको छ ।

# पृथ्वी विद्यालय, धनुषा

## सिकाइ उपलब्धि सम्बद्ध कारकहरु

यसअन्तर्गत अभिमुखीकरण र समर्थन, तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध, मूल्याङ्कन र तालिमको आन्तरिक व्यवस्थापन, पूर्वधारणामा परिवर्तन, संयन्त्र निर्माण र अनुगमन, विद्यालयको भौतिक संरचना र सरसफाइ, शिक्षण सिकाइमा सम्बन्धको असर, सामग्रीको उपलब्धता, योग्यता र नमुना शिक्षण, कार्यक्रम, छलफल र नियमितता, सहयोग र समर्थन, पुरस्कार र दण्ड, उद्देश्यमूलक नेतृत्व, अनुगमन तथा निरीक्षण, सिकाइ र मूल्याङ्कन, सहभागिता र सहकार्य, अतिरिक्त क्रियाकलाप, भावी योजना र अपेक्षा तथा योजनाहरुको कार्यान्वयन जस्ता विषयहरु समेटिएका छन् ।

### अभिमुखीकरण र समर्थन

यस विद्यालयका पूर्व विव्यस अध्यक्षबाट उहाँहरु यस विद्यालयको व्यवस्थापन समितिमा निर्वाचित भएर आएको समयमा विद्यालयको अवस्था अत्यन्त नाजुक रहेको र तत्कालीन प्रअबाट जानकारी गराइए पनि विव्यसबाट विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासन, व्यवस्थापन पक्ष, वातावरण, प्रचलन र परिपाटीका बारेमा समेत स्पष्ट अभीमुखीकरण नपाएको भन्ने जानकारी पाइयो । यसर्थ अहिलेसम्म पनि पूर्व चिन्तनमा परिवर्तन हुन नसक्ता प्रधान अध्यापक र शिक्षकहरुका कतिपय राम्रा कामहरुमा पनि अपेक्षाकृत समर्थन प्राप्त हुन सकेको देखिएन ।

### तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध

यस विद्यालयमा कार्यरत शिक्षकहरुलाई प्रधान अध्यापकको तर्फबाट विषयगत आवश्यकताको हिसाबले माग भई आए बमोजिम तालिम, गोष्ठी, सेमिनार आदिमा दरबन्दीमा भए जतिलाई पालैपालो पठाइने गरिएको भन्ने विश्वास दिलाइएको भए पनि कतिपयको अझै पालो नआएको भन्ने शिक्षकहरुको तर्फबाट गुनासो रहेको देखियो । त्यसरी शिक्षकहरुलाई तालिम तथा गोष्ठिहरुमा पठाइँदा अस्थायी, करार तथा सट्टा शिक्षक नपर्ने भन्ने उनीहरुको दाबी थियो । यस विद्यालयमा बाहिरबाट विषय विज्ञलाई बोलाएर विद्यार्थी र शिक्षकहरुको माग र आवश्यकतामा आधारित भएर कुनै गोष्ठी तथा तालिमहरुको आयोजनासमेत गरिएको पाइएन । जिल्ला शिक्षा कार्यालय वा अन्य कुनै आधिकारिक संस्थाहरुबाट आयोजना गरिने पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण सिकाइ

उपलब्धिसम्बन्धी कार्यक्रमहरुमा सम्बन्धित विषय र तहका शिक्षकहरुलाई सहभागी गराउने गरिएको देखियो । यसरी उक्त कार्यक्रमहरुमा सहभागी गराउँदा सकेसम्म निस्पक्षता निर्वाह गरेको भन्ने प्रधान अध्यापक तथा विव्यसका पूर्व अध्यक्षको भनाइ अवलोकन तथा छलफलबाट उपयुक्त नै देखियो ।

### मूल्याङ्कन र तालिमको आन्तरिक व्यवस्थापन

तपाइँले कामको सिलसिलामा आफ्नो मूल्याङ्न आफैँ गर्ने गर्नुभएको छ भनी प्रश्न गर्दा शिक्षक, अभिभावक तथा प्रधान अध्यापक सबैको सकारात्मक जवाफ पाइए तापनि यस किसिमको मूल्याङ्कन लिखित अभिलेखका रूपमा नभई अनौपचारिक प्रकृतिको मात्र हुने गरेको देखियो । त्यस्तै विद्यालय सुधार कार्यक्रमअन्तर्गत प्रत्येक शैक्षिक सत्रको सुरुमा प्रधान अध्यापक आफैँ वा विद्यालयका दक्ष तथा अनुभवी शिक्षकहरुद्वारा विद्यालयमा आधारित तालिम तथा अभिमुखीकरण प्रदान गरेर भावनात्मक एकता कायम गराउन त्यस किसिमको आआन्तरिक व्यवस्थापन गरिएको देखिएन । त्यस क्रममा यस्तो व्यवस्था आगामी दिनमा गर्दै जाने प्रतिबद्धता जाहेर पनि गरिएन । त्यस्तै विद्यालय सुधार कार्यक्रमअन्तर्गत प्रत्येक शैक्षिक सत्रको सुरुमा आफ्नै विद्यालयका दक्ष तथा अनुभवी शिक्षकहरुद्वारा विद्यालयमा आधारित तालिम तथा अभिमुखीकरण कसैलाई पनि उपलब्ध गराइएको देखिएन ।

### पूर्व धारणामा परिवर्तन

यस विद्यालयका प्रधान अध्यापक विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वातावरण, प्रचलन, परिपाटी र सोचसँग सम्बन्धित पूर्व धारणामा परिवर्तन ल्याउन निकै प्रयास गर्दा पनि सोचे जति सुधार गर्न नसकेको कुरा स्वीकार गर्नुहुन्छ । विद्यालयका सम्बद्ध पक्ष, जस्तै- सहायक प्रधान अध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीको कार्यशैली र व्यवहारमा रहेका समानता, भिन्नता र वैयक्तिक विशेषतारूलाई सम्मान गरेको खण्डमा मात्र विद्यालयको शिक्षण सिकाइको वातावरण राम्रो हुन्छ र त्यसबाट सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्छ भन्ने विश्वास हुँदा हुँदै पनि उक्त विषयमा सुधार भने मन्द गतिमा मात्र भएको देखियो । यसै कारण कक्षा ९ सम्म पढाइ हुने यस विद्यालयमा आज उमावि हुँदै स्नातकसम्मका कक्षाहरु नियमित सञ्चालनमा रहेका पाइए । प्रधान अध्यापक, शिक्षक, कर्मचारी र अभिभावकबिचको सम्बन्ध त्यति सुमधुर रहेको छैन भन्ने कुरा भने निवर्तमान विव्यसका अध्यक्षको प्रधान अध्यापकसँग गुनासो रहेको कुरा सुनेपछि सिद्ध हुन आयो ।

### संयन्त्र निर्माण र अनुगमन

यस विद्यालयमा विद्यार्थी, शिक्षक तथा कर्मचारिका सबल र दुर्बल पक्षहरुको जानकारी लिने, दिने त्यस्तो विशेष किसिमको संयन्त्र निर्माण गरिएको देखिएन । वर्षको एक दुई पटक शिक्षक अभिभावक बैठकको आयोजना गर्ने र त्यसका लागि अभिभावकहरुलाई चिठी पठाएर बोलाउने चलनचाहिँ रहेको देखियो । अधिकांश समयमा विद्यार्थीका सबल र दुर्बल पक्षको जानकारी व्यक्तिगत भेटघाटको समयमा अनि अभिभावकले चासो राखेको समयमा मात्र दिने गरेको पाइयो ।

### विद्यालयको भौतिक संरचना र सरसफाइ

शिक्षक, विव्यसका अध्यक्ष, प्रधान अध्यापक तथा कतिपय अभिभावकहरु पहिलो पटक यस विद्यालयमा आउँदा अहिलेको तुलनामा विद्यालयको शैक्षिक तथा भौतिक अवस्था निकै नै कमजोर रहेको बताइयो । छलफलको क्रममा बताइए अनुसार त्यस समयमा यस विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक र आर्थिक अवस्थासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिम्मेवार सरोकारवालाहरुबिचको सह सम्बन्ध, सहकार्य, क्रियाशीलता, इमानदारी र समर्पणमा एकरूपता नभएको अनुभव गरिएको देखियो । आफू यस विद्यालयमा आएपछि विद्यार्थीहरुको सङ्ख्यामा वृद्धि हुनुको साथै भौतिक पूर्वाधारको विकास भएको भन्ने भनाइ प्रधान अध्यापकको रहेको देखियो । उहाँ यस विद्यालयमा आइसकेपछि एगटा १९ कोठे भवनको निर्माण गरी तिनमा विद्यालय तहदेखि कलेजसम्मका कक्षा सञ्चालन रहेको पाइयो । विद्यालयको अन्य भौतिक पक्षलाई नियाल्दा विद्यालयका भवन र कक्षा कोठाहरु यथेष्ट रूपमा रहेको पाइयो । विद्यालयको हाता पनि करिब ३ बिगाहा जमिनमा फैलिएको देखियो । पर्याप्त जमिनमा रहेको यस विद्यालय परिसरभित्र हरियाली तथा बगैँचाको व्यवस्था गर्न खोजेको देखिए पनि त्यो व्यवस्थित पाइएन । पढ्ने, पढाउने थलोका रूपमा रहेको विद्यालय परिसरभित्रको मात्र होइन आकर्षक भवनमा रहेका कक्षाकोठाहरुको वातावरण, सरसफाइ, आकर्षण, व्यवस्थापन र सिर्जनात्मकताका दृष्टिले भने यहाँको व्यवस्थापन निकै नै कमजोर तथा अव्यवस्थित देखियो ।

### शिक्षण सिकाइमा सम्बन्धको असर

यो जम्मा ६९०२ जनसङ्ख्या मध्ये लगभग आधा सङ्ख्या निरक्षर (३०३६) हरुको बस्ती भएका ठाउँमा रहेका कारणले मात्र होइन प्रतिघर जनसङ्ख्या (५.५५) को चाप अत्यधिक हुनुको साथै अत्यधिक सङ्ख्या पिछडिएको समुदाय र दलितहरुको रहेका कारण अनि कमजोर आर्थिक अवस्था र चेतनाको अभावले गर्दा अध्ययनरत विद्यार्थीका अभिभावकहरु छोराछोरीको पढाइको सवाललाई

लिएर कमै मात्र विद्यालय आउने गरेको देखियो । आएर गुनासा सुनाउने अभिभावकप्रतिको विद्यालयको व्यवहार राम्रै रहने गरेको भन्ने सम्बद्ध पक्षको भनाइ रहे पनि विद्यालयलाई समस्या परेको समयमा अभिभावक र विव्यसका सदस्यहरु कमै मात्र आउने गरेको कुराकानीबाट अवगत भयो । कक्षा सञ्चालनको नियमितताका बारेमा जिज्ञासा राख्ता प्रधान अध्यापक र वरिष्ट शिक्षकहरुले आफ्ना नियमित कक्षा बाहेक खाली भएका कक्षाहरुमा पढाउने गरेको भन्ने जवाफ पाइयो । यस विषयमा पनि शिक्षक, विद्यार्थी र अभिभावकका बिच सहकार्य र सहभागिताको पक्ष अझै कमजोर पाइयो । विव्यस र शिक्षक तथा प्रधानाध्यापक र शिक्षकका बिचको सम्बन्ध पनि राम्रो देखिएन । यसैको असर स्वरूप विद्यार्थीहरुको पूर्ववत् सिकाइ उपलब्धिमा परिर्वतन आउन सक्ने अवस्था रहेको पाइएन ।

**सामग्रीको उपलब्धता**

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको भनाइमा पनि सोचे जति उच्च सिकाइ उपलब्धि हासिल गर्न नसक्नुका कारणहरुमा उपयुक्त एवम् पर्याप्त शैक्षिक सामग्रीको अभाव भन्ने नै मुख्य देखियो । यसर्थ विज्ञानका कक्षाहरु सैद्धान्तिक र प्रयोगात्मक दुबै हुने भनिए पनि त्यसअनुसारको सामग्री उपलब्ध गराइएको पाइएन । त्यसैले उनीहरुले पनि सिकाइ उपलब्धि वृद्धि नहुनुमा उल्लिखित कारणहरुका अतिरिक्त पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका समयमा उपलब्ध नहुनु, सन्दर्भ सामग्रीको अभाव रहनु तथा सम्बन्धित पक्षबाट समस्यामा गम्भीरता नदेखाउनुलाई मुख्य कारणका रूपमा लिएको पाइयो । त्यस्तै खेलकुदका सामग्रीहरु भएर पनि तिनको समुचित उपयोगमा समेत कमी रहेको देखियो । यसलाई तालिका १२ बाट थप प्रस्ट पारिएको छ ।

तालिका १२

| क्रसं | सामाग्रीको प्रकार | उपलब्ध रहेको | उपलब्ध नरहेको | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | भएको | नभएको | |
| १. | विषयगत पाठ्यक्रम | ✓ | | ✓ | | ✓ | | कम मात्र |
| २. | विषयगत पाठ्य पुस्तक | ✓ | | ✓ | | ✓ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | विषयगत शिक्षक निर्देशिका | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ४. | सन्दर्भ सामग्री | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ५. | खेलकुद सामग्रीहरु | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ६. | विज्ञान र श्वास्थ्य तथा शारिरीक विषयका उपकरण | ✓ | | | ✓ | ✓ | | कम मात्र |

(स्रोत : क्षेत्रकार्य २०७३)

## योग्यता र नमुना शिक्षण

अङ्ग्रेजी विषय पढाउने प्रधान अध्यापकले नियमित रूपमा कक्षा लिने गरेको देखिएन तापनि अन्य शिक्षकहरुको अनुपस्थितिमा विषय मिलेको खण्डमा कहिले काहीँ लिने गरेको पाइयो । यस पस्थितिमा उनले शिक्षक, विद्‌यार्थी तथा समुदायमा स्थापित मानिसहरुको मन जित्ने काम गरेर आफूलाई एउटा नमुना शिक्षकका रूपमा स्थापित गरेको पाइएन । उनलाई एउटा प्रशासकको भूमिका पुरा गरेको छु भन्ने लागेको तर उनको भनाइमा यथार्थ कुरा कसैलाई नपच्ने हुनाले सबैको चित्त बुझाउन पनि नसकिने रहेछ भन्ने देखियो । एउटा प्रधान अध्यापकका हैसियतले उनीबाट आफ्नै विवेक प्रयोग गरी शिक्षक कर्मचारीहरुको इच्छा तथा चाहनाको कदर नियमित रूपमा गर्ने गरिएको भए पनि अपेक्षा गरे जति चित्त बुझाउन नसकिएको कुरा शिक्षक, अभिभावक र व्यवस्थापन समितिका पूर्व अध्यक्षको प्रतिक्रियाबाट प्रमाणित हुन आयो ।

## कार्यक्रम, छलफल र नियमितता

कुनै शिक्षक वा कर्मचारीहरु जिल्ला स्तरीय तालिम वा गोष्ठीमा भाग लिई फर्केर आएपछि त्यहाँ सिकेका र अनुभव गरेका ज्ञान तथा सिपहरु आपसमा आदान प्रदान गर्ने वातावरण मिलाइदिने गरिएको भन्ने विषयमा प्रधान अध्यापक, शिक्षक र विव्यसका प्रतिनिधिको भनाइमा एकरूपता देखिए पनि त्यस्ता छलफका कार्यक्रमहरु औपचारिक रूपमा हुने गरेका छैनन् भन्ने भनाइ शिक्षकहरुको

पाइयो । अनौपचारिक रूपमा हुने त्यस्ता कार्यक्रमहरु नियमित नहुने तथ्य पनि छलफलको क्रममा खुल्न आयो । आफ्ना नानीहरुको पढाइमा बढी नै चासो राख्ने केही सचेत अभिभावकहरु सीमित रूपमा आउने गरेका भए पनि अधिकांश अभिभावकहरु पढाइप्रति सचेत नभएकै कारण विद्यालयका कार्यक्रहरुमा उनीहरुको उपस्थिति अति न्यून रहने गरेको मात्र होइ आइहाले पनि कुराकानी गर्न हिचकिचाउने गर्दछन् भन्ने बुझाइ सबैको रहेको देखियो । संस्थागत हिसाबले शिक्षकहरुका बिचमा शैक्षिक उपलब्धि सुधारका विषयहरुमा गरिने नियमित छलफलबाट निस्केका निष्कर्ष र सुझावहरुलाई विद्यालय प्रशासनले स्वीकार गरी तिनलाई विद्यालयको साधन र स्रोतले भ्याएसम्म कार्यान्वयन गर्ने गरिएको भन्ने सम्बद्ध पक्षको दाबीमा पनि यथार्थ नै पाइयो । यस्ता विषयहरुका बारेमा सबै सचेत देखिए पनि आपसी सहकार्य र सहमतिमा कमी रहेकै कारण त्यस्ता कार्यक्रमहरु नियमित रूपले हुन सकेका देखिएनन् ।

**सहयोग र समर्थन**

यस विद्यालयका शिक्षकहरुले एकआपसमा आफूले सिकेका, अनुभव गरेका र तालिमबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बद्ध सिपहरुलाई आन्तरिक छलफलको आयोजना गरी एक आपसमा आदान प्रदान गर्ने गरिएको कमै मात्र पाइयो । त्यस्तै सरोकारवालाहरुका बिचमा सहयोगात्मक सम्बन्धको विकास विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरुका बिचसमेत निकटताको कमीका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रगति नदेखिएको हो भन्ने विश्वास उहाँहरुको रहेको देखियो । यस विद्यालयका विद्यार्थीहरुको भनाइअनुसार शिक्षकहरुले प्रायः कमै मात्र गृहकार्य दिने गरेको देखियो । त्यसलाई पनि मिहिन ढङ्गबाट परीक्षण गरी विद्यार्थीहरुलाई तत्काल पृष्ठपोषण दिने र त्यसअनुसार सुधार गर्न लगाउने गरिको विद्यार्थीले अपेक्षा गरेअनुसार सहयोग समर्थन पाउन सकेको देखिएन । शिक्षक, विद्यार्थी र प्रअका बिच सहकार्य खासै हुने गरेको पाइएन । सहकार्यमा बाहिरी तत्त्वले केही हदसम्म बाधा गरेको देखियो ।

निवर्तमान व्यवस्थापन समितिको पहल र जोडमा माथिल्ला कक्षाहरुमा विद्यालयलाई लैजाने पहल भयो र प्रत्येक परिबारलाई एक मुठी चामल छुट्याउन लगाएर गरिएको सङ्कलन र वार्षिक मसलन्दवापत् पाउने रकमबाट बचाएर विद्यालयलाई सहयोग पुऱ्याउने विचारले अभियान स्वरूप जम्मा पारिएको करिब ४२ लाख रुपियाँ विद्यालय व्यवस्थापन समिति छोड्दा आफूले अर्को व्यवस्थापन समितिलाई जिम्मा लगाइएको रकम जथाभावी खर्च भइरहेको भन्ने कुरा विव्यसका पूर्व अध्यक्षबाट जानकारी गराइयो । हालको व्यवस्थापन समितिले विद्यालयको हितमा भन्दा आफूले

सञ्चित गरेको रकमबाट महँगा होटेलमा मिटिङ्ग राखी महँगो खाजा खाने जस्तो अनावश्यक विषयमा खर्च गर्ने गरेको गुनासो पनि त्यस क्रममा सुनाइयो ।

यस विद्यालयका विद्यार्थीहरुको दृष्टिमा पनि सिकाइ उपलब्धि अपेक्षाकृत वृद्धि नहुनुमा उनीहरुको पढाइमा आफन्तजन, जस्तै-आमा, बाबु, दाजु, दिदी जस्ता अग्रजहरुबाट सीमित मात्रामा मात्र सहयोग हुने गरेको देखियो । कक्षा सुरु हुनुअघि पूर्वपाठको पुनरावृत्ति र विद्यार्थीहरुको पढाइलाई लिएर सम्बद्ध पक्षहरुका बिच कुराकानी र छलफल हुने गरेको देखिए पनि आफू र अभिभावकसहितलाई जुटाएर छलफल गरिएको थाहा नभएको दाबी विद्यार्थीहरुको पाइयो । शिक्षकहरुले प्रायः सधैँ जस्तै व्याख्यान, प्रश्नोत्तर, पढपढ आदि विधिको प्रयोग गर्ने गरेको ठम्याइ उनीहरुको थियो ।

**पुरस्कार र दण्ड**

शिक्षक तथा विद्यार्थीको भनाइअनुसार विद्यालयमा राम्रो काम गर्ने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन र पुरस्कृत गर्ने परिपाटी खासै देखिएन । बरु गल्ति गर्नेलाई सुरुमा सम्झाइबुझाइ गर्ने केही सिप नलागेमा दण्डको सहारा लिने गरिएको भन्ने कुरा पनि शिक्षक र कर्मचारीलाई कार्वाही गर्न नसक्ता समयमा नआउने, आएर पनि आफ्नो लगानी भएका बोर्डिङ्गतिर जान हतार गर्ने, जागिर यहाँ तलब खाने तर काम अन्तै गर्ने, सरसफइको काम पनि बेलामा नहुने जस्ता बेथिति सुरु भएका हुन् भन्ने विव्यसका पूर्व अध्यक्षको भनाइबाट पनि दण्डको सहारा लिने गरेको कुरा प्रमाणित हुन सकेन । विद्यार्थीहरुको अनुशासन र उपस्थितिको सङ्ख्याले पनि कार्वाहीको पक्ष कमजोर रहेको देखियो । यसर्थ विद्यालयलाई एउटा थितिमा ल्याई राम्रो गरौँ भन्ने विद्यार्थी र शिक्षक पनि आफ्नै सहकर्मीको व्यवहारबाट निराश भेटिए ।

**उद्देश्यमूलक नेतृत्व**

विव्यस, अभिभावक र शिक्षकहरुका नजरमा यस विद्यालयका प्रधान अध्यापकले विद्यालयका काम कार्वाहीमा उद्देश्यमूलक नेतृत्व दिन सकेको विश्वास गरिए पनि र उनी सबै सरोकारवालाको सहकार्य, सहमति र सहभागितामा वृद्धि गरी नीति नियममा सुद्धीकरण, प्रक्रियामा पारदर्शिता, समाजमा चेतना, आपसमा मेलमिलाप, शिक्षण सिकाइमा गुणस्तरीयता र प्रशासनमा चुस्त दुरुस्तता कायम गरी विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्न प्रयत्नरत रहे पनि अपेक्षित सफलता नमिलेको कुरा प्रधान अध्यापकबाट स्वीकार गरियो । विद्यालयको मूल व्यक्ति भएको

नाताले शिक्षकहरुसँग भएको फरक फरक ज्ञान, सिप, योग्यता र क्षमताका आधारमा उनीहरुलाई जिम्मेवारी (माथिल्लो कक्षाको पठन पाठन, निमित्त प्रधान अध्यापक, कक्षा शिक्षक, परीक्षा समिति, खेलकुद आदि) दिन सक्दो प्रयास गरिएको कुरामा सबैको सहमति रहेको भन्ने खुल्नमा आए पनि प्रअले उनीहरुबाट पाउने सहयोग समर्थनको पक्ष कमजोर रहेकैले उनी विषयवस्तुमा योग्य भएर पनि नियमित कक्षा नलिने कारण नमुना शिक्षक बनेर उद्द्श्यमूलक नेतृत्व गर्न नसकेको भन्ने विव्यसका पूर्व अध्यक्षको बुझाइ रहेको देखियो ।

### अनुगमन तथा निरीक्षण

यो विद्यालय तराईको भित्री भागमा अवस्थित भएका कारण विद्यालय निरीक्षकहरु वर्षमा एक दुई पटक मात्र आउने र त्यस समयमा प्रशासनिक र भौतिक विकासका कामलाई मात्र बढी प्राथमिकता दिनेगरेको बुझाइ सबैको देखियो । यसका अतिरिक्त थोरै मात्र भए पनि उहाँहरुले कक्षाकोठामा बसेर कक्षा अवलोकन गर्ने, शिक्षकहरुलाई पृष्ठपोषण दिने तथा पठन पाठनसँग सम्बन्धित विषयहरुमा छलफल गर्ने जस्ता कामहरु पनि गर्ने गरेको कुरा सरोकार राख्ने पक्षबाट जानकारी नभएको अनुभव सुनाइयो ।

### सिकाइ र मूल्याङ्कन

यस विद्यालयका प्रधान अध्यापक, शिक्षकहरु तथा व्यवस्थापन समितिका अध्यक्षको भनाइमा विद्यालयको सुधार, विद्यार्थीको सिकाइ उपलब्धि र समग्र शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र समस्याहरुको पहिचान, वर्गीकरण र प्रकृतिगत समाधानका उपायहरुको खोजीमा सल्लाह र सुझाव लिन र दिन विद्यालयमा नियमित छलफलको आयोजना हुनेगरेको भनिए तापनि वर्षको १/२ पटक हुने त्यस्ता बैठकहरुमा अभिभावकहरुको उपस्थितिलाई भने खासै महत्त्व दिने गरेको पाइएन । विद्यालयमा खास गरेर मिटिङ्ग बैठकहरु बढी गरेर शैक्षिक, आर्थिक र भौतिक व्यवस्थापनसँग सम्बन्धित हुने गरेका पाइए । यस्ता बैठकहरुबाट प्राप्त निष्कर्षहरुको कार्यान्वयन प्रधान अध्यापकको आदेशमा पनि कमै गरेको देखियो । यस्तै आदेशात्मक कामकार्वाही र त्यसमा गरिने आलटालका बिचमा पनि नियमित पठनपाठनलाई थप गति प्रदान गर्न र त्यसलाई उपलब्धिमूलक बनाउन शिक्षण सिकाइ क्रियाकलापको समयमा मौलिक एवम् सिर्जनात्मक विधिहरु प्रयोग गर्दा भने शिक्षकहरुलाई विद्यालय प्रशासनबाट यथेष्ट हयोग तथा हौसला मिल्ने गरेको कुरा सबै पक्षको भनाइबाट पुष्टि हुन आयो ।

यस विद्यालयमा पनि माथिल्लो कक्षामा कक्षोन्नति हुन सबै विषयमा पास गरिराख्नु नपर्ने भन्ने विद्यार्थीहरुको बुझाइ रहेको देखियो । कक्षामा केटा र केटीको बस्ने भाग र बेन्च फरक पारेर गरिने केही शिक्षकहरुको पढाइप्रति उनीहरु सन्तुष्ट नभएको देखियो । नेपाली शिक्षकले कक्षामा राम्रोसँग नबुझाउने, प्रश्न सोद्धा झर्कने, गृहकार्य सकेसम्म नदिने, दिइहाले पनि राम्रो गरी परीक्षण नगर्ने जस्ता कुराहरु यसका कारण थिए । धेरैले घर फर्केपछि नियमित खेतीपाती, वस्तुभाउ, घर घरायसी, मेलापात, घाँस दाउरा अर्मपर्म जस्ता घरेलु काम गर्नुपर्ने वाध्याता रहेको एकातिर सुनाए भने अर्कातिर ३० देखि ४० मिनेटको पैदल दुरीमा रहेको विद्यालय आउन र जानका लागि वर्सातको समयमा खराब बाटाको कारण कहिलेकाहीँ घण्टौं लाग्ने जस्ता समस्याहरुले गर्दा पढाइमा समस्या, अलमल र थकाइका कारण सोचे जति प्रगति गर्न नसकेको भन्ने कुराको जानकारी पनि गराए । यति हुँदा हुँदै पनि कक्षामा नियमित उपस्थिति हुन सक्ता पढाएको बुझिन्छ र परीक्षामा पनि राम्रो गर्न सकिन्छ भन्ने आत्मविश्वास विद्यार्थीमा रहेको पाइयो ।

### सहभागिता र सहकार्य

यस विद्यालयमा विद्यालय सुधार, विद्यार्थीको सिकाइ उपलब्धि, समग्र सिकाइ कार्यकलाप तथा समस्याहरुका बारेमा सामूहिक छलफल गरी सल्लाह सुझाव सङ्कलन गर्न र तिनको निराकरण गर्न नियमित रूपमा मिटिङ् बैठक हुने गरेको भनिए पनि विद्यार्थी र अभिभावकको सहभागिता भने न्यून रहेको पाइयो । त्यस्तै विद्यालय व्यवस्थापनसँग सम्बद्ध जिम्मेवार व्यक्तिहरुबाट नियमित पठन पाठन तथा सञ्चालनसम्बन्धी कर्यहरुका बारेमा नियमित अनुगमन हुने गरेको कुरा सबैको भनाइबाट थाहा पाइयो । विद्यालय सञ्चालनका नीति तथा वार्षिक कार्य तालिका बनाउने छलफलमा विद्यार्थी, शिक्षक, अभिभावक, विव्यसका पदाधिकारी तथा सदस्यहरुलाई सामेल गराउने गरिएको भन्ने दाबीको अभिभावक र विद्यार्थीहरुको न्यून सहभागिताको भनाइले गर्दा पुष्टि हुन सकेन । त्यसै गरी विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षा ऐन तथा नियमावलीका अतिरिक्त विव्यस र विद्यालय प्रशासनले तोके बमोजिमको काम भएको देखिए पनि अतिरिक्त कक्षा र मूल्याङ्कनका साधनहरुको प्रयोगको अवस्था प्रअ, शिक्षक र विद्यार्थीका बिच सहकार्यको वातावरण नहुँदा लगभग शून्य जस्तै पाइयो ।

### अतिरिक्त क्रियाकलाप

विद्यालयमा नियमित शिक्षण सिकाइका अतिरिक्त वर्षमा एक दुई पटक अतिरिक्त तथा सह कार्यकलापका रूपमा अन्ताक्षरी, हाइ जम्प, भलिबल, ब्याड मिटन, फुटबल, दौड आदि कार्यक्रममा

विद्यार्थीहरुलाई सहभागी गराउने गरेको देखियो । त्यस्ता अतिरिक्त कार्यक्रमहरुबाट विद्यार्थीको पढाइप्रतिको रुचि बढाउन मदत पुग्छ, नियमित उपस्थितिमा प्रेरणा मिल्छ, हौसला र प्रोत्साहन पनि प्राप्त हुन्छ अनि उपलब्धिमा वृद्धि हुन्छ भन्ने विश्वास सबैमा पाइए पनि हरेक शुक्रबार कुनै पनि अतिरिक्त क्रियाकलाप खासै गराइने गरिँदैन भन्ने दाबी कक्षा ८ का विद्यार्थीहरुको रहेको पाइयो । खेल मैदान पर्याप्त भएर पनि व्यवस्थित हुन नसक्ता र सामग्रीहरुको अभावका कारण पालो नै नआउने उनीहरुको बुझाइ रहेको पाइयो । कक्षा ९ मा एक पटक अन्ताक्षरी प्रतियोगिता भएको बाहेक अन्य कार्यक्रमहरु नभएको बुझाइ कक्षा १० का विद्यार्थीहरुको रहेको पाइयो ।

**भावी योजना र अपेक्षा**

यस विद्यालयका विद्यार्थीहरुले पनि प्रधान अध्यापक, शिक्षक, कभिभावक र विव्यसका अध्यक्षले जस्तै विद्यार्थी सङ्ख्याको अनुपातमा कम्प्युटर र कम्प्युटर कोठा, बालमैत्री वातावरण, विद्यार्थीमैत्री शौचालय, वातावरणमैत्री विद्यालय परिसर, आधारभूत विज्ञान सामग्री तदनुकूल प्रयोगशाला, सिकाइ मैत्री पुस्तकालय, खेलकुदका सामग्री आदिको अभाव महसुस गरेको देखियो । यसबाट उक्त कुराहरुको पूर्ति गरी नियमित परीक्षा, अतिरिक्त कक्षा र परीक्षा तथा विशेष कक्षा र परीक्षालाई नियमित गरेर कमजोर विद्यार्थीका लागि अतिरिक्त सिकाइ व्यवस्था गर्ने गरी अगाडि बढ्ने हो भने सिकाइ उपलब्धि वृद्धि गर्न थप सहयोग पुग्छ भन्ने विद्यार्थीहरुको चाहना, विश्वास र अपेक्षा रहेको पाइयो ।

**योजनाहरुको कार्यान्वयन**

बाल विकासदेखि सुरु गरी स्नातक तहसम्म पढाइ भइरहेको यस संस्थामा नेपाली विषयबाहेक सुरुदेखि नै अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने हो भने अनि विद्यालय हाताभित्रै चमेना गृहको व्यवस्था, याथोचित शुद्ध खानेपनी, सफा शौचालय, शैक्षिक सामग्रीहरुको व्यवस्थापन तथा दैनिक सरसफाइमा ध्यान दिन सक्ने हो र त्यहीअनुसारको सबैको इच्छाशक्ति हुने हो भने भौतिक स्रोतसाधनले सम्पन्न यो विद्यालयमा प्रशासनिक चुस्तता कायम गर्न सक्ने हो भने यस क्षेत्रकै नमुना विद्यालयका रूपमा विकसित हुने विश्वास शिक्षक, विद्यार्थी  र अभिभावकहरुमा रहेको देखियो ।

## सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु

यसअन्तर्गतका विषयहरुलाई राम्रो कामको प्रसंशा र जिम्मेवारी, कक्षा अवलोकन र पृष्ठपोषण, शिक्षकको जिम्मेवारी, काममा प्रोत्साहन, स्रोत र साधनको पर्याप्तता, स्रोत र साधनको पर्याप्तता, सिकाइमा हौसला, अनुशासन र आचारसंहिताको पालना, भर्ना अभियान र कक्षोन्नति, सिकाइ र उपलब्धि परीक्षण र अतिरिक्त शैक्षिक व्यवस्था जस्ता उपशीर्षमा प्रस्तुत गरिएको छ ।

### राम्रो कामको प्रसंशा र जिम्मेवारी

प्राप्त सूचनाका आधारमा हेर्दा यस विद्यालयका प्रधान अध्यापकले विद्यालय हाताभित्र राम्रो काम गर्ने शिक्षकको प्रशंसा गर्ने गरेको देखियो । त्यस खालको प्रशंसा सामान्यतः न्यायसङ्गत रहेको र त्यो बैठक बसेको समय पारेर मौखिक रूपमा अभिव्यक्त हुनेगरेको अनुभव शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रहेको पाइयो । त्यस्तै प्रअ, सप्रअ, शिक्षक तथा कर्मचारीहरुलाई जुन कामको जिम्मेवारी दिइएको छ त्यो राम्रै गरी पुरा गर्ने गरेको कुरा अभिभावकहरुबाट बताइयो । उहाँहरुको तर्फबाट आवश्यक पर्दा सम्बद्ध पक्षलाई सल्लाह तथा सुझाव दिने गरिएको र यसको पालना पनि यथोचित रूपमा भइरहेको अनुभव सुनाइयो तर त्यो भनाइ अवलोकन र छलफलको क्रममा पुष्टि हुन सकेन ।

### कक्षा अवलोकन र पृष्ठपोषण

यस विद्यालयका प्रधान अध्यापकले शिक्षकहरुको कक्षा अवलोकन नियमित रूपमा गर्ने र सम्बद्ध शिक्षकहरुलाई कमीकमजोरी सुधार्न विकल्पसहितको पृष्ठपोषण दिने गरेको छु भन्ने अभिव्यक्ति दिए पनि यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइमा उहाँले कक्षाभित्र पसेर नियमित अवलोकन गर्ने गरेको देखिएन । कक्षा शिक्षण सिकाइको सन्दर्भमा दिने गरिएको निर्देशन, सल्लाह र सुझाव पनि विकल्पसहितको अनुरोधको  भाषामा नभई बढी नै आदेशात्मक नै हुने गरेको पाइयो ।

### शिक्षकको जिम्मेवारी

यस विद्यालयको सिकाइ उपलब्धि न्यून हुने मुख्य कारण भनेकै शिक्षकहरुको इमानदारीको समस्या देखियो । यस विद्यालयमा सरकारी दरबन्दीमा बसेर तलव खाने र विद्यालयको व्यवस्थापनको जिम्मा लिने अधिकांश शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरुको स्थानीय संस्थागत विद्यालयमा लगानी रहेका कारण विद्यालय साना-ठुला कक्षामा पढ्ने अलिक राम्रा विद्यार्थी पाउने बित्तिकै विभिन्न प्रलोभनमा पारेर आफ्नै लगानीवाला विद्यालयमा लैजाने गरेको भन्ने

विव्यसका पूर्व अध्यक्षको भनाइ थियो । यसर्थ विडम्बनापूर्ण कुरा के हो भने त्यस विद्यालयका वरिष्ट स्थायी शिक्षकहरु एउटै समयमा बोर्डिङ्ग स्कुलहरुमा गएर पढाउने भएकै कारण तलब खाने विद्यालयका कक्षाहरु नियमित जस्तै खाली हुने गरेको देखियो । कतिपय विद्यार्थीको नाम भर्ना स्रेस्तामा सामुदायिक विद्यालयमा देखिए पनि पढाइ राम्रो र नियमित नभएकै कारण फेल हुने हो कि भन्ने डरले महँगो रकम तिरेर बोर्डिङ्गमा पढाउने तर एसएलसी पछिको अवसरका लागि परीक्षा भने सामुदायिक विद्यालयबाट दिलाउने गरेको कुरा अभिभावकको तर्फबाट जानकारी गराइयो । शिक्षक डायरी र शैक्षिक क्यालेन्डर बनाएर यसलाई नियमन र नियन्त्रण गर्न सकिने भए पनि तिनलाई व्यवहारमा ल्याउन नसकेकैले यस्तो बेथिति बढ्दै गएको हो भन्ने कुरा प्रतिनिधि शिक्षकहरुको भनाइबाट अवगत हुन आयो ।

**काममा प्रोत्साहन**

शिक्षक तथा कर्मचारीको पेसागत उन्नयन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्ने धेयले कुनै ठोस भाषिक योजना र कार्यक्रमहरु ल्याइएको देखिएन तापनि आगामी दिनमा भने शिक्षकहरुलाई आलोपालो गरी तालिममा पठाउनेदेखि लिएर अन्य पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने योजना र अठोट रहेको कुरा प्रधान अध्यापकबाट जानकारी गराइयो । यस विद्यालयका धेरै जसो शिक्षकहरुबाट पनि नियमित पढाइमा प्रोत्साहन पाउने गरेको र यस्तो वातावरण हालका प्रधान अध्यापक आएपछि क्रमशः बन्दै गएको अनुभव उनीहरुमा रहेको भए पनि शिक्षकहरुबा निर्वाह गरिने व्यवहारमा त्यस्तो  देखिएन । यसै कारण हाल आएर शिक्षक, विद्यालय प्रशासन र अभिभावकका बिचको सम्बन्ध सुमधुर हुन सकेको छैन भन्ने पाइयो ।  विद्यालयको सुरक्षा व्यवस्थामा केही सुधार भए पनि अझै विद्यालयको समग्र वातावरण बालमैत्री हुन सकेको छैन भन्ने उनीहरुको बुझाइ रहेको देखियो । यसर्थ आगामी दिनमा यस विद्यालयले राम्रो काम गर्नेलाई प्रोत्साहित गर्दै विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइको समयमा शैक्षिक सामग्रीहरुको पर्याप्त र यथोचित प्रयोग, अघिल्लो पाठको नियमित पुनरावृत्ति, प्रश्नोत्तर, छलफल र सिर्जनात्मक विधिको प्रयोग, उच्चारण, पढाइ र लेखाइमा जोड, नियमित कक्षाकार्य, समयमै गृहकार्य र परीक्षणमा इमानदारी, आपसी सहकार्य र सह क्रियाकलापमा जोड, विद्यार्थी सहभागिता र सक्रियतामा जोड, गरिदिने र सँगसँगै गर्न लगाउने दोहोरो कार्यकलापमा प्राथमिकता दिन सक्नुपर्ने देखियो ।

**स्रोत र साधनको पर्याप्तता**

विद्यालयको तर्फबाट नियमित पठनपाठनमा सहजीकरण गर्ने असल मनसायले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु उपलब्ध गराउने गरिएको भन्ने विषयमा शिक्षक, प्रधान अध्यापक र विव्यसका अध्यक्षको भनाइमा सहमति र समानता देखिए पनि अभिभावकहरुले यसलाई पत्याएको पाइएन । यस सम्बन्धमा छलफल गर्दा विद्यालयमा सधैँ स्रोत र साधनको अभाव देखाउने गरेको गुनासो उनीहरुको थियो । यसबाट निशुल्क रूपमा वितरण गरिने पाठ्यपुस्तकसमेत समयमा नपाइने ठाउँमा किन्नुपर्ने पाठ्यपुस्तक, धाएर प्राप्त गर्नुपर्ने पाठ्यक्रम र मुस्किलले मात्र पाइने सन्दर्भ सामग्रीमा नियमितता र निशुल्क प्राप्त गर्ने कुरा सम्भव हुन सक्ने देखिएन । त्यस्तै यस विद्यालयमा स्थायी शिक्षकहरुका अतिरिक्त सट्टा, राहत, निजीस्रोत, बाल विकास र अस्थायी शिक्षकहरु कार्यरत रहेको देखियो । उनीहरु स्थायी शिक्षकले पाउने सुविधाबाट अझ वञ्चित रहेको पाइयो । यस विद्यालयमा स्रोत साधन जुटाउने प्रयत्न भए पनि तिनको सुरक्षा र व्यवस्थापनमा कमजोरी रहेको कुरा भएका ५ ओटा कम्प्युटर पनि थन्किएको अवस्थामा रहेबाट थाहा हुन आयो ।

**स्रोत र साधनको उपयुक्तता**

यस विद्यालयमा विद्यार्थी अनुपातमा विषय शिक्षकहरुको खासै कमी नदेखिए पनि गुणस्तरीय शिक्षाको भने अभाव देखियो । त्यस्तै भव्य संरचना भएको यस विद्यालयमा फर्निचरको उपयुक्ततामा कमी, आवश्यक शैक्षिक सामग्रीको अभाव तथा भौतिक पूर्वाधार, जस्तै क्यासेट, कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक कोठा, लेखा कोठा, कर्मचारी कोठा, खेल मैदान, बगैँचा, हरियाली, विद्यार्थी मैत्री शौचालय, कक्षा र तहअनुसार शिक्षक दरबन्दी, अतिरिक्त आमदानी आदिको खासै अभाव रहेको देखिएन तापनि चाहे जति सिकाइ उपलब्धिमा वृद्धि हुन सकेको पनि पाइएन । यसो हुनुमा कक्षा शिक्षणमा शैक्षिक सामग्रीको कमी, विद्यार्थीको न्यून उपस्थिति, बन्द हड्ताल, शैक्षिक पछौटेपन, सामान्य सामाजिक हैसियत, कमजोर आर्थिक अवस्था, केही शिक्षकहरुको लापर्वाहीका कारण सकेजति सहजीकरण गर्दा गर्दै पनि चाहे जति विद्यार्थीको सिकाइ उपलब्धि बढाउन नसकिएको भन्ने कुरा अध्यापनरत इमानदार शिक्षकबाट जानकारी गराइयो ।

**सिकाइमा हौसला**

विज्ञान विषयका लागि भनेर केही शैक्षिक सामग्रीको व्यवस्था गरिएको र नगन्य मात्रामा प्रयोगसमेत गर्ने गरेको भए पनि गणितमा त्रिभुज र सामाजिक शिक्षामा ग्लोबबाहेक शैक्षिक सामग्री प्रयोगको अवस्था कमजोर रहेको दाबी विद्यार्थीहरुले गरेबाट त्यसमा सोच्नुपर्ने देखियो । उनीहरुको

बुझाइमा आफूलाई नियमित उपस्थित हुन प्रेरित गर्ने, दिइएका कक्षाकार्य र गृहकार्य समयमै गर्न हौसला दिने, घरघरमा गएर आफ्ना बाबुआमालाई पढाइका बारेमा सचेत पार्ने, काम कम लगाउन आग्रह गर्ने, समयमा विद्यालय पठाउन पहल गर्ने जस्ता विद्यार्थी हितका काम गर्ने विषयमा प्रधान अध्यापकको भूमिका सोचे जति राम्रो रहेको पाइएन । यसै कारण उनीहरुमा गणित र विज्ञान विषय क्रमशः मन पर्न छोडेको र त्यसमा आफूले प्रगति गर्न नसकेको असरका कारण अन्य विषयमा पनि यसै गरी राम्रो गर्न सकिन्न कि भन्ने लाग्न थालेको देखियो ।

**अनुशासन र आचार संहिताको पालना**

विद्यार्थीहरुका अमर्यादित व्यवहारलाई कम गर्नका लागि लिइने निर्णयहरुप्रति सबैको अटुट साथ र सहयोग रहने गरेको छ भन्ने देखियो । उनीहरु नै त्यस्ता निर्णयहरु पर्याप्त नभएको कुराप्रति सहमत पनि  देखिए । विद्यालय प्रशासन र सम्पूर्ण शिक्षक विद्यार्थीका व्यवहारलाई नियमन र नियन्त्रण गर्न भनेर कुनै आचारसंहिता लिखित रूपमा बनाएर लागु गरिएको पाइएन । शिक्षक तथा प्रधान अध्यापकले भने त्यस्तो आचार संहिता मौखिक रूपको रहेको र त्यो कार्यान्वयनमा रहेको विश्वास दिलाए । यस सन्दर्भमा अभिभावक, शिक्षक, विद्यालय प्रशासन र व्यवस्थापनका तर्फबाट विद्यार्थीहरुलाई अनुशासित बनाउने विषयसँग सम्बन्धित मुद्धाहरु सहानुभूतिपूर्वक सुन्ने, सुनाउने र सुझाव तथा सल्लाहहरु लिने, दिने कुरामा समझदारी रहेको देखियो । यति हुँदाहुँदै पनि शिक्षकहरुको भनाइमा कक्षामा आफ्ना साथीहरुसँग झैझगडा गर्ने, शिक्षकलाई नटेर्ने, अनावश्यक नाम राख्ने र केटी साथीहरुलाई जिस्क्याउने विद्यार्थीहरुको सङ्ख्या पनि केही मात्रामा रहेको तर त्यसबाट विद्यालयको नियमित पठनपाठनमा खासै असर नपुगेको भन्ने देखियो ।

**भर्ना अभियान र कक्षोन्नति**

यस विद्यालयमा विद्यार्थी भर्नासँग सम्बन्धित कार्य वर्षको एक पटक शैक्षिक सत्रको सुरुमा हुने गरेको देखियो । हुन त भर्ना लिँदा तल्लो कक्षाको लब्धाङ्क पत्रलाई आधार मान्ने गरिए पनि साना कक्षा र तहका लागि भने उनीहरुको क्षमता परीक्षण गर्न मौखिक परीक्षा लिने गरिएको जानकारी पाइयो । यस अभियानभित्र वैशाख र जेठमा अभिभावक घरदैलो कार्यक्रम गर्ने गरिएको र पर्चा वितरण, ऱ्याली आदि गर्न सक्ने अवस्था हुँदाहुँदै पनि यस विद्यालयले त्यसो गर्ने आवश्यकता नदेख्नुको पछाडि विव्यसका पूर्व अध्यक्षको भनाइ अनुसार शिक्षक तथा पूर्व विव्यसका सदस्यहरुको बोर्डिङ्ग स्कुलमा गरिएको लगानीका कारण यस संस्थाप्रति बढेको उदासीनता नै मुख्य कारण देखियो । विद्यालयबाटै राम्रा विद्यार्थी फकाएर लान पल्केकाहरुले यस किसिमको आवश्यकता बोध

गर्न सक्ने अवस्था थिएन । यस्तै कारण वार्षिक परीक्षामा एक/दुई विषयसम्म लाग्ने विद्यार्थीलाई मौका परीक्षामा सामेल नै नगराई कक्षोन्नति गर्ने गरिएको देखियो ।

## सिकाइ र उपलब्धि परीक्षण

विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षणका लागि भने विशेष गरेर प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी तिन ओटा परीक्षाहरु मात्र हुने गरेको देखियो । प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी तिन खालका परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र पनि शिक्षकले नबनाएर स्रोतकेन्द्रबाट लिने गरेको देखियो । परीक्षापछि नतिजाका बारेमा सामान्य छलफल भए पनि औपचारिक विश्लेषणको काम भने हुने गरेको पाइएन । सम्बद्ध विषयको कक्षा अवलोकन र शिक्षकहरुसँगको अन्तरक्रियाका आधारमा नियमित पठन पाठनको सन्दर्भमा हेर्दा सबै जसो शिक्षकहरुले परम्परादेखि चलिआएका निगमनात्मक, प्रश्नोत्तर, छलफल आदि विधिहरु नै प्रयोग गर्ने गरेको देखियो । त्यस्तै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्तर निर्धारण गरी विशेष तथा अतिरिक्त कक्षाहरु र असफल विद्यार्थीहरुका लागि मौका परीक्षाको व्यवस्था यस विद्यालयमा गरिएको पाइएन ।

## अतिरिक्त शैक्षिक व्यवस्था

शैक्षिक सत्रको अन्यतिर आएर विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विशेष कक्षाको व्यवस्था कतिपय विद्यालयहरुले गर्ने गरेका हुन्छन् भन्ने थाहा भए पनि यस विद्यालयमा भने त्यस्तो व्यवस्था कक्षा ७ मा एक पटक भए बाहेक आजसम्म नभएको बुझाइ कक्षा ८ का विद्यार्थीहरुको पाइयो । विद्यार्थीहरुको भनाइअनुसार उनीहरुका अभिभावकलाई विद्यालयको तर्फबाट समय समयमा बोलाइने गरिएको भए पनि पढाइको विषयलाई लिएर सामूहिक छलफल आजसम्म हुने गरेको देखिएन । उनीहरुको पढाइलाई सहयोग पुऱ्याउने शैक्षिक सामग्रीहरु, जस्तै- कम्प्युटर, मोबाइल, क्यासेट प्लेयर, टेलिभिजन, सूक्ष्मदर्शक यन्त्र जस्ता सामग्रीहरुको प्रयोगावस्था पनि सबल देखिएन । उनीहरुलाई पढाउने अधिकांश शिक्षकहरु कुनै न कुनै बाहानामा प्रायः विदामा बस्ने र विद्यार्थीहरुलाई पढाइ सिपमा मात्र व्यस्त राख्ने गरिनाले बोलाइ र लेखाइको पक्ष कमजोर रहेको विद्यार्थीहरुको बुझाइ रहेको देखियो । अधिकांश शिक्षकहरु बेलामा कक्षामा नपस्ने, समय नसकिँदै कक्षाबाट बाहिरिने, पढपढ विधिमा बढ्ता निर्भर रहने र कक्षामा पढाइ नै नहुने प्रवृत्तिका कारण सिकाइ उपलब्धिमा अपक्षाकृत सुधार हुन नसको हो भन्ने गुनासो अभिभावकको रहेको पाइयो । अतः यस विद्यालयका मुख्य समस्या र तिनका कारणहरुलाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

तालिका १३

| क्रसं | मुख्य समस्या | समस्याका कारण |
|---|---|---|
| १. | १. किन्नुपर्ने शैक्षिक सामग्रीको अभाव<br>२. न्यून उपस्थिति, व्यक्तिगत सरसफाइको कमी<br>३. अङ्ग्रेजी माध्यम तर्फको आकर्षण | १. गरिबी र उदासीनता<br>२. चेनताको अभाव<br>३. समयको माग, अन्तरर्राष्ट्रिय प्रभाव |
| २. | कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति | घरायसी काममा संलग्नता |
| ३. | १. गणित, अङ्ग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयको सिकाई उपलब्धि औसतमा कमी<br>२. कक्षागत रूपको हाजिरी पुस्तिकामा विद्यार्थी सङ्ख्या बढी तर उपस्थिति कम | १. प्रविधि युक्त तथा व्यावहारिक शिक्षण नहुनु<br>२. घरायसी काममा बढी व्यस्तता र अन्य संस्थागत विद्यालयमा पढ्न जाने अवस्था |
| ४. | विद्यार्थी सङ्ख्याको आधारमा विषय शिक्षकको दरबन्दीमा कमी | दरबन्दी वितरणमा अपर्याप्तता |
| ५. | १.शुद्ध खानेपानीको कमी<br>२.पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापनको कमी<br>३.विव्यस र शिअस गठन नभएको | १. ट्युबेल कम, ट्याङ्की र शुद्धताको अभाव<br>२. स्रोत साधनको सही परिचालनमा उदासीनता<br>२. राजनैतिक खिचातानी |
| | दिवा खाजाको व्यवस्था हुन नसकेको | २. आर्थिक स्रोत परिचालको अभाव |
| ७. | विविध शैक्षिक सामग्री, प्रविधि र प्रयोगमा कमी | अव्यवस्थित स्रोत परिचालन |
| ८. | आन्तरिक स्रोतको कमी तथा अन्य स्रोत पहिचानमा कमी | सूचना प्रवाहको अभाव तथा पहल कदमीमा कमी |

(स्रोत : क्षेत्रकार्य २०७३)

## नतिजाका प्रभावकहरु

उल्लिखित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट यस विद्यालयको नियमित पठन पाठन र सिकाइ उपलब्धिसम्बन्धी विशिष्ठ नतिजाहरुको एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट जनता निमाविको सिकाइ उपलब्धि उच्च हुनुमा कस्ता प्रभावकहरु भूमिकामा रहेका छन् भन्ने बारेमा एउटा मार्गचित्र प्राप्त भएको छ। यहाँ नतिजाका तिनै मुख्य मार्गचित्रलाई प्रभावकका रूपमा बुँदामा प्रस्तुत गरिएको छ।

- उल्लिखित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट यस विद्यालयको नियमित पठन पाठन र सिकाइ उपलब्धिसम्बन्धी एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट तपसी बाबा उच्च माध्यमिक विद्यालयको सिकाइ उपलब्धि न्यून हुनुमा कस्ता प्रभावकहरु भूमिकामा रहेका छन् भन्ने बारेमा एउटा मार्गचित्रसमेत प्राप्त भएको छ । यहाँ नतिजाका तिनै मुख्य प्रभावकहरुलाई बुँदामा प्रस्तुत गरिएको छ।

- यस विद्यालय हाताको सुरक्षा व्यवस्था सामान्य देखिएको छ भने यसको आवश्यक घेराबेरा र सरसफाइ पनि सामान्य नै पाइएको छ। भवन र त्यसमा रहेका कोठाहरुको प्रबन्ध र खेल मैदान यथेष्ट देखिए पनि व्यवस्थापन कमजोर पाइएको छ । बगैँचा, सजावट र नियमित मर्मत सम्भारको अवस्था मात्र होइन भौतिक सम्पत्तिको समुचित रेखदेख, हिफाजत र खवरदारीको पक्ष पनि कमजोर देखिएको छ।

- कक्षाकोठामा नियमित सरसफाइको अभाव भए पनि फर्निचरको उपलब्धता सबल र उपयुक्तता सामान्य पाइएको छ । उपलब्ध सामग्रीहरुको व्यवस्थापन र आवश्यक सजावटको पक्ष न्यून देखिनुको साथै लेख्ने पाटीको आकार यथेष्ट तर गुणात्मकता र व्यवस्थापन भने सामान्य पाइएको छ। एउटै कक्षामा करिब ७० जनासम्म हाजिरी गणनामा विद्यार्थीको चाप अत्यधिक रहेको यस विद्यालयमा नियमित उपस्थिति भने न्यून देखिएको छ।

- शिक्षकहरु सामान्यतः योग्य भए पनि उत्तरदायित्व निर्वाहमा कमजोर देखिएका छन् । शिक्षकहरुमा स्थानीयताको वाहुल्य रहनुको साथै उनीहरुको अनुभव र दक्षता राम्रो भएर पनि र अधिकांश शिक्षकहरु तालिम प्राप्त भए पनि शिक्षण सिकाइको नियमितता र गुणस्तरीयता कमजोर पाइएको छ । साथै शिक्षक विद्यार्थीको अनुपातमा सन्तुलन अनि

प्रतिघण्टी तालिका र समयको सन्तुलित विन्यास वियमअनुसार मिल्दो देखिएको छ । अधिकांश समय पुस्तक हेरेर पढाउने शिक्षकहरुको बानीले गर्दा आधुनिक विधि, प्रविधि र प्रक्रिया उपयोगमा शिक्षकहरु कमजोर देखिएका छन् ।

- शिक्षक विद्यार्थीहरुको शिक्षण सिकाइको निरन्तरतामा कमी देखिएको छ भने उनीहरुको नियमित उपस्थिति तुलनात्मक रूपमा कमजोर पाइएको छ । विद्यालय र कक्षा सञ्चालनमा नियमितता छ भनिए पनि दिनको दुईभन्दा बढी जनाका दरले हुने शिक्षकहरुको अनुपस्थितिमा समेत प्रधान अध्यापक र अन्य शिक्षकहरुबाट कक्षा लिने व्यवस्था गर्ने कुरामा पनि आन्तरिक मनमुटावका कारण कठिनाइ देखिएको छ । एक/दुई विषयसम्म तल्लो कक्षामा अनुत्तीर्ण विद्यार्थीको कक्षोन्नति भएको हुनाले नपढे पनि पास भइहालिन्छ नि भन्ने तहबाट विद्यार्थी अनुशासन पनि क्रमशः खस्कँदो देखिएको छ ।

- शिक्षकहरुको पूर्व तयारी, सामग्री निर्माण तथा प्रयोग र योजना कमजोर देखिएको छ । समस्याहरुको पहिचान र कार्यान्वयनको पक्षमा कमजोरी देखिनुको साथै आवश्यकताहरुको पहिचान र कार्यान्वयनको पक्ष पनि सबल पाइँदैन । शिक्षकहरु क्रियाकलाप, विधि र प्रक्रियामा परम्परागत शैलीको निरन्तरताबाट मुक्त हुन सकेका छैनन् ।

- शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था कमजोर देखिएको छ । शिक्षण सिकाइमा सहभागिता र पृष्ठपोषणको पक्ष न्यून हुनुको साथै घरबाट पाढाइप्रति हुने सहयोग पनि नगन्य पाइएको छ । कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा विद्यार्थीहरुको संलग्नता सामान्य रहे पनि नियमित परीक्षण र निरन्तर मूल्याङ्कनको पाटो कमजोर देखिएको छ ।

- मूल्याङ्कनका विधिहरुमा मौखिक, लिखित र परियोजना मुख्य देखिएका छन् भने साधनको प्रकार र प्रयोगमा एकरूपताको अभाव पाइएको छ । नतिजा विश्लेषणको पाटो अनौपचारिक र सामान्य रहे पनि विद्यार्थी, शिक्षक पृष्ठपोषणको अवस्था भने कमजोर पाइएको छ । नतिजा अभिलेखीकरण फाइलमा मात्र सीमित गरिएको छ भने उपलब्धि स्तरका आधारमा क्रमसङ्या निर्धारण भएको देखिन्छ । विद्यार्थीहरुको उत्तीर्ण सङ्ख्या ५०-६० प्रतिशतका बिचमा रहेको र यसको योजनाबद्ध प्रचार प्रसारको पक्ष तथा सिकाइ उपलब्धि वृद्धिको पक्ष पनि कमजोर पाइएको छ ।

- वर्षको एकपटक मात्र भर्ना अभियान सञ्चालन गर्ने यस विद्यालयले कार्यान्वयन पक्षमा भने लिखित पासको प्रमाणपत्रलाई आधार बनाएको छ । यसै कारण विद्यार्थी छनोट प्रक्रिया अस्थिर र अन्योलपूर्ण देखिएको छ । अभिभावकको शिक्षा, सहयोग र आर्थिक अवस्था कमजोर रहेकै कारण उनीहरुले अतिरिक्त खर्चको व्यवस्थापन गर्न सक्ने स्थिति देखिँदैन । उनीहरुको सामाजिक हैसियत पनि सामान्य रहेकै कारण घरको सिकाइ बाल मैत्री वातावरण प्रतिकूल पाइएको छ ।

- सिकाइमा सहायताको पहिचान र कार्यान्वयनको पक्ष तुलनात्मक रूपमा कमजोर पाइएको छ । सिकाइमा सुधारको योजना र कार्यान्वयनको पक्ष पनि कमजोर नै देखिएको छ । नियमित अन्तरक्रिया र पृष्ठपोषणको अवस्था कमजोर देखिनुको साथै विशेष शिक्षण सिकाइको व्यवस्थालाई कक्षा १० मा मात्र सीमित गरिएको छ । विद्यार्थी, अभिभावक र व्यवस्थापन समितिका बिचको सम्बन्ध, सहकार्य र समन्वयको पक्ष औपचारिकतामा सीमित पाइनुको साथै गुनासाहरु सुन्ने, सुनाउने वातावरण न्यून हुनाले शैक्षिक सुधारको नियमित प्रयत्न पनि कमजोर देखिएको छ ।

- गृहकार्य, मूल्याङ्कन तथा कक्षा कार्यहरुको प्रयोग न्यून हुनुको साथै विद्यार्थीको पठनपाठन तथा आचरण र व्यवहारको विषयमा अन्य सहकर्मी शिक्षकहरुसँग अन्तरक्रियाको पाटो तुलनात्मक रूपमा कमजोर देखिएको छ । विद्यार्थीको शैक्षिक उपलब्धिप्रतिको अपेक्षा, चिन्ता र चासो न्यून रहेकै कारण शिक्षक, अभिभावक तथा व्यवस्थापन समितिबिचको सम्बन्ध पनि सामान्य र औपचारिक मात्र पाइएको छ । शिक्षक र विद्यार्थीबिचको अनुपातलाई सरकारी सीमाभित्रै व्यवस्थापन गरिएको देखिए पनि शिक्षक तथा विद्यार्थीहरुको नियमित उपस्थितिमा पुनर्विचार र कडाइ गर्नुपर्ने देखिएको छ ।

- विद्यालयमा हुने विध्वंशका घटनाहरुमा विद्यार्थीहरुको संलग्नता न्यून देखिए पनि विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरुमा शिक्षण सिकाइ क्रियाकलापहरुका बारेमा नियमित रूपमा हुनुपर्ने अन्तरक्रियाको पक्ष भने कमजोर पाइएको छ । अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापको यथोचित प्रयोगको अवस्था पनि कमजोर नै देखिएको छ । घरको काममा संलग्नताको अवस्था उच्च रहेको र विद्यार्थी विद्यार्थीबिचको सुसम्बन्ध

पनि सामान्य मात्र पाइएको छ । घरको सामाजिक तथा आर्थिक अवस्था पठन पाठनका हिसाबले कमजोर देखिएको छ ।

- विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च हुन नसक्नुमा विद्यालयमा कार्यरत शिक्षकहरु न्यूनतम योग्यता हासिल गरेका भए पनि कामप्रति जिम्मेवार नबन्ने प्रवृत्ति मुख्य कारणका रूपमा पाइएको छ । यतिसम्म कि उच्च उपलब्धि हासिल गर्न सक्ने विद्यार्थीहरुलाई प्रलोभनमा पारेर नजिकका बोर्डिङ्ग स्कुलतिर आकर्षित गर्ने प्रचलन नै देखिएको छ । शिक्षकहरु सम्बन्धित विषयमा तालिम प्राप्त भए पनि परम्परागत शिक्षण विधिलाई त्याग्न नसक्नुले सिकाइ व्यवस्थित नहुनुका साथै हरेक विषयमा कक्षाकार्य, गृहकार्य तथा समूह कार्य नियमित रूपमा गर्ने विद्यार्थीको क्षमता राम्रो हुने विद्यार्थीले पनि उपयुक्त वातावरण पाउन सकेको देखिँदैन ।

- विद्यालयमा शैक्षिक तालिमबाट प्राप्त सिपको समुचित उपयोग गर्ने गरी कामको व्यवस्थापन गरिएको छैन । शिक्षकले कक्षाकोठामा बिताउने समय र कक्षामा बोल्ने र विद्यार्थीले उपयोग गर्ने समयका बिचमा तालमेल मिलेको छैन । विद्यार्थीले सह एवम् अतिरिक्त क्रियाकलापमा नियमित सहभागिता जनाउने कुरामा अग्रसरता देखाए पनि त्यसअनुसारको वातावरण पाएका छैनन् । शिक्षक पूर्व एवम् पूर्ण तयारीका साथ कक्षामा प्रवेश गर्ने कुरामा शैक्षिक योग्यताका दृष्टिले सबल देखिए पनि विषयअनुरूप विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित गर्ने कुरामा लापर्वाह र उदासीन पाइएका छन् ।

- भयरहित वातावरणमा शिक्षण सिकाइ गर्ने पक्ष सबल देखिए पनि तोकिएको ढाँचामा विद्यार्थीको निरन्तर मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य तथा सहकार्यहरुको प्रभावकारी प्रयोगको अवस्था भने कमजोर देखिएको छ । विद्यार्थीको औसत उपस्थिति राम्रो नहुनु तथा विद्यालयमा सामूहिक परीक्षण न्यून रहनु र शिक्षकहरुका बिचको सद्भाव तथा सहकार्यको पक्ष सबल हुन नसक्नुले विद्यार्थी, शिक्षक तथा विव्यसका लागि आचार संहिता बने पनि त्यसको पालनाको पक्षमा समस्या देखिएको छ । यसर्थ पुनः कक्षा दोहोऱ्याउने छात्रछात्राको कक्षागत प्रतिशत उल्लेख्य (४० प्रतिशतभन्दा माथि) देखिएको छ ।

# शिव विद्यालय, सुनसरी

## सिकाइ उपलब्धि सम्बद्ध कारकहरु

यसअन्तर्गत अभीमुखीकरण र सहकार्य, तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध, मूल्याङ्कन प्रणाली, पूर्वधारणामा परिवर्तन, संयन्त्र निर्माण र अनुगमन, विद्यालयको भौतिक संरचना, सामग्रीको उपलब्धता, योग्यता र नमुना शिक्षण, कार्यक्रम, सहभागिता र नियमितता, शिक्षण सिकाइमा सहकार्य र सम्बन्धको असर, समस्याहरुको पहिचान र निराकरण, आपसी सहयोग र समर्थन, अनुगमन तथा निरीक्षण, सिकाइ र मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप, सिकाइ र प्रोत्साहन, भावी योजना र अपेक्षा, योजना कार्यान्वयन जस्ता विषयहरु समेटिएका छन् ।

### अभीमुखीकरण र सहकार्य

यस विद्यालयमा शिक्षक, विव्यसका अध्यक्ष, प्रधान अध्यापक तथा कतिपय अभिभावकहरु पहिलो पटक आउँदा अहिलेको तुलनामा विद्यालयको विभिन्न विषय जस्तै, अभिभावकहरु आएर कक्षा शिक्षणको माध्यम अङ्ग्रेजी बनाउन अनुरोध गरेपछि यहाँको पढाइमा नियमित सुधार आउन थालेको बताइयो । छलफलको क्रममा बताइएअनुसार त्यस समयमा यस विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक र आर्थिक अवस्थासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिम्मेवार सरोकारवालाहरुबिचको सहसम्बन्ध, सहकार्य, क्रियाशिलता, इमानदारी र समर्पणमा एकरूपता नभएको अनुभव गरिएको क्रममा वर्तमान प्रधान अध्यापक यस विद्यालयमा १४ वर्ष अघिबाट आएपछि मात्र उक्त विषयहरुमा सुधार आउन थालेको शिक्षक, विद्यार्थी र अभिभावकको अनुभव रहेको कुरा सुनाइयो । विगतमा यस विद्यालयमा कार्यरत पुराना, अनुभवी, दक्ष तथा तालिम प्राप्त प्रअ र शिक्षकहरुबाट नयाँ प्रअ र शिक्षकहरुका निम्ति आन्तरिक अभिमुखीकरणको व्यवस्थापन गर्न सक्ने अवस्था भएर पनि त्यतातिर ध्यान दिइएको थिएन । प्रअ र शिक्षकहरुले आफ्नै पूर्वकार्य र अनुभवका आधारमा विद्यालयको वातावरण, विद्यार्थी तथा अभिभावकसँगको सहकार्यको अनुभव सँगाल्नुपरेको थियो । यसरी शिक्षहरु यस विद्यालयमा आएका बखत विद्यालयको सिकाइ उपलब्धि गुणात्मक हिसाबले राम्रो भए पनि मात्रात्मक हिसाबले त्यति राम्रो थिएन । यसरी नै बाल अधिकार र विद्यार्थी मैत्री वातावरणका हिसाबले यहाँको अवस्था कमजोर नै थियो । हालका प्रधान अध्यापक आइसकेपछि भने

यस विषयमा ध्यान दिन थालिएको र बाल अधिकारकार लगायत धेरै विषयमा मात्रात्मक परिवर्तन आएको कुरा सम्बद्ध पक्षबाट थाहा पाइयो ।

**तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध**

यस विद्यालयमा कार्यरत शिक्षकहरुलाई प्रधान अध्यापकको तर्फबाट विषयगत रूपमा माग भएर आए बमोजिम तालिम, गोष्ठी, सेमिनार आदिमा पालैपालो पठाइने गरिएको भन्ने विश्वास दिलाइएको भए पनि उक्त कार्यक्रममा औपचारिक रूपमा कतैबाट पत्र प्राप्त भएमा मात्र पठाइने गरेको देखियो । कुनै शिक्षक वा कर्मचारीहरु जिल्ला स्तरीय तालिम वा गोष्ठीमा भाग लिई फर्केर आएपछि त्यहाँ सिकेका र अनुभव गरेका ज्ञान तथा सिपहरु आपसमा आदान प्रदान गर्ने वातावरण मिलाइदिने गरिएको भन्ने विषयमा प्रधान अध्यापक, शिक्षक र विव्यसका प्रतिनिधिको भनाइमा एकरूपता देखिए पनि त्यस्ता छलफका कार्यक्रमहरु औपचारिक रूपमा हुने नगरेको भनाइ शिक्षकहरुको पाइयो । अनौपचारिक रूपमा हुने त्यस्ता कार्यक्रमहरु नियमित नहुने तथ्य पनि छलफलको क्रममा खुल्न आयो । त्यस्तै विद्यालय सुधार कार्यक्रमअन्तर्गत प्रत्येक शैक्षिक सत्रको सुरुमा आफ्नै विद्यालयका दक्ष तथा अनुभवी शिक्षकहरुद्वारा विद्यालयमा आधारित तालिम तथा अभिमुखीकरण कसैलाई पनि उपलब्ध गराइएको देखिएन । त्यसै गरी यस विद्यालयमा कार्यरत शिक्षकहरु बाहेकका विषय विज्ञलाई बोलाएर शिक्षकहरुका मागमा आधारित भएर कुनै गोष्ठी तथा तालिमहरुको आयोजना गरिएको पनि पाइएन ।

**मूल्याङ्कन प्रणाली**

तपाईंले कामको सिलसिलामा आफ्नो मूल्याङ्न आफैं गर्ने गर्नुभएको छ भनी प्रश्न गर्दा शिक्षक, अभिभावक तथा प्रधान अध्यापक सबैको सकारात्मक जवाफ पाइए तापनि यस किसिमको मूल्याङ्कन लिखित अभिलेखका रूपमा नभई अनौपचारिक प्रकृतिको मात्र त्यो पनि ज्ञानमुखी कम र परीक्षा मुखी बढी हुने गरेको देखियो । त्यसै गरी विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षा ऐन तथा नियमावलीका अतिरिक्त विव्यस र विद्यालय प्रशासनले तोके बमोजिमको काम गर्ने गरेको देखिए पनि अतिरिक्त मूल्याङ्कनका साधनहरुमा निरन्तर मूल्याङ्कन प्रणाली, एकाइ परीक्षा आदि प्रयोग गरेको पाइयो ।

### पूर्व धारणामा परिवर्तन

प्रधान अध्यापक यस विद्यालयमा आएपछि विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वातावरण, प्रचलन, परिपाटी र सोचका रूपमा रहेको पूर्व धारणामा परिवर्तन आएको पाइयो । त्यस्तो धारणामा परिवर्तन नभएसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार नआउने विश्वास रहेकै कारण त्यसै अनुरूपको क्रियाशीलता सम्बद्ध पक्ष सबैमा रहेको भन्ने विश्वास गरेको देखियो । उहाँमा विद्यालयका सम्बद्ध पक्ष, जस्तै-सहायक प्रधान अध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीको कार्यशैली र व्यवहारमा रहेका समानता, भिन्नता र वैयक्तिक विशेषतारूलाई सम्मान गरेको खण्डमा मात्र विद्यालयको शिक्षण सिकाइको वातावरण राम्रो हुन्छ र त्यसबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्छ भन्ने विश्वास रहेको पाइयो । यसर्थ प्रधान अध्यापक, शिक्षक, कर्मचारी र अभिभावकबिचको सम्बन्ध सुमधुर रहेको छ भन्ने सबैको भनाइमा एकरूपता देखियो ।

### संयन्त्र निर्माण र अनुगमन

यस विद्यालयमा विद्यार्थी, शिक्षक तथा कर्मचारिका सबल र दुर्बल पक्षहरुको जानकारी लिने, दिने त्यस्तो विशेष किसिमको संयन्त्र निर्माण गरिएको देखिएन । वर्षको एक दुई पटक शिक्षक अभिभावक बैठकको आयोजना गर्ने र त्यसका लागि अभिभावकहरुलाई चिठी पठाएर बोलाउने चलन रहेको पाइयो । अधिकांश समयमा विद्यार्थीका सबल र दुर्बल पक्षको जानकारी व्यक्तिगत भेटघाटको समयमा अनि अभिभावकले चासो राखेको समयमा मात्र दिने गरिएको पाइयो ।

### विद्यालयको भौतिक संरचना

विद्यालयको भौतिक पक्षलाई नियाल्दा विद्यालयका भवन र कक्षा कोठाहरुलाई यथोचित सरसफाइ र मर्मत संहार गरी उपयोगमा ल्याइएको खण्डमा हाललाई पर्याप्त मात्रामा पुग्ने देखियो । त्यस परिसरभित्र कतै पनि हरियाली तथा वगैंचा रहेको देखिएन । माली राखेर त्यस किसिमको व्यवस्थापन गर्नेतर्फ सोच पनि देखिएन । हुन त विद्यालयले पार्किङ्ग एरियाको निर्माण, वृक्षरोपण, हरियाली पार्क र छायादार विश्राम स्थल निर्माण कार्य विगतमा नगरेको पनि होइन तर जनचेतनाको अभावले मात्र होइन गेट पालेको अभावले गर्दा विद्यालयको घेराबारासमेत नाघेर आउने स्थानीय केटाकेटीहरुले त्यस्ता चिजबिजहरुमा नोक्सान पुऱ्याउने गरेकाले जोगाउन नसकिएको मात्र होइन त्यस्ता अवान्छित गतिविधिमा संलग्न पात्रहरुमाथि कार्वाहीसमेत गर्न नसकेको भन्ने प्रधान अध्यापकको भनाइ पाइयो । पढ्ने पढाउने थलोका रूपमा रहेको विद्यालय

परिसर मात्र होइन कक्षाकोठाहरुको वातावरण पनि सरसफाइ, आकर्षण, व्यवस्थापन र सिर्जनात्मक थलोका दृष्टिले अपेक्षाकृत सबल र व्यवस्थित देखिएन । यस किसिमको अवस्थाभित्र पनि त्यस विद्यालयले विद्यार्थी मैत्री वातावरण दिने प्रयत्न गरेको देखियो । यस विद्यालयको सबैभन्दा राम्रो पक्ष भनेकै सफा खाने पानी, हरेक तलामा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, शिक्षकहरुका लागि छुट्टै कोठा, बाल विकासका लागि आकर्षक कक्षाकोठाको तयारी र तिनमा बालमैत्री वातावरण निर्माणको सङ्कल्प, छात्राहरुका लागि पर सरेको समयमा सुरक्षित प्याडको व्यवस्था र त्यसलाई लगाउने तथा उत्सर्जन गर्ने गोप्य एवम् सुरक्षित नमुना कोठाको छुट्टै ठाउँमा गरिएको व्यवस्था आदि हुन् जुन अन्य पछाडि परेका विद्यालयका लागि प्रेरणा र नमुनासमेत हुने देखियो ।

**सामग्रीको उपलब्धता**

विद्यालयको तर्फबाट नियमित पठन पाठनमा सहजीकरण गर्ने असल मनसायले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु उपलब्ध गराउने गरिएको भन्ने विषयमा शिक्षक, प्रधान अध्यापक र विव्यसका पूर्व प्रतिनिधिको भनाइमा सहमति र समानता देखिए पनि अभिभावकहरुले यसलाई सही ठान्न सकेको पाइएन । यस सम्बन्धमा छलफल गर्दा विद्यालयमा सधैं स्रोत र साधनको अभाव छ भनेर समस्या पन्छाइने गरेको गुनासो उनीहरुको थियो । यसबाट ६ लाखका विज्ञान उपकरण र २ लाखका पुस्तकहरु छन् भनिए पनि कम्प्युटर ल्याब, पुस्तकालय, विद्युतीय श्रव्य तथा श्रव्यदृश्य सामग्री, कक्षाकोठामा पङ्खा र खेलकुदका सामग्रीहरुको कमी मात्र होइन निशुल्क रूपमा वितरण गरिने पाठ्यपुस्तकहरु समेत समयमा नपाइने, किन्नुपर्ने पाठ्यपुस्तक धाएर प्राप्त गर्नुपर्ने पाठ्यक्रम र नगन्य मात्र पाइने सन्दर्भ सामग्रीमा नियमितता र निशुल्क प्राप्त गर्ने कुरा सहज देखिएन । यसलाई तालिका १४ मा थप प्रस्ट पार्न सकिन्छ ।

तालिका १४

| क्रसं | सामाग्रीको प्रकार | उपलब्ध रहेको | उपलब्ध नरहेको | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | भएको | नभएको | |
| १. | विषयगत पाठ्यक्रम | ✓ | | | ✓ | ✓ | | ४ थप्नुपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | विषयगत पाठ्य पुस्तक | ✓ | | ✓ | | ✓ | | ४९६० |
| ३. | विषयगत शिक्षक निर्देशिका | ✓ | | ✓ | | ✓ | | २५ थप्नुपर्ने |
| ४. | सन्दर्भ सामग्रीसहितको बुक कर्नर | ✓ | | | ✓ | ✓ | | १ थप्नुपर्ने |
| ५. | खेलकुद सामग्रीहरु | ✓ | | | ✓ | ✓ | | १९ थप्नुपर्ने |
| ६. | विज्ञान र श्वास्थ्य तथा शारिरीक विषयका उपकरण | ✓ | | | ✓ | ✓ | | २० थप्नुपर्ने |
| ७. | विविध पुस्तक | ✓ | | ✓ | | ✓ | | ५१९० |
| ८. | कम्प्युटर सेट | ✓ | | | ✓ | ✓ | | ५ थप्नुपर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

## योग्यता र नमुना शिक्षण

यस विद्यालयका प्रधान अध्यापक आफू स्वयम् माध्यमिक द्वितीय श्रेणी दरवन्दीमा रहेका गणित विषयका स्नातकोत्तर (एमएड) उच्च बौद्धिक व्यक्तित्व भएकाले आफ्ना सहकर्मी शिक्षक साथीहरुलाई नियमित हौसला प्रदान गर्ने र बजारमा निस्किएका पाठ्य सामग्रीहरुका बारेमा जानकारी गराउने कुरामा सचेत र सहयोगी रहेको भन्ने भनाइ उपयुक्त नै देखियो । त्यसरी नै विद्यार्थीहरुको सिकाइ उपलब्धिका बारेमा नियमित विश्लेषण गर्ने र पृष्ठपोषण दिने अनि अभिभावक, शिक्षक तथा विद्यार्थीहरु बिचको अन्तरक्रिया नियमित गराउने, कक्षा अवलोकन गर्ने

गराउने तथा अनुगमनको व्यवस्था गरी पृष्ठपोषण तथा शिक्षकहरुलाई पोर्टफोलियो बनाउन लगाउने जस्ता काम भने थोरै मात्र भएका छन् भन्ने शिक्षकहरुको भनाइ रहेको देखियो ।

### कार्यक्रम, सहभागिता र नियमितता

जिल्ला शिक्षा कार्यालय वा अन्य कुनै आधिकारिक निकायहरुबाट आयोजना गरिने पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण सिकाइ उपलब्धिसम्बन्धी औपचारिक कार्यक्रमहरुमा सम्बन्धित विषय र तहका शिक्षकहरुलाई कुनै भद नगरी काज दिएर सहभागी गराउने गरेको देखियो । यसरी उक्त कार्यक्रमहरुमा सहभागी गराउँदा सकेसम्म निस्पक्षता निर्वाह गरेको भन्ने भनाइ पाइयो । संस्थागत हिसाबले शिक्षकहरुका बिचमा शैक्षिक उपलब्धि सुधारका विषयहरुमा गरिने नियमित छलफलबाट निस्केका निष्कर्ष र सुझावहरुलाई विद्यालय प्रशासनले स्वीकार गरी तिनलाई विद्यालयको साधन र स्रोतले भ्याएसम्म कार्यान्वयन गर्ने गरिएको भन्ने सम्बद्ध पक्षको दाबी रहेको पाइयो । यसका लागि विद्यालयमा वरिष्ट शिक्षकहरुको सहभागितामा एउटा विद्यालय सुधार समितिसमेत गठन भएको, त्यस समितिले विद्यालयको सुधारसम्बन्धी एउटा अध्ययन प्रतिवेदनसमेत बुझाएको र त्यसमा भावी कार्यक्रमहरु उल्लेख गरिएको देखियो । यस ओडाका केही अभिभावकहरु आर्थिक हिसाबले सक्षम भएका कारण आफ्ना छोराछोरीलाई सहरका संस्थागत विद्यालयमा पढाउने गरेका र यस दि्यालयमा विपन्न परिबारका बच्चाहरु मात्र आउने भएकाले उनीहरुमा चेतनाको अभाव हुनु स्वाभाकि देखियो । यसर्थ यस्ता विषयहरुका बारेमा सरोकारवाला सबैका बिचमा नियमित छलफल तथा अन्तरक्रिया हुनुपर्छ भन्ने कुरामा सबै सचेत देखिए पनि त्यस्ता कार्यक्रमहरु नियमित रूपले हुन भने सकेका देखिएनन् ।

### शिक्षण सिकाइमा सहकार्य र सम्बन्धको असर

जम्मा ११,३७२ जनसङ्ख्यामध्ये एकतिहाइ जति सङ्ख्या (३०५८) निरक्षर भएका कारणले मात्र होइन यो विद्यालय पूर्व पश्चिम राजमार्ग बगलमा रहेर पनि प्रतिघर जनसङ्ख्या (४.५६) को चाप अपेक्षाकृत बढी हुनुको असर अनि अत्यधिक सङ्ख्या पिछडिएको समुदाय र दलितहरुको रहेका कारण शिक्षासम्बन्धी चेतनाको अभाव देखियो । यसर्थ अध्ययनरत विद्यार्थीका अभिभावकहरु छोराछोरीको पढाइको सवाललाई लिएर कमै मात्र विद्यालय आउने गरेको देखियो । आएर गुनासा सुनाउने अभिभावकप्रति विद्यालय पक्षको व्यवहार सुमधुर रहने गरेको भए पनि अधिकांश अभिभावकहरुमा छोराछोरीको पढाइका लागि राम्रो विद्यालय पाएकाले खासै मतलब राख्नु आवश्यक नरहेको धारणा पाइयो । विद्यालयलाई समस्या परेको समयमा अभिभावक र व्यविसका

प्रतिनिधिहरु कमै मात्र कक्षामा गएर पढाउने गरेको कुरा विद्यार्थी तथा शिक्षकहरुसँगको कुराकानीबाट अवगत भयो । यता प्रधान अध्यापक र अन्य दक्ष शिक्षकहरुले आफ्ना नियमित कक्षाबाहेक खाली भएका कक्षाहरुमा समेत पढाउने गरेको पाइयो । पढाइप्रतिको विद्यार्थीको जागरण र सन्तुष्टि शिक्षकको भनाइ तथा कक्षा अवलोकनबाट निकै राम्रो पाइयो । यसबाट प्रधान अध्यापक तथा शिक्षकहरु आआफ्नो विषय क्षेत्रमा नमुना शिक्षक भएको पुष्टि हुन आयो ।

**समस्याहरुको पहिचान र निराकरण**

यस विद्यालयमा विद्यालय सुधार, विद्यार्थीको सिकाइ उपलब्धि, समग्र सिकाइ कार्यकलाप तथा समस्याहरुका बारेमा सामूहिक छलफल गरी सल्लाह, सुझाव सङ्कलन गर्न र तिनको निराकरण गर्न नियमित रूपमा मिटिङ् बैठक हुने गरेको देखियो । समय समयमा हुने यस्ता बैठकमा सबै शिक्षकहरुलाई सामेल गर्ने गरिएको भए पनि विद्यार्थी र अभिभावकलाई भने खासै अवसर दिने गरेको पाइएन । विद्यालय व्यवस्थापन समितिको निर्वाचन भइनसकेका कारण सम्बद्ध जिम्मेवार व्यक्तिहरुबाट नियमित पठन पाठन तथा सञ्चालनसम्न्धी कर्यहरुका बारेमा नियमित अनुगमन हुने गरेको छ, छैन भन्ने कुरा अवगत नभए पनि अभिभावक नै विव्यसका पूर्व सदस्यहरु भएको नाताले सोधनी गर्दा विद्यालय सञ्चालनका नीति तथा वार्षिक कार्य तालिका बनाउने छलफलमा विद्यार्थी, शिक्षक, अभिभावक, विव्यसका पदाधिकारी तथा सदस्यहरुलाई सामेल गराउने र त्यसबाट समस्याहरुको पहिचान गरी निराकरणका उपायहरुसमेत सुझाउने गरिएको भन्ने दाबी त्यहाँको व्यवस्थापकीय कौशललाई हेर्दा सही सावित हुन आयो । त्यस्ता छलफलहरुमा अभिभावक र विद्यार्थीहरुलाई कमै मात्र मौका दिने गरिएको भन्ने गुनासो भने अझ रहेकै पाइयो ।

**आपसी सहयोग र समर्थन**

यस विद्यालयका शिक्षकहरुले एक आपसमा आफूले सिकेका, अनुभव गरेका र तालिमबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बद्ध सिपहरुलाई आन्तरिक छलफलको आयोजना गरी एक आपसमा आदान प्रदान गर्ने गरिएको पाइयो । त्यस्तै हाल सरोकारवालाहरुका बिचमा सहयोगात्मक सम्बन्धको विकास हुनुको साथै विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरुका बिचसमेत निकटता बढेका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सकारात्मक प्रगति देखिन थालेको भन्ने विश्वास उहाँहरुको रहेको देखियो । यस विद्यालयमा हालका प्रधान अध्यापक परिस्थितिअनुसार समायोजन आवश्य छ भन्नुहुन्छ र नयाँ युगअनुसार चल्नुपर्ने कुरामा विश्वास गर्नुहुन्छ भन्ने बुझाइ उहाँहरुको पाइयो । उहाँले विद्यालयसँग सम्बन्धित अन्य सरोकावालाहरुका व्यवहारमा रहेका भिन्नता र

वैयक्तिक विशेषताहरुको सम्मान गर्दै तदनुकूलको व्यवहार गर्न कोशिष गरेको देखियो । विद्यालय व्यवस्थापन पक्षमा सुधार गर्न नियमित छलफल चनाउने गरेको र समाधानका उपायहरुको खोजी गर्ने गरेको पनि पाइयो । यसै कारण नियमित सचेतना कार्यक्रम, उत्कृष्ट शिक्षण सिकाइको व्यवस्थापन र केही गरौँ भन्ने भावनाको विकास भई सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रगति देखिएको हो भन्ने विश्वास सबैमा अनुभूत भएको देखियो ।

### अनुगमन तथा निरीक्षण

यो विद्यालय पूर्व पश्चिम राजमार्ग अन्तर्गत इटहरी खण्डको नजिकमा रहेका कारण विद्यालय निरीक्षकहरु वर्षमा पटक पटक आउने र त्यस समयमा प्रशासनिक र भौतिक विकासका कामलाई बढी प्राथमिकता दिने गरेको बुझाइ सबैको रहेको देखियो । यसका अतिरिक्त थोरै मात्र भए पनि उहाँहरुले कक्षाकोठामा बसेर कक्षा अवलोकन गर्ने, शिक्षकहरुलाई पृष्ठपोषण दिने तथा पठन पाठनसँग सम्बन्धित विषयहरुमा छलफल गर्ने जस्ता कामहरु पनि गर्ने गरेको कुरा सरोकार राख्ने पक्षबाट जानकारी गराइयो तर नियमित हाजिरी र कार्य सञ्चालन सम्बद्ध विषय अनुगमनको दायराभित्र पर्ने गरेको देखिएन ।

### सिकाइ र मूल्याङ्कन

प्रथम त्रैमासिक, अर्ध वार्षिक र वार्षिक गरी तिन खालका परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र पनि शिक्षकले नबनाएर स्रोत केन्द्रबाट लिने गरेको देखियो । परीक्षापछि नतिजाका बारेमा सामान्य छलफल भए पनि औपचारिक विश्लेषणको काम भने हुनेगरेको पाइएन । सम्बद्ध विषयको कक्षा अवलोकन र शिक्षकहरुसँगको अन्तरक्रियाका आधारमा नियमित पठन पाठनको सन्दर्भमा हेर्दा सबैजसो शिक्षकहरुले परम्परादेखि चलिआएका निगमनात्मक, प्रश्नोत्तर, छलफल, परियोजनामूलक आदि विधिहरु नै प्रयोग गर्ने गरेको देखियो । त्यस्तै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्तर निर्धारण गरी कक्षा ८ सम्म विशेष तथा अतिरिक्त कक्षाहरु र असफल विद्यार्थीहरुका लागि मौका परीक्षाको व्यवस्था यस विद्यालयमा गरिएको पाइएन । विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षणका लागि भने विशेष गरेर प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी तिन ओटा परीक्षाका अतिरिक्त अरू परीक्षाहरु नियमित नभए पनि शिक्षक र विद्यार्थीहरुको भनाइमा एकाइ र पूर्व तयारी परीक्षा पनि हुने गरेको देखियो तर तिनबाट प्राप्त अङ्कको निश्चित प्रतिशत अन्तिम परीक्षामा नजोडिने र तिनको अभिलेख पनि नराखिने हुनाले त्यसप्रति विद्यार्थीको लगाव कम रहने गरेको कुरा जानकारी गराइयो । यसर्थ सिकाइलाई व्यवस्थित गर्नका लागि कोचिङ्ग कक्षाको व्यवस्था मात्र होइन तिन

तहका नियमित परीक्षामा जोडिने गरी एकाइ परीक्षा, मासिक परीक्षा र विद्यार्थीको स्तरअनुसारको विशेष कक्षा, कम्प्युटर कक्षा र मौका परीक्षाको व्यवस्था समेत गर्नुपर्ने विद्यार्थी र अभिभावकको माग रहेको पाइयो ।

**अतिरिक्त क्रियाकलाप**

विद्यालयमा नियमित शिक्षण सिकाइका अतिरिक्त भौतिक पूर्वाधारको कमीका बिचमा वर्षमा एक दुई पटक अतिरिक्त तथा सह कार्यकलापका रूपमा हन्डीफोर, चकलट दौड, बोरा दौड, म्युजिकल चेयर, हाजिरी जवाफ प्रतियोगिता, अन्ताक्षरी प्रतियोगिता, हिज्जे प्रतियोगिता, वादविवाद जता कार्यक्रममा विद्यार्थीहरुलाई कहिले दिन तोकेर त कहिले नतोकेर पनि सहभागी गराउने गरेको देखियो । त्यस्ता अतिरिक्त कार्यक्रमहरुबाट विद्यार्थीको पढाइप्रतिको रुचि बढाउन मदत पुग्छ, नियमित उपस्थितिमा प्रेरणा मिल्छ, हौसला र प्रोत्साहन पनि प्राप्त हुन्छ अनि सिकाइ उपलब्धिमा वृद्धि हुन्छ भन्ने विश्वास सबैमा पाइयो ।

**सिकाइ र प्रोत्साहन**

यस विद्यालयका विद्यार्थीहरुका दृष्टिमा सिकाइ उपलब्धि वृद्धि हुनुमा उल्लिखित कारणहरु नै मुख्य पाइए । उनीहरुको पढाइमा आफन्तजन, जस्तै-आमा, बाबु, दाजु, दिदी जस्ता अग्रजहरुबाट भने सीमित मात्रामा मात्रै सहयोग पुग्ने गरेको देखियो । कक्षा सुरु हुनुअघि पूर्वपाठको पुनरावृत्ति र विद्यार्थीहरुको पढाइलाई लिएर सम्बद्ध पक्षहरुका बिच कुराकानी र छलफल हुने गरेको देखिए पनि आफू र अभिभावकसहितलाई जुटाएर छलफल गरिएको थाहा नभएको दाबी विद्यार्थीहरुको पाइयो । शिक्षकहरुले प्रायः व्याख्यान, प्रश्नोत्तर आदि विधिको प्रयोग गर्ने गरेको कुरा उनीहरुको भनाइमा देखियो । विद्यार्थीको भनाइअनुसार विद्यालयमा राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने परिपाटी नभएको तर गल्ति गर्नेलाई सुरुमा सम्झाइबुझाइ गर्ने केही सिप नलागेमा दण्डको सहारा लिने गरिएको भन्ने पाइयो ।

**भावी योजना र अपेक्षा**

यस विद्यालयका विद्यार्थीहरुले पनि प्रधान अध्यापक, शिक्षक तथा अभिभावकले जस्तै विद्यार्थी सङ्ख्याको अनुपातमा कम्प्युटर र कम्प्युटर कोठा, बालमैत्री वातावरण, विद्यार्थी मैत्री शौचालय, वातावरण मैत्री विद्यालय परिसर, कक्षाकोठा, आधारभूत विज्ञान सामग्री, तदनुकूल प्रयोगशाला, सिकाइ मैत्री पुस्तकालय, खेलकुदका सामग्री आदिको अभाव महसुस गरेका छन् । यसबाट उक्त

कुराहरुलाई पूर्ति गरी अभिभावक तथा विद्यार्थीबाट नियमित परीक्षाबाहेक अतिरिक्त परीक्षा र विशेष परीक्षा गरेर कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको अपेक्षा गरेको पाइयो । त्यस्तै विद्यार्थीहरुले विद्यालय निरीक्षकबाट आफ्नो कक्षामा बसी कक्षा अनलोकन गरेको वा विद्यार्थीसँग कुनै अन्तरक्रिया गरेको हालसम्म कुनै अनुभव गरेको पाइएन ।

### योजना कार्यान्वयन

कक्षा नर्सरीदेखि पढाइ सुरु गरी यही विद्यालयमा कक्षा १२ सम्मको पढाइ हुने भएकाले सुरुदेखि नै नेपाली विषय बाहेक अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने हो भने अनि विद्यालय हाताभित्रै दिवा चमेना गृहको व्यवस्था, याथोचित शुद्ध खानेपनी, सफा शौचालय, तदनुकूल सामग्रीहरुको व्यवस्थापन, सुरक्षित भवन तथा दैनिक सरसफाइमा ध्यान दिन सक्ने हो भने यो विद्यालय नमुना विद्यालयका रूपमा विकसित हुने विद्यार्थीहरुको भनाइ रहेको देखियो । यसर्थ प्रधान अध्यापकको भनाइ, शिक्षक, अभिभावक, समाजका अगुवा तथा विव्यसका पूर्व सदस्यहरुको विश्वासमा पनि यस्तै योजना र अठोट अभिव्यक्त भएको पाइयो ।

## सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु

यसअन्तर्गतका विषयहरुलाई राम्रो कामको प्रसंशा र जिम्मेवारी, कक्षा अवलोकन र पृष्ठपोषण, नमुना शिक्षण र नृतृत्व, भौतिक पूर्वाधार र अभिभावकको हैसियत, काममा प्रोत्साहन, अठोट र अपेक्षा, समस्याको पहिचान र उपायहरुको खोजी, मूल्याङ्कन र सहजीकरण, स्रोत साधनको सहजीकरण, अनुशासन र आचारसंहिताको पालना, भर्ना अभियान र कक्षोन्नति, उद्देश्यमूलक नेतृत्व, अतिरिक्त शैक्षिक व्यवस्था जस्ता उपशीर्षमा प्रस्तुत गरिएको छ ।

### राम्रो कामको प्रसंशा र जिम्मेवारी

प्राप्त प्रमाणहरुलाई आधार मान्दा यस विद्यालयका प्रधान अध्यापकले विद्यालय हाताभित्र राम्रो काम गर्ने शिक्षक, कर्मचारी र विद्यार्थीको बारम्बार प्रशंसा गर्ने गरेको देखियो । त्यस खालको प्रशंसा सामान्यतः निस्पक्ष रहेको र त्यो अनौपचारिक र मौखिक हुने गरेको अनुभव शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पूर्व प्रतिनिधिहरुको रहेको पाइयो । विद्यार्थीमा भने जानकारी नभएको देखियो । त्यस्तै प्रधान अध्यापक, सहायक प्रधान अध्यापक, शिक्षक तथा कर्मचारीहरुलाई जुन कामको जिम्मेवारी दिइएको हो त्यो राम्रै गरी पुरा गर्ने गरेको कुरा प्रतिनिधि अभिभावकबाट बताइयो । उहाँहरुको तर्फबाट आवश्यक पर्दा सम्बद्ध पक्षलाई सल्लाह तथा सुझाव

भने कमै मात्र दिने गरेको पाइयो । यसको पालना पनि यथोचित रूपमा भइरहेको अनुभव त्यस क्रममा सुनाइयो ।

**कक्षा अवलोकन र पृष्ठपोषण**

यस विद्यालयका प्रधान अध्यापकले शिक्षकहरुको कक्षा अवलोकन नियमित रूपमा गर्ने र सम्बद्ध शिक्षकहरुलाई कमी कमजोरी सुधार्न विकल्पसहितको पृष्ठपोषण दिने गरेको छु भने पनि यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइमा उहाँले कक्षाभित्रै पसेर नियमित अवलोकन गर्ने गरेको देखिएन । प्रधान अध्यापक भएर आएका सुरुका दिनहरुमा अनौपचारिक रूपमा बाहिरबाट गरिएको अवलोकनका आधारमा कक्षा शिक्षण सिकाइको सन्दर्भमा दिने गरिएको निर्देशन, सल्लाह, सुझाव र पृष्ठपोषण आवश्यकताअनुसार आदेशात्मक तथा विकल्पसहितको अनुरोधको भाषामा हुने गरेको पाइयो । हाल आएर त्यसमा पनि कमी आएको देखियो । यस्तै प्रकृतिको कक्षा अवलोकन विगतमा विव्यसका प्रतिनिधि र हालैका दिनहरुमा आवश्यक परेको बेला वा सत्रको सुरुमा वा परीक्षा सुरु हुनु पूर्व कहिले काहीँ विद्यालय निरीक्षकहरुबाट गराउने गरिएको भन्ने प्रधान अध्यापकको भनाइ पनि प्रमाण साध्य नै देखियो ।

**नमुना शिक्षण र नेतृत्व**

विज्ञान र गणित दुबै विषय पढाउन सक्ने शिक्षकले नियमित रूपमा कक्षा लिने गरेको देखियो । प्रधान अध्यापक आफैँ गणित विषयमा योग्य व्यक्ति भएकाले शिक्षक, विद्यार्थी तथा समुदायमा स्थापित मानिसहरुको मन जित्ने काम गरेर एउटा नमुना शिक्षकका रूपमा आफूलाई स्थापित गरेको पाइयो । यसै कारण उनले अभिभावक र विद्यार्थीहरुले समेत आफ्नो राम्रै मूल्याङ्कन गरेको अनुभव रहेको कुरा सुनाए । उनको यस्तो आत्मविश्वास उनीप्रति विद्यार्थी, शिक्षक, अभिभावक र व्यवस्थापन पक्षले गरेको आदर, सम्मान र विश्वासका कारण बढेको देखियो । एउटा प्रधान अध्यापकका हैसियतले आफ्नै विवेक प्रयोग गरी शिक्षक कर्मचारीहरुको इच्छा तथा चाहनाको कदर नियमित रूपमा गर्ने गरेको भन्ने उहाँको भनाइको पुष्टि शिक्षक, अभिभावक र व्यवस्थापन समितिका सदस्यहरुको सकारात्मक प्रतिक्रियाबाट हुन आयो । विद्यालयको मूल व्यक्ति भएको नाताले शिक्षकहरुसँग भएको फरक फरक ज्ञान, सिप, योग्यता र क्षमताका आधारमा उनीहरुलाई जिम्मेवारी (माथिल्लो कक्षाको पठन पाठन, निमित्त प्रधान अध्यापक, कक्षा शिक्षक, परीक्षा समिति, अनुशासन तथा विद्यालय सुधार समिति, खेलकुद समिति आदि) दिने गरिएको भन्ने कुरामा सबैको सहमति रहेको पाइयो ।

### भौतिक पूर्वाधार र अभिभावकको हैसियत

प्रधान अध्यापकको भनाइलाई आधार बनाउँदा अन्य विद्यालयको तुलनामा उच्च सिकाइ उपलब्धि दिन सफल भए पनि यस विद्यालयमा विद्यार्थी अनुपातमा विषय शिक्षकहरुको कमी, गुणस्तरीय फर्निचरको अभाव, अन्य शैक्षिक सामग्री तथा भौतिक पूर्वाधार, जस्तै क्यासेट, कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक कोठा, लेखा कोठा, कर्मचारी कोठा, चमेनागृह, व्यवस्थित खेल मैदान, वगैंचा, हरियाली, अपाङ्ग, बाल र छात्रा मैत्री शौचालय, कक्षा र तहअनुसार शिक्षक दरबन्दी, अतिरिक्त आमदानीका स्रोत आदि कुराको आंशिक अभाव देखियो । यसै कारण चाहे जति सिकाइ उपलब्धिमा वृद्धि गर्न नसकेको भनाइ उनको थियो । त्यसरी नै शिक्षकहरुबाट शैक्षिक सामग्रीको कमी, भौतिक पूर्वाधारको आंशिक अभाव, बन्द हड्तालको असर, शैक्षिक पछौटेपन, अभिभावकहरुको न्यून सामाजिक हैसियत, कमजोर आर्थिक अवस्था, आंशिक बेवास्ता आदिका कारण प्रयत्न गर्दा गर्दै पनि विद्यार्थीको सिकाइ उपलब्धि थप उच्च बनाउन नसकिएको जानकारी दिइयो ।

### काममा प्रोत्साहन, अठोट र अपेक्षा

यस विद्यालयका धेरैजसो पुराना अनुभवी शिक्षकहरुबाट पढाइका बारेमा नियमित प्रोत्साहन पाउने गरेको विद्यार्थीहरुको अनुभव रहेको पाइयो । यहाँका शिक्षक, विद्यालय प्रशासन र अभिभावकका बिचको सम्बन्ध सुमधुर भएको र विद्यालयको सुरक्षा व्यवस्थामा सुधार भए पनि अझै विद्यालयको समग्र वातावरण बालमैत्री हुन सकेको छैन भन्ने उनीहरुको बुझाइ पनि प्रमाणसाध्य नै देखियो । आगामी दिनमा भने विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रामा प्रयोग, अघिल्लो पाठको नियमित पुनरावृत्ति, प्रश्नोत्तर, छलफल र सिर्जनात्मक विधिको प्रयोग, पढाइ र लेखाइमा जोड, नियमित कक्षाकार्य, समयमै गृहकार्य र परीक्षणमा इमानदारी, आपसी  सहकार्य र सह क्रियाकलापमा जोड, विद्यार्थी सहभागिता र सक्रियतामा जोड, गरिदिने र सँगसँगै गर्न लगाउने सह कार्यकलापमा प्राथमिकता दिन सक्नुपर्ने उनीहरुको अपेक्षा रहेको देखियो । यसरी हेर्दा शिक्षक तथा कर्मचारीको माथिल्लो निकायबाट आयोजना गरिएका कार्यक्रमा सहभागी गराउने बाहेक पेसागत उन्नयन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्ने धेयले कुनै ठोस भाषिक योजना र कार्यक्रमहरु ल्याइएको देखिएन तापनि आगामी दिनमा भने शिक्षकहरुलाई आलोपालो गरी तालिममा पठाउनेदेखि लिएर अन्य आन्तरिक पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने योजना र अठोट प्रधान अध्यापकमा देखियो ।

## समस्याको पहिचान र उपायहरुको खोजी

यस विद्यालयका प्रधान अध्यापक, शिक्षकहरु तथा व्यवस्थापन समितिका सदस्यहरुको भनाइमा विद्यालयको सुधार, विद्यार्थीको सिकाइ उपलब्धि र समग्र शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र समस्याहरुको पहिचान, वर्गीकरण र समाधानका उपायहरुको खोजीमा सल्लाह र सुझाव लिन र दिन विद्यालयमा नियमित छलफलको आयोजना हुने गरेको भनिए पनि वर्षको १/२ पटक हुने त्यस्ता बैठकहरुमा साना कक्षाका विद्यार्थीका अभिभावकहरुलाई ६ महिनामा एक पटक र ठुला कक्षाका विद्यार्थीका अभिभावहरुलाई बर्खे विदाभन्दा अघि पारेर एक पटक अनिवार्य रूपमा भेला गराइने गरेको भन्ने भनाइ प्रधान अध्यापकको थियो । त्यस्ता बैठकहरुमा अभिभावकहरुको उपस्थिति भने न्यून रहने गरेको देखियो । विद्यालयमा हुने मिटिङ्ग बैठकहरु बढी गरेर शैक्षिक, आर्थिक र भौतिक व्यवस्थापनसँग सम्बन्धित हुने गरेका पाइए । यस्ता बैठकहरुबाट प्राप्त निष्कर्षहरुको कार्यान्वयन प्रधान अध्यापकको आदेशमा मात्र हुने गरेको देखियो । यस्तै आदेशात्मक काम कार्वाहीका बिचमा पनि नियमित पठन पाठनलाई थप गति प्रदान गर्न र त्यसलाई उपलब्धिमूलक बनाउन शिक्षण सिकाइ क्रियाकलापको समयमा मौलिक एवम् सिर्जनात्मक विधिहरु प्रयोग गर्दा शिक्षकहरुलाई विद्यालय प्रशासनबाट यथेष्ट सहयोग तथा हौसला मिल्ने गरेको कुरा सबै पक्षको भनाइबाट पुष्टि हुन आयो ।

## मूल्याङ्कन र सहजीकरण

सामान्यतः यस विद्यालयमा पनि माथिल्लो कक्षामा कक्षोन्नति हुन सबै विषयमा पास गरिराख्नु नपर्ने भन्ने विद्यार्थीहरुको बुझाइ सही रहेको देखियो । कक्षामा केटा र केटीको बस्ने भाग र बेन्च फरक रहने गरेको यस संस्थामा शिक्षकहरुको पढाइप्रति विद्यार्थीहरु सन्तुष्ट नै रहेको देखियो । कक्षामा राम्रोसँग बुझाउने, प्रश्न सोद्धा नझर्कने, गृहकार्य सकेसम्म दिने, दिइएको गृहकार्य राम्रो गरी परीक्षण गर्ने जस्ता कुराहरु यसका कारण थिए । यस विद्यालयका विद्यार्थीहरुले पनि घर फर्केपछि नियमित खेतीपाती, वस्तुभाउ, घर घरायसी काम मेलापात, अर्मपर्म जस्ता घरेलु काम गर्नुपर्ने वाध्याता एकातिर अनि कतिपय विद्यार्थीहरु सार्वजनिक गाडी चढेर आउँदा भोग्नुपर्ने कठिनाइहरुले गर्दा समयको अभावका कारण सोचे जति प्रगति गर्न नसकेको भन्ने विद्यार्थीको भनाइ पनि उपयुक्त नै देखियो ।

## स्रोत, साधनको उपलब्धता र सिकाइमा सहजीकरण

विज्ञान विषयका लागि भनेर व्यवस्था गरिएका केही शैक्षिक सामग्रीको नगन्य प्रयोग गर्ने गरिको भए पनि तिनको यथोचित सुरक्षाका लागि प्रयोगशालाको व्यवस्था गरिएको पाइएन । त्यस्तै गणित र सामाजिक शिक्षाका लागि केही सेट, त्रिभुज, ग्लोब तथा नक्साहरुको प्रयोग विषय शिक्षकले गरेको त पाइयो तर अन्य विषय जस्तै अङ्ग्रेजी, नेपाली आदिमा शैक्षिक सामग्रीको प्रयोग प्रायः शून्य नै देखियो । विद्यार्थीहरुको बुझाइमा आफूलाई नियमित उपस्थित हुन प्रेरित गर्ने, दिइएका कक्षाकार्य र गृहकार्य समयमै गर्न हौसला दिने, घरघरमा गएर आफ्ना बाबुआमालाई पढाइका बारेमा सचेत पार्ने, काम कम लगाउन आग्रह गर्ने, समयमा विद्यालय पठाउन पहल गर्ने जस्ता विद्यार्थी हितका काम गर्ने विषयमा प्रधान अध्यापक र शिक्षकहरुको भूमिका राम्रो पाइयो । यसै कारण उनीहरुमा गणित र विज्ञान विषय मन पर्ने र त्यसमा आफूले प्रगति गर्न सकेकैले अन्य विषयमा पनि यसै गरी राम्रो गर्न सकिन्छ भन्ने आत्मबल बढेको पनि देखियो ।

## अनुशासन र आचारसंहिताको पालना

विद्यार्थीहरुका अमर्यादित व्यवहारलाई कम गर्नका लागि लिइने निर्णयहरूप्रति सबैको अटुट साथ र सहयोग रहने गरेको देखियो । उनीहरु अझै त्यस्ता निर्णयहरु पर्याप्त नभएको कुराप्रति सहमत भने देखिए । विद्यालय प्रशासन र सम्पूर्ण शिक्षक विद्यार्थीका व्यवहारलाई नियमन र नियन्त्रण गर्नका लागि आचारसंहिता सबैको साझेदारीमा लिखित रूपमा बनाएर विद्यालयको भित्तामा टाँसिएको पाइयो । शिक्षक तथा प्रधान अध्यापकबाट भने त्यस्तो आचार संहिता मौखिक एवम् लिखित रूपको रहेको र त्यो कार्यान्वयनमा रहेको विश्वास दिलाइयो । यस सन्दर्भमा अभिभावक, शिक्षक, विद्यालय प्रशासन र व्यवस्थापनका तर्फबाट विद्यार्थीहरुलाई अनुशासित बनाउने विषयसँग सम्बन्धित मुद्धाहरु सहानुभूतिपूर्वक सुन्ने, सुनाउने र सुझाव तथा सल्लाहहरु लिने, दिने कुरामा पनि राम्रो समझदारी रहेको देखियो । त्यस्तै शिक्षकहरुका भनाइमा कक्षामा आफ्ना साथीहरुसँग झैझगडा गर्ने, शिक्षकलाई नटेर्ने, अनावश्यक नाम राख्ने र केटी साथीहरुलाई जिस्क्याउने विद्यार्थीहरुको सङ्ख्या पनि केही मात्रामा रहेको तर त्यो नियन्त्रणको दायराभित्र हुनाले त्यसबाट विद्यालयको नियमित पठनपाठनमा खासै असर पुगेको देखिएन । त्यस्ता समस्याहरु सुल्झाउनका लागि विद्यालयमा एउटा छुट्टै अनुशासन समिति बनाइएको र समितिले आफ्नो काम गरिरहेको भन्ने सम्बद्ध पक्षको भनाइबाट अवगत हुन आयो ।

### भर्ना अभियान र कक्षोन्नति

यस विद्यालयमा विद्यार्थी भर्नासँग सम्बन्धित कार्य वर्षको एक पटक शैक्षिक सत्रको सुरुमा भव्य रूपमा हुने गरेको देखियो । हुन त भर्ना लिँदा तल्लो कक्षाको लब्धाङ्क पत्रलाई आधार मान्ने गरिए पनि साना कक्षा र तहका लागि भने उनीहरुको क्षमता परीक्षण गर्न मौखिक परीक्षा लिने गरिएको जानकारी पाइयो । विद्यालय तहको वार्षिक परीक्षा र परिणाम घोषणापछिका विदाका केही दिनहरुमा यस अभियानलाई परिणाममुखी बनाउने उद्देश्यले विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी र विव्यसका प्रतिनिधिसहितको टोली बनाएर अभिभावक घरदैलो कार्यक्रम, पर्चा वितरण, प्लेकार्डसहितको ऱ्याली तथा अभिभावकसँगको व्यक्तिगत तहको भेटघाटलाई व्यवस्थित ढङ्गबाट अगाडि बढाउने गरेको देखियो । यस विद्यालयमा तिन विषयसम्म लाग्नेलाई मौका परीक्षामा सामेल नगराई कक्षोन्नति गर्ने गरेको पाइयो ।

### उद्देश्यमूलक नेतृत्व

यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइअनुसार शिक्षकहरुले प्रायः गृहकार्य दिने गरेको देखियो तर त्यसलाई मिहिन ढङ्गबाट परीक्षण गरी विद्यार्थीहरुलाई तत्काल पृष्ठपोषण दिने र त्यसअनुसार  सुधार गर्न लगाउने गरेको भनाइ र गराइमा तुलनात्मक रूपमा तालमेल मिलेको पाइएन । यद्यपि विद्यार्थी र अभिभावकका नजरमा यस विद्यालयका प्रधान अध्यापकले विद्यालयका काम कार्वाहीमा उद्देश्यमूलक नेतृत्व दिन सकेको भन्ने भनाइप्रति पनि शिक्षकहरुमा पूर्ण विश्वास रहेको देखिएन । उनी सबै सरोकारवालाको सहकार्य, सहमति र सहभागितामा वृद्धि गरी नीति नियममा सुद्धीकरण, प्रक्रियामा पारदर्शिता, समाजमा चेतना, आपसमा मेलमिलाप, शिक्षण सिकाइमा गुणस्तरीयता र प्रशासनमा चुस्त दुरुस्तता कायम गरी विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्न सामान्यतः प्रयत्नरत भने रहेको देखियो । उनमा पठन पाठनका चुनौतीहरुलाई सहज रूपमा स्विकार्ने र त्यसमा तत्काल नेतृत्व लिन सक्ने क्षमता भने मध्यम खालको पाइयो ।

### अतिरिक्त शैक्षिक व्यवस्था

शैक्षिक सत्रको अन्त्यतिर आएर विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विशेष कक्षाको व्यवस्था कतिपय विद्यालयहरुले गर्ने गरेका हुन्छन् भन्ने थाहा भए पनि यस विद्यालयमा भने त्यस्तो व्यवस्था ९ र १० कक्षामा बाहेक आजसम्म नभएको कक्षा ८ का विद्यार्थीहरुको बुझाइ रहेको पाइयो । विद्यार्थीहरुको भनाइअनुसार उनीहरुका अभिभावकलाई विद्यालयको तर्फबाट समय

समयमा बोलाइने गरिएको भए पनि पढाइको विषयलाई लिएर सामूहिक छलफल आजसम्म हुने गरेको देखिएन । उनीहरुको पढाइलाई सहयोग पुऱ्याउने शैक्षिक सामग्रीहरु, जस्तै- कम्प्युटर, मोबाइल, क्यासेट प्लेयर, टेलिभिजन, खेल सामग्री, सूक्ष्मदर्शक यन्त्र जस्ता सामग्रीहरुको प्रयोगावस्था पनि सबल देखिएन । उनीहरुलाई पढाउने अधिकांश शिक्षकहरु (एक दुईबाहेक) ३०-४० वर्षका जाँगरिला र सक्रिय भएकाले मात्र होइन स्नातक र स्नातकोत्तर तह उत्तीर्णको योग्यता हासिल गरेका पुराना अनुभवीसमेत हुनाले उनीहरुको सक्रिय शिक्षण सिकाइबाट विद्यार्थीहरु सन्तुष्ट र लाभान्वित नै पाइए । यस विद्यालयका समस्या र तिनका कारणहरुलाई तालिका १५ मा प्रस्तुत गरिएको छ ।

तालिका १५

| क्रसं | मुख्य समस्या | समस्याका कारण |
|---|---|---|
| १. | १. किन्नुपर्ने शैक्षिक सामग्रीको अभाव<br>२. सोचेभन्दा कम उपस्थिति र व्यक्तिगत सरसफाइमा कमी<br>३. अङ्ग्रेजी माध्यम तर्फको आकर्षण | १. गरिबी<br>२. चेनताको अभाव<br>३. समयको माग, अन्तरर्राष्ट्रिय प्रभाव |
| २. | कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति | घरायसी काममा संलग्नता |
| ३. | १. गणित, अङ्ग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयको सिकाइ उपलब्धि औसतमा कमी<br>२. कक्षागत रूपको हाजिरी पुस्तिकामा विद्यार्थी सङ्ख्या बढी, उपसिथितिमा कमी | १. प्रविधि युक्त तथा व्यावहारिक शिक्षणमा कमी<br>२. खेती तथा व्यपार व्यवसायमा व्यस्त |
| ४. | विद्यार्थी सङ्ख्याको आधारमा विषय शिक्षकको दरबन्दीमा केही कमी | दरबन्दी वितरण अपर्याप्त |
| ५. | १. शुद्ध खानेपानीको कमी<br>२.पुस्तकालय तथा प्रयोगशालाको व्यवस्थापनमा कमी | १. ट्युबेल कम, ट्याङ्की र शुद्धतामा कमी<br>२. उपयोगिता बुझ्न र बुझाउन नसक्नु<br>३. राजनैतिक खिचातानी |

| | | |
|---|---|---|
| | ३.विव्यस र शिअसको गठन प्रक्रिया अगाडि नबढेको | |
| ६. | दिवा खाजाको व्यवस्था हुन नसकेको | आर्थिक स्रोतको अभाव |
| ७. | विविध शैक्षिक सामग्री, प्रविधि र प्रयोगको कमी | स्रोत परिचालनमा अव्यवस्था |
| ८. | आन्तरिक स्रोत परिचालनमा कमी तथा अन्य स्रोत पहिचानमा उदासीनता | उपलब्धिगत सूचना प्रवाहको अभाव तथा पहल कदमीमा पनि कमी |

(स्रोत : क्षेत्रकार्य २०७३)

## नतिजाका प्रभावकहरु

उल्लिखित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट यस विद्यालयको नियमित पठन पाठन र सिकाइ उपलब्धिसम्बन्धी विशिष्ठ नतिजाहरुको एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट जनता निमाविको सिकाइ उपलब्धि उच्च हुनुमा कस्ता प्रभावकहरु भूमिकामा रहेका छन् भन्ने बारेमा एउटा मार्गचित्र प्राप्त भएको छ। यहाँ नतिजाका तिनै मुख्य मार्गचित्रलाई प्रभावकका रूपमा बुँदामा प्रस्तुत गरिएको छ ।

- यस विद्यालयको हाता पर्याप्त देखिएको छ । यसको सुरक्षा व्यवस्था पनि सामान्यतः राम्रो पाइको छ । विद्यालय हाताको आवश्यक घेराबेरा राम्रो भए पनि सरसफाइको अवस्था कमजोर देखिएको छ । भवन र त्यसमा रहेका कोठाहरु हालका लागि पर्याप्त देखिएको तर खेल मैदान पर्याप्त भएर पनि त्यसको व्यवस्थापन र संरक्षणमा स्थानीयहरुको कमजोर चेतनाका कारण समस्या उत्पन्न हुने गरेको देखिन्छ ।

- बगैँचा, सजावट, हरियाली र नियमित मर्मत सम्भारको अवस्था भने सामान्य मात्र रहेको छ । कक्षाकोठाको नियमित सरसफाई सामान्य देखिएको छ । फर्निचरको उपलब्धता राम्रो भए पनि उपयुक्तताका दृष्टिले कमजोर प्रतीत हुन्छन् । उपलब्ध सामग्रीहरुको व्यवस्थापन र आवश्यक सजावट नगन्य रहनुको साथै लेख्ने पाटीको आकार र गुणात्मकतामा पनि कमी पाइएको छ ।

- शिक्षकहरु सामान्यतः योग्य देखिए पनि तहगत एवम् विषयगत शिक्षक सङ्ख्या वृद्धिमा पुनर्विचार गर्नुपर्ने देखिएको छ । शिक्षकहरुमा स्थानीय र बाहिरको समान वाहुल्य रहनुको साथै उनीहरुको अनुभव र दक्षता पनि राम्रो पाइएको छ । अधिकांश शिक्षकहरु तालिम प्राप्त देखिनुको साथै शिक्षक विद्यार्थीको अनुपात पनि मिलेको देखिएको छ । प्रति शिक्षक ४ देखि ५ घण्टी रहेको दैनिक कार्यभारको प्रकृति पनि सेवा सर्तअनुकूल नै मान्न सकिन्छ । प्रतिघण्टी तालिका र समयको सन्तुलित विन्यास पनि नियमअनुसार नै पाइएको छ ।

- शिक्षक विद्यार्थीहरुको निरन्तरता र उपस्थिति राम्रो रहेको छ । विद्यालय र कक्षा सञ्चालनमा नियमितता देखिएको छ । दिनको एक-दुई जनाका दरले हुने शिक्षकहरुको अनुपस्थितिमा पनि प्रधान अध्यापक र अन्य अनुभवी शिक्षकहरुबाट कक्षा लिने व्यवस्था गरिएको छ । विदा लिनुपर्दा पूर्व जानकारी गराउनुपर्ने हुनाले कक्षा सञ्चालनको व्यवस्थापन गर्न सजिलो भएको भन्ने प्रधान अध्यापकको भनाइ रहेको छ ।

- शिक्षकहरुको पूर्व तयारी तथा योजना सन्तोषजनक पाइएको छ । समस्याहरुको पहिचान र कार्यान्वयनको पक्ष पनि सबल देखिएको छ । आवश्यकताहरुको पहिचान र कार्यान्वयनको पक्ष राम्रो हुनुको साथै शिक्षकहरु क्रियाकलाप, विधि र प्रक्रियामा सबल र सचेत देखिएका छन् । शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था भने कमजोर पाइएको छ ।

- शिक्षण सिकाइमा सहभागिता र पृष्ठपोषणको पक्ष बलियो रहे पनि घरबाट पाढाइप्रति हुने सहयोग न्यून देखिएको छ । सम्बद्ध पक्षहरुका बिचको सहकार्य, सहक्रियाकलाप र आपसी सहयोगमा हार्दिकता निर्वाह भएको छ । कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा विद्यार्थीहरुको संलग्नता सामान्यतः राम्रो देखिए पनि तिनको नियमित परीक्षणको अवस्था भने अपेक्षाकृत कमजोर पाइएको छ ।

- कक्षा ८ को गणित विषयको मूल्याङ्कनका विधिहरुमा निगमनात्मक, छलफल र परियोजना मुख्य देखिएका छन् भने साधनको प्रकार र प्रयोगमा अनेकता भेटिएको छ । मूल्याङ्कनको निरन्तरता र नियमितताको पक्ष राम्रो भए पनि नतिजा विश्लेषणको पाटो अनौपचारिक र सामान्य मात्र रहेको छ । विद्यार्थी, शिक्षक पृष्ठपोषणको अवस्था भने सुदृढ देखिएको छ । नतिजा अभिलेखीकरण फाइल र कम्प्युटर दुबैमा रहनुको साथै सिकाइ उपलब्धि स्तरका

आधारमा विद्यार्थीको क्रमसङ्या निर्धारण गरिएको छ । विद्यार्थीहरुको उत्तीर्ण सङ्ख्या ८०-९० प्रतिशतका बिचमा रहेको र यसको योजनाबद्ध प्रचार प्रसारको पक्ष भने वर्षको एक पटक हुने भर्ना सचेतना अभियान र ऱ्यालीमा सीमित देखिएको छ ।

- भर्नाका लागि निर्धारण गरिएको समय वर्षको एकपटक रहेको र कार्यान्वयन प्रमाणपत्र र मौखिक परीक्षाका आधारमा हुने गरेको देखिन्छ । विद्यार्थी छनोट प्रक्रियामा पारदर्शिता अपनाउन खोजिए पनि यसलाई थप व्यवस्थित गर्नुपर्ने अवस्था छ । अभिभावकको शैक्षिक, आर्थिक र सामाजिक अवस्था कमजोर रहेकै कारण अतिरिक्त खर्चको व्यवस्थापन र पढाइमा सहयोगको अवस्था न्यून रहेको छ । अभिभावकको कमजोर सामाजिक चेतनाका कारण घरको वातावरण सोचे जति सिकाइ मैत्री रहेको प्रमाणहरुबाट देखिँदैन ।

- सिकाइमा विद्यालय तर्फको सहायताको पहिचान र कार्यान्वयनको पक्ष सबल पाइएको छ भने सिकाइमा सुधारको योजना र कार्यान्वयनको पक्ष पनि सुदृढ देखिएको छ । नियमित अन्तरक्रिया र पृष्ठपोषणको अवस्था न्यून तर भए जति व्यवस्थित रहेका छन् । विशेष शिक्षण सिकाइको व्यवस्था ठुला कक्षाका लागि मात्र गरिएको छ । विद्यार्थी, अभिभावक र व्यवस्थापन समितिका बिचको सम्बन्ध, सहकार्य र समन्वय राम्रो पाइएको छ । गुनासाहरुको सुनुवाइको पक्ष सामान्य रहे पनि सुधारको नियमित प्रयत्न र निरन्तरताको पक्ष भने सुदृढ देखिएको छ ।

- गृहकार्य, मूल्याङ्कन तथा कक्षा कार्यहरुको प्रयोग सामान्य तर नियमित देखिएको छ । विद्यार्थीको पठनपाठन तथा आचरण र व्यवहारको विषयमा अन्य सहकर्मी शिक्षकहरुसँग अन्तरक्रियाको पाटो तुलनात्मक रूपमा राम्रो पाइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धिप्रतिको  अपेक्षा, चिन्ता र चासो उच्च देखिनुको साथै शिक्षक, अभिभावक तथा व्यवस्थापन समितिसँगको सम्बन्ध सुमधुर देखिएको छ ।

- विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरुका बिचमा शिक्षण सिकाइ क्रियाकलापहरुका बारेमा नियमित अन्तरक्रिया हुने भनिए पनि त्यो कम नियमित पाइएको छ । अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापको यथोचित प्रयोगको अवस्था भने नियमित र सबल नै देखिएको छ । घरको वा ज्यालादारी काममा संलग्नताको अवस्था मध्यम रहनुको साथै

विद्यार्थी विद्यार्थीबिचको सुसम्बन्ध र घरको वातावरण सामान्य देखिए पनि आर्थिक तथा सामाजिक अवस्था भने कमजोर पाइएको छ ।

- यस विद्यालयमा कार्यरत शिक्षकहरु न्यूनतम योग्यता हासिल मात्र होइन सम्बन्धित विषयमा माथिल्लो योग्यता हासिल गरेका कारण पठन पाठन राम्रो भई सिकाइ उपलब्धि तुलनात्मक रूपमा उच्च हुन पुगेको छ । शिक्षकहरु सम्बन्धित विषयमा तालिम प्राप्त हुनुको साथै विषयवस्तुमा योग्य भएका हुनाले कक्षागत र विषयगत पठन पाठनमा सजिलो भई उत्तीर्ण छात्रछात्राहरुको औसत अङ्क पनि मध्यम पाइएको छ ।

- हरेक विषयमा कक्षाकार्य, गृहकार्य तथा समूह कार्य नियमित रूपमा गर्ने विद्यार्थीको क्षमता राम्रो रहे पनि गृहकार्य परीक्षण प्रक्रिया भने सामान्य खालको मात्र देखिन्छ । विद्यालयमा शैक्षिक तालिमबाट प्राप्त सिपको समुचित उपयोग गर्ने गरी कामको व्यवस्थापन गरिएको छ । शिक्षकले कक्षाकोठामा विताउने समय र कक्षामा बोल्ने र विद्यार्थीले उपयोग गर्ने समयका बिचमा तालमेल मिलेको देखिन्छ ।

- विद्यार्थीले सह एवम् अतिरिक्त क्रियाकलापमा नियमित सहभागिता जनाउने कुरा सामान्य रहे पनि शिक्षक पूर्व एवम् पूर्ण तयारीका साथ कक्षामा प्रवेश गर्ने कुरा सबल पाइएको छ । विषय अनुरूप उपयुक्त र विद्यार्थी केन्द्रित शिक्षणको पक्ष भने निकै नै कमजोर देखिएको छ । भयरहित वातावरणमा हुने शिक्षणको पक्ष सबल देखिए पनि तोकिएको ढाँचामा विद्यार्थीको निरन्तर मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य तथा सहकार्यहरुको प्रभावकारी उपयोगको अवस्था कक्षा छ देखि माथि केही विषयमा बाहेक कमजोर देखिएको छ ।

- विद्यालयमा सामूहिक परीक्षण नगन्य रहेको भए पनि शिक्षकहरुका बिचको सद्भाव र सहकार्य भने राम्रो पाइएको छ । विद्यार्थी शिक्षक तथा प्रशासकबाट आचारसंहिता पालनाको पक्ष सुदृढ रहेको र यसै कारण विद्यार्थीको बानी व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन आउन थालेको मात्र होइन पुनः कक्षा दोहोऱ्याउने छात्रछात्राको कक्षागत प्रतिशत (१०-१५ प्रतिशत) पनि निकै कम हुन पुगेको छ ।

# जनता विद्यालय, सुनसरी

## सिकाइ उपलब्धि सम्बद्ध कारकहरु

यसअन्तर्गत अभीमुखीकरण र सहकार्य, तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध, पूर्वधारणामा परिवर्तन, संयन्त्र निर्माण र अनुगमन, विद्यालयको भौतिक संरचना, सामग्रीको उपलब्धता, योग्यता र नमुना शिक्षण, कार्यक्रम, सहभागिता र नियमितता, मिटिङ्ग बैठक, योजना र प्रतिनिधित्व, सहयोग र समर्थन, अनुगमन तथा निरीक्षण, सिकाइ र मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप, पुरस्कार र दण्डको व्यवस्था, पढाइ र कामको चाप, भावी योजना र अपेक्षा, योजनाहरुको कार्यान्वयन जस्ता विषयहरु समेटिएका छन् ।

### अभीमुखीकरण र सहकार्य

छलफलको क्रममा बताइए अनुसार यस विद्यालयमा शिक्षक, विव्यसका अध्यक्ष, प्रधान अध्यापक तथा कतिपय अभिभावकहरु पहिलो पटक आउँदा अहिलेको तुलनामा त्यस समयका प्रअ कडा भएकै कारण यस विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक र आर्थिक अवस्थासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिम्मेवार सरोकारवालाहरुबिचको सह सम्बन्ध, सहकार्य, क्रियाशीलता, इमानदारी र समर्पणमा एकरूपताको पक्ष तथा पठन पाठन अहिलेको भन्दा राम्रो रहेको थियो तर वर्तमान प्रधान अध्यापक यस विद्यालयमा आएपछि उक्त विषयहरुमा त्यसभन्दा फरक खालको सुधार हुन थालेको शिक्षक, विद्यार्थी र अभिभावकको अनुभव रहेको पाइएन । विगतमा यस विद्यालयमा कार्यरत पुराना, अनुभवी, दक्ष तथा तालिम प्राप्त शिक्षककहरुबाट अन्य शिक्षककहरुका निम्ति आन्तरिक अभिमुखीकरणको व्यवस्थापन गर्न सक्ने अवस्था भएर पनि त्यतातिर ध्यान दिइएको थिएन । शिक्षकहरुले आफ्नै पूर्वकार्य र अनुभवका आधारमा विद्यालयको वातावरण, विद्यार्थी तथा अभिभावकसँगको सहकार्यको अनुभव सँगाल्नुपरेको थियो । यसरी शिक्षहरु यस विद्यालयमा आएका बखत विद्यालयको सिकाइ उपलब्धि गुणात्मक हिसाबले अनि मात्रात्मक हिसाबले पनि राम्रो थियो । बाल अधिकार र विद्यार्थी मैत्री वातावरणका हिसाबले भने यहाँको अवस्था कमजोर थियो । हालका प्रधान अध्यापक आइसकेपछि भने यस विषयमा केही  परिवर्तन आएको कुरा सम्बद्ध पक्षबाट थाहा पाइयो ।

### तालिम गोष्ठी तथा सहयोगात्मक सम्बन्ध

यस विद्यालयका शिक्षकहरुले एकआपसमा आफूले सिकेका, अनुभव गरेका र तालिमबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बद्ध सिपहरुलाई आन्तरिक छलफलको आयोजना गरी आदान प्रदान गर्ने गरेको खासै पाइएन । त्यस्तै सरोकारवालाहरुका बिचमा हाल सहयोगात्मक सम्बन्धको कमी हुनुको साथै विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरुका बिचसमेत निकटतामा असर परेका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धि न्यून हुन पुगेको हो भन्ने विश्वास उहाँहरुको देखियो । यस विद्यालयमा हालका प्रधान अध्यापक परिस्थिति अनुसार समायोजन आवश्य छ भन्नुहुन्छ र नयाँ युगअनुसार चल्नुपर्ने कुरामा विश्वास गर्नुहुन्छ भन्ने बुझाइ रहेको भए पनि उहाँ पहिलाको प्रअ जस्तो कडा नभएकै कारण नियमित सचेतना कार्यक्रम, उत्कृष्ट शिक्षण सिकाइको व्यवस्थापन र केही गरौँ भन्ने भावनाको विकास गर्न नसकिएको र सिकाइ उपलब्धिमा समेत नकारात्मक असर परेको हुनुपर्छ भन्ने अनुभूत भएको देखियो ।

### पूर्व धारणामा परिवर्तन

प्रधान अध्यापक यस विद्यालयमा आएपछि विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वातावरण, प्रचलन, परिपाटी र सोचका रूपमा रहेको पूर्व धारणामा परिवर्तन खासै नआए पनि विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउने थुप्रै कामहरु गरेर विश्वास जितेका कारण त्यसै अनुरूपको क्रियाशिलता अरूमा पनि थियो कि भन्ने विश्वास गरेको देखियो । हालका प्रअमा विद्यालयका सम्बद्ध पक्ष, जस्तै-सहायक प्रधान अध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीको कार्यशैली र व्यवहारमा रहेका समानता, भिन्नता र वैयक्तिक विशेषतारूलाई सम्मान गरेको खण्डमा मात्र विद्यालयको शिक्षण सिकाइको वातावरण राम्रो हुन्छ र त्यसबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्छ भन्ने विश्वास रहेको भए पनि त्यस अनुसारको कामलाई अगाडि बढाउने कुरामा केही कमी हुँदा विद्यार्थीको सिकाइ उपलब्धिमा ह्रास आउन थालेको अनुभव शिक्षक र अभिभावकमा रहेको पाइयो । प्रधान अध्यापक, शिक्षक, कर्मचारी र अभिभावकबिचको सम्बन्ध भने सामान्यतः सुमधुर नै छ भन्ने सबै सम्बद्ध पक्षको भनाइलाई आधार मान्दा त्यसमा भने एकरूपता देखियो ।

### संयन्त्र निर्माण र अनुगमन

यस विद्यालयमा विद्यार्थी, शिक्षक तथा कर्मचारिका सबल र दुर्बल पक्षहरुको जानकारी लिने, दिने त्यस्तो विशेष किसिमको संयन्त्र निर्माण गरिएको देखिएन । वर्षको एक पटक शिक्षक अभिभावक

बैठकको आयोजना गर्ने र त्यसका लागि अभिभावकहरुलाई चिठी पठाएर बोलाउने चलन भने रहेको पाइयो । अधिकांश समयमा विद्यार्थीका सबल र दुर्बल पक्षको जानकारी व्यक्तिगत भेटघाटको समयमा अनि अभिभावकले चासो राखेको समयमा मात्र अनौपचारिक ढङ्गले मात्र दिने गरेको पाइयो । विद्यालय व्यवस्थापनसँग सम्बद्ध जिम्मेवार व्यक्तिहरुबाट नियमित पठन पाठन तथा सञ्चालनसम्न्धी कर्यहरुका बारेमा नियमित अनुगमन हुने गरेको कुरा सबैको भनाइबाट थाहा त पाइयो तर त्यसको कुनै सकारात्मक प्रतिफल विद्यालयको शैक्षिक प्रशासनमा देखिएन । विद्यालय सञ्चालनका नीति तथा वार्षिक कार्य तालिका बनाउने छलफलमा विद्यार्थी, शिक्षक, अभिभावक, विव्यसका पदाधिकारी तथा सदस्यहरुलाई सामेल गराउने गरिएको भन्ने दाबी गरिए पनि त्यो आफ्नो सहभागिता कहिल्यै नभएको विद्यार्थीहरुको गुनासो रहेबाट पुष्टि हुन सकेन ।

## विद्यालयको भौतिक संरचना

विद्यालयको भौतिक पक्षलाई नियाल्दा भवन र कक्षा कोठा हाललाई सामान्यतः पुगे जस्तो देखिए पनि शिक्षक, कर्मचारी र प्रधान अध्यापक रहने कोठा एउटै रहेको र त्यसमै कम्प्युटर आदि सामग्रीहरु यत्रतत्र राखिएको कारण अव्यवस्थित देखियो । विद्यालयको हाता सानो नभएको तर त्यो आजसम्म पनि विद्यालयको स्वामित्वमा नआउँदा जग्गादाता मरेर गएपछि आफन्तहरुमा लोभ बढेको र खोसेर लिने चाहना भएको पाइयो । त्यस विद्यालयसँग रहेको जमिनलाई यथोचित ढङ्गले उपयोग गर्न सकेको खण्डमा विद्यालयलाई राम्रै आमदानी हुने भन्ने कुरामा सबै सहमत देखिए । पढ्ने पढाउने थलोका रूपमा रहेको विद्यालय परिसर मात्र होइन कक्षाकोठाहरुको वातावरण पनि सरसफाइ, आकर्षण, व्यवस्थापन र सिर्जनात्मक थलोका दृष्टिले निकै नै कमजोर तथा अव्यवस्थित पाइयो । विद्यालय भवनका झ्यालहरु नहुँदा हावाहुरीमा समस्या पर्ने देखियो ।

## सामग्रीको उपलब्धता

यस विद्यालयमा विद्यार्थी अनुपातमा विषय शिक्षकहरुको कमी, पुग्ने सङ्ख्या र गुणस्तरीय फर्निचर, अन्य शैक्षिक सामग्री तथा भौतिक पूर्वाधार, जस्तै क्यासेट, कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक कोठा, लेखा कोठा, कर्मचारी कोठा, चमेनागृह, व्यवस्थित खेल मैदान, वगैँचा, हरियाली, कक्षा र तहअनुसार शिक्षक दरबन्दी, अतिरिक्त आमदानी आदिमा रहेको कमीकै कारण चाहे जति सिकाइ उपलब्धिमा वृद्धि गर्न नसकेको हो भन्ने भनाइमा केही सत्यता भेटियो । त्यसरी नै शिक्षकहरुबाट शैक्षिक सामग्रीको कमी, भौतिक पूर्वाधारको अभाव, बन्द हड्ताल, शैक्षिक पछौटेपन, न्यून सामाजिक हैसियत, कमजोर आर्थिक अवस्था आदिका कारण प्रयत्न गर्दा गर्दै पनि

चाहे जति विद्यार्थीको सिकाइ उपलब्धि बढाउन नसकिएको हो भन्ने जानकारी दिइयो । गणित तथा सामाजिक विषयका लागि भनेर केही शैक्षिक सामग्रीको व्यवस्था गरिएको भए पनि उपयोगको पक्ष साह्रै न्यून रहेको देखियो । यसलाई तालिका १६ बाट थप प्रस्ट पार्न सकिन्छ ।

तालिका १६

| **क्रसं** | **सामाग्रीको प्रकार** | **उपलब्ध रहेको** | **उपलब्ध नरहेको** | **पर्याप्तताको अवस्था** | | **प्रयोगको अवस्था** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **भएको** | **नभएको** | **भएको** | **नभएको** | |
| १. | विषयगत पाठ्यक्रम | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| २. | विषयगत पाठ्य पुस्तक | ✓ | | ✓ | | ✓ | | सामान्य |
| ३. | विषयगत शिक्षक निर्देशिका | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ४. | सन्दर्भ सामग्री | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ५. | खेलकुद सामग्रीहरु | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ६. | विज्ञान र श्वास्थ्य तथा शारिरीक विषयका उपकरण | ✓ | | | ✓ | ✓ | | कम मात्र |
| ७. | कम्प्युटर | ✓ | | | ✓ | | ✓ | ४ मात्र |

(स्रोत : क्षेत्रकार्य २०७३)

## योग्यता र नमुना शिक्षण

यस विद्यालयका प्रधान अध्यापक आफू निम्नमाध्यमिक तहको व्यवस्थापन विषयका शिक्षक भएर कम्प्युटर विषय राखेको र त्यो आफैं पढाउने गरेको भने पनि नियमित रूपमा पठन पाठन हुन

नसकेको विद्यार्थीहरुको गुनासो रहेको देखियो । प्रशासनिक हिसाबमा उहाँ कसैलाई पनि नचिढ्याउने तर पठन पाठन नियमित नभए गुनासो पनि नगर्ने सालीन स्वभावको भएबाट विद्यालय प्रशासन अलिक खुकुलो हुँदै गएको पाइयो । प्रधान अध्यापक र वरिष्ट शिक्षकहरुले आफ्ना नियमित कक्षा बाहेक खाली भएका कक्षाहरुलाई व्यस्त बनाउने प्रयत्न गरेको तर त्यो नमुना शिक्षण हुन नसकेको देखियो । यसर्थ पढाइप्रतिको विद्यार्थीको जागरण र सन्तुष्टि, शिक्षकको भनाइ तथा कक्षा अवलोकनबाट यस विद्यालयका प्रधान अध्यापक स्वयम् पनि नमुना शिक्षक हुनसकेको वा हुनलाई प्रयत्न गरेको कुरा कतैबाट पुष्टि हुन सकेन ।

### कार्यक्रम, सहभागिता र नियमितता

जिल्ला शिक्षा कार्यालय वा अन्य कुनै आधिकारिक संस्थाहरुबाट आयोजना गरिने पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण सिकाइ उपलब्धिसम्बन्धी विषयगत आवधिक तालिममा शिक्षकहरुलाई पठाउनेक गरिएको देखियो । यसरी उक्त कार्यक्रमहरुमा सहभागी गराउँदा सकेसम्म निस्पक्षता निर्वाह गरेको भन्ने भनाइ पनि पाइयो तर संस्थागत हिसाबले शिक्षकहरुका बिचमा शैक्षिक उपलब्धि सुधारका विषयहरुमा छलफल तथा विचार विमर्श गर्ने गरिएको भने खासै पाइएन । यस्ता विषयहरुका बारेमा सरोकारवाला सबैका बिचमा नियमित छलफल तथा अन्तरक्रिया हुनुपर्छ भन्ने कुरामा सबै सचेत देखिए पनि त्यस्ता कार्यक्रहरु नियमित रूपले हुन सकेको उनीहरुको भनाइमा देखिएन । त्यस्तै विद्यालय सुधार कार्यक्रमअन्तर्गत प्रत्येक शैक्षिक सत्रको सुरुमा आफ्नै विद्यालयका दक्ष तथा अनुभवी शिक्षकहरुद्वारा विद्यालयमा आधारित तालिम तथा अभिमुखीकरण कसैलाई पनि उपलब्ध गराइएको देखिएन । त्यसै गरी यस विद्यालयमा कार्यरत शिक्षकहरु बाहेकका विषय विज्ञलाई बोलाएर शिक्षकहरुका मागमा आधारित भई कुनै गोष्ठी तथा तालिमहरुको आयोजना समेत गर्ने गरेको पाइएन ।

### मिटिङ्ग बैठक, योजना र प्रतिनिधित्व

यस विद्यालयमा विद्यालय सुधार, विद्यार्थीको सिकाइ उपलब्धि, समग्र सिकाइ कार्यकलाप तथा समस्याहरुका बारेमा सामूहिक छलफल गरी सल्लाह सुझाव सङ्कलन गर्न र तिनको निराकरण गर्न नियमित रूपमा मिटिङ् बैठक हुने गरेको देखिएन । कहिले काहीँ हुने यस्ता बैठकमा सबै शिक्षकहरुलाई सामेल गर्ने गरिएको भए पनि अभिभावकको उपस्थिति न्यून मात्र हुने गरेको पाइयो । विद्यालय प्रशासनले शिक्षक तथा कर्मचारीको पेसागत उन्नयन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्ने धेयले कुनै ठोस भाषिक योजना र कार्यक्रमहरु ल्याएको देखिएन तापनि

आगामी दिनमा शिक्षकहरुलाई आलोपालो गरी तालिममा पठाउनेदेखि लिएर अन्य पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने योजना रहेको प्रधान अध्यापकको भनाइमा पाइयो । विद्यार्थीहरुको भनाइअनुसार उनीहरुका अभिभावकलाई विद्यालयको तर्फबाट कमै मात्र बोलाइने गरिएको र त्यसमा पनि पढाइको विषयलाई लिएर सामूहिक छलफलमा आजसम्म प्रतिनिधित्व गराएको देखिएन । अझ आफू र अभिभावकसहितलाई जुटाएर छलफल गरिएको थाहा नभएको दाबीसमेत विद्यार्थीहरुको पाइयो ।

## सहयोग र समर्थन

जम्मा १३,९०३ जनसङ्ख्यामध्ये एक तिहाइ जति (४२१५) निरक्षर भएका कारण अनि प्रतिघर जनसङ्ख्या (४.५०) को चाप पनि बढी हुनुको साथै अत्यधिक सङ्ख्या पिछडिएको समुदाय र दलितहरुको भएको कारण चेतनाको अभावले गर्दा अध्ययनरत विद्यार्थीका अभिभावकहरु छोराछोरीको पढाइको सवाललाई लिएर कमै मात्र विद्यालय आउने गरेको देखियो । अधिकांश अभिभावकहरुले त छोराछोरीको पढाइप्रति मतलब नै राख्तैनन् भन्ने पनि देखियो । सारो गाह्रोमा परेको समयमा अभिभावक र व्यविसका अध्यक्ष तथा सदस्यहरु कमै मात्र कक्षामा गएर पढाउने गरेको कुरा विद्यार्थी तथा शिक्षकहरुसँगको कुराकानीबाट अवगत भयो । आफन्तजन, जस्तै-आमा, बाबु, दाजु, दिदी जस्ता अग्रजहरुबाट भने सीमित मात्रै सहयोग पाउने गरेको देखियो ।

## अनुगमन तथा निरीक्षण

यो विद्यालय नेपालको पूर्व पश्चिम राजमार्ग अन्तर्गत इटहरी खण्डको करिब ५ किमिको दुरीमा रहेका कारण विद्यालय निरीक्षकहरु वर्षमा दुई/चार पटक नै आउने र त्यस समयमा प्रशासनिक र भौतिक विकासका कामलाई मात्र बढी प्राथमिकता दिने गरेको बुझाइ सबैको देखियो । उहाँहरुले कक्षाकोठामा बसेर कक्षा अवलोकन गर्ने, शिक्षकहरुलाई पृष्ठपोषण दिने तथा पठन पाठनसँग सम्बन्धित विषयहरुमा छलफल गर्ने गरेको सरोकार राख्ने पक्षबाट जानकारी नभएको बताइयो ।

## सिकाइ र मूल्याङ्कन

यस विद्यालयका विद्यार्थीहरुको दृष्टिमा पनि सिकाइ उपलब्धि अपेक्षाकृत वृद्धि नहुनुमा परीक्षामा मूल्याङ्कन गरिने विधि र पढाइका बिच तालमेल नहुनु भन्ने देखियो । शिक्षकहरु नियमित रूपमा पढाउन नआउने मात्र होइन पढाइप्रति विद्यार्थीलाई आकर्षित गर्न नसकेको पाइयो । बुझाउन भन्दा कालो पाटीमा उत्तर लेखिदिएर घोकाउने गर्नुको साथै नियमित रूपमा गृहकार्य नदिने स्थिति

पनि देखियो । विद्यार्थी आफैंले गरेर दिएको गृहकार्य पनि मिहिन ढङ्गबाट परीक्षण नगर्दा विद्यार्थीमा त्यसको नकारात्मक असर पर्न सक्छ भन्ने कुरामा हेक्का राखेको पाइएन । गणित जस्तो विषयमा फरक विषयका शिक्षक तोकिदिएकाले मात्र होइन सही धारणा दिन सक्ने र भाषासमेत नबुझिने हुनुले उनीहरुको पढाइमा प्रगति हुन नसकेको भन्ने देखियो । कक्षा सुरु हुनुअघि पूर्वपाठको पुनरावृत्ति र विद्यार्थीहरुको पढाइलाई लिएर सम्बद्ध पक्षहरुका बिच कुराकानी र छलफल आंशिक मात्र हुने गरेको देखियो । यसै कारण सरहरु नियमित नहुने, तयारी नगर्ने, शैक्षिक सामग्री प्रयोग नगर्ने, कक्षाकार्य र गृहकार्यमा विद्यार्थीलाई कडाइका साथ सहभागी नगराइने शिक्षकहरुको प्रवृत्तिबाट थाकेका अधिकांश विद्यार्थीहरुमा अर्कै राम्रो विद्यालयमा पढ्न पाए हुन्थ्यो भन्ने भावना रहेको पाइयो ।

### पुरस्कार र दण्डको व्यवस्था

विद्यार्थीको भनाइबाट विद्यालयमा राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने परिपाटी खासै नभए पनि गल्ति गर्नेलाई सम्झाइबुझाइ गर्ने केही सिप नलागेमा दण्ड दिने गरिएको देखिन्छ । शिक्षक तथा कर्मचारीको हकमा भने यस किसिमको व्यवस्था कडाइका साथ लागु गर्न सकेको पाइएन ।

### पढाइ र कामको चाप

सामान्यतः यस विद्यालयमा पनि माथिल्लो कक्षामा कक्षोन्नति हुन सबै विषयमा पास गरिराख्नु नपर्ने भन्ने विद्यार्थीहरुको बुझाइ अभिलेखबाट सत्य देखियो । केही शिक्षकहरुको पढाइप्रति उनीहरु सन्तुष्ट नभएको पनि पाइयो । शिक्षकहरु नियमित रूपमा कक्षामा नआउने, आउँदा पनि परीक्षामा आउने जस्तो पढाइ नहुने, एकोहोरो पढाइरहने, विद्यार्थीलाई अनुशासनमा नराख्ने, राम्रोसँग नबुझाउने, कालो पाटीमा लेखाइ दिने तर प्रश्न सोद्धा झर्कने, गृहकार्य सकेसम्म नदिने, दिइहाले पनि राम्रो गरी परीक्षण नगर्ने जस्ता कुराहरुलाई कारण मानिएको पाइयो । धेरैले घर फर्केपछि नियमित खेतीपाती, वस्तुभाउ, घर घरायसी, मेलापात, घाँस दाउरा अर्मपर्म, व्यापार, व्यवसाय जस्ता घरेलु एवम् अन्य काम गर्नुपर्ने वाध्याता एकातिर र अर्कातिर १० देखि ४० मिनेटको पैदल दुरीमा रहेको विद्यालय आउन र जानका लागि र वर्षा याममा खराब बाटाको कारण कहिलेकाहीँ घण्टौं लाग्ने जस्ता समस्याहरु खासै नरहे पनि पढाइमा आफ्नै बेवास्ता, अलमल र कामको नियमित थकाइका कारण सोचे जति प्रगति गर्न नसकेको भन्ने विद्यार्थीको भनाइ थियो ।

## अतिरिक्त क्रियाकलाप

विद्यालयमा नियमित शिक्षण सिकाइका अतिरिक्त भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको कमीका कारण वर्षको बिचमा एक पटक अतिरिक्त तथा सहकार्यकलापका रूपमा हाजिरी जवाफ प्रतियोगिता, खेलकुद र वादविवाद कार्यक्रममा विद्यार्थीहरुलाई सहभागी गराउने गरेको देखियो । त्यस्ता अतिरिक्त कार्यक्रमहरुबाट विद्यार्थीको पढाइप्रतिको रुचि बढाउन मदत पुग्छ, नियमित उपस्थितिमा प्रेरणा मिल्छ, हौसला र प्रोत्साहन पनि प्राप्त हुन्छ अनि उपलब्धिमा वृद्धि हुन्छ भन्ने विश्वास विद्यार्थीहरुमा रहेको पाइयो तर विद्यालयमा फुटबल, डोरी (स्किपिङ्ग रोप) कर लुँडो बाहेक अन्य कुनै पनि खेलकुदका सामग्रीहरु नभएको गुनासो उनीहरुको रहेको देखियो ।

## भावी योजना र अपेक्षा

यस विद्यालयका विद्यार्थीहरुले पनि प्रधान अध्यापक, शिक्षक, कभिभावक र विव्यसका अध्यक्षले जस्तै विद्यार्थी सङ्ख्याको अनुपातमा कम्प्युटर र कम्प्युटर कोठा, बालमैत्री वातावरण, वातावरण मैत्री विद्यालय परिसर, कक्षाकोठा, खेल मैदान, आधारभूत विज्ञान सामग्री तदनुकूल प्रयोगशाला, सिकाइमैत्री पुस्तकालय, खेलकुदका सामग्री आदिको अभाव महसुस गरेको देखियो । यसबाट उक्त कुराहरुको समयमै पूर्ति गरी परीक्षा, अतिरिक्त परीक्षा र विशेष परीक्षालाई नियमित गरेर कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा तथा यस विद्यालयलाई कक्षा १२ सम्म कक्षोन्नति गर्ने गरी अगाडि बढ्ने हो भने सिकाइ उपलब्धि वृद्धि गर्न थप सहयोग पुग्छ भन्ने विद्यार्थी तथा अभिभावकहरुको अपेक्षा रहेको पाइयो ।

## योजनाहरुको कार्यान्वयन

कक्षा नर्सरीदेखि पढाइ सुरु भएर पनि परिवर्तित शिक्षा ऐन र नियमावली अनुसार यस विद्यालयमा कक्षा १२ सम्म कक्षोन्नति गरी पढाइ गर्ने हो भने, सुरुदेखि नै नेपाली विषय बाहेक अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने हो भने, विद्यालय हाताभित्रै दिवा चमेना गृहको व्यवस्था गरी १०-४ बजेसम्म बाहिर जान प्रतिबन्ध लगाउने हो भने अनि याथोचित शुद्ध खानेपनी, सफा शौचालय, उपयुक्त खेलमैदान, खेलकुदका सामानहरु, तदनुकूल व्यवस्थापन र सुरक्षित भवन तथा दैनिक सरसफाइमा ध्यान दिन सक्ने हो भने यो विद्यालय पिछडिएकै जनसङ्ख्याको बाहुल्य रहे पनि आगामी दिनमा नमुना विद्यालयका रूपमा विकसित हुन सक्ने देखिएको छ ।

## सिकाइ उपलब्धि सम्बद्ध पक्षहरु

यसअन्तर्गतका विषयहरुलाई राम्रो कामको प्रसंशा र जिम्मेवारी, कक्षा अवलोकन र पृष्ठपोषण, विषय शिक्षकको चयन, काममा प्रोत्साहन, समस्याको पहिचान र उपायहरुको खोजी, स्रोत, साधन र सहजीकरण, अनुशासन र आचारसंहिताको पालना, भर्ना अभियान, सिकाइ र उपलब्धि परीक्षण, उद्देश्यमूलक नेतृत्व, वातावरण र सम्बन्ध तथा अतिरिक्त शैक्षिक व्यवस्था जस्ता उपशीर्षमा प्रस्तुत गरिएको छ ।

### राम्रो कामको प्रसंशा र जिम्मेवारी

यस विद्यालयका प्रधान अध्यापकले विद्यालय हाताभित्र राम्रो काम गर्ने शिक्षक र विद्यार्थीको प्रशंसा बारम्बार गर्ने गरेको र त्यस खालको प्रशंसा सामान्यतः न्यायसङ्गत हुने तथा त्यो बैठक बसेको समय पारेर मौखिक विधिकेन्द्रित हुने गरेको भन्ने भनाइअनुसारको अनुभव अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रहेको भने पनि शिक्षक तथा विद्यार्थीको भनाइमा खासै त्यस्तो भएको पाइएन । त्यस्तै प्रधान अध्यापक, सहायक प्रधान अध्यापक, शिक्षक तथा कर्मचारीहरुलाई जुन कामको जिम्मेवारी दिइएको छ त्यो औपचारिक रूपमा भए पनि पुरा गर्ने गरेको कुराको जानकारी अभिभावकहरुबाट पाइयो । उहाँहरुको तर्फबाट आवश्यकता पर्दा सम्बद्ध पक्षलाई सल्लाह तथा सुझाव दिने काम पनि कमै मात्र हुने गरेको देखियो । यस तर्फको जिम्मेवारीको वहन र कार्यान्वयन यथोचित रूपमा भइरहेको भने पनि व्यवहारमा त्यस्तो देखिएन ।

### कक्षा अवलोकन र पृष्ठपोषण

यस विद्यालयका प्रधान अध्यापकले शिक्षकहरुको कक्षा अवलोकन नियमित रूपमा गर्ने र सम्बद्ध शिक्षकहरुलाई कमी कमजोरी सुधार्न विकल्पसहितको पृष्ठपोषण दिने गरेको छु भन्ने अभिव्यक्ति दिए पनि र विव्यसका अध्यक्ष लगायत सदस्यहरुबाट समेत नियमित रूपमा कक्षा अवलोकन गराएको छु भने पनि यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइमा उहाँहरुले कक्षाभित्र पसेर अवलोकन गर्ने गरेको देखिएन । अनौपचारिक रूपमा गरिएको अवलोकनका आधारमा कक्षा शिक्षण सिकाइको सन्दर्भमा दिने गरिएको निर्देशन, सल्लाह, सुझाव र पृष्ठपोषण भने अनुरोधको भाषामा हुने गरेको पाइयो ।

### विषय शिक्षकको चयन

गणित विषय शिक्षणका लागि सोही वा सोअनुरूको विज्ञान आदि गणितको ज्ञान दिन सक्ने विषयको शिक्षक चयन हनुपर्नेमा यस विद्यालयका गणित पढाउने शिक्षकले त व्यवस्थापन विषयमा प्रमाणपत्र तहको शिक्षा आर्जन गरेको पाइयो । यसर्थ उनले पढाइको माध्यमका रूपमा नेपाली भाषाको प्रयोग गर्दा सन्तुलित ढङ्गले गर्न नसकै कारण विद्यार्थीलाई बुझ्न गाह्रो परेको भन्ने जानकारी गराइयो । गणित विषयको विशिष्टता र कठिनाइलाई उहाँले बेवास्ता गरेको देखियो ।

### काममा प्रोत्साहन

एउटा प्रधान अध्यापकका हैसियतले आफ्नै विवेक प्रयोग गरी शिक्षक कर्मचारीहरुको इच्छा तथा चाहनाको कदर नियमित रूपमा गर्ने गरेको भन्ने उहाँको भनाइको पुष्टि शिक्षक, अभिभावक र व्यवस्थापन समितिका अध्यक्षको सकारात्मक प्रतिक्रियाबाट समेत पुष्टि हुन सकेको देखिएन । विद्यालयको मूल व्यक्ति भएको नाताले शिक्षकहरुसँग भएको फरक फरक ज्ञान, सिप, योग्यता र क्षमताका आधारमा उनीहरुलाई जिम्मेवारी (माथिल्लो कक्षाको पठन पाठन, निमित्त प्रधान अध्यापक, कक्षा शिक्षक, परीक्षा समिति, अनुशासन तथा विद्यालय सुधार समिति, खेलकुद समिति, अतिरिक्त क्रियाकलाप आदि) दिने गरिएको भन्ने कुरामा पनि सबैको सहमति देखिएन ।

### समस्याको पहिचान र उपायहरुको खोजी

यस विद्यालयका प्रधान अध्यापक, शिक्षकहरु तथा व्यवस्थापन समितिका सदस्यहरुको भनाइमा विद्यालयको सुधार, विद्यार्थीको सिकाइ उपलब्धि र समग्र शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र समस्याहरुको पहिचान, वर्गीकरण र समाधानका उपायहरुको खोजीमा सल्लाह र सुझाव लिन र दिन विद्यालयमा नियमित छलफलको आयोजना हुने गरेको देखिएन । वर्षको १/२ पटक हुने त्यस्ता बैठकहरुमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुलाई बोलाइने गरिएको भए पनि उपस्थिति भने न्यून रहने गरेको पाइयो । विद्यालयमा बिरलै हुने त्यस्ता मिटिङ्ग बैठकहरु बढी गरेर शैक्षिक, आर्थिक र भौतिक व्यवस्थापनसँग सम्बन्धित हुने गरेको पाइयो । यस्ता बैठकहरुबाट प्राप्त निष्कर्षहरुको कार्यान्वयन प्रधान अध्यापकको अनुरोधमा मात्र हुने गरेको देखियो । यस्तै आनुरोधात्मक काम कार्वाहीका बिचमा पनि नियमित पठन पाठनलाई थप गति प्रदान गर्न र त्यसलाई उपलब्धिमूलक बनाउन शिक्षण सिकाइ क्रियाकलापको समयमा मौलिक एवम् सिर्जनात्मक विधिहरु प्रयोग गर्दा शिक्षकहरुलाई विद्यालय प्रशासनबाट यथेष्ट सहयोग तथा हौसला दिने कुरामा समेत चासो दिएको पाइएन ।

## स्रोत, साधन र सहजीकरण

विद्यालयको तर्फबाट नियमित पठनपाठनमा सहजीकरण गर्ने असल मनसायले पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु उपलब्ध गराउने गरिएको भन्ने विषयमा प्रधान अध्यापक र विव्यसका अध्यक्षको भनाइमा सहमति र समानता देखिए पनि शिक्षक तथा विद्यार्थीहरुको विश्वासमा त्यो अभिव्यक्त हुन सकेको देखिएन । यस सम्बन्धमा छलफल गर्दा विद्यालयमा सधैँ स्रोत र साधनको अभाव रहने गरेको गुनासो उनीहरुको थियो । यसबाट निशुल्क रूपमा वितरण गरिने पाठ्य पुस्तकहरु समेत समयमा नपाइने, किन्नुपर्ने पाठ्य पुस्तक धाएर प्राप्त गर्नुपर्ने, पाठ्यक्रम र बिरलै मात्र पाइने सन्दर्भ सामग्रीमा नियमितता र निशुल्क प्राप्त गर्ने कुरा सम्भव देखिएन । यहाँ स्थायी शिक्षक सरह नभई निजी स्रोतका शिक्षकले आधारभूत शैक्षिक गतिविधिमा भाग लिन र सङ्कलित सामग्रीहरुको उपयोग गर्न नपाउने अवस्था पनि देखियो ।

## अनुशासन र आचारसंहिताको पालना

विद्यार्थीहरुका अमर्यादित व्यवहारलाई कम गर्नका लागि लिइने निर्णयहरुप्रति सबैको अटुट साथ र सहयोग रहने गरेको छ भन्ने देखियो तर विद्यालयमा एउटा अनुशासन समिति पनि बनाउन सकेको पाइएन । यसर्थ उनीहरु अझै त्यस्ता निर्णयहरु पर्याप्त नभएका र कार्यान्वयन फितलो रहेको कुराप्रति सहमत देखिए । विद्यालय प्रशासन र सम्पूर्ण शिक्षक विद्यार्थीका व्यवहारलाई नियमन र नियन्त्रण गर्न भनेर मौखिक आचारसंहिता बनाएको भए पनि त्यसको पालनाको पक्ष पनि कमजोर पाइयो । यस सन्दर्भमा अभिभावक, शिक्षक, विद्यालय प्रशासन र व्यवस्थापनका तर्फबाट विद्यार्थीहरुलाई अनुशासित बनाउने विषयसँग सम्बन्धित मुद्धाहरु सहानुभूतिपूर्वक सुन्ने, सुनाउने र सुझाव तथा सल्लाहहरु लिने, दिने कुरामा पनि भने जस्तो तत्परता देखिएन । शिक्षकहरुका भनाइलाई आधार मान्दा कक्षामा आफ्ना साथीहरुसँग झैझगडा गर्ने, शिक्षकलाई नटेर्ने, अनावश्यक नाम राख्ने र केटी साथीहरुलाई जिस्क्याउने विद्यार्थीहरुको सङ्ख्या नगन्य मात्र हुने गरेका कारण त्यसले पठनपाठनमा खासै असर पुगेको देखिएन ।

## भर्ना अभियान र कक्षोन्नति

यस विद्यालयमा विद्यार्थी भर्नासँग सम्बन्धित कार्य वर्षको एक पटक शैक्षिक सत्रको सुरुमा हुने गरेको देखियो । हुन त भर्ना लिँदा तल्लो कक्षाको लब्धाङ्क पत्रलाई आधार मान्ने गरिए पनि साना कक्षा र तहका लागि भने उनीहरुको क्षमता परीक्षण गर्न मौखिक परीक्षा लिने गरिएको भन्ने

जानकारी पाइयो । यस विद्यालयमा तिन विषयसम्म लाग्नेलाई मौका परीक्षामा सामेल नगराई कक्षोन्नति गर्ने गरेको पाइयो ।

## सिकाइ र उपलब्धि परीक्षण

विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षणका लागि विशेष गरेर प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी तिन ओटा परीक्षा मात्र सञ्चालन हुने र उक्त परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र पनि शिक्षकले नबनाएर स्रोत केन्द्रबाट लिने गरेको देखियो । परीक्षापछि नतिजाका बारेमा सामान्य छलफल भए पनि औपचारिक विश्लेषणको काम भने हुने गरेको पाइएन । सम्बद्ध विषयको कक्षा अवलोकन र शिक्षकहरुसँगको अन्तरक्रियाका आधारमा नियमित पठन पाठनको सन्दर्भमा हेर्दा सबै जसो शिक्षकहरुले परम्परादेखि चलिआएका निगमनात्मक, प्रश्नोत्तर, छलफल, आदि विधिहरु नै प्रयोग गर्ने गरेको देखियो । त्यस्तै विद्यालयमा अध्ययनरत विद्यार्थीको स्तर निर्धारण गरी विशेष तथा अतिरिक्त कक्षाहरु र असफल विद्यार्थीहरुका लागि मौका परीक्षाको व्यवस्था यस विद्यालयमा गर्ने गरिएको पाइएन । यस विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको भनाइअनुसार शिक्षकहरुले सिकाइलाई व्यवस्थित गर्नका लागि प्रायः गृहकार्य कमै मात्र दिने गरेको देखियो । नगन्य रूपमा दिइएको वा विद्यार्थीले आफैँ गरेको गृहकार्य मिहिन ढङ्गबाट परीक्षण गरी विद्यार्थीहरुलाई तत्काल पृष्ठपोषण दिने र त्यसअनुसार सुधार गर्न लगाउने गरेको पनि पाइएन ।

## उद्देश्यमूलक नेतृत्व

विव्यस, अभिभावक र शिक्षकहरुका नजरमा यस विद्यालयका प्रधान अध्यापकले विद्यालयका काम कार्वाहीमा उद्देश्यमूलक नेतृत्व दिन सकेको भन्ने भनाइमा विश्वासिलो सत्यता भेटिएन । उनी सबै सरोकारवालाको सहकार्य, सहमति र सहभागितामा वृद्धि गरी नीति नियममा सुद्धीकरण, प्रक्रियामा पारदर्शिता, समाजमा चेतना, आपसमा मेलमिलाप, शिक्षण सिकाइमा गुणस्तरीयता र प्रशासनमा चुस्त दुरुस्तता कायम गरी विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्न गरिएको प्रयत्नमै पनि कमजोर देखिए । उनमा पठन पाठनका चुनौतिहरुलाई सहज रूपमा स्विकार्ने र त्यसमा तत्काल नेतृत्व लिन सक्ने क्षमता कमै मात्र रहेको पाइयो । यसर्थ उनकै कम सफल नेतृत्व क्षमताकै कारण समग्र विषयका अतिरिक्त विज्ञान र गणित विषयमा सिकाइ उपलब्धि न्यून रहेको कुरा सिद्ध हुन आयो ।

विद्यार्थीहरुको बुझाइमा आफूलाई नियमित उपस्थित हुन प्रेरित गर्ने, दिइएका कक्षाकार्य र गृहकार्य समयमै गर्न हौसला दिने, घरघरमा गएर आफ्ना बाबुआमालाई पढाइका बारेमा सचेत पार्ने, काम कम लगाउन आग्रह गर्ने, समयमा विद्यालय पठाउन पहल गर्ने जस्ता विद्यार्थी हितका काम गर्ने विषयमा प्रधान अध्यापक तथा शिक्षकहरुको भूमिका सबैभन्दा राम्रो हुनुपर्छ भन्ने विद्यार्थीहरुको अपेक्षा रहँदा रहँदै पनि त्यस किसिमको सहज र सहयोगी वातावरण नबन्दा उनीहरुमा गणित विषय मन पर्न छाडेको र त्यसमा प्रगति गर्न नसकेको हो भन्ने सोच विकास भएर अब अन्य विषयमा पनि यसै गरी राम्रो गर्न सकिँदैन कि भन्ने चिन्ता बढेको देखियो ।

**वातावरण र सम्बन्ध**

शिक्षक, विद्यालय प्रशासन र अभिभावकका बिचको सम्बन्ध सुमधुर भएर विद्यालयको सुरक्षा व्यवस्थामा सुधार भए जस्तो देखिए पनि विद्यालयको समग्र वातावरण अझै बालमैत्री हुन सकेको छैन भन्ने उनीहरुको बुझाइ देखियो । यसर्थ आगामी दिनमा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइको समयमा शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रा  र यथोचित प्रयोग, अघिल्लो पाठको नियमित पुनरावृत्ति, प्रश्नोत्तर, छलफल र सिर्जनात्मक विधिको प्रयोग, उच्चारण, पढाइ र लेखाइमा जोड, नियमित कक्षाकार्य, समयमै गृहकार्य र परीक्षणमा इमानदारी, आपसी  सहकार्य र सह क्रियाकलापमा जोड, विद्यार्थी सहभागिता र सक्रियतामा जोड तथा गरिदिने र सँगसँगै गर्न लगाउने दोहोरो कार्यकलापमा प्राथमिकता दिन र शैक्षिक भ्रमणमा लान सक्नुपर्ने देखियो ।

**अतिरिक्त शैक्षिक व्यवस्था**

शैक्षिक सत्रको अन्त्यतिर आएर विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विशेष कक्षाको व्यवस्था कतिपय विद्यालयहरुले गर्ने गरेका हुन्छन् भन्ने थाहा भए पनि यस विद्यालयमा भने त्यस्तो व्यवस्था आजसम्म नभएको बुझाइ विद्यार्थीहरुको पाइयो । उनीहरुको पढाइलाई सहयोग पुऱ्याउने शैक्षिक सामग्रीहरु, जस्तै- कम्प्युटर, क्यासेट प्लेयर, टेलिभिजन, सूक्ष्म दर्शक यन्त्र आदिको प्रयोगावस्था पनि सबल देखिएन । यसबाट सुविधाहरु भएर पनि पढाउने अधिकांश शिक्षकहरु -एक दुई बाहेक) ३५ वर्ष माथिका पाका भएकाले उनीहरुको शिक्षण सिकाइमा सक्रियता कम देखिएको र त्यसको प्रयक्ष प्रभाव गणित विषयमा पनि पर्नाले सिकाइ उपलब्धिमा अनपेक्षित परिणाम आएको निष्कर्ष निकाल्न सकिन्छ । यसका समस्या र कारणहरुलाई तालिका १७ मा देखाउन सकिन्छ ।

तालिका १७

| क्रसं | मुख्य समस्या | समस्याका कारण |
|---|---|---|
| १. | १. किन्नुपर्ने शैक्षिक सामग्रीको अभाव<br>२. न्यून उपस्थिति र व्यक्तिगत सरसफाइको कमी<br>३. अङ्ग्रेजी माध्यम तर्फको आकर्षण | १. गरिबी<br>२. चेनताको अभाव<br>३. समयको माग, अन्तरर्राष्ट्रिय प्रभाव |
| २. | कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति | घरायसी काममा संलग्नता |
| ३. | १. गणित, अङ्ग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयको सिकाई उपलब्धि औसतमा कमी<br>२. कक्षागत रूपको हाजिरी पुस्तिकामा विद्यार्थी सङ्ख्या बढी, उपस्थितिमा कमी | १. प्रविधि युक्त तथा व्यावहारिक शिक्षण नहुनु<br>२. घरायसी कामको व्यस्तता |
| ४. | विद्यार्थी सङ्ख्याको आधारमा विषय शिक्षकको दरबन्दीमा कमी | दरबन्दी वितरण अपर्याप्त |
| ५. | १. शुद्ध खानेपानीको कमी<br>२. पुस्तकालय तथा प्रयोगशालाको अभाव | १. ट्युबेल कम हुनु, ट्याङ्की र शुद्धताको अभाव<br>२. साधन स्रोत जुटाएर व्यवस्थित गर्न नसक्नु |
| ६. | दिवा खाजाको व्यवस्थाको अभाव | आर्थिक स्रोतको अभाव |
| ७. | विविध शैक्षिक सामग्री, प्रविधि र प्रयोगमा कमी | अव्यवस्थित स्रोत परिचालन |
| ८. | आन्तरिक स्रोत परिचालनमा कमी तथा अन्य स्रोत पहिचानमा उदासीनता | सूचना प्रवाहको अभाव तथा पहल कदमीमा कमी |

(स्रोत : क्षेत्रकार्य २०७३)

## नतिजाका प्रभावकहरु

उल्लिखित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट यस विद्यालयको नियमित पठन पाठन र सिकाइ उपलब्धिसम्बन्धी विशिष्ठ नतिजाहरुको एउटा खास दिग्दर्शन प्राप्त भएको छ । यसबाट जनता निमाविको सिकाइ उपलब्धि उच्च हुनुमा कस्ता प्रभावकहरु भूमिकामा रहेका छन् भन्ने बारेमा एउटा मार्गचित्र प्राप्त भएको छ । यहाँ नतिजाका तिनै मुख्य मार्गचित्रलाई प्रभावकका रूपमा बुँदामा प्रस्तुत गरिएको छ ।

- विद्यालय हाताको सुरक्षा व्यवस्था सामान्य रहेको र यसको आवश्यक घेराबेरा राम्रो भए पनि सरसफाइको अवस्था भने कमजोर देखिएको छ । भवन र खेलमैदानको प्रबन्धमध्ये भवन र त्यसमा रहेका कोठाहरु हालका लागि काम चलाउन अनि खेल मैदान पर्याप्त भएर पनि त्यसको व्यवस्थापन र संरक्षणमा स्थानीयहरुको कमजोर चेतनाका कारण समस्या उत्पन्न भएको मात्र होइन बगैँचा, सजावट र नियमित मर्मत सम्भारको अवस्था पनि न्यून रहेको छ ।

- कक्षाकोठाको नियमित सरसफाई सामान्य देखिए पनि फर्निचरको उपलब्धता र उपयुक्तता कमजोर पाइएको छ । फर्निचरको सङ्ख्या अपुग रहेको मात्र होइन उपलब्ध सामग्रीहरुको व्यवस्थापन र आवश्यक सजावट समेत नगन्य देखिनुको साथै लेख्ने पाटीको आकार र गुणात्मकतामा पनि कमी देखिएको छ ।

- शिक्षकहरु सामान्यतः योग्य देखिए पनि तहगत एवम् विषयगत शिक्षक सङ्ख्यामा कमी देखिएको छ । शिक्षकहरुमा स्थानीयको बाहुल्य रहनुको साथै उनीहरुको अनुभव राम्रो भएर पनि दक्षता उपयोगको पक्ष भने कमजोर पाइएको छ । अधिकांश शिक्षकहरु तालिम प्राप्त देखिएका र शिक्षक विद्यार्थीको अनुपात पनि मिलेको प्रतीत हुन्छ । शिक्षकले पढाउने ५ देखि ६ घण्टीसम्म रहेको दैनिक कार्यभारको प्रकृति पनि सेवा सर्तअनुकूल नै देखिएको छ । प्रतिघण्टी तालिका र समयको सन्तुलित विन्यास पनि सरकारी वियमअनुसार मिलेको पाइएको छ ।

- शिक्षक विद्यार्थीहरुको निरन्तरता र उपस्थिति राम्रो देखिएको छ । विद्यालय र कक्षा सञ्चालनमा भने कामचलाउको नियमितता मात्र पाइएको छ । दिनको एक-दुई जनाका

दरले हुने शिक्षकहरुको अनुपस्थितिमा पनि प्रधान अध्यापक र अन्य शिक्षकहरुबाट कक्षा लिने व्यवस्था भए पनि सिकाइ उपलब्धिका हिसाबले त्यो व्यवस्थित देखिँदैन ।

- शिक्षकहरुको पूर्वतयारी तथा योजना कमजोर पाइएको छ । समस्याहरुको पहिचान र कार्यान्वयनको पक्ष पनि दुर्बल देखिएको छ । आवश्यकताहरुको पहिचान र कार्यान्वयनको पक्ष भने मध्यम खालको पाइएको छ । शिक्षकहरु क्रियाकलाप, विधि र प्रक्रिया उपयोगमा कमजोर देखिएका छन् । शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था पनि कमजोर भएकैले शिक्षण सिकाइमा सहभागिता र पृष्ठपोषणको पक्ष पनि न्यून देखिएको छ ।

- घरबाट पाढाइप्रति हुने सहयोग न्यून हुनुको साथै सम्बद्ध पक्षहरुका बिचको सहकार्य, सहक्रियाकलाप र आपसी सहयोगको अवस्था सामान्य रहेको छ । कक्षाकार्य, गृहकार्य र परियोजना कार्यमा विद्यार्थीहरुको संलग्नता, तिनको नियमित परीक्षणको अवस्था पनि अपेक्षाकृत कमजोर नै पाइएको छ ।

- मूल्याङ्कनका विधिहरुको प्रयोगमा निगमनात्मक, छलफल र प्रश्नोत्तर मुख्य देखिएका छन् भने साधनको प्रकार र प्रयोगमा एकरूपताको अभाव खड्किएको छ । मूल्याङ्कनको निरन्तरता र नियमितताको पक्ष कमजोर पाइनुको साथै नतिजा विश्लेषणको पाटो अनौपचारिक गफगाफमा मात्र सीमित देखिएको छ ।

- विद्यार्थी, शिक्षक पृष्ठपोषणको पक्ष कमजोर रहनुको साथै नतिजाको अभिलेख फाइल र कम्प्युटर दुबैमा रहेको र सिकाइ उपलब्धि स्तरका आधारमा क्रमसङ्या निर्धारण गरिएको देखिन्छ । विद्यार्थीहरुको उत्तीर्ण सङ्ख्या ८०-८५ प्रतिशतका बिचमा राम्रो रहे पनि यसको योजनाबद्ध प्रचार प्रसार भने न्यून रूपमा हुने गर्नाले यस विद्यालयमा विद्यार्थीको आकर्षण र चाप क्रमशः घट्तै गएको प्रमाणहरूले देखाएका छन् ।

- भर्नाका लागि निर्धारण गरिएको समय वर्षको एकपटक रहेको र भर्ना शैक्षिक प्रमाणपत्रका आधारमा गर्ने गरिएको देखिन्छ । यसै कारण विद्यार्थी छनोट प्रक्रिया अपारदर्शी भएकाले यसलाई थप व्यवस्थित गर्नुपर्ने खाँचो रहेको देखिन्छ । अभिभावकको शैक्षिक, आर्थिक तथा सामाजिक अवस्था कमजोर भएकाले अतिरिक्त खर्चको व्यवस्थापन मात्र होइन पढाइतर्फको

सहयोगको अवस्था पनि कमजोर भटिएको छ । अभिभावकको कमजोर सामाजिक चेतनाका कारणले गर्दा विद्यार्थीहरुको घरको वातावरण कम सिकाइ मैत्री पाइएको छ ।

- सिकाइमा सहायताको पहिचान र कार्यान्वयनको पक्ष मात्र होइन सिकाइमा सुधारको योजना र कार्यान्वयनको पक्ष पनि कमजोर देखिएको छ । नियमित अन्तरक्रिया र पृष्ठपोषणको अवस्था न्यून स्तरको रहनुको साथै विशेष शिक्षण सिकाइको व्यवस्था नगन्य मात्र पाइएको छ । विद्यार्थी, अभिभावक र विव्यसका प्रतिनिधिबिचको सम्बन्ध, सहकार्य र समन्वय सामान्य, गुनासाहरुको सुनुवाइको पक्ष न्यून, सुधारको नियमित प्रयत्न र निरन्तरताको पक्ष सामान्य देखिएको छ ।

- गृहकार्य, मूल्याङ्कन तथा कक्षा कार्यहरुको प्रयोग न्यून, विद्यार्थीको पठनपाठन तथा आचरण र व्यवहारको विषयमा अन्य सहकर्मी शिक्षकहरुसँग अन्तरक्रियाको पाटो तुलनात्मक रूपमा कमजोर, विद्यार्थीको शैक्षिक उपलब्धिप्रतिको अपेक्षा, चिन्ता र चासो पनि न्यून, शिक्षक, अभिभावक तथा व्यवस्थापन समितिसँगको सम्बन्ध सामान्य देखिन्छ भने शिक्षक विद्यार्थीबिचको अनुपात पनि तुलनात्मक रूपमा सरकारी सीमाभित्रै व्यवस्थापन भएको देखिन्छ ।

- विद्यालयमा विध्वंशका घटनाहरुमा विद्यार्थीहरुको संलग्नता नगन्य मात्र पाइएको छ । विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरुका बिच शिक्षण सिकाइ क्रियाकलापका बारेमा सामान्य अन्तरक्रिया हुने गरेको भए पनि त्यो अनियमित देखिएको छ । अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापको यथोचित प्रयोगको अवस्था पनि कमजोर पाइएको छ । घरको काममा संलग्नताको पक्ष सबल देखिनुको साथै विद्यार्थी विद्यार्थीबिचको सुसम्बन्ध भने राम्रो देखिएको छ । घरको वातावरण सामान्य रहे पनि आर्थिक तथा सामाजिक अवस्था कमजोर पाइएको छ ।

- यस विद्यालयमा कार्यरत शिक्षकहरु न्यूनतम योग्यता हासिल गरेका भए पनि पठन पाठन राम्रो बनाउनेतर्फ ध्यान नपुग्दा सिकाइ उपलब्धि न्यून हुन पुगेको देखिन्छ । गणित विषयलाई छोडेर शिक्षकहरु सम्बन्धित विषयमा तालिम प्राप्त हुनुको साथै विषयवस्तुमा योग्य भए पनि कक्षागत र विषयगत पठनपाठनमा नेतृत्व गर्न नसक्ता उत्तीर्ण

छात्रछात्राहरुको औसत अङ्क सामान्य पाइएको छ । हरेक विषयमा कक्षाकार्य, गृहकार्य तथा समूह कार्य नियमित रूपमा गर्ने विद्यार्थीको क्षमता तथा गृहकार्य परीक्षण प्रक्रिया मात्र कमजोर नभएर विद्यालयमा शैक्षिक तालिमबाट प्राप्त सिपको समुचित उपयोग गर्ने गरी कामको व्यवस्थापन पनि सामान्य स्तरको मात्र देखिएको छ ।

- शिक्षकले कक्षाकोठामा विताउने समय र बोल्ने र विद्यार्थीले उपयोग गर्ने समयका बिचमा तालमेल मिलेकै देखिन्छ । विद्यार्थीले सह एवम् अतिरिक्त क्रियाकलापमा नियमित सहभागिता जनाउने कुरामा अवसरको अभाव देखिनुको साथै शिक्षक पूर्व एवम् पूर्ण तयारीका साथ कक्षामा प्रवेश गर्ने पक्ष कमजोर पाइएको छ । विषयअनुरूप उपयुक्त, विद्यार्थी केन्द्रित शिक्षणको पक्ष कमजोर भए पनि भयरहित वातावरणमा शिक्षण सिकाइ हुने पक्ष भने सबल देखिएको छ । तोकिएको ढाँचामा विद्यार्थीको निरन्तर मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य तथा सहकार्यहरुको प्रभावकारी प्रयोगको अवस्था सामान्य मात्र पाइएको छ ।

- यस विद्यालयका विद्यार्थीहरुको औसत उपस्थिति राम्रो रहे पनि विद्यालयमा सामूहिक परीक्षण शून्यप्रायः देखिएको छ । शिक्षकहरुका बिचको सद्भाव र सहकार्य सामान्य र औपचारिक अनि विद्यार्थी, शिक्षक तथा प्रशासनबाट आचारसंहिता पालनाको पक्ष सामान्य पाइएको छ । पुनः कक्षा दोहोऱ्याउने छात्रछात्राको कक्षागत प्रतिशत (१५-२० प्रतिशत) निकै कम देखिनुले गणितको हालको न्यून सिकाइ उपलब्धिलाई योजनाबद्ध ढङ्गले उच्च बनाउँदै लाने कार्यका लागि विद्यार्थी, अभिभावक, त्यहाँको समाज, बुद्धिजीवी र राजनीति कर्मीहरुको शिक्षक, कर्मचारी र प्रअप्रति क्रियाशीलता, एकता, सहकार्य सुसम्बन्धको अपेक्षा रहेको देखिन्छ ।

# परिच्छेद छ
# निष्कर्ष

उल्लिखित नतिजाहरुलाई हेर्दा हरेक विद्यालयले उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि सबैभन्दा महत्त्वपूर्ण भूमिका विषय शिक्षकको देखिएको छ। उच्च सिकाइ उपलब्धिका निम्ति प्रधान अध्यापकको भूमिका शिक्षकको जस्तै महत्त्वपूर्ण हुने देखिएको छ । विद्यालयको दैनिक कामकाजदेखि विद्यालय व्यवस्थापनका बिच समन्वय गर्ने, शिक्षासँग सम्बन्धित अधिकारीहरुसँगको सम्बन्ध सुमधुर बनाउने, साधन स्रोतको पहिचान गर्ने, जुटाउने, परिचालन गर्ने, अभिभावकहरुसँग सहयोग लिने, समझदारी बढाउने, आचार संहिता निमाण गर्ने, त्यसलाई आफैँ पालन गर्ने, विद्यार्थी र शिक्षकमा परिपालन गराउने जस्ता कार्यहरूमा उद्‌देश्यमूलक नेतृत्व प्रदान गरी प्रभावकारी कार्यान्वयनका साथ विद्यालयमा सहकार्यात्मक संस्कृतिको विकास गर्न सक्ने प्रधान अध्यापक कुशल, प्रजातान्त्रिक र बौद्‌धिक व्यक्तित्व भएको खण्डमा मात्र विद्यार्थीको उच्च सिकाइ उपलब्धि सम्भव हुने कुरा विद्यालयहरुको मामला अध्ययनबाट पाइएको छ।

विद्यालयहरुको स्रोत साधनको अवस्था राम्रो हुँदा र नहुँदा सिकाइ उपलब्धिमा फरक पर्ने आम दृष्टिकोण भए पनि स्रोत साधनको अवस्था कमजोर हुँदैमा सिकाइ स्तर कमजोर हुन्छ भन्ने कुरा प्रमाण साध्य देखिएन। विद्यार्थीहरू घरको काम भ्याएर विद्यालय आउने शिक्षण सिकाइका दृष्टिले सामान्य स्तरका रहे पनि विषय शिक्षक र प्रधान अध्यापकको योग्यता, क्षमता र शैक्षणिक कौशल राम्रो रह्यो भने सिकाइ उपलब्धि उच्च बनाउन सकिन्छ भन्ने पाइएको छ। यसर्थ विषय शिक्षक एवम् प्रधान अध्यापकको शैक्षणिक भूमिका विद्यालयको अन्तिम लक्ष्य विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने कार्यमा महत्त्वपूर्ण हुने देखिएको छ।

विद्यालयहरुमा प्रधान अध्यापक वा विव्यसका प्रतिनिधि वा वरिष्ट शिक्षकहरुले कक्षामा गएर प्रत्यक्ष कक्षा अवलोकन गर्ने गरेको नपाइए पनि, हरेक परीक्षापछि नतिजाको गहन विश्लेषण हुने कुरा सामान्य छलफलमा मात्र सीमित रहे पनि, अतिरिक्त कक्षाको व्यवस्था नियमित नभए पनि, अभिभावकहरूको आर्थिक एवम् शैक्षिक अवस्था कमजोर रहे पनि, घरमा पढाइप्रतिको सहयोगात्मक वातावरणको अभाव भए पनि, यथेष्ट खेल मैदानको अभाव, कक्षाकोठाको साँगुरोपन, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको कमी, पिछडिएको दलित बस्ती जस्ता समस्याहरू विद्‌यमान हुँदाहुँदै

पनि विषय शिक्षक तथा प्रधान अध्ययपकको भूमिका र कार्य सम्पादन कौशल राम्रो भयो भने विद्यार्थर्स्को उपलब्धि स्तरलाई सजिलै बढाउन सकिन्छ भन्ने विद्यालयहरुको अध्ययनबाट पुष्टि भएको छ ।

यी विद्यालयहरुमा अन्य सामुदायिक विद्यालयमा जस्तै कम आय भएका  पिछडिएको वर्ग तथा दलित समुदायबाटै बढी विद्यार्थीहरु आउने भए पनि जुन विद्यालयमा विद्यालय व्यवस्थापन र प्रधान अध्यापकको सक्रियता तथा लगाव राम्रो छ त्यहाँ योग्य तथा उत्तरदायी शिक्षकहरुको अग्रसरता पनि राम्रो देखिएको छ र परिणाम स्वरूप विद्यालयको सिकाइ परिणाम पनि तुलनात्मक रूपमा राम्रो देखिएको छ । विद्यालयको पठन पाठनको सुधारका लागि विद्यालय स्तरीय समितिहरु बन्नुपर्ने उक्त समितिहरुबाट विद्यालयका विभिन्न भौतिक, शैक्षिक आदि पक्षको गहन अध्ययन गरी त्यसको प्रतिवेदन तयार गर्ने वातावरण बन्ने अनि यसका लागि विद्यलयका प्रधान अध्यापकमा केही गर्ने भावना हुनुपर्ने मात्र होइन उनको नेतृत्वमा सबै सरोकारवालाहरुको साथ सहयोग रह्यो भने मात्र विद्यालयको पठन पाठन क्रमशः प्रगति उन्मुख हुँदै जाने कुरा यस अध्ययनबाट सिद्ध भएको छ ।

छानिएका चार विद्यालयमा एउटा जनता निमावि बाहेक अन्य तिन विद्यालयमा भौतिक अवस्थाको कमी नदेखिए पनि तिनको यथोचित व्यवस्थापन हुन नसक्नु, घरायसी काम, चेतनाको कमी तथा गरिबीका कारण अभिभावकहरुको विद्यालयमा सहभागिता वृद्धि गर्न नसकिनु, विद्यार्थीहरुको अनियमित उपस्थिति, घरायसी काममा संलग्नता, तथा बिचमा कक्षा छोड्ने प्रवृत्ति, शैक्षिक सामग्रीको अभाव, परम्परागत शिक्षण विधि र परीक्षाको नतिजाका बारेमा गहन विश्लेषण नहुनु जस्ता समस्याहरुका कारण तपसीबाबा उमाविको विज्ञान र पञ्चायत निमाविको गणित विषयको सिकाइ उपलब्धि उच्च हुन सकेको देखिएन । यसमा सम्बद्ध पक्षबिच आपसी सहकार्य, एकता र इच्छाशक्ति मजबुत हुन सक्ता मात्र सिकाइ परिणाम पनि राम्रो हुन सक्छ भन्ने देखिएको छ ।

# परिच्छेद सात
# उपादेयता, सुझाव, दृष्टिकोण र पृष्ठपोषण

सिद्धान्ततः प्रस्तुत अध्ययनबाट लगानी समान हुँदा हुँदै पनि सिकाइ उपलब्धिमा देखिने समानता र असमानताका आधारमा विद्यालयगत प्रक्रियामा रहेका अन्तर पत्ता लगाउन सकिएको छ। यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र प्रक्रिया न्यून उपलब्धि हासिल गर्ने विद्यालयहरुमा स्थानान्तरणका उपायहरु पहिचान गर्न सकिएको छ। यसबाट न्यून उपलब्धि हासिल गर्ने विद्यालयहरुको सिकाइ उपलब्धि सुधारका लागि राष्ट्रिय स्तरमा उपयुक्त सहायता कार्यक्रम र कार्यनीति विकास गर्न कार्यक्रम नीति निर्माता र कार्यक्रम कार्यान्वयनको सिफारिसकर्तालाई महत्त्वपूर्ण आधार मिलेको छ। यसबाट शैक्षिक कार्यक्रम र लगानी समान हुँदाहुँदै पनि एक जिल्ला र अर्को जिल्ला तथा एक विद्यालय र अर्को विद्यालयबिचको सिकाइ उपलब्धि स्तरमा देखिने अन्तर अत्यन्त फराकिलो तहमा रहनु भनेकै नेपालको शैक्षिक प्रणालीमा रहेका समस्याहरु हुन् भन्ने प्रामाणिक आधार प्राप्त भएको छ।

यस अध्ययनबाट सामुदायिक तथा संस्थागत विद्यालयहरुको शिक्षण सिकाइ उपलब्धिमा सुधार गर्न, विद्यालय सुधारका नीति तथा कार्यक्रम तर्जुमा गर्न र समग्र शैक्षिक प्रणालीमा सुधार गर्न प्रामाणिक सूचनासहितको पृष्ठपोषण प्राप्त भएको छ। अध्ययन अवलोकनबाट प्राप्त प्रामाणिक सूचनाहरुबाट न्यून सिकाइ उपलब्धि हासिल गरेका कारण चुनौती व्यहोरिरहेका विद्यालयहरुका लागि अर्को उच्च सिकाइ उपलब्धि हासिल गरेका विद्यालयका सबल पक्षबाट ज्ञान र सिप लिई आफ्ना त्रुटिहरु सच्याएर उच्च सिकाइ उपलब्धि हासिल गर्ने बाटोतर्फ लाग्न वस्तुगत आधार प्राप्त भएको छ। यसबाट स्थानीय तहमै उच्च सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयका सफल अभ्यास र नीतिगत सबल पक्षहरुलाई स्थानन्तरण गर्ने गरी कार्यक्रम र कार्यनीति तर्जुमा गरेर न्यून सिकाइ उपलब्धि हासिल भएका विद्यालयका लागि ठोस सहायता प्रणाली विकास गरी एकअर्कामा सहयोग आदान प्रदान गर्न उपयोगी आधार मिलेको छ। यसबाट उच्च सिकाइ उपलब्धि हासिल गरेका विद्यालयहरुलाई समेत आफ्ना नीति, योजना र कार्यान्वयनको तहमा रहेका सानातिना कमजोरीहरुमा अझै सुधार गरी पूर्ण स्तरको उपलब्धिका निम्ति उत्साहका साथ अगाडि बढ्न थप प्रेरणा र प्रोत्साहन मिलेको छ।

यसबाट सम्बद्ध विद्यालयहरुलाई शिक्षण सिकाइमा विद्यार्थीको पहुँच वृद्धि गर्ने, विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्ने, कक्षा व्यवस्थापनलाई बालमैत्री तथा शिक्षण सिकाइ अनुकूल बनाउने आदि कार्यहरुका लागि मार्गदर्शन प्राप्त भएको छ। यसबाट विद्यालयमा भर्ना भएका बाल बालिका सबैमा पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि हासिल गराई विद्यालय शिक्षा पुरा गराउने नेपाल सरकारको नीति कार्यान्वयनका लागि सम्बद्ध पक्षलाई केही मात्र भए पनि सहयोग पुगेको छ। यसले सिकाइ उपलब्धिमा न्यून र उच्च उपलब्धि हासिल हुने कारणहरु पत्ता लगाउन आगामी दिनमा विद्यालयहरुको थप अध्ययनका लागि सम्बद्ध पक्षलाई बाटो खोलिदिएको छ। यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, विव्यसका प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय, प्रधान अध्यापक तथा समाजको भूमिका, सहकार्य र जिम्मेवारी कसरी वहन गर्ने बारेमा जानकारी प्राप्त भएको छ।

यसबाट उच्च सिकाइ उपलब्धि हासिल गर्नका लगि कक्षामा खास विधाका विषयवस्तुको बोध तथा ज्ञानको प्राप्ति, शिक्षण सिकाइमा विज्ञान तथा प्रविधिको उपलब्धता र सहजीकरण, प्रभावकारी विद्यालय व्यवस्थापन तथा विभिन्न तह र स्तरका लागि भनेर निर्धारण गरिएको भन्दा बढी शिक्षा हासिल गरेका कुशल र प्रभावकारी शिक्षक तथा विद्यालय नेतृत्व आवश्यक हुन्छन् भन्ने जानकारी प्राप्त भएको छ। यसबाट सरकार, शिक्षक, अभिभावक, विद्यालय, विद्यार्थी तथा नागरिक समाजका अगुवाहरु अर्थात् शिक्षा विकास सम्बद्ध पक्षलाई शिक्षाको प्रभावकारिता, कार्य कौशल, न्याय तथा शैक्षिक गुणस्तरका बारेमा सुसूचित हुने अवसर प्राप्त भएको छ।

प्रस्तुत अध्ययन प्रतिवेदनबाट समस्या समाधानका उल्लिखित सैद्धान्तिक विषयहरुका अतिरिक्त यस विद्यालयले देहाय बमोजिमका व्यावहारिक ज्ञान, सिप, सुझ र आधारहरु प्राप्त गरी तिनलाई विद्यार्थीहरुको दैनिक शिक्षण सिकाइमा उपयोग गरेर उच्च सिकाइ उपलब्धि हासिल गर्न सक्छ भन्ने उद्देश्यले यहाँ बुँदाबद्ध गरिएको छ।

- प्रस्तुत अध्ययन प्रतिवेदनबाट सम्बद्ध विद्यालयहरुलाई प्रधान वा अनुभवी, दक्ष तथा तालिम प्राप्त शिक्षककहरुबाट अन्य शिक्षककहरुका निम्ति आन्तरिक अभिमुखीकरण तालिमको नियमित व्यवस्था गर्न सक्ता मात्र शिक्षणमा अहिलेको भन्दा बढ्ता सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा थप वृद्धि गर्न सकिन्छ भन्ने व्यावहारिक सुझ प्राप्त हुन्छ।

- यसबाट प्रधान अध्यापक वा शिक्षकहरु बाहेकका विषय विज्ञलाई बोलाएर शिक्षकहरुका मागमा आधारित भई कुनै गोष्ठी तथा तालिमहरुको आयोजना गर्न सक्ता यस विद्यालयलाई तालिम प्राप्त त्यस्ता मानव संसाधनको यथोचित रूपमा उपयोग गरी नियमित शिक्षणलाई थप व्यवस्थित गर्दै विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई समय सापेक्ष ढङ्गले बढाउँदै लान सक्ने विशिष्ट आधार प्राप्त हुन्छ ।

- यसबाट प्रधान अध्यापक आफैँ वा विद्यालयका वरिष्ट शिक्षकहरुद्वारा सबै विषयका शिक्षकहरुको नियमित कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने हो भने यस विद्यालयका शिक्षकहरुमा शिक्षण सिकाइका लागि क्रमशः दक्ष बन्दै जाने व्यावहारिक सिप प्राप्त हुनुको साथै स्वमूल्याङ्कन परिपाटीको विकास भई संस्थागत रूपमा आफूसँग भएको योग्यता, क्षमता र दक्षतालाई विद्यार्थीहरूको हितमा पूर्णरूपमा उपयोग गर्न सकिन्छ भन्ने विश्वास आर्जन हुन्छ ।

- यसबाट विद्यालयलाई प्रधान अध्यापक, शिक्षक, कर्मचारी र अभिभावकबिचको सम्बन्ध सुमधुर बनाउनका लागि प्रधान अध्यापकले विद्यालयका सम्बद्ध पक्षहरूको फरक फरक विशेषताहरूलाई कदर गर्दै पूर्व धारणामा परिवर्तन गर्न सक्नुपर्दछ र यसबाट शिक्षण सिकाइको राम्रो वातावरण निर्माण भई सबैको सिकाइ उपलब्धिमा स्वतः वृद्धि हुन्छ भन्ने आधार मिल्छ ।

- प्रस्तुत अध्ययनबाट विद्यालयका सम्बद्ध पक्षलाई विद्यालय स्तरमा एउटा स्थाइ प्रकृतिको संरचना निर्माण गर्न र त्यस मार्फत सबैमा नियमित सचेतना कार्यक्रम, प्रभावकारी शिक्षण सिकाइको व्यवस्थापन र केही गरौँ भन्ने भावनाको विकास गर्नका लागि आवश्यक पर्ने ज्ञान प्राप्त हुनुको साथै विद्यार्थीको सिकाइ उपलब्धिमा थप वृद्धि गरी सकारात्मक प्रगति हासिल गर्न आपसी सहकार्य र सहक्रियाकलापको आवश्यकता हुन्छ भन्ने सुझ पनि प्राप्त हुन्छ ।

- यसबाट विद्यालयलाई पढ्ने पढाउने थलोका रूपमा रहेको विद्यालय परिसर तथा कक्षाकोठाको वातावरण सरसफाइ, सजावट, व्यवस्थापन र सिर्जनात्मकताका दृष्टिले सबल र व्यवस्थित तुल्याउनका लागि बलियो इच्छाशक्ति, आशावादी सोच, त्यसै अनुसारको सक्रियता र तयारीको आवश्यकता पर्दछ भन्ने कुरा र यसो भयो भने मात्र विद्यालय भौतिक संरचनाका दृष्टिले कमजोर भए पनि सिकाइ उपलब्धिको उच्च दर कायम गर्न सकिन्छ भन्ने व्यावहारिक ज्ञान प्राप्त हुन्छ ।

- यस प्रतिवेदनबाट राम्रो शिक्षण सिकाइका लागि पर्याप्त शैक्षिक सामग्रीहरुको आवश्यकता पर्ने मात्र होइन ती सिकाइ मैत्री हुनुपर्ने र तिनलाई उपयोग गर्ने शिक्षक दक्ष हुनुपर्ने अनि यसका लागि स्थानीय स्रोत साधनको परिचालन तथा आवश्यक पूर्वाधारको विकास गर्नुपर्ने आधार प्राप्त हुनुको साथै विद्यालयमा पर्याप्त शैक्षिक सामग्री र आवश्यक भौतिक पूर्वाधार हुने हो भने अहिलेको भन्दा बढी सिकाइ उपलब्धिमा वृद्धि हुन सक्छ भन्ने सुझसमेत प्राप्त हुन्छ ।

- यसबाट आफ्नै मानव संसाधनको सही उपयोग गरी कक्षा सञ्चालनलाई नियमित बनाउने, विद्यालयमा शिक्षकहरूले न्यूनतम भन्दा माथिल्लो योग्यता हासिल गरी त्यसलाई सही दिशामा उपयोग गर्ने, प्रभावकारी शिक्षणको माध्यमबाट सबैलाई हौसला र पृष्ठपोषण प्रदान गर्ने अनि तत्काल प्रकाशित सन्दर्भ सामग्रीहरुलाई उपयोगमा ल्याउन सक्ने हो भने मात्र शिक्षण सिकाइमा सुधार भई उपलब्धिमा वृद्धि हुन सक्छ भन्ने सिप हासिल हुन्छ ।

- यसबाट विद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ सम्बद्ध कार्यक्रमहरूमा इमादारीपूर्वक भाग लिई प्राप्त भएका सिप, अनुभव र ज्ञानलाई विद्यालयको आन्तरिक स्रोत साधानले भ्याएसम्म कार्यान्वयनमा ल्याउन सक्ने हो भने उच्च सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्छ भन्ने सुझसहितको आधार मिन्छ ।

- यसबाट विद्यालयका गतिविध सम्बद्ध मिटिङ्ग बैठक तथा छलफलहरुलाई नियमित गर्ने र तिनमा बनेका समझदारी र निर्णयहरूलाई विद्यार्थीको पढाइ र शिक्षक तथा कर्मचारीको पेसागत उन्नयनमा इमानदारीपूर्वक लागु गर्न सकियो भने विद्यार्थीको सिकाइ उपलब्धिलाई अपेक्षाकृत उच्च बनाउन सकिन्छ भन्ने व्यावहारिक ज्ञान प्राप्त हुन्छ ।

- यस अध्ययनबाट विद्यालयका शिक्षक तथा सम्बद्ध अन्य पक्षलाई समेत नियमित सहकार्यबाट मात्र शिक्षक विद्यार्थीहरुका बिचमा सहयोगात्मक सम्बन्धको विकास भई विद्यालय सम्बद्ध पक्ष र अभिभावकहरुका बिच समेत निकटता बढ्दछ अनि त्यसबाट विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च बनाउनका लागि सकारात्मक वातावरण तथा आधार निर्माण हुन्छ भन्ने सुझ प्राप्त हुन्छ ।

- यसबाट विद्यालयलाई राम्रो काम गर्नेले प्रोत्साहन र पुरस्कार पाउनुपर्ने अनि गल्ति गर्नेलाई सुरुमा सम्झाइबुझाइ गर्ने केही सिप नलागेमा दण्डको सहारा लिने गरियो भने मात्र

विद्यार्थीको नियमित सिकाइमा प्रोत्साहन प्राप्त भई सिकाइ उपलब्धि बढाउन मदत पुग्दछ भन्ने आधार मिल्दछ । यस अध्ययनको सारांशलाई तालिका ५ मा प्रस्तुत गरएको छ ।

- यसबाट शिक्षकहरुले विद्यालयको शिक्षण सिकाइमा कोरा किताबी ज्ञान मात्र नभएर अतिरिक्त क्रियाकलापका माध्यमबाट व्यावहारिक ज्ञान प्रदान गर्न सक्ता मात्र विद्यार्थीको नियमित सिकाइमा रुचि बढ्ने र त्यसबाट सिकाइ उपलब्धिमा वृद्धि हुन्छ भन्ने जानकारी प्राप्त हुन्छ ।

- प्रस्तुत अध्ययनबाट विद्यालयको सिकाइ उपलब्धिमा उच्च दर कायम गर्न संस्थागत कामलाई व्यवस्थित वा पारदर्शी तुल्याउनुपर्दछ अनि सम्बद्ध पक्षहरुबाट भए गरेका राम्रा कामहरुले सधैं प्रोत्साहन पाउनुपर्दछ भन्ने सुझका साथै शिक्षण सिकाइमा राम्रा कामहरुलाई कसरी उपयोग गर्न सकिन्छ भन्ने शैक्षिणिक सिप र विषयिक ज्ञान पनि प्राप्त हुन्छ ।

- यसबाट विद्यालय सम्बद्ध पक्षलाई आफू मातहतका पक्षहरुको अनुशासन कायम गर्न सर्वप्रथम आफैं अनुशासित बन्नुपर्दछ र यसका लागि विद्यालयमा लिखित आचार संहिता निर्माण गरी आफैंबाट त्यसको कार्यान्वयन सुरु गर्दा मात्र सबैमा पालना गराउने कुरा सहज हुन्छ भन्ने अनुशासनात्मक सुझबुझ प्राप्त हुन्छ ।

- प्रस्तुत अध्ययनबाट सम्बद्ध पक्षलाई यस विद्यालयमा सिकाइ उपलब्धि उच्च बनाई राख्न सर्व प्रथम अध्ययनरत विद्यार्थीहरुको स्तर निर्धारण गर्नुपर्दछ र त्यसका आधारमा विशेष तथा अतिरिक्त कक्षाहरु र असफल विद्यार्थीहरुका लागि मौका परीक्षाको व्यवस्था अनिवार्य रूपमा गर्नुपर्दछ भन्ने शैक्षणिक आधार प्राप्त हुन्छ ।

यसरी समग्रमा विद्यार्थी सिकाइ उपलब्धि उच्च राख्न सहयोगी पक्षहरु, बाधक पक्षहरु तथा विद्यालयहरुले सुधार गर्नुपर्ने पक्षहरुलाई सारांशका रूपमा तालिका १८ मा प्रस्तुत गरिएको छ ।

तालिका १८

| सहयोगी पक्षहरु | बाधक पक्षहरु | विद्यालयहरुले सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| विज्ञान तथा गणित शिक्षकको विषयगत क्षमता, शिक्षण विधि तथा तरिका<br>शिक्षकबाट दिइने यथोचित गृहकार्य, परीक्षण र पृष्ठपोषण<br>पूर्व स्वीकृति लिएर मात्र विदामा बस्ने प्रचलन<br>विद्यालय प्रधान अध्यापकको उद्देश्यमूलक नेतृत्व<br>सह क्रियाकलाप र सहकार्यात्मक संस्कृतिको विकास<br>शिक्षकहरुको अनुपस्थितिमा पनि नियमित कक्षा सञ्चालनको प्रयत्न<br>शिक्षण सिकाइका समस्याहरु पहिचान तथा निराकरणमा तत्परता<br>सम्बद्ध पक्षबिचको आपसी सम्बन्ध<br>शिक्षक र प्रधान अध्यापकको उच्च शैक्षिक योग्यता<br>शिक्षण सिकाइमा भयरहित वातावरण | अभिभावकमा शैक्षिक चेतनाको कमी<br>कक्षाकोठा र विद्यालय परिसदको सरसफाइमा कमी<br>फर्निचर, शुद्ध खाने पानी, पुस्तकालय, विज्ञान प्रयोगशाला विद्यार्थी मैत्री शौचालय आदिको अभाव<br>शैक्षिक स्रोत साधन र प्रविधि उपयोगको अभाव<br>योजनाबद्ध हिसाबले अतिरिक्त क्रियाकलापको अभाव<br>कक्षागत अभिभावक भेला तथा अन्तरक्रियाको कमी<br>अतिरिक्त तथा विशेष कक्षाको अभाव<br>तह अनुसार शिक्षक दरबन्दीको कमी<br>निर्माणात्मक मूल्याङ्कनका साधानहरुको नियमित उपयोगमा कमी<br>अभिभावकहरुको कमजोर आर्थिक तथा सामाजिक हैसियत<br>कक्षा अवलोकन र पृष्ठपोषणको | विद्यालयहरुले कक्षागत हिसाबले अभिभावकको नियमित भेला र अन्तरक्रियाको आयोजना गर्न सक्ने तथा हरेक वर्ष अभिभावक दिवसको आयोजना गरी विद्यालयहरुका सबै गतिविधहरुको जानकारी गराउने<br>विद्यालयहरुले आवश्यकता अनुसार कक्षाकोठा र विद्यालय परिसदको सरसफाइका लागि कर्मचारी र विद्यार्थी परिचालन गर्न सक्ने<br>विद्यालयहरुले फर्निचर, पुस्तकालय र विज्ञान प्रयोगशाला, विद्यार्थी मैत्री शौचालयको व्यवस्थापनका लागि गाविस र जिल्ला विकासको सहयोग तथा सांसद कोषको उपयोग गर्न सक्ने<br>विद्यालयहरुले शुद्ध खाने पानीको व्यवस्थाका लागि स्थानीय सामग्रीहरुको उपयोग गरी पानी प्रशोधन गर्न सक्ने अथवा युरोगार्ड जस्ता कम मूल्यका उपकरणहरु पनि जडान गर्न सक्ने<br>विद्यालयहरुका प्रअ, सप्रअ, शिक्षक तथा विव्यसले अगुवाई गर्दा यथेष्ठ पाठ्य सामग्री जुट्न सक्ने, यसका लागि लागाव र जागरुकता हुनुपर्ने<br>शिक्षा मन्त्रालय र जिल्ला शिक्षा |

| | | |
|---|---|---|
| | नियमिततामा कमी<br><br>विद्यालय निरीक्षकको निरीक्षण शिक्षण सिकाइमा भन्दा प्रसासनिक काममा बढ्ता केन्द्रित<br><br>कक्षाकोठा तथा विद्यालय परिसरको साँगुरोपन वा व्यवस्थापनमा कमी<br><br>खेलकुद तथा मनोरञ्जनका साधनहरुको कमी<br><br>विद्यार्थीहरुको न्यून तथा अनियमित उपस्थिति र बिचैमा कक्षा छाड्ने प्रवृत्ति | कार्यालयले पछाडि परेका स्थानका विद्यालयहरुलाई विशेष सहायता कार्यक्रमहरु चलाउनुपर्ने<br><br>विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनु अगाबै वार्षिक कार्ययोजना सहितको क्यालेन्डर निर्माण गर्ने<br><br>वर्षमा कम्तीमा चार पटक कक्षागत रूपमा अभिभावकहरुको छुट्टा छुट्टै भेला बोलाई बाल बालिकाको प्रगति विवरणमाथि छलफल चलाउने<br><br>जिल्ला शिक्षाले विद्यालयहरुमा दरबन्दी वितरण पिछडिएको ठाउँ, विद्यार्थी सङ्ख्या र आवश्यकता हेरेर यथोचित ढङ्गले गर्ने<br><br>विद्यार्थीहरुको सिकाइका कमी कमजोरी हटाउनका लागि निर्णयात्मक प्रकृतिका नियमित परीक्षाहरु मात्र सञ्चालन गरेर पुग्दैन एकाइ, मासिक जस्ता परीक्षाहरु समेत सञ्चालन गरी तिनको अङ्क जोडिने गरी अभिलेखीकरणको काम अनिवार्य रूपमा गर्ने |

(स्रोत : क्षेत्रकार्य २०७३)

# सन्दर्भ सूची (Reference)


Awasthi LD (2004). *Exploring Monolingual School practices in Multilingual Nepal.* An unpulished Ph.D dissertation, Denish University of Education, Copenhagen, Denmark.

Bourdieu, P and Passero, JE (1977). *Reproduction in Edutation, society and culture.* London : sase.

Coleman, JS (1988). 'Social capital in the creation of human capital' *American Jornal of Sociology,*1994 (supplement).

Cullingford, C (1995). *The effective Teacher*. London : Cassell.

Dangal, MR (2013). *Compedium on Edutaion policy in Nepal.*Kathamandu Ministry of Education.

Dweck, C(1999). Self-Theories : *Their Role in Motivation, Personally and Development* Philadelphia : Psychology Press.

ERO. (2013). *Where are we now? Student achievement is mathematics, Nepali and Social Studies in 2011 Report*. Kathmandu: Authors.

ERO. (2015). *Report of National Assessment of Student Achievement 2013* (Grade 8: Mathematics, Nepali and Science). Sanothimi: ERO.

घिमिरे, रामनारायण (२०७२). 'दिगो विकासका लागि विद्यालय सुधार योजना' *दुर शिक्षा* वर्ष १६, अङ्क १६ (पृ १०८-११२)।

Leav, j and Wenger, E (1991). *Situated Learning : Legitimate peripheral*

*psrticipation.* Cambridge :Cambridge University Press .

MOES – TUN Social Dialogue Co-ordination Committee (2067), *Report on stakeholders' Conferences on Educational Development,* Kathmandu: Authors.

Mortimore, P (1991). *The Nature and Findings of Research on School Effectiveness in The Primary Sector, in Riddle, S. and Brown, S. (eds) School Effectiveness. Research : Its Messages for School Improvement.* Adinburgh : HNSO.

NASA (2013). *Where we are now? Student achievement is mathematics, Nepali and Social Studies*, Bhaktapur: Authors.

Polard, A (2006). *Reflective teaching*. London / Newyork : Continnum.

Rogoff, B (1990). *Apprenticeship in thinking : Cognitive development in Social contest*. Oxford : Oxford University Press .

Rutter, N, Naughan, B, Mortimore, P and Ouston, J (1979). *Fifteen Thousand Hours :Secondary Schools and Their Effects on Children.* London : Open Books.

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६९). *प्रधान अध्यापक नेतृत्व क्षमता विकास तालिम.* तालिम स्रोत सामग्री ।

## परिशिष्ट 'क'

## शिक्षकका लागि प्रश्नहरु

१. प्रधान अध्यापकले सार्वजनिक ठाउँमा कुनै शिक्षकलाई राम्रो काम गरेको भनी प्रशंसा गरेको सुन्नुभएको छ ?

सुनेका छौं ☐ सुनेका छैनौं ☐

२. यहाँहरुलाई त्यसरी गरिएको प्रशंसामा न्याय भए जस्तो लाग्छ ?

भए जस्तो लाग्छ ☐ भए जस्तो लाग्दैन ☐

३. उहाँ सामान्यत: कुन समयमा त्यस्तो प्रशंसा गर्ने गर्नुहुन्छ ?

बैठकमा ☐ समबन्धित व्यक्तिसँगको भेटमा ☐ मनले खाएको व्यक्तिसँगको भेटमा ☐

विद्यालयको वार्षिक उत्सवका दिनमा ☐ खुसी भएका दिनमा ☐

४. उहाँले प्रशंसाको विधि के अपनाउने गर्नुभएको छ ?

मौखिक ☐ लिखित ☐ सङ्केतात्मक ☐

५. उहाँलेशिक्षकहरुको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ?

गर्ने गर्नु भएको छ ☐ गर्नु भएको छैन ☐

६. सो अवलोकन दिन, हप्ता र महिनामा कति कति पटक हुने गर्दछ ?

दिनमा...............पटक, हप्तामा................पटक र महिनामा.................पटक ।

७. कक्षा अवलोकनपछि शिक्षकहरुलाई पृष्ठपोषण पनि दिने गरिएको छ ?

दिने गरिएको छ ☐ दिने गरिएको छैन ☐

८. त्यस्तो पृष्ठपोषण कुन खालको हुन्छ ?

आदेशात्मक हुन्छ ☐ विकल्प प्रस्तुत गर्ने खालको हुन्छ ☐

९. शिक्षकहरुलाई  तालिम, गोष्ठी आदिमा पठाउने गरिएको छ ?

पठाउने गरिएको छ ☐ पठाउने गरिएको छैन ☐

१०. त्यस्ता ठाउँमा पठाउँदा कसरी छान्ने गरिन्छ ?

कार्यानुभव ☐ कार्य सम्पादन ☐ नातागोता ☐ भनसुन ☐ राजनीतिक दवाव ☐ विषयगत ☐ योग्यता, क्षमता र आवश्यकता ☐

११. तपाईंहरुले   कहिल्यै आफ्नो कक्षा शिक्षण  सिकाइको मूल्याङ्कन आफैँ गर्नुभएको छ ?

छ ☐ छैन ☐

१२. विद्यालयले तोकेबाहेक आफ्नो तर्फबाट विद्यार्थीहरुको अतिरिक्त मूल्याङ्कन गर्ने गर्नुभएको छ ?

छ ☐ छैन ☐

१३. छ भने तलका मध्ये ती के के हुन् ?

कक्षा अवलोकन ☐ परियोजना ☐ हस्तलेखन ☐ मौखिक अभिव्यक्ति ☐ मस्या समाधान ☐

१४. तिनबाट नियमित सिकाइ शिक्षण  र उपलब्धिमा के सहयोग पुगेको जस्तो लाग्छ ? )

सकारात्मक बानी निर्माण ☐ पढाइमा झुकाव ☐ पढाइमा नियमितता ☐

अङ्कमा बढोत्तरी ☐ स्तरमा वृद्धि ☐

१५. तपाईंहरु पहिलो पटक यस विद्यालयमा आउँदा अगुवा शिक्षकहरुको  सहयोगात्मक अभिमुखीकरण पाउनुभएको थियो कि आफ्नै पूर्वकार्य र अनुभवका भरमा नयाँ वातावरणमा सामायोजन हुनुपऱ्यो ?

पाइएको थियो ☐ पाइएको थिएन ☐ पूर्वकार्य र अनुभवका आधारमा आफैँ थाहा ☐ ☐

पाइयो सोधेर जानकारी लिइयो

१६. त्यस समयमा पठन पाठनको अवस्था कस्तो थियो ?

कमजोर ☐ सामान्य ☐ राम्रो ☐ धेरै राम्रो ☐

१७. तपाईंहरु आएपछि के के परिवर्तन र सुधारहरु भए जस्तो लाग्छ ?

परिवर्तन भएकै छैन ☐ परिवर्तन भएको भए प्रविधि, पूर्वधारणा, सोच र बानीमा ☐

सुधार भएकै छैन ☐ सुधार भएको भए अनुशासन, नियमितता, एकता, सहकारिता, सिकाइ उपलब्धि, प्रशासन र विधिमा ☐

१८. यस विद्यालयका प्रधान अध्यापकले शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासन, व्यवस्थापन समिति, वातावरण, प्रचलन र परिपाटीका बारेमा तपाईंहरुलाई जानकारी गराउनु भएको थियो ?

पुरा गराउनु भएको थियो ☐ आंशिक गराउनु भएको थियो ☐ राउनु भएको थिएन ☐

१९. यस विद्यालयका प्रधान अध्यापकले शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासन, व्यवस्थापन समिति, वातावरण, प्रचलन र परिपाटीका बारेमा रहेको तपाईंहरुको पूर्वधारणामा परिवर्तन आओस् भन्ने अपेक्षा गर्नुभएको छ ?

गर्नुभएको छ जस्तो लाग्छ ☐ गरे जस्तो मात्र गर्नुभएको छ भन्ने लाग्छ ☐ पटक्कै गर्नुभएको छैन ☐

२०. त्यस्तो परिवर्तनको अपेक्षा केका लागि जस्तो लाग्छ ?

सिकाइ उपलब्धि ☐ अनुशासनको प्रवर्धन ☐ वातावरण ☐ आमूल परिवर्तन ☐ शैक्षिक गुणस्तर ☐

२१. उहाँ त्यस खालको अपेक्षा कसरी व्यक्त गर्नुहुन्छ ?

सामूहिक ☐ व्यक्तिगत ☐

२२. शिक्षकहरुको पूर्व धारणामा परिवर्तन आयो भने शिक्षकको व्यवहारमा परिवर्तन आई विद्यार्थीहरुको दृष्टिकोण र सिकाइ उपलब्धिमा समेत परिवर्तन आउँछ जस्तो लाग्छ ?

पुरा लाग्छ ☐ कत्ति पनि लाग्दैन ☐ अलिअलि लाग्छ ☐

२३. त्यस्ता परिवर्तनहरु के के हुन सक्छन् त ?

.............................................................................................................

...।

२४. विद्यालयको व्यवस्थापन पक्षले प्रधान अध्यापक, सहायक प्रधान अध्यापक, शिक्षक, कर्मचारीहरु तथा विद्यार्थीहरुका व्यवहारमा रहेका भिन्नता र वैयक्तिक विशेषताहरुलाई  सम्मान गर्दै त्यस अनुकूलको व्यवहार गरेको पाउनुभएको छ ?

छ ☐ छैन ☐

२५. त्यस्ता व्यवहारहरु के के हुन सक्छन् जस्तो लाग्छ ?

.............................................................................................................।

२६. तपाईंहरु विभिन्न विषय र तहका शिक्षकहरुका बिच कस्तो सहकार्य हुने गरेको छ ?

कमजोर ☐ सामान्य ☐ राम्रो ☐ धेरै राम्रो ☐

२७. सहकार्य के केमा हुनुपर्छ जस्तो लाग्छ ?

.............................................................................................................।

२८. तपाईंरूमध्ये काजमा खटाइएर तालिम तथा गोष्ठीमा भाग लिई फर्केका शिक्षक कसैले सिकेका ज्ञान तथा सिपहरुलाईअन्य सहकर्मीहरुका बिच आदान प्रदान गर्ने गर्नुभएको छ ?

गर्ने गरेका छौं ☐ गर्ने गरेका छैनौं ☐ गरेर के नै हुन्छ र जस्तो लाग्छ ☐

२९. आदान प्रदान गर्ने विधि के  हुन सक्छ जस्तो लाग्छ ?

.............................................................................................................।

३०. तपाइँहरुको  विद्यालयमा शिक्षक र अभिभावकबिचको सम्बन्ध कस्तो छ ?

सुमधुर ☐ सामान्य ☐ कमजोर ☐

३१. आपसी सहकार्य र अन्तरक्रिया हुने गरेका छन् ?

हुने गरेका छन् ☐ हुने गरेका छैनन् ☐

३२. के कस्तो अवस्था र विषयमा तपाईरू अन्तरक्रिया हुने गर्दछन् ?

रिजल्ट र सिकाइ ☐ नियमितता र अनुशासन ☐ सहकार्य  र वातावरण ☐

३३. तपाइँहरु विद्यार्थीका सबल र दुर्बल पक्षको जानकारी अभिभावकलाई कसरी दिनुहुन्छ ?

सशरीर बोलाएर ☐ चिठी पठाएर ☐ आएको मौका पारेर ☐ घरमै मान्छे पठाएर ☐

३४. अध्ययनरत विद्यार्थीका अभिभावकहरु आफ्ना छोराछोरीको पढाइसँग सम्बन्धित कुरा लिएर विद्यालयमा कत्तिको आउने गर्नुहुन्छ ?

